मधुपर्क

वर्ष ५७, अङ्क ९, पूर्णाङ्क ६६४, माघ २०८१

(VOL 57, NO 9 (JANUARY-FEBRUARY 2025)

२०२५ जेठदेखि निरन्तर प्रकाशित

त्रिभुवनचन्द्र वाग्ले
नि. सम्पादक

लक्ष्मी खतिवडा
सहसम्पादक

सानुराम दाहाल
ले-आउट/डिजाइन

एनबी याक्खा
कला

मोहनप्रसाद दाहाल
शुद्धाशुद्धि

ओमप्रकाश भुसाल
मुद्रण व्यवस्था

बबिता कार्की
वितरण व्यवस्था

गङ्गबहादुर पन्थी
व्यापार

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी
तथा
महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
मुद्रित तथा प्रकाशित

गोरखापत्र संस्थान,
धर्मपथ, काठमाडौं
फोन नं. ०१-५३४४४३५
पो. ब. नं. २३, काठमाडौं

सम्पादकीय

समर्पणप्रति सम्मान

नेपालको राजनीति, सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा माघ महिनाले विशिष्ट मह व राख्दछ । यो महिना समर्पण, सहादत, सहिद, सम्मान र सम्झनाले भरिएको छ । माघको चिसो लाग्दै गर्दा सहिदका समर्पणले नेपाली समाजलाई उद्वेलित गर्दछ । 'छोरा (शुक्रराज), तिमी परिवार देशकै लागि महान् छौ, मृत्युदण्ड पाउनुअघि विष्णुमतीमा नुहाएर वेदका यी मन्त्र पढ !' कस्तो हृदय भएका बाबुले बन्दी छोरालाई जेलमा भेटेर भन्न सक्छ यस्तो वाक्य ? नेपाली इतिहासमा यस्तो सहासले पाउनुपर्ने जति चर्चा र सम्मान पाएन । पं. माधवराज जोशी (नेपाल आर्य समाजका संस्थापक) त्यस्ता पिता थिए, जसले छोरालाई सहासका साथ फाँसीमा चढ्न भने । यस्ता घटनालाई आख्यानमा पढ्दा वा चलचित्रका दृश्यमा हेर्दा पनि अधिकांश 'मानव' हृदय विक्षिप्त हुन सक्छन् तर यो सत्य घटनाले गुञ्जित छ नेपाली इतिहास र निर्देशित हुनु छ वर्तमान समाज । कस्तो पदार्थले बनेको होला आदिभक्त र चन्द्रकुमारी माथेमाको छाती, जसले एउटै अभियोगमा छोरा धर्मभक्त र ज्वाइँ (शुक्रराज) को हत्या सहन सक्यो । अविवाहित दशरथ चन्दले अघाउन्जेल हेर्न पाएनन् डम्बरकुमारीलाई र बेर्न पाएनन् 'डम्बरकुमारी बर्को' र अर्को सन्दर्भमा भने राममाया (जेलमा सफाइ गर्ने कर्मचारी) लाई– 'अरू साथी मारिँदा रुने मानिस छन्, मेरा लागि तिमी रोइदिनू है राममाया !' गङ्गालालले गर्भवती श्रीमती हसिना र परिवारसँग बिदा भएर मृत्युदण्ड प्राप्तार्थ सहासिक पाइला अघि बढाए । पुत्रलाभको खबर सुन्न पाएनन् । इतिहासले माघलाई यी र यस्ता घटनाबाट भरिदिएको छ । अमर सहिदहरूप्रति हृदयतः सम्मान तथा श्रद्धासहित अन्य ज्ञात अज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जली ।

परिवर्तन र परिमार्जन प्राकृति नियम हो । जैविक र अजैविक दुवै फाँटमा यस्तो नियम लागु हुन्छ । उद्विकासको इतिहासलाई परिवर्तन र परिमार्जनको घटना भनेर बुझ्दा हुन्छ । २०२५ जेठदेखि निरन्तर प्रकाशित मधुपर्कले समय समयमा आफ्ना पाठ्य तथा दृश्य सामग्री, आकार र प्रस्तुतिमा परिमार्जित गर्दै आएको छ । यो स्वाभाविक प्रक्रिया पनि हो । यस अङ्कदेखि मधुपर्कले साहित्य प्रधान समाचारीय गतिविधिलाई समेट्ने प्रयास गरेको छ । विश्वभरका नेपाली साहित्यिक गतिविधि, साधक/सर्जक सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यिक घटनालाई 'गतिविधि' पृष्ठमा यथासम्भव प्रकाशन गरिएको छ । कृति परिचयलाई नयाँ तरिकाले व्यवस्थापन गरिने छ । स्थान अभावले धेरै सर्जकले मधुपर्कमा समीक्षार्थ पठाउनुभएका सबै पुस्तकको समीक्षा राख्न हामी असमर्थ हुँदै आएकामा नयाँ व्यवस्थाबाट धेरैभन्दा धेरै साहित्यिक प्रकाशनको जानकारी पाठकसमक्ष पुग्ने छ । साहित्यिक समाचारीय गतिविधिबारे आधिकारिक जानकारीसहित छोटा समाचार सूचनामा उल्लिखित इमेल ठेगानामा पठाइदिन हुन देश तथा विदेशमा रहनुभएका नेपाली भाषा साहित्यप्रेमी आत्मज्ञहरूमा मधुपर्क सविनय अनुरोध गर्दछ ।

E-mail : madhuparkmonthly@gmail .com,
madhuparknews@gmail.com
website : www .gorkhapatraonline .com

मूल्य रु. २५ ।-
वार्षिक २५० ।-



राष्ट्रिय एकताको सम्मान

मधुपर्कको पुस अङ्कले राष्ट्रिय एकताको सम्मान गरेको पाउँदा खुसी लाग्यो। यस अङ्कको आवरणदेखि सम्पादकीय, सन्दर्भ अन्तर्गत प्रबुद्ध साहित्यकारका तीन आलेख साथै 'तर स्तम्भले पनि राष्ट्रिय एकता र अपरिहार्यताको महत्त्व र खाँचोलाई जोड दिएका छन्। आवरणमा रहेका राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाह, राष्ट्रिय झन्डा र नेपालको नक्साको चित्रले यो अङ्क राष्ट्र निर्माण र राष्ट्रिय एकतासँग सम्बन्धित छ भन्ने पहिलो झलकमै स्पष्ट हुन्छ। 'राष्ट्रिय एकताका आधार' शीर्षक सम्पादकीय दरिलो र मननीय छ। नेपालको एकीकरण जस्तो महाइतिहास, महायोगदान र महागर्वलाई विचारका नाममा पखाल्ने काम वैचारिक हुँदैन, वैचारिक दरिद्रता मात्र हुन्छ भनी सम्पादकीयमा व्यक्त धारणा निकै मननीय छ। नेपथ्यबाट जोसुकैले जेसुकै भने पनि यदि राष्ट्र निर्माताले सही समयमा त्यति साहसिक आँट नगरेका भए आज विश्व मानचित्रमा नेपाल नामको कुनै स्वतन्त्र देश र नेपाली नामका कुनै मानव समुदाय देख्न पाइने थिएन। सत्यभन्दा धेरै टाढा रहने अन्ध प्रशंसा र अन्ध आलोचना दुवै घातक हुन्छन्। त्यसप्रति प्रबुद्ध वर्ग सचेत र सजग रहनु पर्दछ।

प्रबुद्ध साहित्यकार डा. रामकुमार पाँडेले नेपालको राष्ट्रिय अस्तित्व र स्वाभिमानका लागि राष्ट्रनिर्माताको दिव्योपदेश कति महत्त्वपूर्ण छ भन्ने कुरा आफ्नो आलेखमा स्पष्ट गर्नुभएको छ भने अर्का लोकप्रिय कवि डा. बमबहादुर जितालीले पनि दिव्योपदेशमा अन्तर्निहित राज्य सञ्चालनका प्रमुख नीतिहरूको विश्लेषण गर्दै आजको नेपालमा त्यसको सान्दर्भिकता मात्र हैन, अपरिहार्यता समेत औंल्याउनुभएको छ। यसै गरी अर्का सुपरिचित साहित्यकार अमर गिरीले एकता, सहिष्णुता र सद्भाव निर्माणमा साहित्यले खेल्नुपर्ने भूमिकामाथि जोड दिनुभएको छ। आफ्नो नियमित स्तम्भ 'तर...' मा मधुपर्कका सम्पादक त्रिभुवनचन्द्र वाग्लेले इतिहासप्रति अन्यायी हुनुनहुने र इतिहासप्रति प्रतिशोध र प्रतिबुझाइ पालिएमा राष्ट्रिय एकतामा गम्भीर बाधा पुग्न जानेतर्फ सचेत गराउनुभएको छ।

समयको सान्दर्भिकता अनुसार प्रस्तुत हुने मधुपर्कको प्रयास सराहनीय छ। यसै मेसोमा छिट्टै आउन लागेको नेपाल र नेपालीहरूको अर्को महान दिन प्रजातन्त्र दिवसको सन्दर्भमा पनि मधुपर्कले गहन विचारप्रधान सान्दर्भिक सामग्री पस्किने छ भन्ने अपेक्षा छ। किनकि पछिल्लो कालखण्डमा प्रजातन्त्र दिवसलाई ओझेलमा पारिएको अनुभूति आमसर्वसाधारणले गरेका छन्, जब कि नेपालमा भएका सबै किसिमका राजनीतिक, सामाजिक परिवर्तनको आधारशीला सात साल फागुन ७ नै हो। यसको मर्म र महत्त्व मधुपर्कले नबुझे अरू कसले बुझ्ला र ?

श्रीरामसिंह बस्नेत
वनस्थली, काठमाडौं

गजलबारे गम्भीर बहस

लोकप्रिय साहित्यिक मासिक 'मधुपर्क' को पुस अङ्क समयमै बजारमा पाइयो। राष्ट्र निर्माता पृथ्वीनारायण शाहलाई प्राथमिकतामा राखेर प्रकाशन भएको मधुपर्कमा पृथ्वीनारायण विशेषमा रामकुमार पाँडे, डा. बमबहादुर थापा र डा. अमर गिरीका सन्दर्भ लेख, रचना पठनीय छन्। यस विशेष अङ्क औचित्यलाई सम्पादकीय स्तम्भले पनि पुष्टि गरेको छ।

राममणि सिटौलाले संस्कृति र इतिहास अन्तर्गत दाइँगीतको बारेमा लेख्दै श्रमसंस्कृतिको सौन्दर्य खोतल्नुभएकाले लेख ज्ञानवर्धक र पठनीय बनेको छ। कला अन्तर्गत मुकेश मल्लको लेख गतिलो पाएँ। नियात्रा, निबन्धमा विष्णुप्रसाद शर्मा पराजुली र जेबी खत्रीले मधुपर्कको इज्जत धानेका छन्। डा. वासुदेव त्रिपाठीका बारेमा जयदेव भट्टराईको लेख पठनीय लाग्यो।

कथा, लघुकथा स्तरीय छन्। कविता पनि छाप्ने पर्ने मधुपर्कको बाध्यताले गर्दा कविताहरूले स्थान पाएका हुन् भन्ने कुरा प्रकाशित अधिकांश कविता पढ्दा थाहा हुन्छ। आलेख अन्तर्गत बाबुराम पोखरेलको प्रतीक व्यवस्थापन राम्रो छ। मलाई आज प्रतिक्रिया लेख्न सकसक लागेको

चाहिँ डा. घनश्याम न्यौपाने परिश्रमीको गजल शुद्धीकरणमा सम्पादकको भूमिका पढेर हो। आलेखले गजलका बारेमा धेरै कुरा बोलेको छ। प्रशस्त उदाहरण पस्केको छ। आलेखबाट गजलका बारेमा धेरै ज्ञान लिन सकिन्छ। यस्तो गहन लेखका लागि उहाँ धन्यवादको पात्र बन्नुभएको छ। म जस्ता नवप्रवेशी गजलकारलाई उहाँले अगाडिको फराकिलो बाटो पनि देखाइदिनुभएको छ। यति हुँदाहुँदै पनि आलेखमा डा. परिश्रमी भन्नुहुन्छ। गजल भनेर प्रकाशनार्थ पठाइएका रचना वास्तवमा गजलको सिद्धान्तमा रहेर रचिएका हुन् कि होइनन् भनेर सम्पादकले पहिचान गर्नु पर्दछ।

जति धेरै गजलको सिद्धान्त जानेर लेख्यो गजल त्यति नै कमजोर लेखिने रहेछ होइन त गुरु ? बरु स्तरहीन गजल पो नछाप्ने हो त बहर मिलेकै भए पनि फेरि बहरविहीन गजललाई चारू, राग, विराग भन्ने कुरा कुन सिद्धान्तमा आधारित छ ? फेरि मात्रा गिरावट र मात्रा चढावटलाई उर्दु, फारसी गजल सिद्धान्तले कहाँनेर स्वीकृत गर्छ ? उर्दु, फारसीमा जन्मेको गजल सिद्धान्तले मात्रा चढावटलाई मान्यता दिँदैन भने हामी कुन आधारमा प्रयोग गर्दैछौँ ? यस्ता जिज्ञासाका उत्तर पनि पाइएला पाउन त कुनै दिन तर अहिले भने अनुत्तर नै रह्यो।

यहाँ सम्पादकले के कुन कुरा विचार गर्नुपर्ने भन्ने कुरामा प्रश्न खडा हुन सक्छ। एउटा सम्पादक कुन कुन विधाको ज्ञाता हुनु पर्छ अथवा हुन सक्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। कथा, कविता, नियात्रा, निबन्ध, संस्मरण, लघुकथा, गजल, मुक्तक, हाइकु, छोक, एलाक, बाछिटा जस्ता सबैथरि ज्ञान एउटै सम्पादकमा हुनु कति सान्दर्भिक, व्यावहारिक र उपयुक्त हुन सक्छ। लेखकले पठाएका सिर्जनाले आमपाठकलाई कस्तो प्रभाव पार्छ अथवा पाठकलाई छुन्छ कि छुँदैन, सिर्जनामा सामयिक चेत र सुस्पष्ट विचार प्रवाह भएको छ कि छैन भनेर सम्पादकले निक्र्योल गर्नु पहिलो दायित्व हो कि कुनै पनि सिर्जना त्यसको विधागत संरचना तथा सैद्धान्तिक धरातलमा रहेको छ कि छैन भनेर सिद्धान्तको ल्याबमा परीक्षण गर्नु पहिलो दायित्व हो ? विधागत संरचना अनुसार रचना ठिक छ तर भाव कमजोर छ, लेखक आफैँ अलमलमा छ, सामयिक चेत भुत्ते छ, रचना केही न कामको अगतिलो छ भने त्यस्तो सिर्जनाले विधागत स्वरूप पाएको छ भनेर सम्पादकले स्थान दिएमा पत्रिकाको स्तर कहाँ पुग्ला ?

त्यसैले सम्पादकले पहिला रचनाको स्तर खोज्ने अनि सिद्धान्त खोज्ने होला कि ?

लीलाराज दाहाल
बागमती-११, कर्मैया, सर्लाही

नेपाल भाषा अङ्क निकालियोस्

'मधुपर्क' का प्रत्येक अङ्क पठनीय र सङ्ग्रहणीय छन्। नेपालमा विभिन्न जनजाति छन्, उद्यानका विभिन्न पुष्पहरू जस्तै। त्यस्तै माननीय कुरा गर्दा नेवारी (नेवार) हरूको 'नेपाल भाषा' नेपालको उत्कृष्ट मौलिक भाषा हो भने उल्लेख गर्दा गर्व लाग्नु स्वाभाविक हो। २०८१ असोज ३० बुधबारदेखि नेपाल टेलिभिजनमा दिउँसो ४:३० बजे नेपाल भाषामा १५ मिनेट जति समाचार प्रसारण गरेको रहेछ, समाचार वाचिका शकुन्तला महर्जनको स्वर पनि एकदम तिक्खर, स्पष्ट र कर्णप्रिय छ र गर्व पनि लागे छ।

त्यस्तै मधुपर्क साहित्यिक मासिक पत्रिकाले पनि नेवारी लेखक, साहित्यकारहरूको साहित्यिक रचनाहरू समावेश गरी नेपाल भाषा अङ्क निकालिदिनुहुन नम्र निवेदन गर्दछु। नेपाली भाषाका साहित्य पनि उत्कृष्ट छन्। म पनि नेपाल भाषामा विभिन्न विधामा लेख, रचना लेख्ने गर्छु। कृपया नेपाल भाषा अङ्क निकाली गोरखापत्र संस्थानको गरिमालाई अझ उचो बनाउन सकियोस् भनी कामना गर्दछु। मधुपर्क मासिक पत्रिकालाई साधुवाद छ।

दशराज शाक्य
बालकुमारी, ललितपुर

अनुरोध

मधुपर्कलाई अपार स्नेहका साथ धेरै साधक/सर्जकले सामीक्षार्थ पुस्तक पठाउनु हुन्छ तर पनि स्थान अभावले सबै पुस्तकको समीक्षा राख्न हामी असमर्थ हुँदै आएका छौँ। साहित्यिक प्रकाशन मधुपर्क साहित्यिक पत्रकारिताको धरोहरसमेत भएकाले यसमा समाचारीय गतिविधि पनि समावेश गरियोस् भन्ने आदरणीय साधक/सर्जक तथा पाठकको चाहना तथा हाम्रो पनि प्रतिबद्धता अनुसार यस अङ्कदेखि मुलुकभरका साहित्यिक गतिविधि, नेपाली साधक/सर्जक सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनालाई 'गतिविधि' पृष्ठमा प्रकाशन गरिने भएकाले पुस्तक प्राप्तिलाई पनि 'गतिविधि' अन्तर्गत राख्ने प्रयास गरिएको छ। यसबाट धेरैभन्दा धेरै साधक/सर्जकका पुस्तकबारे हाम्रा पाठक जानकार हुनुहुनेमा हामी विश्वस्त छौँ। यस प्रयोजनार्थ यहाँहरूका नयाँ पुस्तक मधुपर्कको कार्यकक्षमा पुऱ्याई दिन हुन पनि हार्दिक अनुरोध गर्दछौँ। साथै साहित्यिक गतिविधिका छोटा तर स्पष्ट समाचार madhuparknews@gmail.com मेलमा पठाइदिन हुन पनि अनुरोध छ। -सं.



यस अङ्कमा

लघुकथा

- **रहर** : रन्जना पराजुली लम्साल ३७
- **इन्द्रिय सुख** : किशन पौडेल ३७

अनुवाद कथा

- **टापु** : कारेल चापेक ३८

कविता/गीत/गजल/हाइकु/मुक्तक

मोहनविक्रम सिंह ४०, रघु पन्त ४२, सपूत कार्की ४३, रामभक्त ठाकुर ४३, बुद्धिमान महर्जन ४४, शोभा शरभ ४४, बोधराज पौडेल ४५, मिलन बोहोरा ४५, लवदेव धामी ४६, वीरभद्र कार्कीढोली ४६, विजय सागर ४७, सूर्यप्रसाद लाकोजू ४८, दशराज शाक्य ४८, विवेक दुलाल क्षेत्री ४९, गोकुल अधिकारी ४९, श्रीहरि फुयाँल ५०, सुमन थापा 'सङ्गम' ५०, नवराज न्यौपाने 'मौन' ५१, लीलाराज दाहाल ५१, राजेश सापकोटा ५१

निबन्ध

- **आमा** : अच्युत घिमिरे ५२
- **चार्वाकको चर्चाभित्र नित्सेको निसाफ** : जयदेव गौतम ५४

यात्रा संस्मरण

- **वत्सवंशको आदिभूमि पुग्दा** : चिरञ्जीवी दाहाल ५७
- **कुमारी कोरला** : विनोद नेपाल ६०
- **सई सा'बलाई कल्चर सक** : अमित सिंह ६३
- **मेसिनले दुहुने गाई** : शोभाकर बराल ६६

स्मृति

- **लेखनाथ बाबा, साष्टाङ्ग प्रणाम** : रमेशानन्द वैद्य ६९

संस्कृति

- **माघे सङ्क्रान्तिको सन्देश** : लक्ष्मी खतिवडा ७२

तर....

- **सर्जक शास्त्री र 'जय नेपाल !'** : त्रिभुवनचन्द्र वाग्ले

गतिविधि : ७६-७७

कृति परिचय : ७८-८०

सन्दर्भ

- **बलिदानी आत्माहरू** : डा. जीवन अधिकारी ५

बहस

- **स्वस्थानी व्रतकथामा नारीको स्थान** : रामेश्वरी पन्त ६

संस्मरण

- **नाट्य क्षेत्रका सर्वश्रेष्ठ सम** : डा. घनश्याम पुडासैनी १०

आलेख

- **सिलाङका केही नेपाली प्रकाशन र प्रयास** : दिल साहनी १४

कथा

- **त्यो मान्छे** : ध्रुव सापकोटा १७
- **अँध्यारो उज्यालो** : इन्द्रकुमार श्रेष्ठ 'सरित्' २२
- **झ्यालबाहिरको झ्याल** : दीपक लोहनी २६
- **विनिमय** : बिर्खे अञ्जान ३१
- **कर्णालीका डाक्टर अमृत** : मिमबहादुर परियार ३४





बलिदानी आत्माहरू

डा. जीवन अधिकारी

क्रोधी उन्मत्त दम्भी अपठित निठुरी क्रूर दुष्टापकारी
अत्याचारी लुटेरा घर अवगुणका भ्रष्टताका पुजारी
अन्यायी निर्विवेकी अबुझ शठहरू राज्य हाँक्ने बनेर
निस्कन्छन् एकतन्त्री अनि त मुलुकमा बढ्छ आतङ्क घेर

शिक्षा दीक्षा हराई सबतिर लुटको नित्य आतङ्क बढ्दा
सत्ताधारीहरूकै वरपर नघुमे बाँच्न सङ्कष्ट पर्दा
बन्दै लाचार धेरै दिनदिन उनकै जुट्दथे चाकरीमा
हुन्थे आँखी विरोधी जति पनि जनता बन्दथ्यो मृत्यु सीमा

आफूलाई मिटाई मुलुक र जनता मात्र आफ्ना बनाई
त्यागी सर्वस्व आफ्नो, दुःख जति सबका मूल नै मास्नलाई
जन्मिन्छन् दिव्य आत्मा जब जब भवमा पूर्णब्रह्मस्वरूप
अन्यायी दुष्ट काँप्छन् तब तब तिनका घन्किँदा शङ्खघोष

गङ्गालाल प्रतापी, दशरथ सुरिला साहसी धर्मभक्त
खानी सञ्चेतनाका ज्वलित अनल झैँ तेजिला शुक्रराज
आए नेतृत्व गर्दै सबतिर जनमा चेतना जग्मगायो
सत्ताधारी सबैको मन मुटु भयले थर्थरी काप्न लाग्यो

गङ्गा दागेर गोली दशरथसँगमा मारिए कष्ट पाई
झुन्ड्याई धर्म मारे सिफल अनि उता टेकुमा शुक्रलाई
राजद्रोही बनाई जन सब निमुखा दुष्टले पार्न खोजे
बाँचेनन् माफ मागी, भयरहित बनी वीरले मृत्यु रोजे

श्रीसूर्यज्योति जस्ता गगनतिर उठे चारधारा सलक्क
देखेथे देवताले तलतिर धरती चम्किएको झलल्ल
पर्खेथे अप्सराले अमृत कलशका साथ माला सजाई
ती चारै वीर योद्धा अमरपुर पुगे ब्रह्ममा मिल्नलाई

उल्र्यो आँधी अकस्मात् गगनतल भरी निस्किए धूमकेतु
पापीका जिन्दगीमा ग्रहण सुरु भयो ओर्लिए राहु केतु
योद्धा निस्के हजारौँ समर विजयको घन्कियो शङ्खनाद
सत्ता त्यागेर भागे लुरुलुरु कपटी, जन्मियो लोकवाद

अर्पेथे प्राण लड्दै अघि पनि रणमा वीर पुर्खाहरूले
ज्यानै बाजी लगाएपछि जनहितमा वीर योद्धाहरूले
अत्याचारी नजन्मून अमर सहिदका रक्तधारा पिपासु
जन्मिन्छन् फेरि योद्धा बुझ सब जन हो ! देशको पुछ्न आँसु। ■

स्वस्थानी व्रतकथामा नारीको स्थान

रामेश्वरी पन्त

नेपाली हिन्दु समाजमा हरेक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म विधिपूर्वक श्री स्वस्थानी देवीको व्रत बसेर हिन्दु महिला वर्षभरि रातो कपडामा बेरेर राखिएको पुस्तकमा लेखिएको कथा वाचन गर्ने, सुन्ने र सुनाउने गर्छन् । जसलाई स्वस्थानी व्रतकथा भनिन्छ । सोह्रौं शताब्दीमा लेखिएको स्वस्थानी व्रतकथा जसले नेपाली समाजको परम्परागत कथानक विशेषता बोकेको छ, कथा लेखिएको साढे चार सय वर्षपछि पनि यस कथालाई नेपाली समाजमा अत्यन्त श्रद्धा र भक्तिपूर्वक पढ्ने, सुन्ने र सुनाउने गरिन्छ । रमाइलो पक्ष त के छ भने आफ्नै कथाव्याथा जस्तै लाग्ने, आफैँलाई हेपिएर लेखिएको कथा पनि हिन्दु नारीहरूले श्रद्धापूर्वक पढ्ने र व्रत बस्ने गर्दछन् । आखिर यसको रहस्य के हो त ? यसभित्रका सबै

कुरा बुझेरै व्रत बसिरहेछन् या धर्मको आडमा सिर्जना गरिएका त्रास वा अन्धभक्तिले यसलाई जीवन्तता दिइरहेछ ? अहिलेको समयको यो एउटा महत्त्वपूर्ण प्रश्न हो । यस लेखमा स्वस्थानी व्रतकथाले नारीलाई कुन स्थानमा राखेको छ र कसरी हेरेको छ भन्ने बारेमा विश्लेषण गरिएको छ ।

नारी (देवी) को पूजा गरिने स्वस्थानी व्रतकथाभित्रको सम्पूर्ण कथा नारीहरूकै कथा र व्याथाले भरिएको छ । नारी अर्थात् 'स्वस्थानी' देवीकै व्रत, पूजा र महिमाले भरिएको स्वस्थानी कथाभित्रका नारीपात्रहरूले भोग्नुपरेको अपमान, दुःख, पीडा, विभेद, हिंसा र कष्टका कुराले कथा मार्मिक मात्र बनेको छैन, यस कथाले नेपाली समाजको परम्परागत चरित्रलाई निरन्तरता दिइरहेको छ । आज पनि नेपाली समाजमा नारीहरूको स्थान स्वस्थानी व्रतकथाकै झझल्को दिने खालको छ । पुरुषलाई प्रथम दर्जा र महिलालाई दोस्रो दर्जाको मानिसका रूपमा आज पनि समाजले हेरिरहेकै छ । चरित्र र सतित्वको आशा अझै पनि नेपाली समाजले गरिरहेकै छ एकातिर भने अर्कोतिर महिलाहरू चाहे सत्तरी नाघेका वृद्धा हुन्, चाहे चार वर्षीया बालिका, बलात्कारको सिकार भएकै छन् । आफूमाथि आइपर्ने दुःख, कष्ट र अन्यायलाई भाग्य र कर्मको खेल सम्झेर चित्त बुझाउने मानसिकताबाट अझै महिलाहरू मुक्त हुन सकिरहेका छैनन् । कानुनले दिए पनि व्यवहारमा पैतृक सम्पत्तिमा हक स्थापित गर्न छोरीहरूले सकेका छैनन् । छोरीहरू विवाह गरेर 'अर्काको घर जाने जात' भन्ने मानसिकता अझै छ । यी सब कारणको पछाडि स्वस्थानी व्रतकथा जस्ता धार्मिक ग्रन्थको के कतिको भूमिका रहेको छ त भनेर अध्ययन र विश्लेषण हुनु पनि अबको आवश्यकता हो भन्ने लाग्छ । किनभने अझै पनि हाम्रो समाजलाई यस्तै धर्मकथाहरूले निर्देशित र नियन्त्रित गरिरहेको पाइन्छ ।

स्वस्थानी व्रतकथामा उल्लिखित सबै पात्र तथा चरित्रले तत्कालीन समाजको सामाजिक, धार्मिक तथा सांस्कृतिक परिवेश र त्यसभित्रको मानवीय चरित्रको प्रतिनिधित्व गरेका छन् । सतीदेवी, पार्वती, वृन्दा, गोमा, चन्द्रावती आदि सबै नारीपात्रले तत्कालीन समाजको मात्र होइन, आजको समाजका नारीको भोगाइलाई पनि प्रतिनिधित्व गरेका छन् भने महादेव, विष्णु, जालन्धर, शिवशर्मा आदि सबैले आम पुरुष चरित्रको प्रतिनिधित्व गरेका छन् र आमपुरुषको चारित्रिक विशेषताको निरन्तरताको प्रतिनिधित्व गरेका छन् । यी सबै पात्रको भूमिकालाई अध्ययन गर्दा निष्कर्षमा के भन्न सकिन्छ भने स्वस्थानी व्रतकथाले एकातिर नारीलाई देवत्वकरण गरेर धार्मिक रूपले पूजनीय र शक्तिशाली देखाउन खोजेको छ भने अर्कोतिर व्यवहारमा त्यही नारीलाई कमजोर मानसिकताको देखाउँदै नारीको स्थान केवल सेविका र भोग्याको रूपमा मात्र देखाउन खोजेको छ र पुरुषहरूलाई शक्तिशाली र मालिकका रूपमा प्रस्तुत गरी समाजमा उनीहरूको स्थान उच्च देखाउन खोजेको छ ।

स्वस्थानी व्रतकथा महिला लक्षित कथा हो, जसले परिवार तथा समाजमा महिलाको स्थान के हो र उसको भूमिका कस्तो हुनु पर्छ भन्नेमा जोड दिएको छ । पत्नी सधैँ कर्तव्यपरायण र चरित्रवान हुनु पर्दछ, ऊ सधैँ पतिप्रति समर्पित र इमानदार भएर पतिसेवामा लाग्नु पर्दछ भन्ने सन्देश यो कथाले दिएको छ । नारी जातिले जीवनमा जे जस्तो परिस्थिति आइपरे पनि 'भाग्यको खेल वा कर्मको फल' भन्दै स्विकार्नुपर्ने सन्देश यसले दिएको छ । नारीहरूलाई भाग्यवादमा विश्वास गर्न सिकाएको छ ।

एकातिर नारीले एक्लै पनि घरसंसार चलाउन सक्छे भन्ने कुरालाई कथाले गोमाको सङ्घर्षद्वारा देखाउन खोजेको छ भने अर्कोतिर मानसिक रूपमा त्यही गोमालाई कमजोर देखाइएको छ र एक्लो हुनुपर्दाको विछिप्त अवस्थामा देखाइएको छ । स्त्रीजातिलाई समाजले यसै त कमजोर देख्छ, झन पतिले छोडेकी एक बेसहारा स्त्रीको सङ्घर्षको कसरी मूल्याङ्कन हुन सक्छ ? गोमाको कुरा मात्र होइन, स्वस्थानी कथाभरि नै स्त्रीजातिलाई कमजोर र निरिह रूपमा प्रस्तुत गरिएको छ । घर, गृहस्ती, पूजापाठ, व्रत आदिमा स्त्री र पुरुषको समान सहभागिता चाहिन्छ भनिए पनि स्त्रीलाई कमजोर ठान्दै उसका लागि सम्पूर्ण उसको पति हो भन्ने कुरालाई कथाले ठाउँ ठाउँमा सम्झाएको पाइन्छ र नारीहरूलाई हरतरहले कमजोर देखाएको छ । पुरुष शारीरिक रूपमा जस्तोसुकै कमजोर भए पनि उसलाई साहसी र रक्षक ठान्ने मानसिकताले गर्दा महिलाले आफूलाई कमजोर ठान्छन् । आज हरेक क्षेत्रमा महिलाहरू पुरुषको दाँजोमा काँधमा काँध मिलाएर अगाडि बढिरहँदा त महिलाहरूलाई कमजोर ठानिन्छ भने साढे चार सय वर्षअघिको समाजले महिलालाई कमजोर रूपमा प्रस्तुत गर्नु कुन आश्चर्यको कुरा भयो र ! कथाका नारीपात्रहरू प्रायः सबैले आफूलाई कमजोर, अभागिनी, पापिनी, दुखिया आदि शब्दले सम्बोधन गरेको पाइन्छ । के स्त्रीजाति भएर जन्मनु पाप हो ? हाम्रा विभिन्न पुराणहरूले पुत्र जन्मनुलाई पूर्वजन्मको पूण्य कर्म र पुत्री जन्मनुलाई पाप कर्मको फल भनेर भनिदिएका छन् । स्वस्थानी व्रतकथामा पनि शिवभट्ट र सती ब्राह्मणीलाई गणेशले पुत्री हुने वरदान दिँदै 'पुत्र भने तिमीहरूलाई हुने छैन किनभने पूर्वजन्ममा तिमीहरूले राखेको छैन' भनेर भनेका छन् । त्यसैले पनि होला स्त्रीजातिको मानसिकतामै आफूलाई 'पापिनी' वा 'अभागिनी' भनेर भरिएको हुन्छ । यति हुँदाहुँदै पनि आजका शिक्षित नारीहरूले नै निरन्तर यो कथालाई महिमामण्डित गरेर पढ्दै र व्रत बस्दै आउनुलाई के भन्नू ?

गोमाले पटक पटक आफूलाई पापिनी भनेर सम्बोधन गरेकी छ । स्वस्थानी व्रत गराउन आफूकहाँ आएका सप्तर्षिहरूसँग गोमाले भन्छे- 'हे ऋषिश्वर ! म यस्ती पापिनीलाई घरमै आएर दर्शन दिनुभयो ।' गोमाले पान

लिएर फर्किआउँदा ऋषिहरूलाई नदेखी दुःखी हुँदै भन्छे- '...पापिनीका हातको पान खानुपर्ला भनेर गैगएछन् । म धिक्कार रहिछु ।' तर स्वस्थानी कथामा कहींकतै पनि गोमाले त्यस्तो के पाप गरेकी थिई भनेर भनिएको पाइँदैन । चन्द्रावतीलाई त झन 'पापिनी' नाम नै दिइएको छ । यो कथा समाजको प्रतिविम्बका रूपमा प्रस्तुत भएकाले पनि समाजमा नारीहरूप्रति हेरिने दृष्टिकोण, उनीहरूलाई गरिने व्यवहार र नारीले आफैँलाई हेर्ने दृष्टिकोणलाई यसले प्रतिनिधित्व गरेको अनुमान लगाउन सकिन्छ । के स्वस्थानीको व्रत पापिनीहरूले मात्र गर्ने व्रत हो ? यदि त्यसो हो भने सुरुमा त यो व्रत पार्वतीले गरेकी छन् नि !

स्वस्थानी व्रत कथा पुरुषप्रधान सामाजिक मानसिकताबाट लेखिएको हुनाले यसमा पुरुषको स्थान उच्च र महिलाको स्थान निम्न कोटिको देखाइएको छ। अझ भन्नुपर्दा पुरुषलाई मालिक र महिलालाई सेवकको भूमिकामा राखिएको छ । पितृवंशीय परम्परा, परिवारमा छोराको महत्त्व र बालविवाहलाई समाज स्वीकार्य मानिएको छ । बाबुआमाले दिएको पुरुष जस्तोसुकै अयोग्य भए पनि स्विकारेर उसको पछि लाग्नुपर्ने कुरालाई छोरीहरूको मर्यादा मानिएको छ । कन्यादानलाई विशेष महत्त्व दिइएको छ । पतिभक्ति र पतिप्रतिको निष्ठा नै महिलाहरूका लागि सर्वस्व मानिएको छ ।

> स्वस्थानी व्रत कथा पुरुषप्रधान सामाजिक मानसिकताबाट लेखिएको हुनाले यसमा पुरुषको स्थान उच्च र महिलाको स्थान निम्न कोटिको देखाइएको छ । अझ भन्नुपर्दा पुरुषलाई मालिक र महिलालाई सेवकको भूमिकामा राखिएको छ । पितृवंशीय परम्परा, परिवारमा छोराको महत्त्व र बालविवाहलाई समाज स्वीकार्य मानिएको छ ।

यस कथाले पितृवंशीयतालाई महत्त्व दिँदै सन्तानमा बाबुको नाम र वंश धान्नका लागि छोरा नै चाहिने कुरालाई प्राथमिकता दिइएको छ । आमाको भूमिकालाई ओझेलमा पारेको छ । एक्ली गोमाले पुत्र (नवराज) लाई जन्म दिएकी छ र अनेक दुःख गरेर उसलाई हुर्काएकी छ तर पनि उसको सङ्घर्ष ओझेलमा परेको छ र नवराजको बाबु खोजेको छ समाजले । कथाले महिलाको सामाजिक हैसियतको कल्पना पनि गरेको छैन । नारीहरूको भूमिका केवल पुरुषको सेवा गर्ने नै रहेको पाइन्छ । यसले नारीको कमजोर मूल्याङ्कन गरेको छ, पुरुषलाई साहसी, बुद्धिमान र पुण्यात्मा ठानेको छ भने नारीलाई कमजोर, अज्ञानी, दुःखी, पापिनी भनेको छ । यसले पुरुष सर्वोच्चतालाई महत्त्व दिएको छ । यति हुँदाहुँदै पनि आजका महिलाहरूले यही कथालाई आदर्श मानेर सगर्व पूजापाठ गर्नु र पुसको ठण्डीमा महिनाभर शालीनदीको चिसो पानीमा चोपलिँदै व्रत बस्नु भनेको फेरि पनि धर्मान्धताबाहेक केही होइन ।

पतिको निन्दा सुनेर बाँच्नुभन्दा मर्नु उचित हुने सन्देश स्वस्थानी व्रत कथाले दिएको छ । साथै महिलाहरूका लागि पति नै सबै कुरा हो र ऊबिना नारी अधुरो रहन्छे भन्ने सन्देश यसले दिएको छ । पतिका हर कार्यलाई चुपचाप सहनु नै उसका लागि कल्याणकारी छ । पतिलाई उसको जस्तोसुकै परीक्षा लिन पनि छुट छ तर पत्नीले भने अन्जानमा पनि कुनै गल्ती गर्नुहुँदैन । नारी जति नै साहसी भए पनि पति वा पुरुषको इच्छामा चल्नु पर्छ । पतिलाई हरतरहले सन्तुष्ट राख्नु उसको कर्तव्य हो भन्ने सन्देश महिलालाई दिन खोजेको छ । कथाले नारीलाई वस्तुका रूपमा चित्रण गरेको छ र पुरुषको भोग्या र मनोरञ्जनको साधन मानेको छ ।

पतिभक्ति, पतिव्रता धर्म र सतित्वको पाठ स्वस्थानी व्रत कथाले धेरै पढाएको छ र नारीको यौनिकतामाथि नियन्त्रण गर्न खोजेको छ । पुरुषको स्वतन्त्र यौनिकतालाई भने महिमामण्डित गर्ने तर नारीको यौनिकतालाई भने पुरुषको जीवनसँगै लगेर जोडिदिएको छ र पुरुषहरूले पत्नीको सतित्वमा आफ्नो प्राण सुरक्षित देख्ने मानसिकतालाई उजागर गरेको छ । 'पतिव्रता धर्म' को बारम्बार उल्लेख गरेर यसलाई महन् धर्म भन्दै नारीलाई कथित आदर्शको पर्खालभित्र कैद हुनुपर्ने उपदेश दिएको छ । स्त्रीको पतिव्रता धर्ममा पतिको प्राण रक्षित हुन्छ भन्दै नारीलाई एक पतिव्रता भइरहन र परपुरुषसँग मन नलगाउन अर्तीउपदेश दिइएको छ तर कुनै पनि पुरुष एक पत्नीव्रत रहनु पर्छ र पत्नीप्रति इमानदार रहनु पर्छ भनेको पाइँदैन । कथामा जति धेरै पतिव्रता धर्मका कुरा लेखिए पनि कहींकतै पत्नीव्रता धर्मको उल्लेख गरिएको पाइँदैन । न त कतै पतिको पत्नीप्रतिको कर्तव्यको बारेमा उल्लेख गरिएको छ ।

यस कथाले नारी र पुरुषको सम्बन्ध सेवक र मालिकको जस्तो देखाएको छ । चरित्र, भाग्य, कर्म, पाप र नैतिकता जस्ता कुराको पाठ महिलालाई मात्र पढाएको छ । आफ्नो असहमतीमा बोल्न नपाउने, बोलेमा सत्यानाश नै हुने जस्ता प्रसङ्ग स्वस्थानीमा राखिएको छ । महिलामाथि परिवार र समाजले थोपरेका ज्यादतिलाई 'भाग्य' वा 'कर्म' को फल भन्दै चुप लाग्न विवश गराएको छ । भाग्यवादको आडमा महिलालाई पुरुषको इच्छामा चल्न सिकाएको छ र पुरुषहरूलाई स्वतन्त्र र महिलालाई पराधीन रूपमा प्रस्तुत गरेको छ । पुरुषलाई गम्भीर अपराधमा पनि उन्मुक्ति दिएको छ भने महिलालाई अन्जानमा भए गरेका अपराधमा पनि कठोर सामाजिक दण्ड दिएको छ ।

गोमाको कथाबाट समाजले आजका नारीहरूमा पनि गोमाको जस्तै पतिभक्ति, धैर्यता, सहनशीलता, ममता र करुणा खोज्न चाहेको देखिन्छ । महिलाहरूका लागि व्यक्तिगत सुख र स्वार्थको कामना गर्नु अपराध जस्तै हुन्छ । जुन कुरा समाज स्वीकार्य मानिँदैन भन्नेतिर सङ्केत गर्दै महिलाबाट केवल सेवा र त्याग मात्र खोजेको देखिन्छ । स्वस्थानी मात्र होइन, प्रायः सबै धर्मकथाहरू महिलामैत्री देखिएका र लेखिएका छैनन् । उदाहरणका लागि स्वस्थानीबाहेक सत्यनारायणको कथा, ऋषि पञ्चमीको कथा, हरितालिका (तिज) को कथा आदि सबैले नारीजातिलाई यसरी प्रस्तुत गरेका छन् कि यो जगत्मा पापकर्म जति नारीहरूले नै गर्दछन् र त्यो पापबाट मुक्तिका लागि अनेक अनेक प्रकारका कठिन व्रत, उपासना र अनुष्ठान गर्नुपर्ने हुन्छ तब मात्र उनीहरू दुःख, कष्ट र पापबाट मुक्त हुने छन् तर आजसम्म कुनै पनि त्यस्ता धर्मकथाहरू पुरुषका लागि लेखिएको सुन्नमा आएको छैन, जसमा पुरुषहरूले यो वा त्यो व्रत वा उपासना गरेमा उनीहरू दुःख, कष्ट र पापबाट मुक्त हुने छन् भनिएको होस् । लेखियोस् पनि कसरी र ! जबकि यस्ता कथाहरू लेख्नेहरू सबै पुरुष नै हुन्थे । यति मात्र होइन, धर्म, समाज, संस्कृति र चरित्रको व्याख्या गर्नेहरू पुरुष नै भएकाले आफूलाई मानव समाजको सर्वोच्च प्राणी ठान्ने पुरुषले किन आफूलाई निच, दुःखी र पापी देख्छ ? उसले गरेका हरेक कार्य महान् हुन्छन् ।

उबेलाका कथाको के कुरा गर्नु, जबकि आजको समयमा आजका विद्वान् भनिएका पुरुषहरूबाट लेखिएका साहित्यहरू त महिलामैत्री भएको पाइँदैन । सावित्री-सत्यवानको कथा होस् वा नल-दमयन्तीको, नारीमा चरित्र, सतित्व, त्याग र समर्पण खोजिएकै छ । यी त अझै पुराना कथा भए । धेरै पछि 'आधुनिक काल' भनिएको समयमा लेखिएका मुकुन्द-इन्दिरा जस्ता साहित्यले पनि नारीमा त्याग र समर्पण मात्र खोजेन, उनीहरूका लागि लक्ष्मणरेखा कोरिदियो । नारीको सतित्वको परीक्षा लिएरै छोड्यो । यसर्थ साढे चार सय वर्षअघि लेखिएको स्वस्थानी कथालाई मात्र के र कति भन्नु !

मध्यकालीन नेपाल महिलामाथिको बर्बर हिंसाको युग मानिन्छ । यसै बेलादेखि समाजका 'ठालुहरू' ले धर्मका ठेकेदार 'पण्डितहरू'मार्फत स्वस्थानी जस्ता धार्मिक कथा लेखाएर पूर्वजन्म, पुनः जन्म, स्वर्ग र मोक्षको लोभ र त्रास देखाई महिलाहरूलाई ज्युँदो छउन्जेल पुरुषको दासी, भोग्या र मृत्युपछि पनि 'उसैको साथ पाउने' र 'स्त्रीको परम कर्तव्य' र पुण्यकर्म भन्दै लोग्नेसँगै जलाएर मार्न थाले । शिवपुराणमा 'सती' को अर्थ पतिप्रति अगाध प्रेमको प्रतीक मानिएको छ । न कि पतिको मृत्युपछि जबर्जस्ती पतिको लाससँगै ज्युँदै चितामा जलाउनु ।

स्वस्थानीमा सतीदेवीले पिताद्वारा पति महादेवको अपमान गरेको सहन नसकी आगोमा हामफालेर आत्महत्या गरेकी छन् । यसलाई पतिप्रतिको अगाध प्रेम र समर्पणभित्रको 'पागलपन' भन्न सकिन्छ तर मध्ययुगीन नेपाली समाजमा महिलालाई उसको इच्छाविपरीत ज्युँदै जलाएर मार्ने र त्यसपछि 'सतीदेवी' भनेर महिमामण्डित गर्ने र उसको मन्दिर बनाएर पूजा गर्ने गरिन थालियो । जुन कुरा मानव इतिहासमा धर्म र त्यागको नाममा महिलामाथि हुने गरेको अत्यन्त क्रुर एवं बर्बर हिंसा र लज्जाजनक प्रथाको रूपमा स्थापित भयो ।

स्वस्थानीको कथामा महिलाप्रति जेजस्ता हिंसा र विभेदका कुरालाई उल्लेख गरिएको छ, तिनलाई धर्मसँग जोडेर महिनादिनसम्म महिलाहरूकै मुखबाट वाचन गर्न लगाउनु र स्वयं महिलाले नै ती सब हिंसा र विभेदले भरिएका कथालाई 'मनोकाङ्क्षा पुग्ने' नाममा घोकिरहनुले समाजमा महिलामाथि हुने हिंसात्मक र विभेदजन्य व्यवहारलाई धर्मको नाममा कसरी वैधता मिलिरहेको छ भन्ने प्रस्ट हुन्छ र स्वयं महिलाहरू नै यसमा वैधताको लालमोहर लगाइरहेका छन् भनेर भन्नु दुस्साहस हुने छैन ।

वास्तवमै आलोचनात्मक रूपले स्वस्थानी व्रत कथालाई हेर्ने हो भने यसले नेपालको मध्यकालीन समाजमा प्रचलित क्रुर र अमानवीय 'सतीप्रथा' लाई मलजल गरेको महसुस हुन्छ । आज पनि कैयौँ नेपाली हिन्दु नारीहरूले धर्मको नाममा नारीमाथि नै थोपरिएका यस्ता अमानवीय परम्परा, संस्कार र संस्कृतिलाई महत्त्व दिएर निरन्तरता दिनुले नेपाली महिलामा अझै पनि चेतनाको स्तर माथि उठ्न नसकेको देखिन्छ । आजको समय भनेको पितृसत्तात्मक समाजले धर्म, व्रत र पूजाका आडमा महिलामाथि गर्दै आएका हिंसात्मक र विभेदजन्य गतिविधिलाई विश्लेषण गर्ने र तिनबाट छुटकारा पाउने समय हो । जसका लागि सशक्तीकरण जरुरी छ । न कि पुरुष मानसिकतामा लेखिएका धार्मिक कथा र पुराणमा भएका कुरामाथि विश्वास गर्दै तिनैको पछि लाग्नु ।

यद्यपि स्वस्थानी कथामा 'यो व्रत स्त्री जातिले मात्र गर्नु र कथा पनि स्त्रीजातिले नै वाचन गर्नु' भनिएको हुनाले जतिबेला परिवारमा छोरी बुहारीहरूलाई पढाउने अथवा शिक्षादीक्षाको प्रचलन थिएन, त्यतिबेला स्वस्थानी व्रतकथाले जबर्जस्त रूपमा नारीशिक्षाको जग हालिदिएको पो थियो कि । सुरुका दिनमा जम्मा दुई दिन एक रात मात्र गर्ने भनिएको स्वस्थानी व्रतकथालाई लम्ब्याएर ठुलो बनाउनु र एक महिनासम्म नारीले नै पाठ गर्ने र व्रत गर्ने नियम बनाउनुले परिवार तथा समाजमा छोरीबुहारीलाई अक्षर चिन्न मद्दत पुऱ्याएको कुरालाई मनन् गर्नै पर्दछ । स्वस्थानी व्रत कथाको यो एउटा सकारात्मक पाटो हो । तथापि यसमा प्रयुक्त विभिन्न प्रसङ्गले महिलाको स्वतन्त्र अस्तित्वमाथि प्रहार गरेका कारण परिवर्तित नेपाली समाजमा यो व्रतको पछि लाग्नु उपयुक्त नभएको भन्ने आलोचनात्मक टिप्पणीबाट मुक्त हुन भने सकेको छैन । ■

नाट्य क्षेत्रका सर्वश्रेष्ठ सम

स्वनामधन्य नेपाली नाट्य साहित्यका प्रधान नाटककार बालकृष्ण सम नाटक विधा लेखनका प्रथम नाटककार मात्र नभई विश्वजनीय मान्यताका पालक विषयवस्तुका हिसाबले विविधता, दुःखान्त सुखान्त दुवै खाले नाटक लेख्न सफल छन् ।

डा. घनश्याम पुडासैनी

नाटक साहित्यको अतिप्राचीन र आकर्षक विधा हो। नाट्य रचना अभिनेता अभिनेत्री र अन्य पात्रहरूको अभिनीत चरित्रद्वारा रङ्गमञ्चमा प्रस्तुत गरिने दृश्यविधा भएकाले दीर्घाका सबै दर्शकहरू नाटक अवलोकनमा कृतघ्न बन्न पुग्छन् । नेपालीमा प्रचलित 'नाटक' शब्द संस्कृतबाट आएको तत्सम शब्द हो । विश्वको सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा 'नृत्' भनिने प्राकृतिक शब्दबाट 'नट्' धातु हुन पुगेको, यसको अर्थ नृत्यसँग सम्बन्धित रहेको छ । 'नट्' धातुमा 'अक' प्रत्यय लागेर बनेको यौगिक शब्द नाटक हो र नाटकको पर्याय अर्थ अनुकरण वा नक्कल गर्नु भन्ने बुझिन्छ । अङ्ग्रेजी भाषामा ड्रामा भनिने त्यस शब्दको रूपान्तरित अर्थ पनि अनुकरण नै हो । नाटक साहित्यलाई परिचय गराउन र परिभाषित गर्न पूर्वीय र पाश्चात्य नाट्यचार्यहरूको उल्लेख्य योगदान रहेको छ । पूर्वीय नाट्यचार्यहरू त ऋग्वेद आदि चारवेद पछिको पाचौँ वेद नाट्यशास्त्र हो समेत भन्ने गर्दछन् । नाटक साहित्यलाई सैद्धान्तिक परिचय र परिभाषित गराउने क्रममा पूर्वीय विद्वान्हरू भतृहरि, धनञ्जय, सागरनन्दी, रामचन्द्र गुणचन्द्र, भरतमुनि र वामन आदिको उल्लेखनीय योगदान रहेको कुरालाई कदापि बिर्सन सकिँदैन । त्यसो त पाश्चात्य विद्वान्हरू- अरस्तु, सिसरो, भिकटर, ह्युगो, इब्सेन, हड्सन र सेक्सपियर आदिको योगदान पनि कम मूल्यवान छैन । हजारौँ वर्ष अघिदेखि नै पूर्वीय र पाश्चात्य जगत्मा नाट्यकाव्य साहित्यको अति चर्चित विधाका रूपमा स्थापित हुँदै आएको हो । तर नेपाली साहित्यमा मौलिक र आधुनिक नाटक लेखनको सुरुवात भने करिब एक सय वर्ष अगाडिदेखि मात्र भएको पाइन्छ । नेपाली आधुनिक नाटक लेखनको श्रीगणेशकर्ता बालकृष्ण

सम हुन्। समद्वारा लेखिएको 'मुटुको व्यथा' दुःखान्तीय नाटक विसं १९८६ मा प्रकाशित भएपश्चात् नेपाली नाट्य साहित्य लेखनको तीव्रगतिले विकास हुन थालेको कुरा पनि स्मरणयोग्य रहेको छ।

पूर्वीय नाट्यचार्य वामनले भने जस्तै "नाटक चित्रपट झैं समस्त विशेषताहरूले भरिएको चित्रविचित्रको हुन्छ।" अर्का विद्वान् सागरनन्दी भन्छन्- "लोकको सुख-दुःखबाट उत्पन्न, विभिन्न परिस्थितिको अभिनय नै नाटक हो।" पाश्चात्य विद्वान् अरस्तुको भनाइमा- "नाटकले जीवनको अनुकरण गर्दछ र यो वर्णनात्मक नभएर अभिनयात्मक हुन्छ।" त्यस्तै सिसरो भन्छन्- "जीवनको अनुकरण र रीतिहरूको दर्पण नै नाटक हो।" नाटक अभिनीत गुण र भेषभूषा हाउभाउ कटाक्ष आदिका आधारमा रङ्गमञ्चमा प्रस्तुत गर्नका लागि लेखिन्छ र भूतकालको घटनालाई वर्तमानमा प्रदर्शन गराइन्छ। नाटककारद्वारा लेखिएका सबै नाटकले रङ्गमञ्चमा प्रदर्शित हुने अवसर भने पाउँदैनन्। पाठकले नाटक पढेर पनि त्यसको आस्वादन प्राप्ति गर्ने भएकाले नाटक दोहोरो सेवाप्रदाय अत्यन्त रुचिपूर्ण साहित्यिक विधा बन्न पुगेको छ।

स्वनामधन्य नेपाली नाट्य साहित्यका प्रधान नाटककार बालकृष्ण सम नाटक विधा लेखनका प्रथम नाटककार मात्र नभई विश्वजनीय मान्यताका पालक विषयवस्तुका हिसाबले विविधता, दुःखान्त सुखान्त दुवै खाले नाटक लेख्न सफल छन्। पूर्वीय विद्वान्ले वर्गीकरण गरेका रूपकका दस भेदमध्ये महत्त्वपूर्ण र पहिलो भेद नाटक तथा अर्को अङ्की (एकाङ्की) दृश्य विधामा कलम चलाउन सिद्धहस्त समले झन्डै दुई दर्जन पूर्णाङ्की तथा दुईभन्दा बढी अङ्की नाटक तथा झन्डै एक दर्जनभन्दा बढी एकाङ्की लेखेका छन्। समको साहित्य लेखनको प्रमुख मान्यता दृश्यविधा नै हो तापनि खण्डकाव्य, महाकाव्य, चम्पुकाव्य, जीवनी, कविता, कथा तथा उपासना, जीवनी र निबन्ध विधामा समेत कलम चलाउन सफल छन्। मौलिकता र दार्शनिक चिन्तनका साहित्य सिर्जना गर्ने बालकृष्ण सम नेपाली साहित्यका चम्किला नक्षेत्र हुन्। नेपाली नाट्य साहित्यमा उनले गरेका अतुलनीय योगदानका कारण उनलाई नाट्य सम्राट्को विशेषणद्वारा सम्बोधनसमेत गरिन्छ। उनी नाटककार मात्र नभई नाटक निर्देशन र अभिनीत कलामा समेत सफल थिए। यसका अतिरिक्त उनी सिद्धहस्त चित्रकार पनि हुन्। नेपाली साहित्य, कला र संस्कृतिका सर्जक सम बहुमुखी प्रतिभाका द्योतक तथा प्रेरक व्यक्तित्व पनि हुन्। बालकृष्ण सम पिता जनरल शमरशमशेर राणा तथा माता कृतिराज्यलक्ष्मी राणाको कोखबाट विसं १९५९ माघ २४ गते काठमाडौँस्थित ज्ञानेश्वरमा (राणा परिवारमा) भएको थियो र उनको मृत्यु भने २०३८ श्रावण ६ गते काठमाडौँस्थित आर्यघाटमा भएको हो। उनको खास नाम बालकृष्ण शमशेर जङ्गबहादुर राणा थियो। विसं २००७ मा नेपालमा प्रजातन्त्र स्थापना भएपश्चात् बालकृष्ण सम पछिका 'शेर जङ्गबहादुर राणा' शब्द हटाई बालकृष्ण सम अर्थात् नेपालीहरूसँग आफू बराबर भएको त्यागी प्रमाणसमेत देखाएका थिए। उनका एक मात्र छोरा कला र साहित्यका विशिष्ट सर्जक जनार्जन समलाई पनि आफ्नै त्यागसँगै हिँडाएर समतामूलक सहअस्तित्वको दृष्टान्त प्रस्तुत गरेका थिए। उनले स्कुलको शिक्षा दरबार हाइस्कुलबाट प्राप्त गरेका र कोलकत्ताबाट म्याट्रिक परीक्षा उत्तीर्ण गरेका थिए। पछि त्रिचन्द्र कलेजमा आईए पढ्दा पढ्दै एकाएक सेनाको कप्तानमा नियुक्ति भई कर्णेलसम्मको दर्जामा पुगे। सेनामा जागिर खाएका समलाई नालापानीमा खटाइएको थियो। त्यहाँको ऐतिहासिक वस्तुस्थिति बुझ्नेका समले लेखेको 'नालापानीमा' एकाङ्की केही वर्ष अघिसम्म कक्षा ११ को पाठ्य विषयवस्तुमा रहनुले पनि समप्रति सम्मान देखाउनु नै हो। आइएस्सीसम्म अध्ययन गरेका सम 'हुने बिरुवाको चिल्लो पात' भने जस्तै आठदस वर्षको उमेरदेखि नै कविता लेख्ने गर्दथे भने पूर्व र पश्चिमका गहकिला साहित्यिक पुस्तक पढ्ने बानी थियो, नभन्दै विसं १९८६ मा प्रकाशित समको दुःखान्तीय नाटक 'मुटुको व्यथा' नेपाली आधुनिक नाट्य साहित्यको पहिलो कृति बन्न पुग्यो र अन्य अनगन्ती नाटक लेख्नमा उनी उत्प्रेरित हुन पुगे।

बालकृष्ण सम सलक्क परेको मझौला शारीरिक सुसङ्गठन, गहुँगोरो वदन, सिलिक्क परेका गाला, लामो गर्धन, सपक्क बसेका अर्धचन्द्राकारका आँखी भौँ, टुपुक्क अडिएको लामो नाक, बाँन्की परेका ओठ र चिउँडो, ठुलठुला आकारका कान, निधारमा हल्का तिलकको प्रतिछाया परेको भावुक र दार्शनिक मुखमण्डलका व्यक्ति देखिन्थे। समको वाक्मृदुल र शान्त स्वभावमा आदरार्थी (ज्यू, हजुर यहाँ) शब्दोच्चारणमा अत्यन्तै नरम अभिव्यक्तिले जो कुनै मानिस पनि आनन्दानुभूति महसुस गर्न पुग्दथे। उनको पहिरन नेपाली राष्ट्रिय पोसाक दौरासुरुवाल र ढाकाटोपीमा सदाबहार देखिन्थे। हाल भेटिएका फोटामा पनि यी कुरा प्रतिछायाका रूपमा सुरक्षित रहेकै छन्। घरमा सधैँ साहित्य साधनामा व्यस्त सम त्रिविका उच्च कक्षाहरूमा प्राध्यापनसमेत गर्दथे। कविगोष्ठीमा उनको उपस्थितिले बढी रौनक थपिन्थ्यो। त्रिहत्तर चौहत्तर बर्से उमेरमा पनि सम कविता वाचनमा सरिक हुन्थे। विसं २०३३ सालतिरको कुरा हो पौष १४ गते रेडियो नेपालले कविगोष्ठी गरेको थियो, समय बेलुकी ५, ६ बजेतिर रेडियो नेपालले प्रत्यक्ष प्रसारण गरेको थियो। यस लेखका पङ्क्तिकारलाई पनि त्यहाँ सहभागी हुने अवसर मिलेको थियो। त्यस गोष्ठीमा धर्मराज थापा, दामोदरनाथ लोहनी, माधवप्रसाद घिमिरे, श्यामदाश वैष्णवलगाय वरिष्ठ साहित्यकारले आआफ्ना कविता वाचन गर्नुहुँदाका बखत

समको कविता बढी आकर्षक र प्रशंसित भएको थियो। त्यसपछि चार पाँच पटक पङ्क्तिकारले उनलाई भेटेको र साहित्यिक रचना सिर्जना गर्नमा समबाट उत्प्रेरणा बढेको कुरा पनि अविस्मरणीय रहेको छ।

बालकृष्ण सम नेपाली नाट्य साहित्यका सम्राट् मात्र नभई अन्य अनेक साहित्य विधामा सिद्धहस्त सर्जक हुन्। सफल चित्रकार, नाटक निर्देशक र अभिनयकर्ता आदि सिपका धनी सम साहित्य सेवाका अतिरिक्त राष्ट्रका विभिन्न महत्त्वपूर्ण निकायका प्रमुख पदहरूमा रही काम गर्दाको योगदान पनि अतुलनीय रूपमा रहेको छ। सम साहित्य लेखनमा तीव्रतर अगाडि बढ्दै गर्दा विसं १९९० मा नेपाली भाषा प्रकाशिनी समितिका अध्यक्ष, विसं २००८ मा रेडियो नेपालका निर्देशक, विसं २०१२ मा गोरखापत्रको प्रधान सम्पादक, विसं २०१४ मा रोयल नेपाल एकेडेमीका सदस्य, विसं २०१६ मा नेपाल राजकीय प्रतिष्ठान (नाम परिवर्तन) मा उपकुलपति र विसं २०३१ मा राजसभा स्थायी समितिका आजीवन सदस्यसमेत भएका र नाफा हल आदिको संरक्षक पनि थिए।



साहित्य, कला र संस्कृतिको त्रिकोणात्मक मिलन बिन्दुमा मात्र नभई प्रशासन राजकीय सुशासनमा संलग्न रही क्रियाशील जीवन बिताइरहेका बखत सम विसं २०३८ श्रावण ६ गते देहान्त हुन पुगेका थिए। बाँचुन्जेल उनले गरेका उल्लेख्य कार्यको उच्च मूल्याङ्कन गर्दै विभिन्न मान, सम्मान, पुरस्कार र विभूषण एवं पदवी प्रदान हुनुका साथै उनको सालिक निर्माण तथा उनकै नाममा हुलाक टिकटसमेत प्रकाशन भएबाट पनि समको प्रभावशाली व्यक्तित्वप्रतिको उच्च सम्मान भएको महसुस गर्न सकिन्छ। साझा पुरस्कार, त्रिभुवन पुरस्कार, त्रिविबाट महाविद्यावारिधि मानार्थ र नेपालको सर्वोच्च साहित्यिक सम्मान पृथ्वीप्रज्ञा (पहिलो) पुरस्कार, गोरखा दक्षिणबाहु पहिलो विभूषण तथा विसं २००९ मा दार्जिलिङ पुगेका बेला सूधपा अर्थात् साहित्यकार सूर्यविक्रम, धरणीधर र पारसमणिद्वारा कविशिरोमणि लेखनाथ, नाट्यसम्राट् बालकृष्ण सम तथा महाकवि लक्ष्मीप्रसाद देवकोटा तीन जना कविलाई साहित्यका त्रिमूर्ति घोषित हुनाले समसमेत उच्च सम्मानित हुन पुगे। समका लागि यो पनि ठुलो सम्मान थियो। नेपाली नाट्य साहित्यका शिखर व्यक्तित्व बालकृष्ण सम पूर्वीय नाट्यचार्यहरू वामन, धनञ्जय र सागरनन्दी आदिको सैद्धान्तिक मान्यता तथा पाश्चात्य विद्वान् आरस्तु, होरेस र सेक्सपियर आदिको दृष्टिकोणलाई समेत आत्मसाथ गर्दै सुखान्त र दुःखान्त एवं वियोगान्त र संयोगान्त सबैखालेे कथानकतामा आधारित आकर्षक नाट्य कृतिहरू अधिक मात्रामा सिर्जना गर्न सफल छन्। समको दुःखान्तीय पहिलो आधुनिक नेपाली नाटक 'मुटुको व्यथा' १९८६ हो। त्यसपछि 'ध्रुव' नाटक १९८६ मा नै लेखे। विसं १९९१ 'बर्दहामा सिकार' निबन्ध र त्यसपछिका दिनहरूमा नाटक, निबन्ध, प्रबन्ध, कथा आदि साहित्य सिर्जना गर्नमा तल्लीन रहे। उनका नाटक एकाङ्की कविता तथा खण्डकाव्य, मुटुको व्यथा, अन्धवेग, मुकुन्द इन्दिरा, रणदुल्लभ, नालापानीमा, मृत्युपछिको अभिव्यञ्जन, इच्छा, आगो र पानी देखेको आदि कृतिहरू उच्चशिक्षाका कक्षाहरूमा बेलाबेलामा पाठ्यविषयवस्तुमा समावेश भएबाट पनि उनको साहित्य सिर्जनाको स्तरीयता एवं उनीप्रतिको उच्चसम्मान गरेको कुरा प्रकटीकरण हुन आउँछ।

पूर्वीय र पाश्चात्य प्राचीन ग्रन्थहरू राम्ररी अध्ययन गरेका समका रचनाहरू बौद्धिकता वैचारिक विश्लेषण भौतिकवाद आदर्शताको समन्वय, समसामयिकता, सामाजिकता, मानवीय दुर्बलता एवं यौन कुण्ठा र आशक्ति, राष्ट्रियता, देशभक्तिभाव, साहित्यमा चित्रकलाको प्रभाव आदि प्रवृत्ति देखिन्छन्। समको साहित्य लेखनको प्रमुख विधा नाटक नै हो। भक्त भानुभक्त, म, प्रेमपिण्ड, अमरसिंह, भीमसेनको अन्त्य, अमित वासना, तलमाथि, माटोको ममता, तानसेनको झरी, ऊ मरेकी छैन, गाउँ फर्क जस्ता झन्डै दुई दर्जनभन्दा बढी नाटक प्रकाशित भएका र केही अप्रकाशित समेत आढाई दर्जन जति पूर्णाङ्की नाटक छन्। त्यस्तै चार एकाङ्की सङ्ग्रह बुहार्तन, नालापानीमा, रणदुल्लभ तथा नछापिएका केही एकाङ्कीसमेत झन्डै एक दर्जन एकाङ्की छन् भने दुई अङ्कीय नाटकसमेत रहेका छन्। संस्कृत साहित्यमा दृश्य विधाका दस भेदमध्ये तीन भेदमा कलम चलाउने समका झन्डै चालिस वटा नाटक अर्थात् नाट्य साहित्यिक कृति रहेको मान्न सकिन्छ। विषयवस्तुका हिसाबले नाटक, दुईअङ्की र एकाङ्कीसमेत, ऐतिहासिक, सामाजिक, स्वैरकाल्पनिक र समसामयिक आदि रहेका छन्। सामाजिक विषयवस्त, यौनमनोवैज्ञानिक यौन कुण्ठाका कारण मानसिक पीडाले मान्छे मृत्युवरण गर्न पुगेको दुःखान्तीय घटनाको चित्रण 'मुटुको व्यथा' मा रहेको छ भने 'अन्धवेग' मा चाहिँ अनैतिक प्रेमका कारण मानिस काटिनु र मारिनु तथा जारलाई मारिसकेपछि आफू पनि आत्महत्या गर्न पुगेको र आफ्नो लोग्ने र प्रेमीको मृत्युपछि आफैँ मरेको

कथानकतामा अन्धवेग रहेको छ । उता 'मुकुन्द इन्दिरा' मा भने पत्नीको सतित्व परीक्षामा शुद्धता पाएपछि दम्पतीको आदर्श जीवन व्यतित भएको संयोगान्तीय कथानकता रहेको छ । अमरसिंह, भीमसेनको अन्त्य, माटोको ममता आदि नाटक र नालापानीमा रणदुल्लभ आदि एकाङ्की राष्ट्रिय भक्तिभावले ओतप्रोत छन् । केही पौराणिक र केही स्वैरकाल्पनिक पनि रहेका छन् ।

समका कथा साहित्य सिर्जनामा पनि सफल छन् । कथाकुसुममा सङ्गृहीत कथाहरू- पराइघर, देउराली, तलतल, खुकुरी, हरिसिद्धि, यौवन र सुन्दरता, शरण, कैकेयी, फुकेको बन्धन आदि कथा रहेका छन् भने टाँगन घोडा, नौली आदि फुटकर कथासमेत झन्डै एक दर्जन कथा सामाजिक, पौराणिक र समसामयिक देखिन्छन् । भनिन्छ- समका कथा साहित्यमा फ्रान्सीय साहित्यकार मोपासाँको आदर्शद्वारा प्रभावित छन् ।

बालकृष्ण सम निबन्ध-प्रबन्ध लेखनमा पनि उत्तिकै प्रभावशाली देखिन्छन् । आधुनिक निबन्धका पिता भनेर चिनिने पाश्चात्य विद्वान् वेकनद्वारा प्रभावित उनका निबन्धहरू स्वतन्त्र र विकीर्ण चिन्तनमा आधारित, चरम बौद्धिक र विश्लेषणात्मक तर्कमा सजिएका छन् । विसं १९९१ शारदामा प्रकाशित 'बर्दहामा सिकार' निबन्ध लेखनबाट अगाडि बढेका समका त्यो, पानी र देखेको निबन्धहरू उत्कृष्ट श्रेणीमा पर्दछन् । कतिपय निबन्ध अप्रकाशित छन् भन्ने पनि बुझिन्छ । 'चिसो चुल्लो' महाकाव्य तथा 'आगो र पानी' खण्डकाव्य समका काव्यगत उल्लेखित कृति हुन् । आध्यात्मिकवाद र भौतिकवादको समन्वयकारी भूमिका निर्वाह गर्न दृष्टान्त दिने यो खण्डकाव्यले पनि उच्च शिक्षाको पाठ्य विषयवस्तुमा स्थान पाएको थियो भने 'देखेको' निबन्ध पाठ्यपुस्तकमा रहनाले समका रचनाहरू कतिसम्म महत्त्वपूर्ण रहेछन् भन्ने कुरा स्वतः नै पुष्टि हुन आउँछ । 'नियमित आकस्मिकता' दर्शनकाव्य हो । समले विसं २००४ मा रचना गरेका 'स्वर्ग र देवता' तथा २०१९ मा प्रकाशित 'मृत्युपछिको अभिव्यजना' एवं 'इच्छा' कविता पनि मृत्युपछिको अवस्थालाई आँकलन भएको देखिन्छ । 'मेरो कविताको आराधना' उपासना कविता पनि कम महत्त्वपूर्ण देखिँदैन ।

समले रचना गरेका विवध विधाका साहित्यिक रचनालाई केलाउने हो भने सर्वाधिक सङ्ख्यामा पूर्णाङ्की दुईअङ्की तथा एकाङ्कीसमेत झन्डै चालिस बयालिस सङ्ख्यामा दृश्यविधाका कृति तथा एक दर्जनभन्दा बढी कथा, निबन्ध, झन्डै दुई दर्जन महाकाव्य, खण्डकाव्य एवं दर्शनकाव्य र उपासनाकाव्य आदि सबै गरेर करिब छ दर्जन जति कृति प्रकाशित र केही अप्रकाशित कृति रहेका छन् । त्यस्तै विभिन्न औपचारिक र अनौपचारिक कार्यक्रममा अभिव्यक्त विचारका टिप्पणी तथा सयौँ कृतिमा लेखिएका मन्तव्य आदिलाई वर्गीकरण गरेर छापिने हो भने दर्जनौँ पुस्तक बढ्ने नै छन् । नेपाली साहित्यमा अधिकारिक कृतिका स्रष्टा पनि सम नै हुने छन् ।

विसं १९५९ माघ २४ गते यस धर्तीमा जन्मिएर विसं २०३८ श्रावण ६ गते देहान्त हुन पुगेका समको जम्माजम्मी आयु उनासी वर्ष रहेको देखिन्छ । आठ वर्षदेखि कविता रचनामा लागेका समको साहित्यिक रचनाहरू भरपुर मात्रामा सुरक्षित छन् । नेपाली साहित्यिक कोशमा सर्वाधिक सङ्ख्यामा कृति सिर्जना गर्ने मूर्धन्य साहित्यकार समले साहित्य कला र संस्कृति र प्रशासकीय क्षेत्रमा लगाउन भएको गुण अतुलनीय रूपमा रहेको कुरामा दुई मत रहँदैन ।

नेपाली नाट्य साहित्यका सम्राट् बालकृष्ण सम अधिक साहित्यिक विधामा कलम चलाउने मात्र नभई चित्रकला र अभिनयकलामा समेत सिद्धि प्राप्त महान् व्यक्ति हुन् । साहित्य क्षेत्रमा प्रकाशित कृतिहरूको मूल्याङ्कनबाट सङ्क्षिप्त विशेषता वा प्रवृत्तिहरू खोज्ने हो भने उनी आधुनिक नेपाली नाटक लेखनको आरम्भकर्ता हुन् । नाट्य साहित्यमा दुःखान्त, सुखान्त र वियोगान्त संयोगान्त, मिश्रित स्थिति रहेको छ । कृतिहरूमा वैचारिकता तार्किकता, बौद्धिकता एवं विश्लेषणात्म टिप्पणी, भौतिकवाद र आध्यात्मिकवादबिच समन्वय, राष्ट्रियता, देशभक्तभावले ओतप्रोत, दार्शनिक चिन्तन, विश्वजनीयता, मानवतावादी र समतामूलक समाज निर्माणको खोजी, गद्य र पद्य दुवै सुकोमल शिल्पशैली, विषयगत हिसाबले ऐतिहासिक, सामाजिक स्वैर काल्पनिक, सूक्ति दुक्ति, दृष्टान्त र उपमा उपमेयी गुण, परिवेशको हिसाबले नेपालका सुगम र दुर्गम जुनसुकै क्षेत्र र भारतका कुनै कुनै स्थान, दृश्य विधामा चरम द्वन्द्व, पात्रविन्यासमा उचित व्यवस्थापन, मञ्चनीयता, मूलतः नारी मनोदशा र पात्रको विश्लेषण साहित्यिक कृतिमा चित्रकलाको प्रभाव एवं विम्ब र प्रतीकता आदि प्रवृत्तिका सम नेपाली नाट्य साहित्यका सर्वश्रेष्ठ पुरुष हुन् । विसं १९५९ माघ २४ गते जन्मेका बालकृष्ण समको नेपाली साहित्यमा दिएको अतुलनीय योगदानप्रति उच्च सम्मान गर्दै उनको स्मृतिमा श्रद्धासुमनका साथ दुई चार शब्द अर्पण गर्नु हामी सबैको कर्तव्य पनि हो । ■

सिलाङका केही नेपाली प्रकाशन र प्रयास

दिल साहनी

तत्कालीन नेपाल रोयल एकेडमीका सदस्य भवानी भिक्षुको प्रेरणा र पहलमा २९ डिसम्बर १९६५ मा गोर्खा पाठशालामा प्रितमबहादुर छेत्रीको अध्यक्षतामा बसेको बैठकले नेपाली साहित्यकार सम्पर्क समिति, सिलाङको स्थापना गरेको थियो ।

पूर्वोत्तर भारतमा भाषासाहित्यका क्षेत्रमा जति सिलाङ अघि बढेको छ, त्यति अरू क्षेत्र अघि बढेको देखिन्न । सिलाङबाट सबभन्दा पहिले प्रकाशित धनवीर भण्डारीको अब्बर पहाडको सवाई र भुइँचालोको सवाई हुन् । अब्बर पहाडको सवाई १९९४ (विस १९५१) मा प्रकाशित भएको थियो । यस सवाईमा ४४ गोर्खा पल्टन सिलाङबाट नागाल्यान्डको अब्बर पहाडमा गएको र युद्ध गरेको कुराको वर्णन गरिएको छ । धनवीर भण्डारीले अब्बर पहाडको सवाईमा रचना काल यसरी व्यक्त गरेका छन्-

थियो सन् अठार सय चौरान्नब्बे साल ।
अलिकति सुन्नु हवस् दुस्मनका हाल ॥

पद्मप्रसाद ढुङ्गाना (१९०२-१८४४) ले कर्तव्य शिक्षा (१९३७), रामायण शिक्षा पद्मप्रकाश सप्त रत्न (१९३८), धनुष भङ्ग (१९४०) र रामायण सप्त रत्न (१९४४) मा काव्यकृति लेखेको थिए । बबुरबहादुर रानाले सपना कि विपना (१९४८) लघु उपन्यास लेखेका थिए । गोकुल जोशीले तरुण लिगको सहयोगले बाँच र बाँच्न देऊ (१९५७) प्रकाशित गरेका थिए । पत्रपत्रिकामा १९३६ मा मणिसिंह गुरुङको सम्पादनमा गोर्खा सेवक साप्ताहिक पत्रिका प्रकाशित भएको थियो । १९५५ मा ध्रुवनाथ जोशी, भोलानाथ गुरुङ, कर्णबहादुर क्षेत्रीको सम्पादनमा फिलिङ्गो त्रैमासिक पत्रिका प्रकाशित भएको थियो । पहिलो यो हस्तलिखित पत्रिकाका रूपमा प्रकाशित भएको थियो । पछि यो मुद्रित पत्रिकाका रूपमा प्रकाशित भयो । १९५६ मा हर्कबहादुर सुब्बा, उमरबहादुर राई, भोजराज नगरकोटीको सम्पादनमा तरुण लिगका तर्फबाट ज्योति पत्रिका प्रकाशित भएको थियो । १९५७ मा भोलानाथ गुरुङको सम्पादनमा आसाम गोर्खा साप्ताहिक पत्रिका प्रकाशित भएको थियो । १९५९ मा हर्कबहादुर सुब्बा तथा मणिसिंह थापाको सम्पादनमा उषा पत्रिका प्रकाशित भएको थियो ।

तत्कालीन नेपाल रोयल एकेडमीका सदस्य भवानी भिक्षुको प्रेरणा र पहलमा २९ डिसम्बर १९६५ मा गोर्खा पाठशालामा प्रितमबहादुर छेत्रीको अध्यक्षतामा बसेको बैठकले नेपाली साहित्यकार सम्पर्क समिति, सिलाङको स्थापना गरेको थियो । उक्त समितिमा सभापति डीआर सुब्बा, उपसभापति उमरबहादुर राई, प्रधान सचिव गोपीनारायण प्रधान, प्रचार सचिव चेतनाथ बराल, सङ्गठन सचिव कृष्णप्रसाद ज्ञवाली, सांस्कृतिक सचिव ध्रुवनाथ जोशी सदस्य भोलानाथ गुरुङ, ध्रुवेसिंह रावत, केबी गुरुङ, भक्तबहादुर राई, गणेशबहादुर

थापा, प्रेमलाल जैसी, नारायणप्रसाद अधिकारी, सत्यवती छेत्री, चन्द्रा राई, धर्मकला उपाध्याय, लक्ष्मी पुन, उर्मिला सुब्बा तथा चन्द्रा छेत्री थिए । नेपाली साहित्यकार सम्पर्क समिति, सिलाङले प्रा. गोपी नारायण प्रधानको सम्पादनमा १९६५ मा आशापछि हाम्रो आशाको प्रकाशन गरेको थियो । सिलाङबाट १९६५ तिर दिलबहादुर नेवार प्रकाशक र कृष्णप्रसाद ज्ञवाली सम्पादक रहेर साहित्य सिर्जन समितिका तर्फबाट सुमन मासिक पत्रिका प्रकाशित हुन थालेको थियो । १९६७ देखि अपर सिलाङबाट सिस्नु हस्तलिखित पत्रिका प्रकाशित हुन थालेको थियो । यसका सम्पादक कपिल गुरुङ र जङ्गबहादुर थापा थिए ।

गोपीनारायण प्रधान सेन्ट एन्थनी कलेजमा ध्रुवसिंह रावतपछि नरबहादुर राई, सिलाङ कलेजमा, कुमार पुन लेडिकिन कलेजमा, वसन्तराज जोशी सिनोड कलेजमा नेपाली विषयका प्राध्यापक नियुक्ति हुँदै जाँदा स्वाभाविक रूपमा नेपाली भाषासाहित्यको विकासमा ठुलो टेवा मिलेको थियो ।

प्रितमबहादुर छेत्री तथा क्याप्टेन धनबहादुर थापा, दिल साहनी तथा नारायणप्रसाद अधिकारीका पहलमा साप्ताहिक अभियान (१९६८) समाचारप्रधान पत्रिका प्रकाशित भएको थियो । प्रितमबहादुर छेत्रीको प्रस्तावमा प्रकाशकमा नारायणप्रसाद अधिकारी र सम्पादकमा दिल साहनीलाई नियुक्त गरिएको थियो । १९७० मा सिलाङबाट दिल साहनीको सम्पादनमा समाचारप्रधान पाक्षिक पत्रिका नयाँ चेतना प्रकाशित भएको थियो । अर्जुन निरौला, दलबहादुर घले, लालबहादुर कुँवर आदिको सहभागितामा सिलाङबाट १९६९ मा कथा पत्रिका कथामञ्च एक अङ्क दिल साहनीकै सम्पादनमा प्रकाशित भएको थियो । सिलाङबाट जनमुक्ति भूमिगत पत्रिका प्रकाशित भएको थियो १९७४ अक्टुबरमा । यसका सम्पादक थिए कपिल (दिल साहनी), दुर्वासा (गोपाल जोशी लामिछाने), मार्कण्डेय (धर्म भुसाल), सग्रामबहादुर तथा रामबहादुर ।

यसपछि सिलाङको साहित्य क्षेत्रमा अर्को युवाहरूको नयाँ पिँढी देखा पऱ्यो । यसको नेतृत्व मुख्यतः उपाध्याय कुलप्रसाद र पोखरेल पीताम्बरले गरेका थिए । यिनीहरूमा सहयोगी थिए मरासिनी गोविन्द, भुसाल रामचन्द्र आदि । उपाध्याय कुलप्रसाद तथा पोखरेल पीताम्बरको सम्पादनमा पहिले हस्तलिखित पछि मुद्रित रूपमा तरुण १९६९ बाट प्रकाशित हुन थालेको थियो ।

२६ डिसस्बर १९६९ गोर्खा पाठशाला भवनमा प्रो गोपीनारायण प्रधानको अध्यक्षतामा आयोजना सभामा नेपाली साहित्य परिषद् सिलाङमा स्थापना भयो । यस सभाले सर्वसम्मतिले प्रा. गोपीनारायण प्रधानलाई परिषद्को अध्यक्ष, कृष्णप्रसाद ज्ञवालीलाई उपाध्यक्ष र दिल साहनीलाई मूल सचिव सन्तुलाल

शङ्करलाई कोषाध्यक्ष निर्वाचित गऱ्यो ।

मादलको पहिलो घन्काइ (जनवरी-फेब्रुअरी-मार्च १९७१) को कभर पेजको तेस्रो पृष्ठमा उल्लेख गरिएको छ- परिषद्को कार्यकारी समिति विघटन गरी १९६९-१९७१ का परिषद्का कार्यकारी समितिका पदाधिकारी र सदस्यहरू यस प्रकार पुनर्गठित भएका थिए- अध्यक्ष प्राध्यापक गोपीनारायण प्रधान, उपाध्यक्ष भोजराज नगरकोटी, मूल सचिव दिल साहनी, सहमूल सचिव धर्मलाल भुसाल, कोषाध्यक्ष सन्तुलाल शङ्कर, साहित्य सचिव नारायणप्रसाद अधिकारी, सहसाहित्य सचिव भूपेन्द्र अधिकारी, सांस्कृतिक सचिव रामकुमारी लामा, सहसांस्कृतिक सचिव दलबहादुर घले, लेखापरीक्षक जङ्गबहादुर थापा, सहलेखापरीक्षक केशव केसी, सदस्यहरू कमला लामा, सरस्वती गुरुङ, शारदा प्रधान, राधा उपाध्याय, पुनम शङ्कर, शान्ति शङ्कर, जगतबहादुर प्रधान, मनवीर कुँवर, डिल्ली प्रकाश साङपाङ, गोपाल प्रधान, बलराम पोखरेल, प्रेम राई र मेघ मरासिनी ।

नेपाली साहित्य परिषद्ले मुखपत्रका रूपमा प्रकाशित गरेको मादल पत्रिकाको पहिलो घन्काइका प्रधान सम्पादक थिए प्रा. गोपीनारायण प्रधान, सम्पादक थिए दिल साहनी । दोस्रो घन्काइमा सहसम्पादकहरू थपिएका थिए । मादलका थपिएका सहसम्पादकहरू थिए- धर्मलाल भुसाल, रामकुमारी लामा, भूपेन्द्र अधिकारी र मनवीर कुँवर ।

मादलको पाँचौँ घन्काइ (१९७९) मा आएर विशेष

परिस्थितिका कारण सम्पादन मण्डलमा हेरफेर गरिएको थियो । मादलका प्रधान सम्पादक रहेका थिए गोपीनारायण प्रधान, सहसम्पादक रहेका थिए प्रेमलाल जैसी, नरबहादुर राई तथा भूपेन्द्र अधिकारी ।

नेपाली साहित्य परिषद्, सिलाङको कार्यकारी समितिमा पनि हेरफेर गरिएको थियो । ७ नभेम्बर १९७६ का बिहान ११ बजे हिन्दी उच्च विद्यायलयमा नारायणप्रसाद अधिकारीको अध्यक्षतामा एउटा सभाको आयोजना गरियो । सभाले निम्नलिखित पदाधिकारी चुन्यो । अध्यक्ष प्रा गोपीनारायण प्रधान, उपाध्यक्ष जगतबहादुर प्रधान, सचिव श्री प्रेमलाल जैसी, साहित्य सचिव श्री भूपेन्द्र अधिकारी । परिषद्को कार्यकारी समितिको सभा परिषद्का अध्यक्षको अध्यक्षतामा आयोजन भएको थियो । पत्रिकाले मादल पत्रिकाका निम्ति श्रीमती वीणा आचार्य र मोहितकुमार दासलाई संरक्षक मनोनित गऱ्यो । रजत जयन्ती अङ्क १९९५ मा संरक्षकको सूची यस प्रकारले उल्लेख गरेको छ– मोहित दास, केशव थापा, मोतीलाल झुन्झुनवाला र जीएल प्रधान । यसै सभामा सल्लाहकार समिति मनोनीत भए । श्री उमरबहादुर राई, पिन्सिपल डीएस रावत, मेजर डिबी राना, श्रीमती सरस्वती सुनार र श्रीमती प्रभा श्रेष्ठ । यसै सभाले मनोनीत गरेका सदस्यसहित नेपाली साहित्य परिषद्का कार्यकारी समितिका अध्यक्ष रहेका थिए गोपीनारायण प्रधान, उपाध्यक्ष जगतबहादुर प्रधान, सचिव प्रेमलाल जैसी, साहित्य सचिव भूपेन्द्र अधिकारी, कार्यकारी सदस्यहरूमा सरस्वती गुरुङ राई, प्रा. नरबहादुर राई, प्रा. अजित गुरुङ, प्रा. रणबहादुर क्षेत्री, प्रा. दावाछिरिङ जिम्बा, प्रा. वसन्तराज जोशी, प्रा. मणिकुमार सुब्बा, नारायणप्रसाद अधिकारी, विष्णु श्रीवाल तथा सूर्यमान प्राधन । परिषद्का सल्लाहाकार समितिमा रहेका थिए उमरबहादुर राई, डिएस रावत (प्रिन्सिपल सिलाङ कलेज) मेजर डिबी राना, सरस्वती सानार र प्रभा श्रेष्ठ ।

नेपाली साहित्य परिषद् सिलाङको नयाँ कार्यकारिणी समितिको सन्दर्भमा मादलको रजत जयन्ती अङ्क १९९५ मा भनिएको छ– नेपाली साहित्य परिषद्, सिलाङले नयाँ कार्यकारी समिति गठन गर्ने निर्णय गरी २८ अक्टोबर १९९४ का दिन गोर्खा पाठशाला हाई स्कुल भवनमा एउटा आमसभाको आयोजना गरेको थियो । सभा सञ्चालन परिषद्का अध्यक्ष प्रा. गोपीनारायण प्रधानले गरेका थिए । पचिस वर्ष पुगेको साहित्यिक संस्थाले रजत जयन्ती मनाउने साथै परिषद्लाई गठन गर्ने निर्णय लिँदै निम्न लिखित पदाधिकारी तथा सदस्यको सभाले चुन्यो । अध्यक्ष प्रा. गोपीनाराण प्रधान, उपाध्यक्ष प्रा. मणिकुमार सुब्बा, सचिव प्रा. नरबहादुर राई, कोषाध्यक्ष हरिकुमार प्रधान, डा. नारायणप्रसाद उपाध्याय, सहसाहित्य सचिव सीताराम पौड्याल, प्रचार सचिव हेम जोशी । कार्यकारिणी समितिका सदस्यहरूमा प्रा. वसन्तराज जोशी, विक्रमवीर थापा, प्रेम राई, डा. पूर्णबहादुर गुरुङ, मोतीलाल सुवेदी, डा. शान्ताराम जोशी, विनोद राना, प्रा. अजितकुमार गुरुङ, रणबहादुर क्षेत्री, बलराम पोखरेल, विजय राई, प्रा. दुर्गाप्रसाद अधिकारी, त्रिभुवन क्षेत्री, कुसुम थापा, कमला लामा, सरस्वती गुरुङ, जगन्नाथ कोइराला, प्रभा श्रेष्ठ, सीता जोशी, सूर्णप्रसाद अधिकारी, जीवलाल सुवेदी, इन्द्रकुमार, ऋषिराम ढकाल, गब्बु थापा, प्रा. तिमोथी सुब्बा, किरण जोशी, गङ्गाधर पाठक, मोती तिम्सिना, एकादत्त भुर्तेल, सरस्वती सोनार, मेनका सिंह, जमुना शर्मा, कमला कुँवर क्षेत्री, टीकाराम पाण्डे, केएन खाती, गोपाल विश्व, गोपाल छेत्री, भुवानन्द पाण्डे, भगवती छेत्री, सन्ध्या राना र सीमा विश्व ।

नेपाली साहित्य परिषद्, सिलाङको वर्तमान कार्यकारिणी समिति २०२२ यस प्रकार रहेको छ । कार्यवाहक अध्यक्ष श्री हेम जोशी, उपाध्यक्ष श्री प्रेमकुमार राई, सचिव (प्रा.) नरबहादुर राई सहसचिव श्री तुल्सीराम फुल्लेल, कोषाध्यक्ष श्री राम शाह, कार्यकारी सदस्यहरू– सुकबहादुर थापा, श्री गणेश लिम्बू, श्री श्यामकुमार राई, श्री विष्णु बसेल, श्री पुष्पनाथ शर्मा, मधु सुवेदी, श्री एन खाती, श्री धनराज घतानी, श्री राजेन्द्र राई, श्री ईश्वर छेत्री, श्रीमती श्रद्धा प्रधान, श्रीमती गीता लिम्बू । रेखाचित्र पत्रिका सिलाङबाट १९७२ मा प्रकाशित भएको थियो । यसका सम्पादक थिए भूपेन्द्र अधिकारी । गोरेटो १९७२ मा सिलाङबाट तुलबहादुर छेत्री मालेमाको सम्पादनमा प्रकाशित भएको थियो । मेघमाला द्वैमासिक पत्रिका १९७३ मा खेमलाल पोखरेलको सम्पादनमा नयाँ बङ्गलाबाट प्रकाशित भएको थियो । लहर द्वैमासिक पत्रिका १९७४ मा तुलबहादुर मालेमाको सम्पादनमा प्रकाशित भएको थियो । हुरी पत्रिका सिलाङबाट १९७७ मा सुरुमा राधा ज्ञवाली र पछि टी कार्की (तिल कार्की) को सम्पादनमा प्रकाशित भएको थियो । पूर्व सन्देश १९७९ मा भूपेन्द्र अधिकारीको सम्पादनमा प्रकाशित भएको थियो । सहकारी समीक्षा पत्रिका दिलबहादुर नेवारको सम्पादनमा प्रकाशित भएको थियो । अक्षेता १९८२ मा मोतीलाल सुवेदीको सम्पादनमा प्रकाशित भएको थियो । प्रवास १९८३ मा रुधिर छेत्री (तिल कार्की) को सम्पादनमा प्रकाशित भएको थियो । युगान्तर त्रैमासिक पत्रिका विक्रमवीर थापाको सम्पादनमा १९९४ मा प्रकाशित भएको थियो । कोसेली साप्ताहिक समाचारप्रधान पत्रिका १९९६ मा प्रकाशित भएको थियो । चौबाटो १९९६ मा वीरन्द्र तुम्बापेको सम्पादनमा प्रकाशित भएको थियो । भुवन १९७२ मा गोर्खा हाई स्कुलका रजत जयन्ती अङ्कका रूपमा प्रकाशित भएको थियो । विद्यार्थी १९७२ मा धर्मलाल भुसाल र ईश्वरीप्रसाद खनालको सम्पादनमा प्रकाशित भएको थियो । पसिना साहित्यिक पत्रिका दिल साहनीको सम्पादनमा सिलाङबाट १९७७ मा प्रकाशित भएको थियो । यो एक अङ्क मात्र प्रकाशित भएर बन्द भयो । ■

त्यो मान्छे

"यति त हामीलाई पनि थाहा छ । घरमा कार राख्ने ।
फोहोर भने अर्काको जग्गामा फ्याल्ने ।" श्रीमती भन्छिन् ।

ध्रुव सापकोटा

हामीले घरको चारैतिर पर्खाल लगाएका थियौँ । छिमेकीसँग साँधसम्बन्धी झगडा हुने सम्भावनाको ढोका पूरै बन्द गरेका थियौँ । आफ्नो तालले बाँच्ने हाम्रो इच्छा हो । औपचारिक सम्बन्ध राख्ने । यसलाई हामीले मूल मन्त्र मानेका थियौँ । छिमेकी नयाँ पुरानाको मिसमास भने हुन्छ । हाम्रो बारेमा छिमेकीलाई खास चासो थिएन । छिमेकी हामीभन्दा बढी नै सम्मन्न थिए । प्रत्येक घरमा ग्यारेज थियो । निजी सवारी नहुने कुरै भएन । मेरी श्रीमती बढी होसियार थिइन् । फुर्सदमा बरु घुम्न जान्थिन् । फुर्सदमा बरु पुस्तक पढ्थिन् । फुर्सदम बरु घरको सफाइ गर्थिन् ।

फुर्सदको सदुपयोग गर्ने उनको आफ्नो आफ्नै किसिमको शैली थियो । उनी छोरीसँग मोबाइलमा कुरा गर्थिन् । छोरीलाई माइत आउन आग्रह गर्थिन् । छोरीलाई भने उनको आग्रह मान्न गाह्रो थियो छोराछोरीलाई स्कुल पुऱ्याउँथिन् । आफैँ लिन जान्थिन् । घरमा खाजा तयार गर्थिन् । छोराछोरीलाई होमवर्क गराउँदा समय गएको पत्तो नै पाइँदैनथ्यो । यो काम कसैको जिम्मा छोड्ने अवस्था थिएन । यसका लागि तिनले आफ्नो जागिर नै छोडेकी थिइन् । ज्वाइँ अफिस जाने । ७ बजेभन्दा अघि घरमा नआउने । तिनी छोरीसँग निकैबेर गफिन सक्थिन् । तिनलाई एउटै कुराले चिमट्थ्यो । छोरीलाई केही पनि दिन सकिएन । न त गहना दिन सकियो न त नगद नै । केही नभए एक टुक्रा जग्गा दिन सकेको भए तिनको भत्भती पोलिरहेको छाती शीतल हुन्थ्यो । त्यो पोलाई सर्धैंको लागि हराउँथ्यो । तिनी बारम्बार मलाई सम्झाउँथिन् । हामी मरेपछि न छोरालाई यो घर त्यसै प्राप्त हुन्छ । छोरीलाई न हात लाग्यो शून्य । के गर्ने हो हामीले बेलैमा सोच्नु पर्छ । तिनको यो प्रश्नको जवाफ मैले कहिल्यै दिइनँ । उनको यो प्रश्न जीवित नै थियो । जीवित किन थियो भने मैले उत्तर दिएको थिइनँ । उत्तर नपाएको प्रश्नबाट परिणाम ननिस्कने स्वाभाविक नै हो । खाजापछि तिनी बाहिर निस्कन्थिन् । तिनी बजारबाट केही न केही लिएर फर्कथिन् । धेरै परिणाममा एकैचोटि सामाज नल्याउने पक्षमा थिइन् ।

सामान थुपार्दा हुने नोक्सानीबाट तिनी सचेत थिइन् । हामी घरको पछिल्तिरको पर्खाल बाहिरको जग्गा खाली थियो । त्यो खाली जग्गामा केही रोप्ने गरिएको थिएन । झारले नै ढाकेको । यसको मालिकले किन यसै छोडेको होला ? तिनको प्रश्न थियो । विदेशमा छ कि ? जग्गाको कारोबारी पनि हुन सक्छ । अंशबन्डाको किचलो पनि हुन सक्छ । खाली जग्गाको बारेमा मेरो यो टिप्पणीमा उनको समर्थन थियो । जग्गा टुक्र्याइएको पनि देखिन्थ्यो । सीमाङ्कन गरेको भन्नुपर्‍यो । यसको मतलब हो- यो जग्गा एउटैको होइन । भिन्न भिन्न मालिकका भिन्न भिन्न टुक्रा हाम्रोतिरको यो खाली जग्गा अब अर्कै रूपमा देखियो । यो जग्गा छिट्टै प्रयोगमा नआउने वरिपरिका छिमेकीले पत्ता लगाएको जस्तो छ । तिनीहरूले फोहोर फाल्न थाले । हामीले रोक्न कुरै भएन । त्यसो त हामी यहाँ कसैसँग पनि विवाद नगर्ने खाले पर्‍यौँ । केही दिनपछि त्यो फोहोरमा कुकुर झुम्मिन थाले । यो ठाउँ सडकका

भुस्याहा कुकुरको केन्द्र बन्यो। कुकुर आपसमा जुधेर रगताम्मे भएको देखिन थाल्यो। मुसाले ठाउँ ठाउँमा अखडा बनाइसकेका थिए। यो जग्गा हाम्रो पर्खालसँग जोडिएको थियो। अब मने यो फोहोरको असर देखिन थाल्यो। दुर्गन्धि नमिठो दुर्गन्ध। वाकवाकी लाग्ने दुर्गन्ध। कौसीमा बस्न गाह्रो भयो। आफ्नो घर नै बसिनसक्नु हुन्छ भन्ने कुरा कल्पना नै गरेको थिएनौँ। झिगा हाम्रो घरमा थिएनन्। अब झिँगाको बिगबिगी हुन थाल्यो। के गर्ने। सहन गाह्रो भयो। श्रीमतीले फोहोर फाल्न आउनेसँग गुनासो गरिन्। कौसीबाट कराएर नै भनिन्। यो फोहोरले गर्दा बसिनसक्नु भयो। उनको गुनासो छिमेकीले सुन्थे। यो गुनासोको समर्थन पनि गर्थे। त्यो दुर्गन्धले उनीहरूलाई पिरोलेको थिएन। उनीहरू नै यो दुर्गन्धि फैलाउने कारण थिए। कसैलाई केही नगर्दा पनि यो किसिमको सजाय भोलिरहेको छौँ। छिमेकी सम्पन्न त छन्, व्यवहार भने ? अब के गर्ने हामी हैरान भयौँ।

प्रहरी बिटमा म गएँ। समस्या मैले राखेँ।

यो त हाम्रो काम होइन, नगरपालिकाको काम हो। प्रहरी सजिलै पन्छियो। यो हाम्रो सोचभन्दा फरक थियो। श्रीमतीले फोहोर फाल्न आउनेलाई भन्न छोडेकी थिइनन्।

यो तपाईंको जग्गा होइन। किन कराउनु हुन्छ ? अब भयो ? यो फोहोर फाल्ने क्रम रोकिएको थिएन। अति भयो विनसित्ति हामी सिकार भएका थियौँ। पिरलो हामीलाई नै थियो। त्यो फोहोरको डङ्गुर हाम्रो पर्खालभन्दा पनि अग्लो हुनु लागेको थियो। फोहोर फाल्ने छिमेकी थपिँदै गएका थिए। फोहोर त हाम्रो पनि हुन्छ। फोहोर उठाउन आउनेले हाम्रो फोहोर उठाउन आउनेले हाम्रो फोहार लान्छ। त्यसबापत हामी मासिक रकम तिर्छौँ। तिमीहरू के मासिक रकम तिर्नबाट जोगिएका हुन् त ?

श्रीमती बाहिर घुम्न गएकी छिन्। प्रहरी महिला प्रहरी देख्छिन्।

यिनीहरूसँग अबइम पनि आवकता छ। तिनीहरूसँग अरूको दुःखलाई आत्मसात् गर्ने क्षमता छ। तिनको मनले भन्यो। "हामीलाई तपाईहरूको सहयोग चाहिएको छ। तिनी भन्छिन्।" "कस्तो सहयोग ?" महिला प्रहरीको पश्न छ।

"छिमेकीले हामीलाई कष्ट दिएका छन्। हामीहरू मानसिक तनावमा छौँ।" तिनी आफ्ना व्यथा सविस्तार बयान गर्छिन्।

"छिमेकी फोहोर फ्याल्ने। तपाईहरू केही बोल्न नसक्ने ? छिमेकीसँग राम्रो सम्बन्ध राख्ने गर्नोस्। प्रहरी तपाईहरूको संरक्षणमा दिनरात बस्न सक्दैन। छिमेकीसँग मित्रतापूर्ण व्यवहार गर्नुभयो भने तपाईंहरूलाई नै राम्रो हुन्छ। उनीहरू पनि तपाईहरू जस्तै हुन्। प्रहरीको अर्ती तिनी सुन्छिन्।

"हामी जस्तै भए यहाँ गुनासो गर्न आउनु पर्दैनथ्यो। यति त हामीलाई पनि थाहा छ। घरमा कार राख्ने। फोहोर भने अर्काको जग्गामा फ्याल्ने।" श्रीमती भन्छिन्।

म नगरपालिकाको वडामा गएको छु। वडा अध्यक्षलाई उनकै कार्यक्रममा भेटेको छु। उनी व्यस्त थिए। त्यही बिचमा आफ्नो कुरा राखेको छु।

हामीले टोलमा फोहोर उठाउने ठेक्का दिएका छौँ। ठेकेदारसँग कुरा गर्नोस्।

हामीले बिचमा हस्तक्षेप गर्ने कुरा आउँदैन। वडा अध्यक्ष पन्छिन्छन्। आफ्नो काममा लाग्छन्। विवाद गर्ने ठाउँ दिँदैनन्। मलाई लाग्यो उनीसँग याचना गरेर यो ठाउँमा कुप्रनुको कुनै अर्थ छैन।

मैले ठेकेदारलाई फोन गरेको छु।

"हामी त निजी घरको फोहोर उठाउँछौँ। सार्वजनिक ठाउँको फोहोर उठाउँदैनौँ।"

ठेकेदारको छोटकरी जवाफ छ।

यो फोहोरको रासमा भुस्याहा कुकुरले अड्डा जमाइसकेका छन्। काग फोहोरमा आफ्नो चुच्चो घुसारिरहेका छन्। यी त पशुपन्छीका कुरा भए। त्यो फोहोरमा मान्छे पनि आकर्षित भएका छन्। ड्रग खानेहरू देखा परे। दुर्व्यसनीको अखडा पनि हुन लाग्यो। तिनीहरू यहाँ के के खोजिरहेका छन्। तिनीहरू यो फोहोरको रास खोस्रिरहेका किन छन् ? केटाहरू भर्खरका छन्। इन्जेक्सन हाल्ने त साधारण भयो। राति अबेरसम्म बसेको देखिन्छ। यो फोहोरले कति थरीलाई मोहित पारेको ? हामीलाई मात्र सास्ती।

म कौसीमा पुगेको छु। बिहानको १० बजेको छ। त्यहाँ त ठाउँ ठाउँमा कुइएका मासुका टुक्रा छन्। अनि ती टुक्रामा कीरा र झिँगा झुम्मिएका छन्। यिनीहरूले के अब रोगलाई निम्तो दिएका हुन् त ? के अब डेङ्गु फैलन्छ त ? अनि हैजा ? मलाई चिन्ता लाग्न थालेको छ। यो चिन्ता आफूमा मात्र सीमित राख्ने कुरा भएन। श्रीमती पनि चिन्तित छिन्। दुवै मिलेर कौसी सफा गर्छौँ। कौसीमा फिनेल पानी छर्कन्छौँ। हाम्रो यो चिन्ताको सीमा कहाँ छ ? हामीले अनुमान गर्न सकेका छैनौँ। यो फोहोरको डङ्गुरले अर्को विपत्ति निम्त्याउन हो कि ? यो रासमा टेकेर चोरले हाम्रो घरमा सजिलै प्रवेश गर्न सक्छ। यो एउटा अप्रत्याशित समस्या सिर्जना भएको छ। अब हाम्रो घरमा कुन बेला के हुने हो भन्न नसकिने भयो। रोग पहिले आइपुग्छ कि चोर ? सम्भावनाको ढोका खोलिएको छ। को पहिला हुने हो ? त्यसको मात्र छिनोफानो हुन बाँकी छ। म त्यो दिन घरमा नै थिएँ। बसिरहेको। पहिले भए त्यसै बस्न सक्दैनथेँ। कि त पुस्तक पढेर बस्थेँ कि त लेखेर। त्यसै बस्नु समय खेर फालेको अनुभव हुन्थ्यो। आफूलाई कसै गरी व्यस्त राख्ने प्रयत्न गर्थेँ। अहिले मने मलाई फोहोर पिरलेको छ। दुर्गन्भ नराम्ररी आउन थालेको छ। यो दुर्गन्धले मेरो मनलाई एकाग्र हुनबाट रोकेको छ। श्रीमती बाहिर नै समय

बिताउन थालेकी छिन् । पहिले भने अधिकांश समय घरमा नै बिताउँथिन् । जहिले हेरे पनि घर सफा देखिन्थ्यो । कुना काप्चा पनि सिनित्त देखिने । भाँडाबर्तन टलक्क टल्केका । हुँदा हुँदा ग्यास चुलोसमेत सफा देखिने ।

त्यो फोहोरको रासको सामुन्ने एउटा ट्रिपर देखियो । केही कामदार आए । साबेलबाट फोहोर उठाएर ट्रिपरमा हाल्न थाले । "हेर त घर पछाडि ? चमत्कार भयो त ?" मैले श्रीमतीलाई भनें । उनी चमत्कार हेर्न हतारिइन् ।

"चमत्कार नै हो यो त । कसले हामीप्रति न्याय गरेको होला त ?" तिनले भनिन् । सबैबाट उपेक्षित हामीप्रति पनि सहानुभूति देखाउने मान्छे पनि हुने रहेछन् । यो देशमा हाम्रा लागि कोही पनि छैन भनेर दिक्क मानेर बसेका हामी । आक्रोश दबाएर बसेका हामी । फोहोर उठाउनेले हाम्रो सोचाइलाई भन्काइरहेको थियो । सोधखोजतिर लागेनौं । त्यो दिनदेखि फोहोर पुरै उठेसम्म ट्रिपरले फोहोर बोक्यो ।

त्यो ठाउँमा घरमा जग खन्न सुरु भएको थियो । गहिरा खाडल खनिएका थिए । फालामाको जालो पूरै बिछ्याइरहेको थियो । पिल्लर सिस्टमको घर बन्ने लक्षण देखियो । हाम्रो घरको पर्खालको जग तीन फिटको मात्र थियो । हाम्रो पर्खालसँगै जोडेर उसले जग खनिरहेको थियो । कता न कता गहिरो । हेर्दा हेर्दै हाम्रो पर्खाल ठाउँ ठाउँबाट चिरा पर्न थाल्यो । यसको मतलब हो, यो कुनै बेला पनि ढल्न सक्छ ।

"हाम्रो पर्खाल ढल्छ कि क्या हो ?"

हामी चिन्तित थियौं । गुनासो त गर्ने पर्ला । हामीले सल्लाह गऱ्यो । हाम्रो यो पर्खालको ठाउँमा घरको जग थियो भने ? मैले श्रीमतीलाई सोधें । हाम्रो घर यसरी नै चिरा चिरा पर्थ्यो । तिनको तर्क थियो ।

हाम्रो घर उसको जस्तो फलामको जालो बिछ्याएर बनाएको होइन । त्यसमाथि जग नै के छ र ? पर्खालको जस्तै तीन फिटको मात्र छ । माटोको जोडाइ हो । यस्तो पुरानो शैलीको अहिले गाउँघरतिर त निर्माण हुँदैन भने यहाँको त कुरै छोड्यौं । फोहोर उठ्यो भनेर खुसी भएका हामी । त्यो खुसी एक हप्ता पनि टिकेर । हामीले त भित्तामा नै बस्नुपर्ने हो कि क्यो हो ? "सुखका दिन आउँलान् जस्तो हुन्छ, फुत्की हाल्छ ।" तिनी भन्छिन् ।

हामी बैठकमा बसेर खाजा खाइरहेका छौं । तिनले आज रोटी पकाएकी छिन् । फापरको रोटी । यो मेरो प्रिय खाजा हो । अनि आलुको तरकारी खुब मिठो मानी म खाइरहेको छु ।

"त्यो मान्छे को रहेछ ?" तिनी प्रश्न गर्छिन् । जिज्ञासा हुनु स्वाभाविक थियो त्यो जोडिएको छिमेकी हुने क्रममा थियो । त्यो मान्छे जग्गाधनीको घरमा गएको छ ।

"तपाईंको त्यो जग्गा होइन ?" त्यो मान्छेको प्रश्न छ ।

"हो ।" जग्गाको मालिक भन्छ ।

"त्यो जग्गा मलाई दिनोस् ।" त्यो मान्छेको प्रस्ताव छ ।

"त्यो जग्गा मैले जीवनभरको बचतबाट किनेको । त्यस ठाउँमा राम्रो घर बनाएर आरामसँग बस्ने सुर । मैले त नक्सासमेत बनाइसकेको । के गर्ने ? त्यही बेलामा सरकारले रोक लगायो । हाम्रो त सरकारले सपना नै चकनाचुर पारिदियो । जग्गाको मालिकको गुनासो छ ।

"सपना चकनाचुर भएको जग्गा मलाई बेच्नोस् ।" त्यो मान्छेको आग्रह छ ।

"सरकारले फुकुवा गऱ्यो ?" जग्गाधनीको प्रश्न छ ।

"सरकारले फुकुवा गरेको छैन ।" त्यो मान्छेको जवाफ छ । "त्यस हालतमा तपाईंलाई बेच्ने प्रश्न नै आउँदैन ।" जग्गा धनीको सोझो उत्तर ।

"सरकारले रोको जग्गा खुरुक्क मलाई बेच्नोस् । प्रश्न नगर्नोस् ।" त्यो मान्छेको आँट हेर्नलायक थियो ।

"त्यहाँ अहिले कतिमा कारोबार भएको छ ?" जग्गाधनीको प्रश्न छ ।

"एकछिन अघि तपाईंले जग्गा बेच्ने इच्छा नगरेको कुरा व्यक्त गर्नुभएको थियो । अहिले मूल्यतिर आकर्षित हुनुभएको छ ।" त्यो मान्छे भन्छ ।

"तपाईंले अहिले त्यो ठाउँको सारा कुरा बुझेर आउनुभएको होला भन्ठानेर सोधेको ।" जग्गा धनीको भनाइ छ । "मूल्य सुन्न चाहनु हुन्छ ? त्यो ठाउँमा अहिले आनाको असी लाख पर्छ । मूल्य जति भए पनि तपाईंले केही गर्न सक्ने होइन । त्यस कारण त्यो रोक लागेको जग्गा मलाई दिनोस् । म तपाईंलाई आधा मूल्य दिन्छु । त्यहाँभन्दा बढी म तपाईंलाई दया गर्न सकिनँ । तपाईं बृहत् हुनुहुन्छ । अनि अशक्त पनि । जीवनभरको आर्जन भन्नुभयो । त्यसले गर्दा मेरो मन पग्लियो । वास्तवमा मैले त्यति मूल्य दिनु पनि अचम्म नै हो । त्यो मान्छेले भन्यो ।

"मलाई दया नगर्नोस् । अहिलेसम्म कसैको दयामायाको अपेक्षा गरिएन । अब यो बुढेसकालमा कसैसँग पनि केहीको अपेक्षा छैन । सरकारले एक दिन सडक बनाउला र आममान्छेलाई सुविधा देला यसमा नै सन्तोष गरौंला । बनाएर भने भन्ठानौला यो सरकार हाम्रो पूर्वजन्मको छोरा रहेछ । भन्ठानौला यो छोरा आफ्ना वृद्ध बाआमालाई उपेक्षा गर्ने कुलङ्गार रहेछ । भन्ठानौला, यो छोराले नैतिकता र आदर्श मोलेर खाएछ । भन्ठानौला, छोरा जुवाडे परेछ र सारा सम्पत्ति सखाप पारेछ । भन्ठानौला, बाबुआमालाई दुःख दिई दिई मर्न बाध्य बनायो । जग्गाधनीले भन्यो ।

"अब त्यो लामो कुरा गर्न आवश्यक छैन । नआउने धन हातमा आएको छ । मक्ख परेर लिनोस् ।" त्यो मान्छे लोभ्याउँछ ।

"त्यो जग्गा बिक्री गर्न पाइँदैन ।" जग्गाधनीको सोझो हिसाब छ । कानुनी कुरा छ ।

"यो सब कुरा छोड्नोस् । माहो समात्नोस् । " त्यो मान्छे भन्छ । "तपाईं त्यो जग्गा लिएर के गर्नुहुन्छ ?"

जग्गाधनीको जिज्ञासा छ। "म घर बनाउँछु।" त्यो मान्छे भन्छ।

"तपाईंलाई घर बनाउन मिल्ने। मलाई चाहिँ किन नमिल्ने ?" जग्गा धनीको प्रश्न छ।

"त्यही भएर त मैले तपाईंलाई बेच्न आग्रह गरेको।" त्यो मान्छे भन्छ।

"यो बारेमा सब कुरा बुझ्न मलाई मौका दिनोस्।" जग्गाधनीको आग्रह छ। "के बुझ्नुहुन्छ ? बुझेर तपाईंले पार लगाउन सक्नुहुन्न। ठिक छ। तपाईंको मनको शान्तिका लागि मौका दिन्छु। मप्रति अविश्वास गर्नुभयो। विश्वस्त हुनुहोस्। म दुई हप्तापछि आउँछु।" त्यो मान्छे भन्छ।

त्यो मान्छेले पार लगायो मात्र होइन, घरको निर्माण पनि तुरुन्तै सुरु गऱ्यो। त्यो तुरुन्तै उसको समस्या त हल भएको थियो। हाम्रो भने निम्तिएको।

"तपाईंले ठाउँ नै छोड्नुभएन नि ?" मैले त्यो मान्छेलाई प्रश्न गरेँ।"जग्गाको पूरै सदुपयोग गरेको।" त्यो मान्छे भन्छ।

"तपाईंले त सदुपयोग गर्नुभयो। हामीलाई चाहिँ मर्का पऱ्यो।" मैले कुरा चपाइनँ।

"सरको आशय मैले बुझेँ। सरको घरतिर भ्याल राख्दिनँ। म त असल छिमेकी बन्न आएको।" त्यो मान्छेले भन्यो।"हामीलाई पनि एउटा असल छिमेकीको आशा छ।" मैले भनेँ।

"म त सहयोगी छिमेकीको उदाहरण पनि बन्न चाहान्छु।" त्यसको भनाइ।

"लोभ लाग्दो कुरा।"

"हामी अब सुखदुःखका सहयात्री।" त्यो मान्छेको चकलेटी कुरा।

"हामी त कसैसँग पनि बढी घुलमेल नगर्ने खाले छौँ।"

"त्यसो भनेर कहाँ हुन्छ ? तपाईं हामी त साथ सिमानाले जोडिएका छौँ। व्यावहारिक पक्ष पनि हेर्नु पर्छ सर।" त्यो मान्छेले हाम्रो सिद्धान्त सजिलै च्याप्यो। अब त त्यो मान्छे हामीलाई गुलियो चटाइरहेको थियो।

"अब त हामी मात्र होइन, हाम्रा सन्तानको पनि पारिवारिक सम्बन्ध हुने छ।" फेरि भन्यो।

त्यसको घर निर्माणाधीन नै थियो। हाम्रो पर्खाल भने काम नलाग्ने देखियो। "अब यो पर्खालको कुनै कान छैन।" त्यो मान्छेले फैसला सुनायो।

"अहिलेसम्म त यो पर्खालले ठुलै काम गरेको छ। चोरी हुनबाट जोगाएको छ। करेसामा सागपात लगाउन पाइएको छ। अकबरे खोर्सानी वर्षभरि खानलाई पुगेको छ। पर्खाल नभएको भए यसको सम्भावना थिएन।" मैले भनेँ।

"जाँगर हुनेका लागि हो यो सर। मैले देखेको छु, बारी छ तर खाली। न त बगैँचा न त किचेन गार्डेन। अल्छेको तर्क मज्जाको हुन्छ। बारीमा बिताउने समयमा।

अन्त काम गर्दा टन्न रकम आउँछ भने किन कुटो कोदालो गर्ने ? त्यो मान्छे मलाई बताउँछ।

"तपाईंको विचार के छ त ?" म प्रश्न गर्छु।

"जहाँ फाइदा त्यतै लाग्ने।" त्यो मान्छेको व्यापारिक उत्तर छ। पर्खाल नभएको भए हामी असुरक्षित हुन्थ्यौँ। यसका लागि हामीले मूल्य पनि चर्के तिरेका छौँ। यसमा प्रयोग भएको इँटाले हाम्रो घरको एक तला मज्जासँग थप्न सकिन्थ्यो। पर्खालको उपयोगिताको बारेमा यो मान्छे जानकार नहुने कुरै भएन। मैले उसलाई आफ्नो अनुभव मात्र पस्केको थिएँ। उसको कुरा सुनेर मैले न त विरोध गरेको थिएँ, न त समर्थन। मेरो आशय बुझेछ।

"मैले सबैतिरको पर्खाल भत्काउनुहोस् भनेको होइन। मेरो घरको गारो जोडिएसम्मको पर्खाल भत्काउनोस् भनेको। मेरो घरको गारो नै सरको लागि पर्खाल हुन्छ भने त्यो सानो, पुरानो अति कमजोर पर्खालको के काम ?" त्यो मान्छेको तर्क। "धनीको सामुन्ने गरिबको महत्त्व छैन र ? समुद्र छ भन्दैमा खोला र खोल्सीको महत्त्व नहुने हुन्छ र भन्या ? दुवैको आफ्नो ठाउँमा महत्त्व छ। ठुलो देशको सामुन्ने सानो देशको के काम भन्न मिल्दैन। यो त सीमा स्तम्भ पनि हो। एउटाको अस्तित्वको खातिर अर्काको अस्तित्व मेट्न आवश्यक हुँदैन न त उचित नै।" मैले आफ्नो तर्क राखेँ। आफ्नो लुरे पर्खाल जोगाउन पनि यति विधि गफ छाँटे। उसले मसँग वादविवाद गर्न चाहेन। यो उसको रणनीतिक चाल हुनु पर्छ। मैले वकिलसँग सल्लाह गरेँ।

"त्यो मान्छेले मेरो पर्खालसँग टाँसेर नै घर बनाएको छ। एक इनच पनि छोडेन। के गर्ने।"

"छिमेकीको नाताले तपाईंसँग उसले घर बनाउनुअघि स्वीकृत लिएको छ कि छैन ?" वकिलले मसँग प्रश्न गरका छन्। "त्यस्तो कुनै कागजमा मैले सही गरेको छैन।" मैले भनेँ। "त्यो ठिक भयो। अब उसले तपाईंको घरतिर भ्याल हाल्यो भने मुद्दा हाल्नु पर्छ। मुद्दा नगरी पार लाग्दैन। उसले तपाईंलाई मुद्दा नहालोस् भन्ने अभिप्रायले फस्ल्याङ फुस्लुङ पार्न सक्छ। तपाईंले कुनै पनि मिठा कुरामा लटपटिनु हुँदैन। वकिलको सुझाव पाएँ।

फोहोर उठेपछि हामीले हाइसन्चो मानेका थियौँ। धेरै किसिमका चिन्ताबाट मुक्ति मिलेको थियो। अब हामीलाई आशङ्का भयो। पर्खालका बारेमा उसको र हाम्रो धारणा मेल खाएन। सामाञ्जस्य देखिएन। बर्सौंदेखिको हाम्रो धारणामा पुनर्विचार गर्न हमीलाई उसले उक्साइहरेको थियो। उसले हाम्रो घरतिर भ्याल हालेन। अरूतिर नै हाल्यो। मुद्दा मामिला गर्नबाट हामी जोगियौँ।

"त्यो मान्छेसँग सतर्क हुनु पर्छ। भ्याल हालेर के गर्ने ? कौसी त छ नि ?" श्रीमतीको तर्क थियो।

त्यो मान्छेले छिटो छिटो घर बनायो। रङ पनि स्तरीय

लगायो। हामी त्यो मान्छेको वास्ता गर्ने पक्षमा थिएनौं। घरको निरीक्षण गर्न बेला बेलामा ऊ आएको देखिन्थ्यो। उसको परिवार भने हामीले देखेनौं।

जाडोको समय। म कौसीमा बसेर घाम तापिरहेको थिएँ। त्यो पनि कौसीमा देखियो। नमस्कारको आदानप्रदान भयो। "धेरै दिनपछि देखिनुभयो ?" मैले भनें।

"हो, म भारत गएको थिएँ। सासूलाई सञ्चो थिएन।" त्यसले भन्यो। "उहाँलाई के भयो ?" मैले सोधें।

"उहाँको जिब्रोमा फोका देखियो। बायोप्सी गराइयो। क्यान्सर भयो। अपरेसन गराइयो। घाँटीमा ससाना तीन वटा गिर्खा देखिए। सब निकालियो। केही समय ठिक भयो। पछि पेटमा देखियो। त्यसपछि भने यहाँ अपरेसन गर्न मन लागेन। भारत लगियो। अपरेसन पनि भयो। सफल भएन। सुरुमा नै त्यहाँ लैजानु पर्ने रहेछ। हाम्रै गल्ती। पहिलो अपरेसन यहाँ गराइयो। त्यही नै गल्ती भयो। अर्को कुरा भनौं ? अस्पताल खर्च त्यहाँभन्दा यहाँ अहँगो। बर्बाद भइसकेपछि सबै कुरा थाहा भयो। हामीसँग केही कुराको पनि अभाव थिएन। दूरदृष्टिको अभाव भयो। यसले गर्दा हामीले आमा गुमाउनु पऱ्यो।" त्यो मान्छेले भन्यो।

मलाई उसका कुराले छोयो। देशमा विश्वसनीय उपचार पाउने दिन कहिले आउला ? यो प्रसङ्ग उसले किन झिक्यो ? के ऊ मसँग निजी कुरा गरेर नजिकिन चाहन्छ ?

त्यो मान्छेको घर निर्माणको अन्तिम चरणमा थियो। भऱ्याङ र कोठामा उसले उडेन ब्लक राख्यो। भ्याल काठका नै थिए। बाहिर ढोका भने राख्न बाँकी नै थियो।

"सर !" त्यो मान्छे हाम्रो घरमा आयो। मैले उसलाई बैठक कोठामा स्वागत गरें।

"सरसँग मलाई एउटा सहयोग चाहियो। मेरो मोटर छ। ढोकानजिक ठाउँ साँघुरोभयो। सरले अलिकति पर्खाल सारिदिनुभयो भने मलाई सहज हुन्थ्यो।" त्यो मान्छेले भन्यो।

"तपाईंले असम्भव कुराको सहयोग माग्नुभयो।" मैले भनें। "तपाईं यो घरको मालिक होइन र ?"

"म मालिक हुँ। त्यो ठाउँ त्यसै छोडिएको होइन। मेरो घरको आवश्यकताका लागि छोडिएको।" मैले भनें।

"म पनि आवश्यक छिमेकी हुँ। घर त बन्यो तर मोटर राख्न पाइएन भने मजा भएन नि।" त्यो मान्छे भन्छ।

"यो त तपाईंले पहिले नै विचार पुऱ्याएर घर बनाउनुपर्थ्यो।" मैले भनें।

"सरबाट सहयोग पाउने आशा गरेको। सरलाई परेको बेलामा मलाई सम्झे हुन्छ। जुनसुकै समयमा पनि म तयार छु।""मैले जग्गा नदिएको खण्डमा तपाईंसँग सहयोगको आशा नगरे हुन्छ ?""सर ! यो वादविवाद नगरौं। छिमेकी हामी। मैले कृष्णले जस्तो अर्जुनलाई देखाएको विराट् रूप अहिले देखाउन नचाहेको। सर जस्तै छिमेकी भएर बस्न चाहेको। यतिभन्दा बढी के भनौं अरू ?"

"श्रीमतीसँग सल्लाह नगरी म केही भन्न सक्तिनँ।"

"हामीलाई दुःख दिने मेलो त्यसले निकालेछ। इन्कार गर्दा त्यसले पछिसम्म पनि दागा धर्न सक्छ।" श्रीमतीको भनाइ थियो।

"यसले त हाम्रो टाउकोमा नै टेक्यो त।" मैले भनें।

"हामीलाई त धेरै मर्का पर्छ। हामी त खुम्चिन्छौं।" तिनले भनिन्।

"के गर्ने त ?" के गर्ने ? गर्ने ? सानोतिनो अप्ठ्यारोमा पनि केही गर्ने ठाउँ रहँदैन।

"त्यो त हो। कस्तो अप्ठ्यारो आइलागेको ?"

"अब जे होला। दिनै पर्ला।"

"पैसा नि ?"

"मैहाल्यो। असल छिमेकीको रूप देखाऊँ।"

"असल छिमेकी देखिन मूल्य त निकै चुकाउनुपर्ने भयो।" "अनि यसले आफ्नो परिवारबाट पनि कहिल्यै ल्याएको छैन।"

"तिनीहरू ग्यारेज बनाएपछि कारमा एकै पल्ट आउने होला।" "अब यो आइनसकेको र भइनसकेको छिमेकीबाट असल व्यवहारको अपेक्षा गर्यौं।" "हामीलाई सहयोग नगरे पनि दुःख नदियोस्।"

हामीले असल छिमेकीको उदाहरण पेस गर्यौं। त्यो मान्छेले हाम्रो पर्खाल भत्कायो। मोटर राख्ने जग्गा आरामसँग लियो। अब हाम्रो घरको पछिल्लो भाग पुरै साँघुरियो। ऊ त मक्ख थियो। हामी भने चाउरिएका। उनीहरू सरेका थिएनन्।

"किन पर्खेर बसेको हो कि ?" मैले भनें।

"साइत पनि त छ महिनासम्म नजुरेको होला त ?" तिनी भन्छिन्।

साइत त पर्खेको नै रहेछ तर ग्राहकको। श्रीमतीको शङ्का सही थियो। नयाँ मान्छे आयो।

"त्यो मान्छेले असल छिमेकीको उदाहरण पेस गऱ्यो त।" मैले भनें।

"सरको सहयोगको कारण परिवार खुसी हुन्छन् भनेको होइन ?" तिनी त्यो मान्छेका मिठा कुरा सम्झिइरहेकी छिन्।

"ती खुसी भएका परिवार यहाँ एकपल्ट पनि आएनन्।" म भन्छु।

"त्यो मान्छेको सिद्धान्त केका लागि रहेछ ?" तिनी भन्छिन्।

"छिमेकी त आयो। अब जग्गा कहिल्यै आउँदैन।" तिनी भन्छिन्।

हामी उसले खुम्च्याएको घरमा बसेर उसको बखान गरिरहेका छौं। उसले हामीलाई विराट् रूपको एक अंश देखाइसकेको थियो। ■

काठमाडौं, नयाँ बानेश्वर

अँध्यारो उज्यालो

इन्द्रकुमार श्रेष्ठ 'सरित्'

मेरो मनोभाव तिमीले राम्रै बुझेका थियौ । तिमीले भन्छौ भने म वेगका साथ बगिरहेको गण्डकीमा हामफाल्न तयार थिएँ तर तिमी तत्काल बिहेका लागि तयार थिएनौ र बिहे अगाडि नै म श्रीमती बन्न तयार थिइनँ ।

छुरहुर आगो बलिहरेछ । वारुणयन्त्रका कर्मचारीहरू आगो निभाउन उद्यत देखिन्छन् । प्रहरीको भ्यान पनि आइसकेको छ । सबै जनाको दौडादौड छ । म निर्निमेष यो दृश्यलाई रमाइलो मानेर हेरिरहेकी छु । मेरो आँखा अगाडि विगत चलचित्रका दृश्य झैं नाचिरहेछन् ।

मेरो जीवनमा घटेको घटनापछि आधिकारिक रूपमै आजदेखि तिम्रो र मेरो बाटो छुट्टियो भनेर मैले बेलैमा तिमीलाई भन्न सकिनँ । तिम्रो र मेरो यात्रा यो मोडमा आइपुगेर यसरी टुङ्गिएला भन्ने मलाई लागेकै थिएन भनेर पनि मैले अभिव्यक्त गर्न सकिनँ । कसरी तिमीले ममाथि त्यस्तो अकल्पनीय मात्र नभएर अत्यन्त निन्दनीय व्यवहार गर्न सक्यौ ? म स्तब्ध छु । सत्यलाई सत्य स्वीकार गर्न मेरै मन तयार छैन तर मैले आँखा चिम्लिँदैमा त्यो सत्य असत्य किन हुन्थ्यो र ? त्यसैले मन धुम्मिएको आकास झैं भएको छ । मन थाकेको छ । मन व्यथाले पाकेको छ । मेरो पीडा, मेरो उद्वेलित मानसिकता र मनस्थितिको त तिमीले अनुमान मात्र पनि गर्न सक्दैनौं । बगरेलाई खसीको पीडा के थाहा र ? किनकि तिमीले आफूलाई जत्ति चिन्छौ नि तिमीलाई म त्योभन्दा अलि बढी नै चिन्छु । तिमी एक

नम्बरको काँतर मान्छे हौ भनेर मैले धेरै पटक तिम्रै अगाडि भनेकी छु । अँधेरी रातमा तिमीलाई पिसाप फेर्न जान पनि साथी चाहिन्छ । तिमी त ओछ्यानको बाघ र सोचको ब्वाँसो हौ । यही कुरा मैले हाम्रो बिहे हुनुअगाडि चाल पाउन सकिनँ, बिहे भएको थुप्रै दिन र महिनापछि पनि चाल पाउन सकिनँ । समयमै तिमीलाई चिन्न नसक्नु नै मेरो जीवनको सबैभन्दा ठुलो दुःखान्त घटना बन्यो ग्रिसेली नाटकको दुःखान्त अन्त्य झैं ।

मेरा बाले हाम्रो जात मिल्दैन, हैसियत मिल्दैन भनेर मलाई सयौं पटक नभनेका हैनन् तर तिम्रो मायाको सप्तकोशीमा डुबेको बेलामा मलाई बाको अर्तीले होसको ओभानोमा ल्याउँने सकेन । तिमीसँग बिहे गरेर तिम्रो अँगालोमा बेरिनँ पाए म जस्तोसुकै मूल्य चुकाउन तयार थिएँ । म तिम्रो हरेक खेलको पहिलो दर्शक थिएँ, पहिलो समर्थक थिएँ । भकुन्डोको पछि हावाको वेगमा तिम्रो कुदाइको त्यो मोहक दृश्य मलाई प्राणभन्दा प्यारो थियो । त्यसैले त खेलको 'ख' पनि मन नपर्ने म तिम्रो कुनै खेल हेर्न छुटाउँदिनँ थिएँ । मेरो मनोभाव तिमीले राम्रै बुझेका थियौ । तिमीले भन्छौ भने म वेगका साथ बगिरहेको गण्डकीमा हामफाल्न तयार थिएँ तर तिमी तत्काल बिहेका लागि तयार थिएनौ र बिहे अगाडि नै म श्रीमती बन्न तयार थिइनँ ।

बिहेका लागि तिमीले समय मागेपछि मैले समय दिएँ । बुवाकै करबलले म पनि बैङ्कमा जागिरे भएँ तर मेरो हरदम चासो, चिन्ता र ध्यान तिमी अर्थात् सक्षममै थियो । भेटभा तिमी पनि माया, प्रेम, प्यार सबै देखाउँथ्यौ तर अहिले पो म आफैँलाई प्रश्न गर्छु– के तिम्रो मनमा पनि मेरा लागि चोखो प्रेम थियो त ?

बुवा रणजङ्ग शाहलाई थाहा पत्तो नै नदिई सक्षम र मैले गन्धर्व विवाह गर्यौं । अब म सदीक्षा शाहबाट सदीक्षा शाह गहतराज भइसकेकी थिएँ । म सक्षमको प्रेममा आकण्ठ डुबेकी थिएँ बुवाले दुवै जनालाई चौकीमा उभ्याउँदा पो म झल्यास्स बिउँझिएँ तर म आफ्नो निर्णयबाट टसमस भइनँ किनकि मलाई हुनु नै थिएन । सक्षमलाई पाएर म हावामा उडिरहेकी थिएँ । उसका लागि मिठो खाना बनाउनु, उसलाई, उसका कोच र उसका साथीहरूलाई खुवाउनु, उसलाई सपिङ गराउनु र नोकरीकै सेरोफेरोमै मेरो जिन्दगी मलाई खुसी बनाएर तातातैया गरिरहेको थियो ।

स्तब्ध भएँ म समाचार पढेर । केही अशुभ हुन्छ कि भन्ने त लागेको थियो तर मनमुटु नै टुक्रिने खालको र यो हदसम्म अशुभ समाचार सुन्नुपर्ला भन्ने मैले कल्पेकी नै थिइनँ । एक्ली छोरीले आफ्नो विश्वास र मर्यादा तोडेर कथित तल्लो जातको केटोसँग प्रेम विवाह गरेकीले बुवाले मसँग भावनात्मक मात्रै नभएर कानुनी सम्बन्ध पनि तोड्नुभएको आधिकारिक सूचना राष्ट्रिय दैनिकमा आएको रहेछ । सक्षमको काखमा घोप्टिएर म भक्कानिएर रोइरहेकी थिएँ । मेरा लागि दिउँसै घाम डुबेको थियो । धेरै चोटि मैले बुवालाई फोन गरेँ तर बुवाको फोन पटक्कै उठेन । मेरो प्रेम मन नपरे पनि बुवाले यसरी कानुनी रूपमै सम्बन्ध नतोडेको भए हुने भनेर म भक्कानिरहेँ तर त्यहाँ मेरो घाउमा मलम लगाउँने कोही थिएन ।

'सदी, बुवाले त एउटा घर तिम्रो नाममा पास गर्दिन्छु भन्नुभएको छ भनेकी हैनौं ?' गुञ्जिएको ध्वनिसँगै मैले सक्षमलाई नियालेँ खै किन हो मैले पहिलो पटक उसलाई कुनै अपरिचित मान्छे जस्तो पो देखेँ ।

'बुवाको चित्त दुखाएर अन्तरजातीय विवाह नगरेकी भए बुवाले एउटा मात्र हैन दुइटै घर दिनुहुन्थ्यो होला नि तर... ।' वाक्य अधुरै छाडेर मैले फेरि उसलाई नियालेँ । अहिले पनि ऊ उही अपरिचित र भावहीन मुद्रामा थियो । मलाई घर र सम्पत्तिको लोभ पटक्कै थिएन बरु मलाई लोभ सक्षमको मात्र थियो । सम्पत्तिकै लोभ गर्ने भएकी भए मैले बुवाकै रोजाइको केटोसँग बिहे गर्ने थिएँ होला । तर म त सक्षमको प्रेममा पागल थिएँ । उसको अग्लो कद, चौडा छाती र ठुलो तर गम्भीर स्वरमा मबिनको आवाजमा सर्प लट्ठिएझैँ लट्ठिएकी थिएँ । मैले आफ्नो प्रेम मात्र हैन, उसलाई जीवन नै सुम्पिएकी थिएँ । मैले ऊबाट कुनै अपेक्षा राखेकी थिइनँ । घरभाडा, राशनपानी, घुमफिर, लत्ताकपडा सबै मैले नै धानेकी थिएँ । अब त झन् नधानेर पनि उपाय नै थिएन किनकि बुवाले सम्पूर्ण ढोका बन्द गरिसकेपछि आत्मनिर्भर हुनुबाहेक मसँग अर्को विकल्प नै थिएन । घरव्यवहारका लागि सक्षमबाट मैले कुनै आशा राखेकी थिइनँ । उसले क श्रेणीको फुटबल खेलाडीको हैसियतले पाउने तलब भत्तासँग मलाई कुनै सरोकार थिएन । किनकि दुई जना पालिनलाई मेरो तलब नै यथेष्ठ थियो । फेरि सक्षमले पनि यो मेरो तलब हो है भनेर चार पैसा मलाई कहिल्यै देखाएन । मैले पनि सोधीखोजी कहिल्यै गरेन ।

खेल नभएको बेलामा उसले अचेल अलि बढी नै पिउँन थालेको छ । मैले उसलाई रोक्ने प्रयास नगरेकी हैन तर उसले मेरो कुरै सुनेन । उसमा आएको यही परिवतनले गर्दा कति वटा खेलमा ऊ बाहिरै बस्नु परिसकेको छ तैपनि सक्षमले आफूलाई सुधार्ने प्रयत्न नै गरेको छैन । मैले सम्झाउने प्रयास गर्दा मसँग नै झर्किन र रिसाउन थालेको छ । उसले पटक पटक कोचलाई एक्लै भेट्ने प्रयास गरिसक्यो तर कोचले उसलाई समय नै दिएन । त्यसैले पनि होला ऊ झन दिक्क, असन्तुष्ट र छटपटिएको देखिन्छ । केही सोध्यो कि ऊ त्यसै त्यसै जङ्गिएर कुटुँला झैँ गर्छ । उसको यो नयाँ रूप देखेर म छक्क छु, दिक्क छु ।

'यसरी रक्सी खाने र रिसाएर मात्रै हुन्छ ? यही रक्सीले गर्दा तिमी खेलबाट टाढा हुँदै छौ । आफूलाई कन्ट्रोल गर, सछु ।' उसलाई चिया दिँदै मैले सम्झाउँने प्रयास गरेँ । 'भो भो, धेरै जान्ने हुनु पर्दैन बरु कोच अलबर्ट डिसुजा भोलि

डिनरका लागि आउने भा' छ, अलि राम्रो खाना बनाउनु र ड्रिङ्क्स पनि ठिक पार्नु।' सके बाहिर जानलाई होला लुगा लगाउँदै उसले भन्यो।

'हरे, गेस्टलाई इन्भाइट गर्नुअघि एक चोटि सल्लाह गनु पर्दैन ? भोलि मेरो अफिसमा बोर्ड मिटिङ छ र म त्यसमा बस्नै पर्छ।' ऊ मेरो कुरै नसुनी फटाफट बाहिर निस्कियो। हरे ! अब भोलिको मिटिङलाई कसरी छल्ने होला ? मलाई अहिलेदेखि नै टाउको दुख्न थाल्यो।

सक्षम किन यसरी बदलियो ? किन उसले आफ्नो बानी सुधार्दैन ? आफू एक जना स्थापित राष्ट्रिय खेलाडी भएको सत्यलाई किन उसले बिर्सिरहेछ ? किन खेलप्रति उसको ध्यान जान सकिरहेको छैन ? खेलप्रतिको आफ्नो लगाव, आकर्षण र समपणलाई किन ऊ आफैंले लत्याइरहेको छ ? के कुराले उसलाई तनाव दिइरहेछ त ? सोध्यो भने भन्दैन। राम्रोसँग बोल्दा पनि बोल्दैन ? कतै बिहे भएको यति छोटो समयमै म उसलाई मन नपर्न थालेको त हैन ? कतै घर बाहिर उसको चक्कर त छैन ? त्यस्तो सम्भावना पनि देखिँदैन। त्यसो भए सक्षमको समस्या के हो त ? उफ् ! उसले नभनेसम्म मैले कसरी जान्नु ? ऊः घण्टी बज्यो। ऊ आएजस्तो छ ? हो, ऊसँगै अलबर्ट डिसुजा पनि आएको रहेछ।

नमस्ते। औपचारिकतापछि उनीहरू पिउन बसे। लोकल खानेकुरा खोज्नेका लागि मैले लोकल ठर्रा र सुकुटीको व्यवस्था गरेकी थिएँ। पिउने क्रममा दुवै मातिसकेका थिए। नशाको सुरमा भान्सामा आएर सक्षमले भनेको सुन्नेबित्तिकै मैले उसको गाला बज्रिने गरी गालामा गिटार बजाइदिएँ। तर शारीरिक रूपले मभन्दा ऊ नै बलियो थियो त्यसैले मलाई लडाएर उसले बलपूवक मेरो मुखमा केही कोचिदियो। त्यसपछि के भयो ? मैले केही थाहा पाइनँ।

म कति समय बेहोस रहेँ भनेर मलाई नै थाहा थिएन। मेरो शरीर बेस्कन दुखिरहेको थियो। म बिउँझिँदा घाम झलमल्ल लागिरहेको रहेछ। मेरो अगाडि मुसुमुसु मुस्कुराउँदै उभिरहेको सक्षमले मतिर उपेक्षा र व्यङ्ग्यले भरिएको मुस्कान फ्याँक्दै भन्यो, 'मैसाब उठिस्या हो ? हजुरको पवित्रता त अलबर्टसँगै सती गयो नि। अब म टिममा पर्ने पनि पक्का र खेलका लागि अस्ट्रेलिया जाने पनि पक्का। अस्ट्रेलिया पुगेपछि नेपालको फकिन्छ र ?'

निःशब्द भएर मैले उसलाई नियालिरहेकी थिएँ। समय रहँदै नालीको कीरा जस्तो घटिया यो मान्छेलाई मैले कसरी चिन्न सकिनछु ? बुवाको सल्लाह नमानेर मैले जिन्दगीमा ठुलो भूल गरेछु।

मलाई उकुसमुकुस भइरहेको थियो। छटपटी भइरहेको थियो। के यो कुरा बुवालाई भन्नु उपयुक्त होला त ? तर कानुनी रूपमै मलाई टाढा गरिसक्नुभएको बुवाले मेरो कुरा के सुन्नुहुन्थ्यो होला र ? त्यसो भए म के गरूँ त ? प्रहरीसम्म पुगौं त ? यो पनि त्यति सजिलो कहाँ होला र ? तैपनि मैले प्रहरी प्रशासनलाई गुहारेँ तर दुवै विदेश गएकाले यो प्रक्रिया सुरु नै हुन सकेन। सक्षमले त नेपाल नै नफर्किने भनेको छ। के त त्यसो भए मेरो घाउमा न्यायको मलम नलाग्ने नै भयो त ?

सक्षम अस्ट्रेलिया गएको पनि एक महिना जति भइसकेको थियो। ऊ अझै नेपाल फर्केको थिएन। ऊ फर्किन्छ जस्तो पनि लागेको छैन। अलबर्ट डिसुजा नेपाल फर्कियो कि फर्किएन, मलाई थाहा भएन। मलाई अलि बढी नै बिसन्चो भएकाले म डाक्टरलाई देखाउन गएँ। देखाएँ। रगत जचाएँ। रिपोर्ट तीन दिनपछि आउने जानकारी पाएँ। बिसन्चो भएकीले बैङ्कमा बिदा लिएकी थिएँ। मलाई खाना खान पनि मन थिएन। हल्का ज्वरो थियो। चियाकै भरमा मेरो दिन बितिरहेको थियो। किनकि बिरामी भएर मलाई तातो चिसो सोध्ने कोही थिएन। निर्धारित समयमा रिपोर्ट सङ्कलन गरेर डाक्टरलाई देखाएँ। डाक्टरको कुरा सुनेर क्षणभरका लागि रगत मेरा धमनीहरूमै रोकिए। म रुन पनि सकिनँ। मैले ऐया आत्था केही भन्न सकिनँ। म ढुङ्गा बनेछु र ढुङ्गा बनेकै ठाउँमा म ठाउँको ठाउँ बेहोस भएछु। होस आएपछि मैले नचाहेर पनि पत्याउनै पऱ्यो मलाई एचआइभी पोजिटिभ भएको रहेछ।

कति समय बेहोस रहेँ भनेर मलाई नै थाहा थिएन। मेरो शरीर बेस्कन दुखिरहेको थियो। म बिउँझिँदा घाम झलमल्ल लागिरहेको रहेछ। मेरो अगाडि मुसुमुसु मुस्कुराउँदै उभिरहेको सक्षमले मतिर उपेक्षा र व्यङ्ग्यले भरिएको मुस्कान फ्याँक्दै भन्यो, 'मैसाब उठिस्या हो ? हजुरको पवित्रता त अलबर्टसँगै सती गयो नि।

अप्रत्यासित रूपमा सक्षम नेपाल फकियो। म फेरि प्रहरीसमक्ष पुगेँ। उनीहरूले लोग्नेस्वास्नीको सामान्य झगडा झैं मिल्न भनेर सम्झाउने बहानामा मलाई दवाब दिइरहे। अलबर्टको विषयमा त उनीहरूले केही सुन्ने चाहेनन्। केस पुरानो भइसकेको र बिनाप्रमाण मौखिक आरोपकै भरमा मात्र केही नहुने भएकाले आफ्नो श्रीमान्सँग मिलेर बस्न मलाई सम्झाइरहे। बिनाप्रमाण अदालत जानु भनेको समय र पैसाको बर्बादीबाहेक केही हैन भनेर उनीहरूले मलाई अप्रत्यक्ष रूपमा हतोत्साही बनाइरहे। न्यायका लागि मैले टेक्ने र समाउने ठाउँ कतै देखिनँ। कानुन व्यवसायीले पनि यो विषय समयमै उठाएको भए स्वास्थ्य परीक्षण हुने र त्यही

नै ठुलो प्रमाण बन्न सक्थ्यो तर त्यो अब सम्भव नभएकाले मौखिक आरोप लिएर अदालत जान त सकिन्छ तर न्याय प्राप्तिका लागि त्यो मात्र पर्याप्त नहुने भनेपछि म शिथिल भएँ। किनकि मसँग एकातिर प्रमाणको अभाव र अर्कोतिर गवाही दिने कोही प्रत्यक्षदर्शी पनि नभएकाले मेरो आरोपलाई आर्थिक लाभका लागि मात्र आरोप लगाएको भनेर सजिलै पन्छाइदिन सक्छन् भनेपछि म करिब करिब लाचार नै भएँ। त्यसैले मैले उसलाई पुरानै माया देखाएँ। उसलाई श्रीमतीले दिने माया र सुख सबै दिएँ। मलाई टोकिरहेको कीरा उसको शरीरमा पनि सलबलायो भन्ने कुरामा म विश्वस्त थिएँ।

अब उसले मलाई विश्वास गर्ने वातावरण बन्यो भन्ने कुरामा विश्वस्त भएपछि मैले उसलाई पहिलो विवाह एनिभर्सरी विशेष प्रकारले घरैमा मनाउने प्रस्तावलाई उसले सहजै स्वीकार गऱ्यो। घरबेटीको परिवारै गाउँ गएकोले सिङ्गो घरमा म र क्षितिज मात्र थियौँ। मैले पूरै घर सफा गर्न लगाएँ। बिछ्यौनालाई फुलैफूलले सजाएँ। जाने जति मिठा मिठा परिकार बनाएँ। सहयोगी बिहारीलाई दुई चार पैसा अतिरिक्त दिएर आज चाँडै बिदा दिएँ।

स्याम्पेन लिन गएको सक्षम आइपुगेको थिएन। मेरा आँखा शून्यमा टोलाएका थिए। मनमा आँधीबेरी चलिरहेको थियो। मस्तिष्कमा ज्वालामुखी उम्लिरहेको थियो।

'बेबी, लौ यो वाइन। बेबी, सरी टु से, मैले अलबर्टलाई पनि बोलाएको छु। डन्ट माइन्ड, ल।'

'किन बोलाएको उसलाई नबोलाएको भए हुने। म त्यसको अनुहार पनि हेर्न चाहन्नँ।' मैले उसको अँगालोबाट उम्किँदै भनेँ। 'सरी बेबी, नरिसाउन। पास्ट इज पास्ट, फरगेट द्याट।' खाना तयार नै थियो। स्याम्पेनको बोतल, ग्लास, सलाद र स्न्याक्स मैले टेबलमा सजाई नसक्दै अलबर्ट आइपुग्यो। उसको 'हाई' लाई मैले वास्तै गरिनँ। अस्ट्रेलियाको ट्रिपको गफ गर्दै र अर्को महिना खेलकै लागि दुबई जाने सरसल्लाह गर्दै उनीहरूले एकपछि अर्को ओल्ड दरबारको बोतल रित्याइरहे। मेरै लागि स्याम्पेनको बोतल ल्याएको हो भने तापनि मैले स्याम्पेन पटक्कै छोइनँ। बोतल रित्याइसकेपछि उनीहरूभित्र सुतेको पशु बिस्तारै बिउँझिँदै थियो। मेरो तन, मनमा हुरहुरी आगो बलिरहेको थियो। उनीहरूले आज पनि अघिल्लै क्रियाकलाप दोहोऱ्याउन खोजेपछि ती दुवैलाई मैले जे भेटेँ, त्यसैले ठटाएँ। रक्सीले अर्धबोहोसीको हालतमा पुगेका तिनको टाउको मात्र हैन बोतल पनि फुट्यो, सामान छ्यालब्याल भयो। घर सानोतिनो रणमैदान नै भयो। म थाकेँ तर मैले अनाहकमा सहनुपरेको अन्याय र बेइज्जतीले मलाई थाक्न दिएन।

आफ्नै रगतमा लतपतिएर दुवै जना लाससरी भुइँमा लडिरहेका थिए। कानुनले त मलाई न्याए दिएन तर मैले मलाई न्याय दिनु पर्छ भन्ने सोचेर मैले चारैतिरको भ्यालढोका बन्द गरेँ। ग्यास अन गरेँ। चारैतिरको लाइट पनि झलमल्ल हुने गरी बालिदिएँ। मूल ढोका पनि बन्द गरेर म सडकमा आइपुगेर ती ज्युँदा लासहरू लडिरहेको घरलाई नियालिरहेँ। एकैक्षणमा ड्याम्म आवाजसँगै आगोको ठुलो मुस्लो घरभित्र फनफनी घुमेको देखियो।

आगोको मुस्लो बढिरहेको थियो। दायाँ बायाँ मानिसको बाक्लो भिड लागिसकेको थियो। कोलाहलले कसले के भनिरहेको छ भनेर बुझिने अवस्था थिएन। मेरो मन खुसीले बुर्कुसी मारिरहेको थियो। मैले मेरो खुसीलाई थाम्ने सकिनँ। म हर्षले म खितखिताएर हाँसिरहेकी थिएँ, हाँसिरहेकी थिएँ। त्यही बेला दमकलसँगै प्रहरीको भ्यान पनि आएर रोकियो। वारुणयन्त्रका कर्मचारीहरू दौडादौड गरिरहेको बेलामा मभने खुरुक्क गएर प्रहरीको भ्यानमा गएर बसेँ। कोलाहललाई नै जिल्ने गरी म खिलखिलाएर हाँसिरहेकी थिएँ। मेरो हाँसो रोकिएको थिएन। ■

झ्यालबाहिरको झ्याल

दीपक लोहनी

सायद घरबेटीहरू यहाँ नबस्नु नै यो घरको रूप र स्वरूप नबदलिनु हो कि ? तर घरको रूप र स्वरूप नबदलिए पनि घरभाडामा बस्नेहरू भने बदलिरहन्छन् ।

पर्दा लागेपछि छोपिन्छ कोठा बाहिरको एउटा सानो संसार । म पर्दा घ्यारर्र तान्छु । पर्दाको रिङ डन्डीमा घर्षण भएर एउटा मिठो ध्वनि जन्मन्छ र त्यही ध्वनिसँगै एउटा सानो संसार आँखै सामुन्ने उदाउँछ । म कोठाभित्रै रहेर कोठाबाहिरको सानो संसार चिहाउँछु । भ्यालको चौकोस, चौकोसमा रहेको तीन पल्लाहरू र पल्लाहरूबाट छर्लङ्ग भएको एउटा सुन्दर संसार । अहो ! म पुलकित हुन्छु ।

भ्यालबाट देखिन्छ– आफैँले हुर्काएको एउटा कलिलो कल्की फूलको बोट, जहाँ मस्तसँग जवानी फूलहरू झुलेका छन् । सँगै छ एउटा करेसाबारी, जहाँ रमाएका छन् आफ्नै मेहनतले रोपेका सागसब्जी । छेवैमा छ मदमस्त फक्रिएको एक बोट गुलाबी हेबिस्कस र कम्पाउन्डबाहिर छ निलो कर्कट पाताले छाएको एकनाले घर अनि दुई भ्यालहरू ।

यत्ति हो, पर्दा घरर्र पारिँदा देखिने उत्तर दिशातर्फको मेरो एउटा सानो संसार । मेरो कोठाको पूर्वतर्फ पनि भ्याल छ, उही तीन पल्लाहरूको । पर्दालाई घरर्र पारे देखिन्छन् पुस माघमा घाम ताप्न सुतिरहेको वृद्ध झैँ एउटा बुढो सडक । केश झर्दै

गएको एक अधबैंसेको टाउको झैं पातलो बजार । बिफरले बिगारेको अनुहार झैं कुरूप घरहरू । अनायमसै थिचिएका पियानोका बेसुरा रागमा निस्किएका ध्वनि झैं गाडी र बाइकका उदेकलाग्दा कर्कश आवाज । नियाले देखिन्छन् पूर्वी भ्यालबाट मान्छेका हतारो र चटारोहरू । यही हतारो र चटारोलाई गौण गरी हेरे देखिन्छन् दही मथ्न तानिएको झैं घार्र र घुर्र । हरे, कति सङ्घर्ष गरिरहेका छन् आजका मान्छहरूले बाँच्न र खिईंदै लगिरहेका छन् आफूसँगै पुर्खाको विशाल विरासत । तसर्थ म खोल्दिनँ पूर्वतिरको पर्दा । त्यो सधैं टम्म नै हुन्छ र त्यहाँबाट हेर्दिनँ बाहिरी संसार ।

शोभा भन्छिन्, "पर्दा नखोल्नु है ? धुलो पूरै आउँछ कोठामा ।"

म पूर्वस्मृतिमा छप्ल्याङ्ग हुन्छु ।

यहाँ जग्गा किन्नुभन्दा पहिले मैले नै भनेको थिएँ– "अलि तरेली पाखो लिऔं न बुढी । तरेली पाखो लिइए यही पैसाले अझै बढी जग्गा आउँछ । सडकका अनेक धुलो, धुवाँ र गाडीका कर्कश आवाज केहीले पनि सताउँदैनन् ।"

"भूत'ले माने पो ।"

रिसाएको बेलामा म मेरी शोभालाई भूत भन्ने गर्छु तर मनमनै । बोक्सी परम्परा लगभग हटिसकेको वर्तमान अवस्थामा मैले आफ्नी अर्धाङ्गिनीलाई भूत भनें भने सर्वप्रथम त शोभा नै के भन्ली वा सोच्ली । अनि कान भएका भित्ताहरूको मुखले के भन्लान् । तसर्थ मनभित्रको शब्द मनभित्रै गुम्साउँछु म सधैं ।

शोभाले भनेकी थिई, "म मान्छेहरू नहेरी बाँच्न सक्दिनँ । तरेली पाखा किनेर के कुटी बनाउने हो र ? अनि जीवनदेखि भागेर निधारमा खरानी घस्दै अलख निरञ्जन जगाउने हो र ?" जीवन भन्नु सहमतीको इन्धनले चल्ने गाडी त रहेछ नि । तसर्थ मैले गोङ्गबु माथिको डाँडा रोजें । शोभाले त्यही डाँडालाई चिर्दै हिँड्ने सडकछेउ रोजी । त्यसपछि हामी चक्रपथभित्रको सहरबाट सोह्र वर्षअघि मनमैजुको यो नाकको डाँडी जस्तो डाँडामा आई बस्यौ ।

वास्तवमा यो सोह्र वर्ष सोह्रै दिन जस्तो हुँदोरहेछ बस्ती बदलिनका लागि । जब बाजको आँखासरी भूमाफियाहरूले बस्तीमा आँखा गाड्छन् तब एउटा शान्त र निश्चल गाउँ मरेर जन्मदोरहेछ कोलाहालमा ।

फुटुङको मचागाःलदेखि शिरीषको बोटसम्मको यही एकबित्ते खुलालटार बस्तीकै बारेमा कोही मलाई बताओस्–

कहाँ हराए ती दक्षिणमुखे टायल घरहरू ?

कसले काटे बकैना, उत्तिस र शिरीषका बोटहरू ?

कसले भत्काए प्यास मेट्ने पाखाधारा र घोर्नेनी कुवा ? कसरी भत्कियो गठे परियारको त्यो ढिस्को ?

बस्तीबाट कसले खेदे होलान् रङ्गीचङ्गी चराका हजार सपनाहरूलाई ? अनि पुसमाघमा कसले किनिदियो होला स्याललाई ब्याङ्केट ?

यहीँ कतै सुतिरहेको मकैबारी र टाइचिने फाँट खै ?

खै, नीलकाँडा र बाँसका भ्याङहरू ?

कसले हुल्यो गोठमा बाइक र गाडी ?

कसरी बदलियो होला हातभरिको त्यो डकर्मी सिप दलालीको मुखमा ? प्याङ्गको बजी (बाँसबाट बनाइएको भाँडामा राखिएको चिउरा) र कितलीको थौं (जाँड) कसरी रूपान्तरण भए चाउचाउ र कोकहरूमा ?

म सबै सम्झेर हैरान हुन्छु । हैरान हुन् बितेका आफ्नै विगत र एक धर्सो समाज सम्झिँदा काफी हुदोरहेछ ।

शोभा भन्छे, "किन टोलाएको ?"

म झसङ्ग हुन्छु र टकटकिन्छु । मेरो विगत सर्लक्क झर्छ मबाट ।

ऊ मेरो सदाबहार फूलबुट्टे कपमा मनतातो पानी ल्याइदिन्छे । समाल्छु । ऊ उसकै नदेखिने गृहणी काममा अल्झिन्छे । म पनि अल्झिन्छु भ्याल बाहिरको भ्यालतर्फ । यही त फरक छ हामी नारीपुरुषको जिन्दगीमा, उनीहरू घरभित्रकै कामको दबाबमा अल्झिन्छन्, हामी पुरुषहरू मनभित्रको प्रभावमा बल्झन्छौं ।

म मनतातो पानी एक घुट्को सुरुप्प पार्छु र हेर्छु । उत्तरतर्फी पर्दाअघि नै घ्यारर्र पारिसकिएको थिएँ । म मात्र आँखा पोखिदिन्छु बाहिर । मेरा आँखा त्यही निलो जस्ताले छाएको एकनाले घरको भ्यालमा गएर पोखिन्छ । पोखिएको आँखामाथि तर झैं तैरन्छ मेरो मन । लटक्क ।

दुई तीन पटक पुनर्निर्माण भइसक्यो यो एकनाले घर । जस्ताले छाएकाले सबैले यसलाई टहरा भन्छन् तर जति नै पटक पुनर्निर्माण गरिए पनि यो एकनाले घरटहराले आफ्नो रूप र हैसिएत परिवर्तन गरेन । पिल्लर नगाडिएको उही प्लास्टरविहीनता, उही चार इन्चको गाह्रो र उही धोती सुकाए झैं एक धरो । अझ विशेष कुरो त सडकमा कुनै ठुला गाडी गुड्दा यो घर झाँक्री भई एक निमेष थररर पनि काम्छ ।

सायद घरबेटीहरू यहाँ नबस्नु नै यो घरको रूप र स्वरूप नबदलिनु हो कि ? तर घरको रूप र स्वरूप नबदलिए पनि घरभाडामा बस्नेहरू भने बदलिरहन्छन् ।

घरमा दुई भ्यालहरू छन् । याने, दुई कोठाहरू छन् र दुई कोठाहरूमा प्रायः दुई परिवार रहन्छन् । परिवारहरू काठमाडौंमा बस्नकै लागि सङ्घर्ष गरिरहन्छन् झैं भान हुने या भनौं निम्न मध्यम परिवार । ज्याला मजदुरी वा सामान्य यस्तै उस्तै । जब निलो टहरामा बस्ने परिवारको आर्थिक अवस्थामा हल्का सुधार आउँछ, तब उनीहरूले यो टहरो सधैंका लागि परित्याग गरी पक्की घरमा सर्छन् । कोही भाडा नै तिर्न नसकेको कारणले पनि घरबेटीबाट गलहत्ताइन्छन् । कोही अझ यहाँभन्दा पनि उत्तरी भेग सर्छन्, जहाँ अझै सस्ता कोठाहरू मिल्ने आसमा । यसरी यो सोह्र वर्षमा कति परिवार यो टहरामा बसे र कति परिवार सरे, न मसँग कुनै हेक्का छ न त कुनै चासो नै । कहिलेकाहीं त लाग्छ– यो

टहरो यात्रुवाहक बस हो र यहाँ भाडामा बस्नेहरू यात्री । हरेक यात्री आफ्नो स्टेसनमा आफ्नै खुसीमा चढ्छन् र उत्रन्छन् । यात्रीहरूको लेखा राखेर कसले सक्छ र !?

...तर एउटा यात्रीका बारेमा मैले हेक्का राखेको छु, आफ्नै मनको वासलातमा ।

अब सुनाउँछु–

सविस्तार ।

अरूले झैं चारपाईलाई टुक्रा टुक्रा पारेर त्यसकै केही टुक्राहरू हातमा बोकी ऊ यही एकनाले घरमा गृहप्रवेश गरी, कुनै दिन । मैले आफ्नै भ्यालको पर्दा घ्यारर्र पार्दा अकस्मात् देखेको । टक्क अडेर हेर्रँ उसलाई । एउटा रातो प्लास्टिकको बाटा टाउकामा घोप्ट्याएर ओढेकी थिई, मानौं सिपाहीले ह्याट ओडे जसरी । एउटी कलिली छोरी ऊसँग छेवैमा थिई, मानौं फूलको बोटको कोपिला जस्तै । उसका केही साथी हातभरि केही न केही सामान बोकेर लस्करै आइरकेका थिए, मानौं कतै वनभोज खान हिँडे जस्तै । यहाँ जस्तै जस्तै कति छन् कति । मेरो भ्यालबाट देखिएको उसको पहिलो छायाछवि नै यही हो । मैले मेरो आँखाको क्यामराले खिचिक्क खिचिक्क ! खिचें । जब उनीहरू कोठाभित्र छिरे मेरो क्यामराबाट दृश्यहरू हराए । उनीहरू कोठाभित्र कोठा मिलाउन थाले सायद । पर्दा नहालिएको त्यो भ्यालमा उनीहरू फाट्ट फुट्ट चलमलाए । यता भने मेरो मनको पर्दामा दृश्यहरू भ्यार भ्यार गरिरहे । अब कुन एन्टिना चलाऊँ म ? बच्चा उमेरमा यसरी एन्टिना हल्लाएर टेलिभिजनमा कार्यक्रम हेरेको आज आँखै अगाडि नाच्यो । दृश्यहरू सफा देखिन, अब कुन रिमोटको कुन बटम थिचौं ? म सोचमग्न हुन्छु । किनकि हरेक मान्छेका मनभित्रका पर्दाहरूमा पात्र र परिवेशहरू चलायमान बनाउनका लागि मनभित्रका अनेक एन्टिना र रिमोटहरूमा बग्रेल्ती बटम हुन्छन्, हैन र ?

भोलिपल्ट घामसँगै ऊ उदाई । उसकै भ्यालबाट क्लासिक भजनहरू बज्न थाले । म उही उत्तरी भ्यालको पर्दा घार्रर्र पार्छु र हेर्छु बाहिर । भ्याल बाहिर अर्को भ्याल छ । त्यही भ्यालबाट आइरहेका छन् भजनका क्लासिक ध्वनि । म कान ठढ्याउँछु । आँखा च्यात्छु । मन उठाउँछु पल्लो भ्यालबाहिरको भ्यालमा ।

ऊ बिहानीको कलिलो किरणसँगै निस्केकी छे भ्याल बाहिर । हातमा छ अम्रिसोको कुचो । लगाएकी छे मधुर गुलाबी कुर्था । टाँसेकी छे सेतो रङको चुरिदार सुरुवाल टमक्क । कपाल बाटेकी छे, स्कुले केटीले झैं दुई चुल्ठी र झारेकी छे अग्रभागमा । पातली । खिरिली जिउ । अनि अर्धचन्द्रकार आकृतिमा बढारिरहेकी छे बरन्डा । म हेर्छु उनीलाई एकटकले । आहा, कस्ती राम्री ! द्वितीयाको जून भुल्किएको छ एकाबिहानै । म हेरेको हेर्‍यै छु ।

म आफ्नै आँखाहरूलाई सोध्छु– "ओई, तिमीहरूलाई के भइरहेको छ, हँ ?"

फेरि सोध्छु मेरै मनलाई– "ठिक् त छस् ?"

नयनहरू अर्धमुदित भएर मलाई नै चुपचाप हेरिरहन्छन् । छु, म पनि चुपचाप, जसरी गुम्बाहरूमा छन् अमिताभ बुध्दका शान्त मूर्तिहरू । अब अमिताभका शान्त मूर्तिहरूका अर्धमुदित नयनहरूबाट उत्तरको के आशा गरौं । बरु फ्याकिदिएँ दुई चोर आँखाहरू भ्यालबाहिरको भ्यालमा– त्यहाँ द्वितीयाको एक घर्सो जून अघिदेखि चलमलाइरहेकी थिई ।

म हेर्छु– मेरै मनलाई । उन्मादको एक भारी बोकेर बसेको छ मेरो मन मस्सँगै । भारीभित्र छन् अचेतन र अर्धचेतन । कताबाट पढूँ यसलाई ? छटपट भो । छेवैको बुककेस गएँ र निकाले सिग्मन्ड फ्रायडका साइकोलोजी अफ एभ्रिडे लाइफ । पढ्न बसें भ्यालसँगै । पल्टाएँ पानाहरू । पानाभरि छन् गुलाबी कुर्था, सेतो चुरिदार सुरुवाल, अम्रिसोको कुचो, बरन्डा र उही एक घर्सो द्वितीयाको जून ।

फ्रायड बुढाले के लेखे यस्तो ?! छक्क पर्नु छ । परें । हाँसिदिनु छ । हाँसिदिन्छु फिस्स ।

मन न हो छट्पटिन्छ फेरि । चित्त बुझ्दैन । पुग्छु पुनः कोठाको पल्लो छेउ । पिल्लरलाई छोपेर राखिएको छ एक सानो बुककेस । त्यहींबाट निकाल्छु–

श्रीमद्भगवद्गीता ।

पढें । अथ द्वितीयोध्यायः

श्रीभगवानुवाच–

प्रसादे सर्व दुःखानाँ, हानिरस्योपजायते ।

प्रसन्नचेतासो ह्याशु, बुध्दिः पर्यवतिष्ठते ॥ ६५॥

अब खोज्छु मनलाई यहीबाट । कृष्णभावनामा भवित भएपछि नै मनको शान्ति पाइन्छ । यतिखेर मेरो मनको कृष्ण त्यही गुलाबी कुर्थाभित्र लुटुपुटिएको छ त म के गरूँ । म यसमै प्रसन्नचित्त छु । हे भगवन् ।

म आफ्नो भ्यालबाट हेर्छु भ्यालबाहिरको भ्यालमा । उनी कतै हराएकी छे । कस्तो खल्लो खल्लो छ समय ।

समय खल्लो भएपछि हातको चिया पनि खल्लो हुँदोरहेछ । चलाइरहेको मोबाइलका सामाजिक सञ्जालहरूमा पनि कोही साथीहरू नभेटिँदारहेछन् । आफैंले सजाएको कोठो पनि भद्रगोल हुँदोरहेछ । सडकबाट केवल गाडीका ट्याँ ट्याँ र टुँ टुँ मात्र आइरहदारहेछन् । पिसलिलीमा फुल्दैनन् सेता फूलहरू । मुर्झाउँदोरहेछन् स्नेक प्लान्टहरू । लक्की बेम्बोमा टुसाएका लक्कीहरू कता हराए ?

एक दिन मैले शोभालाई थाहा नपाए झैं गरी सोधें– "बुढी, आजकाल त्यो टहरामा कस्ता मान्छेहरू बसेका छन्, हँ ?"

बुढीले भनी, "एउटा कोठामा आमा र छोरी बसेका छन् । अर्को कोठा खाली छ ।"

"असलै मान्छे छन् कि कसो ? बिहानै सुमधुर भजनहरू बजाउँछिन् त ?" मैले थप अनभिज्ञता दर्साएँ ।

शोभाले सविस्तार बताई, "गोर्खाकी रहिछे । एउटा प्राइभेट स्कुलमा काम गर्ने रे । छोरीलाई पनि त्यहीँ एक कक्षामा पढाउँछे रे । सफा सुग्घरमा एक नम्बर । बुढा मलेसिया गएको र उतै अर्कैसँग घरजममा मस्त छ रे । नाम चाहिँ भूधरा हो रे ।"

शोभाले चामलको बोराको धागो उधारे झैँ रय्यारर्र एकै स्वासमा बोली । "कस्तो राम्रो नाम !" मैले मनमनै बोलेँ ।

तर आवाज निकालेँ, "दाउरी त म्युजिक लवर हो कि, कसो ?" "मलाई पनि त्यस्तै लाग्छ । आधुनिक, लोक, पप, फिल्मी र भजन जे बजाए पनि पूरै मेलोडिएस सङ्सृहरू मात्र बजाउँछे ।" शोभा फुस्फुसाई ।

मैले यही मौकामा प्वाक्क बोलेछु, "मोरीको जिउ र नाम कस्तो राम्रो, हई ?"

पुनः थपेँ, "यस्ती सफा सुग्घर र सुशील नारीलाई त कोठा खाली भएको बेला मौका छोपेर आफ्नै घरमा राख्न पाए हुने ।" मैले आफ्नै मनको लड्डुलाई माघे घिउसँग क्वाप्प मुखमा हालेँ । "ल ल भो, रूप र नामतिर सवारी नहोस् महोदय । अनि नजाने गाउँको चासो नलिनू ।" बुढीले मेरो गालामा प्याट्ट हिर्काएर आँखा तर्दै किचनतिर लर्किई ।

ओहो ! यो पुरुष मनले पनि के के सोच्छ सोच्छ, बाबै !! अनि नारी मन चाहिँ बिनाप्वाकमा अनेक शङ्का गर्ने । कतै शङ्कै शङ्कामा लङ्का जले । यसरी वर्षौंदेखि बनिबनाउ गरिएको सुन्दर परिवार त चकनाचुर पो हुने रहेछ । म कल्पनामा नै कहालिन्छु ।

मैले आफैँले आफैँलाई सहानुभूति दिएँ । श्रावणको भेल झैँ मेरो फोहोरी मन एक निमेषमै शरदीय नदी झैँ शान्त र सौम्य भयो ।

दिन छ शनिबारको ।

आज पनि म भ्यालकै छेउमा छु ।

भ्यालबाहिरको भ्यालबाट गुञ्जिरहेका छन् सुमधुर फिल्मी गीतहरू–

"शनिबारको दिन
बिहानी पख
देखेँ मैले एउटी सुन्दरीलाई
त्यो रूपकी रानीले मोहनी लगाई मलाई...'

यो गीत त मैले पहिले पनि धेरै चोटि सुनेको थिएँ । राम्रो त लाग्थ्यो तर यसरी हलचल भएको थिइनँ । आज भने गीत सुनेर पूरै हलचल भएँ । भूकम्प जान भूगर्वभित्रका चट्टानहरू सर्नै नपर्ने रहेछन् । एउटा सानो मन चल्मलाए पुग्दो रहेछ ।

म जुरुक्क सोफाबाट उढ्छु । पर्दालि भ्यालका सिसाहरू पोस्छु । फेरि थचक्क बस्छु । भित्तामा झुन्डाइएको ऐनामा आँखा पोखिदिन्छु । टिसर्टको कलर हल्का दोब्रिएको रहेछ । मिलाउँछु । कपको तातो पानी सुरुप्प सुक्र्याउँछु । भ्यालबाट बाहिरी भ्याल हेर्छु । र, पुनः निरश हुन्छु ।

गीतहरू बजिरहेकै छन् । तर अझै बरन्डामा कतै नायिका चलमलाउँदिनन् ।

आँखा तान्छु आफ्नै । घडी हेर्छु आफ्नै । दिनको ठिक १२ बजेको छ आफ्नै । कस्तो भूतले खाजा खाने समय जो चलेको छ ।

"विचरी भातेनिद्रामा परी होला ।" म अनुमान लगाउँछु र आफैँ मनलाई ढाडस दिन्छु । मन न हो मानिदिन्छ ।

तर आफ्नै आँखा मान्दैन । ऊ केही खोजिरहन्छ भ्यालबाहिरको भ्यालतिर । दाउरी उर्फ भूधरा देखिन्छे कि भन्ने विकल आशमा छु तर अहँ कतै देखिन्नन् । फेरि मन बुझाउँछु, महिलाको शरीर न हो, छ नै दिन खटिन्छे बिचरी । थाकी र आराममा पल्टिहोली ।

आज म पूरै व्यग्रतामा छु /छटपटीमा छु । आँखा कोठामा थिर छैन । हुत्तिरहन्छ भ्यालबाहिरको भ्यालतर्फ ।

देखिन्छ– भ्यालबाहिर रित्तो बरन्डा । देखिँदैन मेरो मनको भरिपूर्ण नायिका– भूधरा ।

नियाल्छु फेरि, भ्यालबाहिरको भ्याल । त्यहाँ भ्यालबाट बरन्डाको पूर्वी कुनाको फलामे पोलसम्म टाँगिएको छ एउटा नाइलनको डोरी । त्यही डोरीमा सुकाइएका छन् केही कपडाहरू । मैले यसरी आफ्नै कौसीमा सुकाइएका आफ्नै कपडाहरूमा पनि आँखा गाडेको थिइनँ । आज के भइरहेको छ मलाई ? केही त भएकै छ । म गन्छु कपडाहरू जो भ्यालबाहिरको भ्याल वरपर टाँगिएका छन् ।

गन्छु क्रमशः

१,२,३,४ पूरै ९ छन् ९ ।

मिलाइएर सुकाइएका छन् कपडाहरू ।

पहिला छोरीको– कफी रङ्गको स्कुले फ्रक, सेतो सर्ट, कफी रङ्गकै टाई, एक जोर सेतो मोजा त्यसपछि छन् भूधराका वस्त्रहरू– क्रमशः गुलाबी कुर्था, सेतो सुरुवाल, सेतै सल, खरानी रङ्गको बुटिस र गुलाबी पेन्टी ।

म झननननन्न हुन्छु गुलाबी पेन्टीमा । आँखाहरू एकटकले त्यही च्याप्पिइरहन्छन् । इलास्टिक हल्का लुज हो कि ? कम्मर त छिनेको छ त । उत्ताउलो मन उत्ताउलिन्छ । पूरै आफैँले नापे झैँ सोच्छु । एक क्षण एक टकले हेरिरहन्छु । हावाको सानो झोक्कामा हल्का फरफराउँछन् सुकाइएका कपडाहरू तर मेरा दुई चोर आँखाहरू गुलाबी पेन्टीमा मात्र पुगिरहन्छ । गुलाबी पेन्टी हावाको झोक्कामा उत्तर र दक्षिण हल्लिरहन्छ, सुस्तरी ।

धत् । यो मन ।

छ्या ! मेरो पुरुष मस्तिष्क ।

म गाली गर्छु आफैँलाई । बुढी एकटकले कोटीहोमको वाचन हेरिरहेकी छिन् टिभीमा । भारतीय भूभागमा सुप्रख्यात भएकी नेपालीमूलकी चेली श्रीमद्भगवद्गीताको सुप्रसिद्ध कथावाचिका देवी प्रतिभा भनिरहेकी छिन्, "प्रेमले बोलो ना ... राधे ! राधे !!'

मनै त हो, पुरुषको मन पुनः बतासिन्छ ।

म मनमनै प्रेमले बोल्छु, "भूधरा ! भूधरा !!'

फेरि आज पनि बिहानै उदाएको छ निरस घाम जगाडोलबाट । न कुनै रङ्ग, न कुनै गति । कपन गुम्बा हुँदै नारायणथान पाखातिर काला बादलहरू मडारिएका पनि छन् । हेर्छु नागार्जुन र मुड्खु पाखो । कतै पनि बिहानीको सुमधुर लाली छैन । स्वयम्भूको थुम्कोलाई बादलले छोपिदिएको छ । झोरको पाखोभरि मडारिएका छन् हुस्सुका हुलहरू । त्यही हुलले पुरिएको छ गुर्जेभञ्जाङ्ग । यता सधैँ बिहानै देखिने मलेवाहरू आज कता छन् पत्तो छैन् । शोभा जुम्बातर्फ नहिँडेर पेट थिच्दै पल्टिरहेकी छे । म पनि यतिखेरसम्म त तातोपानी पिई ब्याटमिन्टन खेल्न हिडिसक्थ्यैं तर आज दिन नै उल्टो छ कि कसो ? केही चलाएमान नै छैनन् ।

बुढो कौवा टहराको सुरमा बसेर करायो– काग ! काग !! अहिले कागले कराउँदा कसले "शुभ शुभ बोल" भन्ने ? म चुपचाप भ्यालबाहिरको भ्यालबाट आउने मधुर सङ्गीतका धुन खोज्छु । आज किन घन्किएन– "एक दिन मैले प्रभुलाई सोधैं ..." भजन ?

कता निदाए भक्तराजहरू ??

बरु आयो भ्यालबाट ट्याक् ट्याक् र टुक् टुक्का आवाज । आए रोक्की रोक्की रित्ता भाँडाहरूको बेसुरा आवाजहरू ।

बिहानको ५ बज्यो । ६ बज्यो । क्रमशः ७ र ८ पनि बज्यो । म भ्याबाट बाहिरको भ्याल हेरिरहेकै छु ।

सधैँ उदाउने द्वितीयाको जून आज यति बेलासम्म उदाएको छैन । समाचारहरूले देशैभरिका बाढी पैह्रोको समाचार सबैलाई सुनाइसक्यो । राजनीतिका अनेक दाउपेचहरू आआफ्ना स्वार्थ अनुसार बजिसके । नेप्सेको साँढेले हिँडेको उकाली र ओरालीको चर्चा परिचर्चा चलिसक्यो । विदेशका खबरहरू चियाकपमा छिरिसक्यो तर मेरो मनमा बगेको पहिरोको समाचार न भूधरालाई थाहा छ न शोभालाई । कसरी सुनाम यो समाचार । म छटपटीले हैरान छु । ९ बजे भ्यालबाहिरको भ्याल खुल्यो । सँगैको टिनको ढोका खुल्यो । र, खुल्यो भूधराको अनुहार ।

मैले मेरै भ्यालका पल्लाको सिसाबाट हेर्दैं भूधरालाई । थाकेको उसको अनुहारमा केही खुसीहरू सल्बलाएको प्रस्ट देखिन्थ्यो । ऊ भित्र/बाहिर गरिरही । केही खोजेकी पक्कै छे उसले । कसैलाई मोबाइल कल गर्छे । उठ्दैन । हैरान हुन्छे । भित्र छिर्छे । फेरि बाहिर निस्कन्छे ।

म मेरै भ्यालबाट भूधरालाई हेरी हैरान भएको छु ।

"हैन यो दाउरी के खोजिरहेकी छे ?" म प्रश्न कस्छु आफैँलाई तर उत्तर भए पो । फेरि रन्थनिन्छु र मनको बेचैनी र कौतुहलसहित एकटकले हेरिरहन्छु भूधराको गतिविधि ।

एकमन त लाग्छ, गएर सोधौं, "के समस्या पऱ्यो, भूधरा ?" अर्को मन भन्छ, "कहिल्यै नबोलेको महिलासँग बिहानै कसरी बोल्छस्, दीप ?"

मेरो मनले केही गर्ने आँट दिएन । तसर्थ चुपचाप हेरिरहैं भ्यालबाहिरको भ्याल ।

हेर्दा हेर्दै दुई जना नयाँ मानिस आए । भूधराको कोठाभित्र छिरे र निस्किँदा भूधराले रातो प्लास्टिकको बाटालाई ह्याट झैँ लगाएकी थिई । कसैले चारपाइका खुट्टाहरू बोके । कसैले डस्ना र भाँडाकुँडा बोके । कसैले भरिएका जेब्राझोला बोके र मेरै घरको सामुन्ने गल्लीबाट लावा लस्कर लगाएर भित्र छिरे ।

आबुई ! आफ्नै मलामी हिडे झैँ बीभत्स दृश्य । बाबियोको डोरीले तनक्क कसेको मुर्दा बनेको छ मेरो मन । चेतनाशून्य ।

"अरे ! भूधराले कोठा सरिछे ।" मैले अनायास बोलैं ।

"अनि के भो त ?" शोभाले मलाई हाँस्दै सोधी ।

"बिहानै मधूरतम भजन सुनाउँथी ।" थपैं, "कता सरिछे, दाउरी दुई महिनै नटिकी ?"

"पन्तको घरमा ।" शोभाले सहजै भनी ।

"मोरा पन्त । सुगरले मज्जासँग गालिसक्यो तर पनि कोठाभाडामा भने राम्री युवतीहरूलाई छानी छानी राख्छ । चुम्बकको ठुलो डल्लोले ससाना किलाहरू ताने झैँ किन अरूको घरमा बसिरहेकी आइमाईलाई आफ्नै घरमा तानिरहन्छ ? असत्ती ! यस्ताको त प्यारालाइसिस् भएर एक हर नै नचल्नु नि । कुनै दिन मोरालाई बात लगाएर पुलिसथानामा लगेको देख्नुपर्ने भइसक्यो ।"म आफ्नै तालमा बर्बराउँछु ।

"हैन, के भयो हजुरलाई ? किन बर्बराएको ?" शोभाले मेरो मनस्थितिलाई नियाल्दै बोली । "हैन, दुई महिनै नटिकी किन सरिछे भूधराले कोठा ?" मैले मेरो चासोलाई ह्वात्तै बाहिर पोखैं । "पन्तका बुढाबुढीको खासै मिल्ती छैन रे । पन्तीनीलाई साथी हुन्छ भनेर लगेकी रे । अनि कोठाभाडा पनि तिर्न नपर्ने भनेपछि, को बसिरहन्छ यो नाथे टहरोमा ।" शोभाले फर्सीको मुन्टा केलाउँदै भनी । "बढो नक्कले छ त्यो मोरो पन्त । पछि केही तलमाथि भयो भने टोलै गन्हाउँछ ।" मैले आफ्नो हीनग्रन्थी पोखैं ।

"भो नकुरा गरौं । हजुर पनि कम्ताको नक्कले त हुनुहुन्न, भो ।" शोभाले मलाई फर्सीको मुन्टाले गालामा झटारो हान्दै भनी । म जुरुक्क उठैं र पूर्णकदको ऐना सामुन्ने आफूलाई ठिङ्ग उभ्याएँ ।

ऐना भन्दै थियो, "एउटा नक्कले, करिब दुई महिनामा नै खर्लप्पै गलेछ । यो सब भूधराकै राप र तापले हो ।"

मैले दुई चोर आँखाहरूले भ्यालबाहिरको भ्याललाई पुलुक्क नियाँले । त्यहाँ अब भूधरा त थिइन तर भूधराको राप र तापको भुङ्ग्रो भने अझै बाँकी नै थियो । थाहा छैन यो भुङ्ग्रोले मलाई अझै कति गलाउने हो ? हरे ! ■

विनिमय

आँखाभरि धनबहादुरको प्रतिशोधको ज्वाला नदन्केको पनि होइन ।
प्रतिउत्तरमा फर्काउने जवाफ मुखाभरि नआएको पनि होइन ।

बिर्खे अञ्जान

फुङ्ग उडेको डाँडा छ । त्यसमाथि फाट्टफुट्ट सल्लो र उतिस झाँगिने प्रयत्न गरिरहेको छ । बिचमा सानो घर छ । खरले छाएको तर सुन्दर । आँगनको डिल तलतिर पाखो वारि छ, पहँलै तोरी फुलेको । आँगनको डिलमा एकोहोरो टोलाइरहेछ- एउटा अधबैंसे युवक । कमिज सुरुवाल ठाउँ ठाउँमा प्वाल परेका छन् । कतै प्वाल टालिएको छ त कतै प्वाल ह्वाङ्गै छ । कपाल जिङ्गरिङ्ग परेको छ । अनुहारमा कुनै उत्साह देखिँदैन । आँखाभरि निराशाका बादल मडारिएको झैँ देखिन्छ । कैले दुबै हात कमिजको बगलीमा पुग्छन् त कैले कपाल कन्याउनमा व्यस्त रहन्छ । यताउता डुलिरहन्छ कैले तल कैले माथि । लाग्छ ऊ जिन्दगी होइन, समस्याको पहाड चढिरहेको छ ।

"धने ! ए धने !! तँ जिम्दै छस् ?" अचानक यस्तो आवाज गुन्जन्छ । ब्रेक फेल भएको मोटर भिरबाट खसे जस्तो ऊ यताउता हेर्छ । हठात् तगारोमा बलबहादुर देख्छ । अनकनाउँदै बा... बाँचेकै छु । मलिलो स्वरमा जवाफ फर्किन्छ । हेर हेर लाजै पचाएर बाँचेकै छु पो भन्दोरहेछ । तँ बाँचेकै भए यत्रो दिनसम्म कहाँ मरेको थिइस् बज्या ! गोरुले ढुटो खाए झैँ खाएपछि तिर्नु पर्दैन चामलको पैसा ? तिर्न नसक्नेले किन खानु नि । साग खाएको दाँत देखाएर बेलैमा तिर्छु, केही शङ्का गर्नु पर्दैन भनेको होइन तैले ? एक पटक होइन, दुई पटक होइन पटक पटक झुक्याउनेको पनि हद हुन्छ नि । दुई साल पर्खिसकेँ, तैपनि अत्तोपत्तो छैन ए गाँठे । स्वास्नी छोराछोरी पाल्न नसक्ने नामर्दले त बाँच्नुभन्दा मरेकै जाति हुन्छ । तँ बज्या यो धर्तीको बोझ मात्रै हो । घाँस खानको गाह्रोले मान्छे भएर जन्मिएको पातकी । आफूभित्रको सबै आक्रोश बलबहादुरले एकै पटक पोख्यो ।

आँखाभरि धनबहादुरको प्रतिशोधको ज्वाला नदन्केको पनि होइन । प्रतिउत्तरमा फर्काउने जवाफ मुखाभरि नआएको पनि होइन । आफ्नो स्वाभिमानमा दखल पुऱ्याउने त्यो वचनवाणको । तर आँखाभरि फैलिएको प्रतिशोधको राको आफूले बोकेको ऋण सम्झनेबित्तिकै पानी पानी भयो ।

के गर्छस् त धने ? साहु जङ्गियो ।

भएर नदिएको होइन । यस्तै पऱ्यो, काँबाट ल्याएर दिनु । धनबहादुरको मलिलो जवाफ फर्कियो । तेरो यस्तो समस्या त कति पटक पऱ्यो कति पटक गने साध्य छन् । म लामो कुरा जान्दिनँ, पर्सि आउँदा सबै चुक्ता गरिनस् भने... । यतिन्जेलसम्म साथीको नाताले छोडिदिएको हुँ ।अब पर्खिन सक्दिनँ बुझिस् ? गतिलो ध्वास छोडेर फर्कियो बलबहादुर ।

वास्तवमा भन्ने हो भने धनबहादुर र बलबहादुर बाल्यकालका घनिष्ट मित्र हुन् । देउरालीमा लुकामारी खेल्ने कामदेखि लिएर

बिसौनीमा भारी बिसाएर चौतारीमा सुस्केरा फेर्ने काम समेतमा उनीहरू आपसमा छुट्टिँदैन थिए । मेलापात घाँस दाउरा र गोठालोमा डन्डिबियोदेखि लिएर छिमेकीको काँक्रो चोरेर पनि सँगसँगै खान्थे । समयको बग्दो गतिसँगै उमेरले पनि उकालो चढ्दो रहेछ । फलस्वरूप ओठमा जुँगाको रेखी बस्न थाल्यो । अल्लारे बैँसले क्रमशः पछ्याउन थाल्यो । अन्ततः दुई जना वैवाहिक बन्धनमा बाँधिए । घर व्यवहारले उनीहरूको सम्बन्ध बिस्तारै पातलियो । पचास सालको माहामारीले धनबहादुरका बाआमा, पाखो वारि र चौपाया सबै निल्यो ।

भएको जायजेथा प्राकृति प्रकोपले सिध्याएपछि धनबहादुरको जिन्दगीमा कालो बादल मडारियो । एक पेट खान र एक धरो लगाउन मुस्किल पर्न थाल्यो । बेलाबखत आउने चाडपर्वले त टुप्पी नै बिक्री भइसकेको थियो । उसको पनि शरीर रगतमासुले नै बनेको हो । सधैँभरि सन्चो र बलियो कहाँ भइरहन्छ र ? दैनिक गुजारा चलाउनेदेखि बिरामी हुँदा औषधी गर्नसमेत ऋण काढ्नुपर्ने बाध्यता जीवितै थियो । छोरी कुपोषणले ग्रस्त, श्रीमती पातली फुकिढल्न थिई । तर पनि गोरी, हिस्सी परेकी, जे लगाए पनि चट्ट सुहाउने राम्री थिई । सलक्क परेको कपाल, बदामे आँखा, गुलाबी ओठ देख्ने सबैले आँखा गाड्ने खालकी । बढ्दो महँगीले कमाएकाले धान्न मुस्किल । यसले धनबहादुरको साहु दिनदिनै बढ्दै थियो । साहुको भारी र कचकचले उसको टाउको खाइसकेको थियो । त्यही ऋणको भारी हलुङ्गो बनाउन ऊ उतिसको फेदमा बस्दै थियो । अचानक भुन्टीको चित्कार गुन्जियो ।

कालीका बा ! ए कालीका बा !! छिट्टै आउनुस् न । लौन कालीलाई के भयो ? फुर्सा आँखा पल्टाइसकी । मेरी कालीलाई बचाउ मेरो ईश्वर ! मेरो दैव !! भुन्टी छाँद हालेर रुँदै थिई । धनबहादुर दौडिएर हान्नियो । छोरीको अवस्था चिन्ताजनक देखेर उसको होसै गुम होला जस्तो भयो तर पनि आफूलाई सम्हालेर छोरीलाई बाहिर ल्यायो । केहीबेर हम्केपछि कालीको होस् खुल्यो । यतिन्जेलसम्म छरछिमेक जम्मा भइसकेका थिए ।

धने ! छोरीको होस खुल्यो । बेलैमा उपचार गरिस मने सन्तानको मुख देख्न पाउलास् हैन मने.. । गामको डाक्टरको केही लाग्दैन । सहर नै कुदाउनु पर्छ । वयोवृद्ध एक व्यक्तिले आफ्नो विचार व्यक्त गऱ्यो ।

हो त नि सहरै लानु पर्छ । यसको छोरी आज मात्रै

हैन, पहिल्यैदेखि बिरामी भएकी हो । आज त रोगले ग्रस्त बनाएछ । अर्कोले सही थाप्दै कुरा थप्यो ।

भूत, पिचास पो लागेको हो कि ? एक पटक झाँक्रीलाई देखाउँदा के नै फरक पर्ला र ? धर्मानन्द बाजेले तर्क पेस गरे ।

एकछिन सबैले बिरामीको अवस्थामाथि दृष्टि गरे । टुलुटुलु हेर्नु सिवाय अरू कुनै उपाय र सहयोग उनीहरूबाट भएन । सबैले जात्रा हेरे झैँ हेर्दै जाँदै गरे । साथमा धनबहादुरसँग फुटेको कौडी थिएन । ऋणकै भारी थाम्न नसकेको बेलामा यो आपत आइपर्दा आफ्नो खप्परलाई धिक्कार्न थाल्छ ।

कालीको बा अब के गर्ने ? के दशा आइलाग्यो नि । गरिबलाई त ईश्वरले पनि हेला गर्दा रहेछन् । हामीलाई मात्रै कति दुःख दिन सकेका । मोरी छोरीलाई जसरी भए पनि बचाउनु पर्छ । कुनै न कुनै उपाय निकाल्नुस् न । भुन्टीले खसमसामु बिन्ती गरी ।

म के उपाय निकाल्न सक्थे र । ऋण मागेर सहर पुऱ्याउँ भने कसले दिन्छ र मलाई । पहिल्यैको ऋण तिर्न सकेको छैन । भएको जायजेथा बेचौँ भने पचास सालले खाइहाल्यो । भएको भए किन ऐले भतुवा भएर अरूको अधिया कमाउनु पथ्र्यो र ! अब उहीँ ईश्वरमाथि भरोसा गर्नु सिवाय कुनै विकल्प छैन । धनेले आँखाभरि आँसु पार्दै छोरीलाई सुम्सुम्याउँदै भन्यो ।

हैन, कालीका बा, छोरीलाई जसरी भए पनि बचाउनु पर्छ । मेरी छोरी बाँचिनन् भने म पनि झुन्डिएर मर्छु । सन्तानै छैनन् भने हामी कसका लागि किन बाँच्ने ? मेरी छोरी बाँच्छे भने म जे पनि गर्न तयार छु । ईश्वर मलाई उपाय देऊ । यति भन्दै भुन्टी जुरुक्क उठी र यताउता हेर्न थाली । लाग्थ्यो, उसको हेराइमा कुनै चिज हराएको छ । त्यही चिजको खोजीमा ऊ भौँतारिँदै छे । अचानक उसको आँखा तगारोमा पऱ्यो, जहाँ तुलामान टुलुटुलु अघिदेखि ती दुई जोडीको क्रन्दन हेर्दै थियो ।

केही रुपियाँ दिन्थ्यो कि तुलामान दाइले । दिई हाल्यो भने त... । खसमलाई इङ्कित गर्दै भुन्टीले भनी ।

बिचरी ! कस्तो सिकिस्त परेकी । अब त अस्पताल लानै पऱ्यो नि । बाँच्ने मान्छेलाई त्यसै मार्न त भएन नि । बाआमाको कर्तव्य पूरा गर्ने पऱ्यो नि कि कसो धने ? तुलामानले व्यङ्ग्य गर्दै भन्यो ।

हो हजुर । बाआमाको कर्तव्य पूरा गर्ने परिगयो नि तर... ।

तर पैसा छैन हजुर ! यही भन्न खोजेको हैन तँलै । के गर्छस् त धने ? मै हालिदिऊँ भने पहिल्यैको पैसा तिरेको छैनस् । कुकुरलाई मासु पैँचो दिए झैँ हुन्छ तँलाई पैसा ।

त्यसो नभन्नुस् न तुलामान दाइ । हामी तिरिहाल्छौँ नि । यो पटक चाहिँ सहयोग गर्ने पर्छ । भुन्टीले अल्तालिँदै भनी ।

फिर्ता के दिन्छेस् ?

के चाहिन्छ ?

साथ ।

कस्तो ?

अँगालोको ।

के तपाईं होसमा त हुनुहुन्छ ?

अवश्य म होसमै छु । तुलामान कहिले बेहोस हुँदैन । कसैले केही पाउने आशा गर्छ भने गुमाउने सामर्थ्य पनि राख्नु पर्छ । तेरो पनि त छोरी जस्तो बचाउने कुरो । ठट्टा छैन नि हो ।

एकछिन सबैले बिरामीको अवस्थामाथि दृष्टि गरे । टुलुटुलु हेर्नु सिवाय अरू कुनै उपाय र सहयोग उनीहरूबाट भएन । सबैले जात्रा हेरे झैँ हेर्दै जाँदै गरे । साथमा धनबहादुरसँग फुटेको कौडी थिएन । ऋणकै भारी थाम्न नसकेको बेलामा यो आपत् आइपर्दा आफ्नो खप्परलाई धिक्कार्न थाल्छ ।

मुखमा बिर्को लाग्यो भुन्टीको ऊसँग फर्काउने कुनै जवाफ रहेन । दुवै मौन टोलाइरहेका थिए । पहिलेका समस्या उनीहरूले जसोतसो टारेका थिए । तर अहिले भने उनीहरूको कुनै सिपै लागेन । धने स्तब्ध भएर टोलायो मात्रै । भुन्टी जुरुक्क उठी र तुलामानलाई हेरी । दुवैका आँखा हेराहेर भए । तुलामानको कुटिल मन भन्दै थियो– के गर्छेस् त लेनदेनको कुरा सन्तुलित हुनु पर्छ । एक हातले दिने अर्को हातले लिने । तुलामानको तुलो कैले तल कैले माथि हुँदैन, सधैँ बराबर हुन्छ ।

भुन्टीले आफ्नो खसमलाई हेरी । ऊ प्रतिक्रिया बिहीन शिर निहुऱ्याई बसिरहेको थियो । भुन्टीले केही भनिन् । धनेले केही बोलेन । भुन्टी भित्र पसी, सँगसँगै तुलामान पनि । भित्रबाट ढोका बन्द भयो ।

धनेको छातीमा भुइँचालो आयो । उसको मन मस्तिष्कमा विनाशकारी आँधी चल्यो । आँधी र भुइँचालोलाई प्रस्फुटन गर्न चिच्याउन खोज्यो । चिच्याउनुपूर्व उसका आँखा छोरीमाथि पऱ्यो । तत्कालै उसको रिस र प्रतिशोधको ज्वाला सामसुम निभ्यो । बलिरहेको आगोमा पानी खन्याय झैँ । आक्रोश आँसु बन्यो र झरिरहयो तप्प तप्प तप्प । ■

कर्णालीका डाक्टर अमृत

मिमबहादुर परियार

डाक्टर अमृत आएपछि दिनहुँ स्पेसल केसहरू आइरहेका थिए । हिजोको सुनसान स्वास्थ्यचौकी व्यस्त हुन थालेको थियो । हरबखत बिरामीको चहलपहल देखिन्थ्यो । बिरामीहरू निर्धक्क आफ्ना समस्या डाक्टर समक्ष राख्थे ।

प्राकृतिक नाताले कर्णाली नेपाली भूगोलकी आमा हुन् । उनी सभ्यता इतिहास र प्रकृतिकी अनुपम वरदान पनि हुन् । उनको रूप रङको व्याख्या गर्नुअघि एक जना अमेरिकी जुम्ली टमको कथन सुन्दा पुग्छ । सिएनएनमा रारा अलौकिक सुन्दरताको बखान सुनेपछि जोनाथन टम नेब्रास्काबाट काठमाडौँ आएछन्, दुई चार दिन काठमाडौँको कला सभ्यताको रसास्वादन गरेपछि उनी कर्णालीतिर गए । हप्ता दिन कर्णालीको तौरेतीर हिँडेका टम आठौँ दिनमा जुम्लाको गोठिजिउँला पुगेपछि उनले बाटो बिराएछन् । राराको सपना देखेका टम सिम्पाटी पुगेका रहेछन् । दायाँबायाँ हेरे, उनले तस्बिरमा देखेको भ्यालीबिचको विशाल ताल कतै देखेनन् । एकछिन उनी अलमल परे, नक्सा हेर्न थाले । बाटो बिराएको थाहा पाएपछि उनी निराश हुँदै सिम्पाटीको थुम्कोमा उभिए । एकछिनको निराशापछि उनका आँखा बग्दै गरेको नागबेली नदीमा परेछ । लगत्तै नदी किनारका खेतमा धानका बाला झुलेको देखेछन् । त्यसपछि बिस्तारै सेतो कमेरोले रङगिएका लस्करै बनेका बाडाले (टाँसिएर बनेका घर) ध्यान खिचेछ । टमले अचानक घाँटी तन्काउँदा माथि ढपक्क परेको जङ्गल, बिचबिचमा गुराँस फुलेको देखेछन् । सँगसँगै कान वरिपरि चिरबिर चराचुरुङ्गीको मधुर आवाज गुञ्जिएछ । रङ्गीबिङ्गी चराचुरुङ्गी रुखका टुप्पोमा बसेर सुसेल्दै गरेको पनि हेरेछन् । प्रकृतिको यो रूपले उनी छक्क परेछन् । एकछिन आँखा चिम्लेर सिम्पाटीको थुम्कोमा उभिए छन् । खै के भयो एकाएक उनले आफूलाई सिकन्दर भएको महसुस गरेछन् । म चरा झैँ बेग

मारेर उड्न सक्छु भनेछन् । उनले चिच्याएर भन्थें रे आइ एम द किङ आफ युनिभर्स, यो सृष्टि मेरो हो । उनी बारम्बार प्रकृतिलाई प्रश्न गर्थे रे । के यो मानिसको स्वर्ग हो ? एउटा ठाउँ कसरी सर्वगुणसम्पन्न हुन सक्छ ? सिम्पाटीको प्राकृति रूप देखेर टम त्यहीँ दिनदेखि सिम्पाटीमै बस्न थालेछन् ।

एउटा अनजान परदेशी, जसलाई के अपुग थियो र । ऊ आफ्नो वैभव त्यागेर कर्णालीको काखमा बस्न राजी भएको थियो । टम सबैलाई भन्थे रे सौन्दर्यको उत्तर खोज्न कर्णाली जानु पर्छ अनि थाहा हुन्छ । तिनै आमाका थुप्रै भौगोलिक सन्तानमध्ये सबैभन्दा कान्छी छोरी हुन् सिम्पाटी । उनी आकारले पहाड, इतिहास खोतल्दा खस सभ्यताकी जननी, नागराजको प्रिय थलो हुन् । उनको अर्को पनि विशेषता छ, सुन्दरताकी खानी । अक्सर सिम्पाटीलाई देखेर मानिसहरू प्रकृतिलाई प्रश्न गर्छन् टमले जस्तै । माता किन यस्तो ? सर्वगुणसम्पन्न एउटै ठाउँलाई किन ? प्रकृति आमा मानिसका गुनासा सुनेर एकछिन हाँस्छिन् । उत्तर सिम्पाटीमा चलिरहने मन्द गतिको वायुमार्फत दिन्छन् । जब सिम्पाटी मन्द गतिको ऊर्जामय हावा मानिसको मस्तिष्कमा ठोकिन्छ । त्यसपछि मानिसले स्वतः सन्देश थाहा पाउँछन् । सिम्पाटीमा उभिनु अनि थाहा हुन्छ मानिस किन यति डाहा गर्छन् भनेर ।

यिनै सुन्दरताकी खानी सिम्पाटीको वर्षौंको सपना पूरा भएको थियो । यहाँका मानिसले रोग दुःख पीडाबाट मुक्ति पाउने बाटो पाएका थिए । वैशाख १० गते सारा गाउँले स्वास्थ्यचौकीको आँगनमा थिए । सबैको मुहारमा खुसीसँगै आशा पनि देखिन्थ्यो । हिजोको पीडामा मलम लाग्ने अनुमान थियो । उता प्रकृति पनि गाउँलेको खुसीसँगै साथ दिइरहेकी थिइन् । स्वास्थ्यचौकी वरपरका धुपी सल्लाका रुखबिरुवा आफ्नै लयमा झुमिरहेका थिए ।

गाउँलेको सपना आशा र भरोसाले भरिभराउ आँगनमा चुम्मा काउ (काका) अर्थात् सिम्पाटीका नेता उद्घाटन गर्ने तरखरमा थिए । उनकै पहलमा गाउँमा स्वास्थचौकी स्थापना भएको थियो । चुम्मा काउ स्वास्थ्यचौकीका लागि कहाँकहाँ पुगेनन् । कसलाई मात्र गुहारेनन् । कतिसँग झगडा गरेनन् ? कैयौँ दिन राजधानीमा अनसनसमेत बसेका थिए । आज बल्ल उनको मेहनतले सार्थकता पाएको थियो ।

चुम्मा भाषणमा अक्सर सिम्पाटीको सुन्दरता र विज्ञानको चर्चा गर्थे । आधुनिक युगमा अस्पताल मानिसको आशा भरोसाको पहिलो र अन्तिम विन्दु हो । शारीरिक मानसिक गाह्रो अप्ठ्यारोमा मानिसले सम्झिने अस्पताल र डाक्टर नै हो । पछिल्लो शताब्दीमा मानिसहरूले आफ्नो आनीबानी र बुझाइमा ठुलो परिवर्तन ल्याएका छन् । अस्पताल र डाक्टरप्रति विश्वास र सम्मान बढाएका छन् । हिजोको कथाव्यथा र बाध्यता अर्के थियो । धेरै ठाउँमा विज्ञान एकादेशको कथा जस्तै थियो । धामीझाँक्री आवश्यकता नभई बाध्यता थिए । अन्योलभित्रको निर्विकल्प बाध्यता थिए । आज समय फेरिएको छ । आज हिजोभन्दा विकास भएको छ । हिजोको तुलनामा आज सजग छ । उनको कुरा सुन्दा वास्तविक पनि थियो । भाषणको बिचबिचमा गाउँलेले एकसाथ ताली बजाएर स्वागत र समर्थन जनाउँथें ।

स्वास्थ्यचौकीको भव्य तरिकाले उद्घाटन भयो । गाउँ पूरै खुसी थियो । गाउँले र सेता रङले सजिएको स्वास्थचौकी सेतो कोट लगाउने डाक्टरको पर्खाइमा थिए । विडम्बना गाउँको त्यो खुसी धेरै समय टिकेन । डाक्टर आज आउँछ भोलि आउँछ भन्दाभन्दै वर्षौं भइसकेको थियो । स्वास्थ्यचौकी रित्ताको रित्तै थियो । डाक्टर कुर्दाकुर्दै स्वास्थ्यचौकीका सेता भित्ता खुइलिसकेका थिए । भित्तामा झुन्डिएको सेतो कोट मैलिसकेको थियो । स्वागतका निम्ति उभिएका काला रङका ढोका फेरिएर खरानी रङमा बदलीएका थिए । खैर स्वास्थयचौकीलाई चाहिने दरबन्दीको डाक्टर सहरको कुनै गल्लीमा मस्त थिए होला । निजी क्लिनिकमा बिरामी जाँच्दै थिए होला । यता सिम्पाटी छट्पटी रहेको थियो । यद्यपि गाउँले अझै झिनो आशामा डाक्टरको पर्खाइमा थिए । कतिले भाकलसमेत राखे । यो कथा उनै चुम्मा काउको गाउँको कथा हो । कर्नालीसँग सम्बन्ध जोड्न कन्जुस्याइँ गर्ने तमाम डाक्टरमध्ये एक गाउँ प्रेमी डाक्टरको कथा हो ।

चुम्माका भाषण सुन्दा, स्वास्थ्यचौकी गाउँकै आँगनमा देख्दा आम मानिसले डाक्टरलाई भगवानै सम्झेका थिए । भगवान् रूपी डाक्टर पक्कै मानव सेवाका लागि सिम्पाटीमा आउनुपर्ने थियो तर भइदियो ठ्याक्कै उल्टो । केन्द्र सरकारले कैयौँ डाक्टरको दरबन्दी स्वास्थचौकीमा नराखेको होइन । धेरैलाई ताकेता गरेकै थियो । तथापि त्यस ठाउँमा कोही किन आएनन् त ? सहरको सुविधा, महँगो शुल्क निजी क्लिनिक सिम्पाटीमा कहाँ हुनु । सिम्पाटीसँग धनी मन थियो । प्रकृतिको वरदान र निष्कलङ्क मानिस थिए । थिएन त केवल डाक्टरले चाहेको पैसा । सहरमा बस्नेले यस्तो सुनाउँदा गाउँले टमलाई हेर्थे, आफ्नो भूगोल हेर्थे । उनीहरूलाई के लाग्थ्यो भने अप्सरा झैँ सुन्दर सिम्पाटी हेर्न डाक्टरको लावालस्कर लाग्नुपर्ने हो । आफ्नै देशका डाक्टरले, दाजुभाइको सेवामा खुसीका साथ आउनुपर्ने हो । विडम्बना ती निश्चल मनलाई के थाहा ? डाक्टर र विज्ञानको विकास भयो । असम्भव ठानिएका धेरै थोक सम्भव भए तर यो आधुनिक विज्ञान, विकास निश्चित ठाउँमा सीमित भयो र निश्चित स्वार्थको लागि भयो । आधुनिकता र स्वार्थले सेवाभाव र आवश्यकतालाई ओझेलमा पारिदियो ।

स्वास्थ्यचौकीको अवस्था र सहरियाका कुरा सुनेपछि गाउँलेहरूको डाक्टरी सेवा नपाइने भयो भनेर चिन्तित थिए । यति हुँदाहुँदै पनि यता चुम्मा काउ अक्सर प्रगतिशील कुरा सुनाइरहन्थे । उनको गफ सुनेपछि गाउँले भन्थे पनि आखिर नेता न हो, गफ दिन्छ धेरै । आफू सहर बस्छ । ठुला अस्पतालमा पस्छ । यहाँ हामीलाई यत्रो गफ दिन्छ ।

अस्ति तल्लाघरे नानुभाउ (सानुबाबु) बिरामी पऱ्यो । तीन दिनसम्म ज्वरो आयो । धामीले फुकफाक पनि गरेका थिए । उसको बुबाले धामीले भने अनुसार देवीलाई बोको चडाएकै थिए तर नानुभाउलाई उन्नाइसको बिस पनि भएन । केही सीप नलागेपछि नानुभाउलाई उसको बुबाले घरबारी साहुलाई धौरौटी राखेर नेपालगञ्ज गएका थिए ।

नानुभाउ जस्तै धेरैले स्वास्थ्यचौकी रित्तो हुँदा आआफ्नो घरबारी उपचारका लागि रित्तो पारिसकेका थिए । दिनहुँ जस्तो भइरहेका यस्ता घटनाले गाउँलेमा वितृष्णा जगाइसकेको थियो । धेरै गाउँलेले एक मन बनाइसकेका थिए । बिरामी जाँच्ने र डाक्टर बस्ने स्वास्थ्यचौकीलाई अब गोठ बनाउनु पर्छ भन्नेमा पुगेका थिए । कतिले हामी रगतपसिना बगाएर भए पनि हाम्रा सन्तानलाई डाक्टर बनाउँछौं । दूरदराज सिम्पाटी जस्तै ठाउँमा हामी जस्ताको सेवामा खटाउने छौं भन्थें । केही विद्रोही विचारधाराका मानिस रित्तो स्वास्थ्यचौकीलाई विम्बात्मक सङ्ग्रहालय बनाउनु पर्छ, राज्यलाई चुनौती दिनु पर्छ भन्थें ।

गाउँमा दिनहुँ यस्तै गाइँगुइँ चलिरहेको हुन्थ्यो । स्वास्थ्यचौकीमा डाक्टर नहुँदा मानिसमा छटपटी थियो । बसौंको आशाभरोसामा तुसारापात थुप्रिएको थियो । गाउँलेको रहर सपना एक थियो । भएको थियो अर्के । एक दिन अचानक वैशाखमै हिमपात भयो । त्यो पनि लगातार चार दिनसम्म । गाउँलेहरू घरभित्रै बसेका थिए । १७ गतेको दिन बिहानै सुनसान स्वास्थ्यचौकीको आँगनमा सेतो कोट लगाएको केटो देखियो । सूर्यको किरण ठ्याक्कै सेतो कोट लगाउने मानिसको मुहारमा बसेको थियो । सधैं सुनसान हुने ठाउँ त्यो दिन चहलपहल थियो । हाई काडेर बस्ने कर्मचारी यत्रतत्र छरिएर काम गरिरहेका थिए । पिउन सगुन ढोका छेउमा नेमप्लेट ठोकिरहेका थिए । डाक्टर अमृत 'भित्र' लेखिएको तामाको नेमप्लेट टल्किएको थियो । सुरक्षागार्ड रमा गेटमा उभिएकी थिइन् । त्यो दृश्य देखेर गाउँले अचम्म परेका थिए । यो डाक्टर को हो ? किन आयो ? सबैले नकारेको ठाउँमा स्विकार्ने यो जीव को हो ? गाउँले मनमनै अड्कल लगाइरहेका थिए । छिनभरमै गाउँमा ठुलो हल्ला चल्यो । सिम्पाटीमा डाक्टर आए । रित्तो स्वास्थ्यचौकी भरियो । अब हाम्रा दिन आए । हाम्रो उपचार घरछेउमा हुनेभयो । वीरमान एक्लै भनिरहेका थिए ।

डाक्टर आएको थाहा पाएपछि एक वृद्ध दम्पती रोगसहित आशा बोकेर स्वास्थ्यचौकी पुगेका थिए । उनीहरूको उमेर त्यस्तै ७०/८० वर्षको हुनु पर्छ । श्रीमतीको एक हातमा लट्ठी र अर्को हातमा श्रीमानको हात समाएकी थिइन् । बिस्तारै ती दम्पती डाक्टरको कोठामा पसे । बिरामी देख्नसाथ डाक्टरले गरेको अति नै मिलनसार व्यवहारले बुढाबुढीलाई आधा रोग यत्तिकै निको भएको जस्तो भएको थियो । कान नसुन्ने वृद्धको समस्या डाक्टरले निको हुने गरी उपचार गरिदिए । वृद्ध दम्पती खुसी हुँदै घर गए । बाटोमा वृद्धाले गाउँलेलाई सुनाउँदै थिइन् । हाम्मा (हाम्रो) गाउँमा भगवान्को पाइलो परेको छ । अब हाम्रा रोग बिरामी सबै निको हुने छ । हुन पनि सिम्पाटीमा सामान्य ज्वरोले मान्छेको घरबारी र ज्यान खाइरहेको थियो । मानिसहरू मृत्युलाई आत्मसमर्पण गर्न बाध्य थिए । डाक्टर गाउँमा देखिनु चमत्कार नै भएको थियो ।

डाक्टर अमृत आएपछि दिनहुँ स्पेसल केसहरू आइरहेका थिए । हिजोको सुनसान स्वास्थ्यचौकी व्यस्त हुन थालेको थियो । हरबखत बिरामीको चहलपहल देखिन्थ्यो । बिरामीहरू निर्धक्क आफ्ना समस्या डाक्टर समक्ष राख्थे । डाक्टर अमृत पनि हाँस्दै मिठो बोलीमा सोध्थें । डाक्टरको यो कला र स्वभाव देखेर गाउँले चकित पर्थे । डाक्टर भनेको यस्तो हुनु पर्छ, रोग पत्ता लगाउन साथी भैं बन्छन् । उपचार गर्दा अब्बल डाक्टर, भन्थें । उसो अमृत पनि जुनसुकै बेला उपचारको खातिर उपलब्ध हुन्थे ।

धेरैलाई थाहा थिएन डाक्टर अमृतको पुख्यौंली थलो सिम्पाटी नै हो भन्ने । तथापि अमृतले कसैलाई केही भनेका थिएनन् । उनी ठाउँभन्दा सेवामा रमाएका थिए ।

अमृत सिम्पाटीका लागि सुनबुकी भएका थिए । उनको हरेक छुवाइ गाउँलेलाई सञ्जीवनी भएको थियो । पहिले सिम्पाटीका मानिसहरू बिरामी हुँदा धामीझाँक्रीकहाँ जान्थे । कालो बोको, रातो भाले, राताकाला अक्षता, सेताकाला ध्वजा धामीलाई चडाउँथे । हुन पनि मानिससँग विकल्प थिएन तर हिजोआज गाउँको रूप फेरिएको छ । मानिस बदलिएका छन् । गाह्रोसाह्रोमा मानिसले बाटो फेरेका छन् । हिजो थान जाने गाउँलेका पाइला आज अस्पतालतिर जान थालेका छन ।

डाक्टर अमृतको चर्चा नेपालभर चुलिएको थियो । सबैले जयजयकार गरेका थिए । एक दिन अचानक अमृत स्वास्थ्यचौकीमा देखिएनन । गाउँमा ठुलै हल्लाखल्ला चल्यो । एकाएक गाउँका सबै मानिस स्वास्थ्यचौकीको आँगन आए । यस पटक उत्साह नभएर मानिस निराश थिए । हुलको बिचबाट मानिसलाई पन्छाउँदै पुनम काकी डाक्टर साहब... भन्दै कराइरहेकी थिइन् । स्वास्थचौकी पूरै शान्त थियो । एकछिनपछि भित्रबाट सेतो कोट लगाएकी महिला देखापरिन् । सबैलाई नमस्कार, म डाक्टर सविना भनिन् । हुलको बिचबाट एक जना वृद्धले भने नानी हाम्मा डाक्टर कहाँ गयाँ ? सविनाले भनिन्, "बुबा उहाँ पढाइका लागि बाहिर जानुभएको छ । केही समयपछि आउनुहुन्छ ।" यति सुनेपछि सबै चुपचाप भए । एकअर्कासँग मुखामुख गरिरहेका थिए । डाक्टर सविनाले भनिन् "अब म हजुर हरूको सेवा गर्ने छु । म पनि तपाईंकी छोरीचेली हुँ । मेरो विश्वास गर्नुहोला ।" गाउँलेले पनि जोडदार ताली बजाएर स्वागत गरे । ■

रहर

रन्जना पराजुली लम्साल

सधैँ जसो यस पटक पनि नयाँ वर्षका दिन स्वस्तिशान्ति पूजाका लागि सरजाम किन्न बजार निस्किएकी मोनाको बालसखा प्रेमासँग भेट भयो । "ओ हो मोना, के छ खबर ? धेरैपछि भेट भो नि !" बचपनका असाध्य मिल्ने साथी मोना र प्रेमा । एउटै सहरमा बसे पनि भेट चाहिँ कहिले माइतीमा, कहिले यस्तै बजारमा र म्यासेन्जरमा मात्रै हुन्थ्यो ।

"तैँले त फेसबुक चलाउन छोडिछस्, किन ?" आफ्नो आइफोन चलाउँदै प्रेमाले सोधिन् ।

"हेर्न प्रेमा, मोबाइल बिग्रियो नि ! बनाउन लगेको झन्डै नयाँ आउने पैसा पो भन्यो । होस् बिस्तारै नयाँ नै किन्छु भनेर फर्किएँ ।" "अब भिनाजुलाई आइफोन किनिमागे भइगोनी । नयाँ वर्षमा आइफोन पाउने भइस्, बधाई छ तँलाई ।" प्रेमाले हौस्याई । "रहर त छ नि आइफोनको तर व्यवहार टार्दाटार्दै ठिक्क छ ।"

"हुन त हो, खर्च कटौती गरेर भए पनि रहर पुऱ्या न । मैले त त्यसरी नै किनेको ।" केही बेरपछि दुवै छुट्टिए । मोनाले पनि प्रेमाले भने जस्तै खर्च कम गरेर रहर पुऱ्याउने सोच गर्दै सरजाम किन्न लागिन् । जे सोध्यो त्यही महँगो । अड्कलेको पैसाले नपुग्ने देखेर आइफोनको रहर मनभित्र दबाउँदै, "हैन, चाडबाड त आउनै हुँदैन । महँगीले आकाश पो छुन्छ त ! यस्तै हो भने रहर सपनामा पनि पुग्दैन होला ।" भन्दै मोना एक्लै बर्बराइन् । ख आमा पछाडिबाट छोराले अँगालो हाल्दै भन्यो । "मैले नगरपालिकामा सिभिल इन्जिनियरको जाँच दिएको थिएँ, नि पास भएँ । अब तपाईंका रहर सबै पूरा गर्छु ।" ■

इन्द्रिय सुख

किशन पौडेल

मन अत्यन्तै लोभी थियो । आफ्ना इन्द्रिय नियन्त्रणमा राखेर धन सङ्ग्रह आशक्त भयो । सारै पीडित भएपछि एक दिन शरीरका इन्द्रियहरूले मनलाई अनुनय गरे, 'हेर्नुस् मन तपाईं सारै कन्जुस्याइँ गर्नुहुन्छ । यो ऊर्जावान् जवानीमा हामीले न मिठो खान पायौँ, न राम्रो लगाउन पायौँ, न सुन्दर ठाउँ घुम्ने अवसर नै पायौँ । हामी हाम्रो नैसर्गिक अधिकारबाट वञ्चित भएका छौँ । तपाईंको दास भएर अब कतिन्जेल यसरी कुण्ठित भई बाँच्न सक्छौँ र ?' किरन्टोकी मनले भन्यो, हेर इन्द्रिय, यो सब मैले तिमीहरूकै भविष्यका लागि सङ्ग्रह गरेको धन हो । अहिले आफ्ना इच्छा र रहरलाई लगाम लगाएर राख । भोकप्यास, दुःख सहेर आफ्नो नित्य कर्म गर । एक दिन तिमीहरूको इच्छा अवश्य पूरा हुनेछ । कन्जुस मनको कुरा सुनेर इन्द्रियहरू लाचार हुँदै उसको निर्देशित काममा लागे ।

कालान्तरमा लोभी मनले सोच्यो मैले प्रशस्त धन, सम्पत्ति जोडिसकेँ । यो सङ्ग्रहित अकुत जायजेथा के गर्नु ? म मरेपछि कसले खान्छ ? अनेकौँ चिन्ता र डरले दुखित हुँदै मनले गम्भीर भएर विचार गऱ्यो । अब जिन्दगीमा रमाइलो गर्नु पर्छ । रमणीय ठाउँहरू घुम्नु पर्छ । मिठो र स्वादिलो खानु पर्छ । राम्रो पहिरन लगाएर हिँड्नु पर्छ । एक दिन मन पग्लिएर इन्द्रियहरूतर्फ फर्कियो र भन्यो, 'सुन, इन्द्रियहरू हो, म अब तिमीहरूको दमित इच्छालाई पूर्ण गर्ने छु ।'

कान अधीर भइसकेको थियो केही सुनिरहेको थिएन । दृश्यमा रम्ने आँखाहरू धुमिल थिए । स्वादमा आशक्त रसनेन्द्रिय (जिब्रो) मौन थियो । सुखभोगमा लालायित इन्द्रिय निष्क्रिय र अल्छी भइसकेका थिए । मन भने अझै जवान थियो । ■

हेटौँडा, मकवानपुर

टापु

सूर्यास्त हुनै लाग्दा ऊ बिउँझियो ।
ऊ जोडले भोकाएको हुँदा भोजनको खोजीमा निस्क्यो ।

कारेल चापेक

कारेल चापेकलाई आधुनिक चेक साहित्यका प्रवर्तक मानिन्छ । उनका कथामा प्रकृति र मानव जीवनका विभिन्न पक्षको अनौठा सङ्गम पाइन्छन् । चापेकको जन्म ९ जनवरी १८९० मा भएको थियो । दर्शनशास्त्रमा विद्यावारिधि गरेका चापेकका लगभग १५ पुस्तक प्रकाशित छन् । २६ डिसेम्बर १९३८ मा निमोनियाका कारण उनको निधन भयो ।

एक समय लिस्बनमा डोम लुइज डी फारिया नाम गरेको व्यक्ति बस्थ्यो । जहाजमा चढेर उसले सारा संसार भ्रमण गऱ्यो । उसको मृत्यु एउटा यस्तो सुनसान टापुमा भयो, जसको चित्रण गर्न असम्भव छ । उसले सामान्य जिन्दगी बितायो । कसैलाई हानिनोक्सानी नगरी उसले आफ्ना सबै इच्छा पूरा पनि गऱ्यो । उसले आफ्नै मर्जीले जीवन बाँच्यो । केही वर्षपछि उसलाई जिन्दगीदेखि वाक्क लाग्न थाल्यो । त्यसपछि उसले आफ्नो सारा सम्पत्ति पैसामा परिणत गऱ्यो अनि जहाज चढी विश्व भ्रमणमा निस्क्यो ।

पहिले ऊ क्यान्डी, बेरुत, इजिप्ट र प्यालेस्टाइनको यात्रामा निस्क्यो । कहिलेकाहीँ उसको भेट आफ्नो गाउँलेसित हुन्थ्यो । जन्मभूमिका बारेमा सोध्दा उसका आँखामा आँशु छचल्किन्थ्यो । समुद्रमा यात्रा गर्दैगर्दा एक दिन अचानक आएको तुफानका कारण जहाज जोडले हल्लिन थाल्यो । तेस्रो दिन जहाज मुगाको चट्टानसित ठोकियो । समुद्री छालले उसलाई पानीमा बग्दै गरेको तख्तामा फ्याँकिदियो । ऊ बेहोस भयो । होस फिरेपछि उसलाई थाहा भो ऊ त तख्तामा पो बग्दै रहेछ । आफू जीवित रहेकामा ऊ खुसी भयो । तख्तामा बग्दाबग्दै ऊ थाकिसकेको थियो । तेस्रो दिन उसले एउटा सुन्दर टापु देख्यो । उसले टापुमा कदम राख्यो । त्यति नै बेला केही जङ्गलीहरू हल्ला मच्चाउँदै झाडीबाट बाहिर निस्के । अनौठो आवाज सुनेर ऊ डरायो र प्रार्थना मुद्रामा बालुवामा घुँडा टेकेर बस्यो । थकाइले गर्दा ऊ समुद्र किनारमै सुत्यो ।

सूर्यास्त हुनै लाग्दा ऊ बिउँझियो । ऊ जोडले भोकाएको हुँदा भोजनको खोजीमा निस्क्यो । चट्टानको पल्लो छेउ पुग्दा उसले जङ्गलीहरू घेरा बनाई खाना खाँदै गरेको देख्यो तर उसलाई भिखारीसरह मागेर खाने आँट आएन । त्यति नै बेला एउटी केटीले उसको सामु फलफूलको टोकरी ल्याएर राखिदिई । भोकको झोकमा ऊ खपाखप खान थाल्यो । केटीले पानी पनि दिई अनि उसले खाएको हेरिरही । खानेकुरा दिएकोमा उसले केटीलगायत अन्यलाई मिठो शब्दमा आभार प्रकट गऱ्यो । त्यो जङ्गली केटी उसका कुरा खुब ध्यान दिएर सुनिरहेकी थिई । रात्रि भोजनपछि जङ्गलीहरू जङ्गलतर्फ लागे । लुइज एक्लो पऱ्यो । केटीलाई उसले आफ्ना सारा सुखदुःख सुनायो । उसले खुब ध्यान दिएर

सुनी । कुरा गर्दागर्दै दुवै जना बालुवामै निदाए । बिहान उठ्दा केटी गायब थिई । बालुवामा उसका पाइलाको निसान मात्रै थियो । ऊ समद्रको किनारै किनार टापु हेर्न निस्क्यो । उसले जति टापु देख्यो ती सबै सुन्दर थिए ।

दोस्रो दिन टापुको चक्कर लगाउने क्रममा हराएकी केटीसित उसको भेट भयो । दिनभरिको यात्रा अनुभव सुनाउँदै गर्दा दुवै जना भुसुक्कै निदाए । भोलिपल्ट बिहान दुवै जना चट्टानमाथि बसेर क्षितिज हेर्न थाले । लिस्बनको स्वच्छ वातावरण, प्रेम प्रसङ्ग, समुद्र यात्राको सुन्दर पलको आनन्द लिन लुइजले आँखा बन्द गऱ्यो । आँखा खोली हेर्दा उसलाई केटीको शारीरिक बनावट बहुत सुन्दर लाग्यो ।

त्यसपछि ऊ अक्सर चट्टानमाथि बसेर जहाजको प्रतीक्षा गर्न थाल्यो । कहिलेकाहीँ जङ्गलीहरू उसलाई घेरा हालेर बस्थे । तिनैले लुइजको भोजनको व्यवस्था पनि गर्थे । वर्षाको मौसम सुरु भएपछि लुइज केटीकै झुपडीमा बस्न थाल्यो । एक अर्काको भाषा नबुझे पनि उनीहरू सँगै खाने, सँगै सुत्ने गर्थे । नजानिदो पाराले लुइज जङ्गली केटीप्रति आकर्षित हुँदै गयो । एक दिन गर्मीयाममा लुइज घना जङ्गलमा घुम्दै थियो । एक रहस्यमय आवाजले उसलाई व्याकुल तुल्याइदियो । डराएर जगलबाहिर निस्की हेर्दा उसले समुद्र तटमा जहाज देख्यो । ऊ दौडिँदै त्यहाँ पुग्यो । जहाजका नाविक र अधिकारीहरू उसकै भाषा बोलिरहेका थिए । ऊ डराएको देखेर एक अधिकारीले भन्यो, "डराउनु पर्दैन । यो निकै दुब्लाएको रहेछ । यसका लागि मासु र रक्सी ल्याइदेओ । तिमी यहाँ बसेर आफ्ना भावना व्यक्त गर्न सक्छौ ।" त्यसपछि सबै नाविकले आआफ्नो घर, परिवार, प्रेमिका सम्झेर गीत गाए । आफ्नो जातिका मान्छेसित बसेर गीत सुन्न पाउँदा लुइजका आँखाबाट खुसीको आँशु बहिरहेको थियो । उसलाई यो सब सपना जस्तो लागिरहेको थियो । अन्तमा वृद्ध अधिकारीले भने, "हेर तिमी हाम्रो मित्र हौ । हामी अब टापु निरीक्षण गर्न जान्छौं । तिम्रो केही सामान लानु छ भने ठिक पारिराख्नू अनि साँझसम्म यहीँ पर्खि बस्नू ।"

नाविकहरू यताउता लागेपछि लुइज केटीको झुपडीतिर लाग्दै गर्दा उसले सोच्यो, कसरी केटीसत बिदा माग्नु, कसरी उसलाई बिर्सनु । विगत दस वर्षदेखि ऊ केटीसित थियो । उसले लगाएको गुनप्रति कृतज्ञता प्रकट नगरी कसरी जानु । यस्तै यस्तै आत्ममन्थन गर्दै ऊ केटीको झुपडीभित्र पस्यो । उसले केटीलाई आफू जसरी भए पनि जानै पर्ने कुरा बतायो । छिटै फर्की आउने वाचा पनि गऱ्यो । केटी ध्यानपूर्वक उसका कुरा सुनिरहेकी थिई । जहाज आफूलाई छोडेर हिँड्न लागेको चाल पाएपछि ऊ समुद्र तटतर्फ दौडियो ।

त्यहाँ कोही नभेटेपछि लुइज केटीलाई सम्झाइबुझाइ गर्न फेरि झुपडीतिर लाग्यो । झुपडीको छिद्रबाट ऊ भित्र चियाउन थाल्यो । उसले देख्यो केटी उसका लागि भोजन ठिक पार्दै थिई । उसका लागि राम्रा राम्रा फलफूल ठिक पारेर उसैलाई पर्खिरहेकी थिई । त्यति मात्रै होइन लुइजका लागि ओछ्यान पनि ठिक पारेकी थिई उसले । यो सबै देखेको लुइजलाई लाग्यो कि केटीको सबै आकाङ्क्षा पूरा गरिदिनु पर्छ । त्यसैले लुइजले खाना खाएर केटीसित सुत्ने निर्णय गऱ्यो ।

सूर्यास्त हुने लाग्दा नाविकगण रमानाका लागि समुद्र तटमा जम्मा हुन थाले । लुइज मात्रै थियो त्यहाँ अनुपस्थित । तिनले उसको खोजी गरे, बोलाए । तर ऊ भाडीभित्र लुक्यो । डरले उसको मुटु ढुकढुक भयो । नाविकहरू निराश भएर हिँडेपछि ऊ झुपडीतिर दौडियो । विचरा केटी उसैलाई पर्खिरहेकी थिई । खाना खाएर लुइज केटीसितै सुत्यो ।

भोलिपल्ट सूर्योदय हुनासाथ लुइज ढोकामा उभिएर समुद्रतिर हेर्न थाल्यो । जहाज हिँड्दै गरे जस्तो लाग्यो उसलाई । केटी उसको छेउमै सुतेकी थिई । दुवैका आँखामा आँशु थिए । लुइज सानो स्वरमा कविता गुन्गुनाइरहेको थियो जुन, एक्लोपनको पीडाले भरपुर थियो । यस्तो लाग्थ्यो मानौं ऊ सब कुरा सुन्दै थिई र बुझ्दै पनि थिई । जहाज क्षितिजमा कतै हरायो र डोम लुइज सदाका लागि त्यही टापुमा बस्यो । त्यसपछि आफू बाँचुन्जेल लुइजले एक शब्द पनि बोलेन । ■

अनुवादक बद्रीप्रसाद घिमिरे

कविता

लघु कविताहरू

मोहनविक्रम सिंह

१
मसानघाट

यो मानघाट हो ।
तर यहाँ मरेका होइन,
ज्युँदा लासहरू आउँछन् ।
मुर्दाहरू रुने गर्छन्,
मलामी हाँसिरहेका हुन्छन् ।
काठमाडौँ, पुलिस खोर

हनुमान ढोका
आश्विन २४, ०२५

२
जीवन के हो ?

जीवन के हो ?
कोइलीको कुँहु कुँहु,
झरनाको झरझर वा
"दालभात-डुकु"

सेन्दल जेल, काठमाडौँ
जेठ २८, २०२६

३
तिम्रो हाँसो

डुब्न थालेको सूर्यलाई हेरेर किन हाँस्छौ ?
एकपल्ट अस्ताएको सूर्य अर्को बिहान पूर्वमा उदाइरहन्छ ।
तर तिम्रो हाँसो एकपल्ट अस्ताएपछि सधैँका लागि
पश्चिमको क्षितिजमा डुब्ने छ ।

सेन्ट्रल जेल, काठमाडौँ
जेठ २९, २०२६

४
जीवनरेखा

बादलका प्रत्येक टुक्राले
जीवनको रेखालाई मेटिदिन खोज्छ ।
हावाको प्रत्येक झाँकाले
टुटेको तारलाई जोडिदिन्छ ।

सेन्ट्रल जेल, काठमाडौँ
आषाढ १, २०२६

५
क्रान्तिप्रति

त्यो पहाड कहिलेदेखि तिमीलाई पर्खेर बसिरहेको छ
त्यो नदी कहिलेदेखि तिमीलाई भेटाउन दौडिरहेको छ
धरतीतिर फर्केर हेर त,
युग-युगदेखि कति कामनाहरू
तिम्रै प्रतीक्षामा खण्डहर बनिसकेका छन् ?

सेन्ट्रल जेल, काठमाडौँ
आषाढ २, २०२६

६.
सहिदप्रति

राम्रै भयो,
तिमी मरेर गयौ,
नत्र आज तिम्रो ज्युँदो लासले
भूगोलपार्कको परिक्रमा गरिरहेको हुन्थ्यो कि ?

भदगोल जेल, काठमाडौं
सहिद दिवस, १६ माघ, २०२६

७
प्रजातन्त्र

तोपको गड्गडाहटले जनायो- फागुन ७ गते आयो ।
तर प्रजातन्त्र कहाँ छ- बारुदको धुवाँमा
वा फलामको पिन्जरामा ?

भदगोल जेल, काठमाडौं
प्रजातन्त्र दिवस, ०२६

८
सूर्य

सूर्य उदाउँछ,
सूर्य अस्ताउँछ,
उदाउँछ, अस्ताउँछ ।
तर प्रत्येक पल्ट पश्चिममा अस्ताउँदा
यो बताएर जान्छ कि
भोलि त्यो फेरि पूर्वमा उदाउने छ ।

भदगोल जेल, काठमाडौं
चैत्र, २०२६

९
टुटेका आशाहरू

मेरा टुटेका आशाहरू
बदलका टुक्रामा गएर मिलेका छन्,
सुकेका आँसुका थोपाहरू
आगोका मुस्लोमा ।

भदगोल जेल, काठमाडौं
वैशाख ३, २०२७

१०
आत्मसमर्पण

मलाई आत्मसमर्पण गर्न भन्नेहरूलाई
मैले कसरी सम्झाऊँ कि
मैले धेरै पहिले नै
सम्पूर्ण रूपमा आफूलाई
क्रान्तिको वेदीमा होमिसकेको छु ।
अब पुनः समर्पण गर्नका लागि
मसित न जीवन बचेको छ, न मृत्यु
न हाँसो बचेको छ, न आँसु...

भदगोल जेल, काठमाडौं
वैशाख, ३, ०२७

११
ताण्डव नृत्य

यहाँ ताण्डव नृत्य भइरहेको छ ।
मृत्यु हाँसिरहेको छ,
जीवन रोइरहेको छ ।

भदगोल जेल, काठमाडौं
वैशाख १४, २०२७

१२
मेरो 'अपराध'

मेरो 'अपराध' यही भयो कि
मैले अस्ताउन थालेको सूर्यको विम्बमा
सूर्योदयको प्रतिविम्ब देखे ।

भदगोल जेल, काठमाडौं
वैशाख ६, २०२७

१३
युग-नृत्य

वर्षाको झरझरमा मैले
युगको नृत्य देखेको छु ।
ढुकुरको कुरकुरमा मैले
तुफानको सङ्गीत सुनेको छु ।

भदगोल जेल, काठमाडौं
वैशाख २७

१४
इस्पातको टुक्रा

जेलका ती परखाल र फलामको सिक्रीले
आज विश्वास नगरे
भोलि मेरो लासले
उनीहरूलाई बताइदिने छ :
मेरो हृदय
इस्पातको टुक्राले
बनेको रहेछ वा
घाम छायाले ?

भदगोल जेल, काठमाडौं
बैशाख २५, ०२७

पत्नी

रघु पन्त

१

उसको अनुहारमा देखापर्न थालेका घर्साहरू
गालामा कतै कतै देखिने मुजाहरू
उसका खुम्चिँदै जान थालेका हातका छालाहरू
फुलेका तर मेहँदीले छोपिएका थोरै कपालहरू
सबै सधैँलाई
उबेलाका दिनहरू सम्झाउँछन् ।

नहुँदा ऊ, अपुरो भए झैँ लाग्ने अनुभूति
हुँदा ढुक्क बनाउने उसको उपस्थिति
जिन्दगीमा उसले दिएको लामो साथ
उसले सम्झाउँछ पहिलेका दिन र रात ।

भित्र्याउँदाको बेला खुसी भएको बेला
चित्त दुखाएकोअनि हाँसेको बेला
सन्तान जन्माएको र हुर्काएको बेला
फर्की फर्की झलझली आँखामा आउँछन्
तर फर्केर आउँदैनन् ती क्षण र पलहरू
सायद यस्तै नै होलान् घरैका जिन्दगीहरू ।

लाग्छ, ऊ मेरो ऐना हो
जसमा म आफ्नै प्रतिविम्ब देखिरहेछु
र देखिरहेछु तन्नेरी छँदाको दौडधुप
उसको कथित खुइय्यमा
आफैँ थाकेको सुस्केरा सुन्छु
उसले बगाएको पसिनामा
आफैँ पनि को जस्तो हुन्छु
उसले पहिलेका कुरा गर्दा
आफैँ अहिले भए झैँ लाग्छ ।

२

ओहो हेर्दाहेर्दै कति छिटो बितेछ समय
तर मन उस्तै छ,
आशा र विश्वास उस्तै छ
कहिलेकाहीँ जब तन र मन सँगै हिँड्दैनन्
कता कता केही गुमे झैँ लाग्छ
कतै कतै अमूल्य आफ्नोपन हराए झैँ लाग्छ
त्यसैले त उसका आँखामा आफ्नै छवि हेर्छु
उसका पाइलाहरूमा आफ्ना चालहरू देख्छु
उसको हाँसोमा विगत देख्छु
उसको गम्भीरतामा आगत देख्छु
जिन्दगीको यो लामो यात्रामा
सहअस्तित्वको निरन्तर भोगाइमा
ऊभित्र आफू खोज्छु ।

जिन्दगी यस्तै न हो ।
टाढिँदै गएका विगतका सम्झनाहरू
घुमिल हुँदै जान थालेका तितामिठा स्मृतिहरू
हेर्दा हेर्दै निराशामा परिणत भएका आशाहरू
अझै नमरेका जिउँदा-जाग्दा विश्वासहरू
यी सबका साथमा खडा छ मसँगै ऊ
र उसका आँखामा देखिरहेछु
हिजोदेखि आजसम्म जिन्दगीका यात्राहरू । ■

कविता

गणतन्त्र

सपूत कार्की

एक हुल हुलले भन्यो
गणतन्त्र चाहिन्छ ।
अर्को हुल हुलले भन्यो
गणतन्त्र चाहिँदैन ।
माथि बसेर हेर्ने एउटा सानो समूह थियो ।
त्यो समूहले गाणतन्त्र चाहिन्छ पनि भन्यो ।
गणतन्त्र चाहिँदैन पनि भन्यो ।

गणतन्त्र चाहिन्छ भन्नेलाई चाहिन्छ भन्यो ।
गणतन्त्र चाहिँदैन भन्नेलाई चाहिँदैन भन्यो ।
सानो समूहले चाहिन्छ र चाहिँदैन भन्ने मुद्दा उचाली रह्यो ।
ठुला ठुला समूह विभाजित भए ।
चाहिन्छ र चाहिँदैनमा लडिरहे ।
नाराजुलुस गरे तोडफोड गरे ।
भएका संरचना भत्काए बिगारे ।
आपसमा द्वेष गरे ।
माथि बसेर हेर्ने सानो समूह मक्ख थियो ।
चाहिन्छ पनि भन्यो चाहिँदैन पनि भन्यो ।
ठुला हुलहरू सधैँ सानो समूहमै विश्वस्त थियो ।
सहरभरि सानो समूहको आश्वासनमा
दुवै ठुला समूहले आआफ्नो पक्षमा भाषण गर्‍यो ।
आआपनो तर्कहरू पेस गर्‍यो ।
सानो समूहले चाहिन्छ र चाहिँदैनको मुद्दा सधैँ नै उचालिरहयो ।
ठुला ठुला समूहहरू विभाजित भइरहे ।
तोडफोड र भाषण गरिरहे ।
सानो समूहले भन्यो हाम्रो एजेन्डा पास भयो ।
गणतन्त्र चाहिन्छ पनि गणतन्त्र चाहिँदैन पनि । ■

पहिचान

रामभक्त ठाकुर

झस्केको छु
आज धेरै पछि
ऐना हेरेर ।
त्यहाँ कसको अनुहार हो ?
चिन्न नै सकिनँ ।

हुनुपर्ने त म नै हो
तर त्यहाँ को हो ?
भन्न नै सकिनँ !
विकृत ! कुरुप !
निस्तेज ! अस्थिर ।
कहाँ हराएको होला
त्यो पुरुषत्व ?
त्यो तेज ?
त्यो दृढता ?
त्यो अटल विश्वास ?
किन आज निसासिँदै छ
यो ऐनाभित्रको
मानिसको श्वास ?
के यो म नै हो ?
पत्यार लागेन
ऐना पुछे
बारम्बार पुछेँ !

केही फरक पारेन
त्यो उस्तै छ
आत्मा हराएको
जस्तो देखेँ
कहाँ हरायो कर्मठता ?
कहाँ हरायो त्यो ज्ञान ?
कहाँ झरे तिम्रा
खुकुरी तानेका
अपराजित सान ?
कुन खोलामा बगे
त्यो स्वाभिमान ?
दिव्य श्रीका अंश तिमी
सम्हाल तिम्रा ज्ञानका
अस्त्रशस्त्र
ईश्वरको लिई वरदान
शक्तिको खड्ग निसान
बचाऊ आफ्नो पहिचान । ■

कविता

जूनको माला

बुद्धिमान महर्जन

सूर्य तिमी बनी अघि बढ्दै गर्दा
म निष्पट आकाशमुनि चञ्चलता भर्दै थिएँ
म रमाउँदै थिएँ तिम्रो सुन्दर प्रकाशमा
अनि जोड्दै थिएँ--
तिम्रै लागि एउटा जूनको माला
तर म एक हुन सकिनँ ।

वरको बोटले पिपलको साथ पाए झैँ
तिम्रो प्रेम फैलँदै थियो महुरीको गुँड झैँ
हिउँदको नदीले बगर छाडे झैँ
पातलिँदै थियो हाम्रो सम्बन्ध
टाढिँदै थियौ आकाश धर्ती जस्तै
ओझेलमा पर्दै थियो मेरो गुन्द्यालो
बादलको आडमा मेरो माया छुट्टिँदै थियो
सिउन सकिँन एक बनाई ।

तिम्रो प्रेमले सफलता पाउँदै थियो
पलाउन सकिनँ दुईबिचको प्रेममा गुलाफ बनी
सफलताको शुभकामना दिन सकिनँ
जुनी जुनी उसकै बनिरहोस् भनी ।
कति रमाउनु जून बनेर
केको बिलौना गर्नु धर्ती देखेर
सिक्रो रूखमा आँप फलोस् या नफलोस्
हुँस्सुको बाफले नै तृप्त मेटुँला ।
हुँस्सुको बादलमा एउटा संसार बनौला
हुँस्सुको चिसोले नै छातीभित्रको आँतलाई सेँकुला ।
सिन्दुरको रङ्गले दुई किनारा जोडे झैँ
गङ्गा झैँ कलकल बगेर रमाउन सकिनँ म
रमाउला एक्लै, हुँस्सुमै बेरिएर
सबै सबैको नजरबाट टाढा भई
एकलो संसारमा तिम्रै नाम जपेर ।

मलाई यशोधराले झैँ तपस्या गर्नु छैन
पाँच पाण्डवलाई साथ दिँदै
जुवामा हारेकी दुर्योपत्नीले झैँ
कसैलाई सराप दिनु छैन ।
श्रीरामको सीता बनी बस्ने सपनामा
म सीताले झैँ अग्निपरीक्षा दिने छैन
म तिम्रो थिएँ, म तिम्रै भई बसौला
जुनी जुनीभर तिम्रै नाम जपौँला
कृष्णकी राधाले झैँ
तिमीबाट छुटेर । ■

विश्वास

शोभा शरभ

खै कसले देखाइदियो भँगेराहरूलाई
मेरो आँगनको बाटो
जहाँ मैले आशाको बिस्कुन सुकाएकी छु
किन घुम्मिन्छ आकाश र
कालो बादल अँगालेर छेकिदिन्छ
मेरो जीवनको उज्यालो
कसरी लत्याउँछ नदीले किनारा
अनि बाढी बनेर
भत्काइदिन्छ मेरो सपनाको महल
छरिएका खुसीका दानाहरू
समेटेर, भर्दै छु आशाको भकारी
कालो बादलको चाँदीको घेराबाट
बटुलेर ऊर्जा
बालिरहने छु भरोसाको ज्योति
थपेर सहासको बर्तन
थोपा थोपा थापेर अँजुलीमा
सिच्दै छु धाँजा फाटेका छातीका गह्राहरू
हिम्मतको धरहरा बोकेर
बाँचिरहेछु एउटा बलियो विश्वास ■

आमा

बोधराज पौडेल

आमा जीवन धारकी रचयिता आमा स्वयं धर्मिणी
भोगी रात निमेष कालभरमा बन्छिन् उज्यालो उनी
जे जे कष्ट मिलोस् सधैँ दुःख गरी सन्तानका खातिर
आफ्ना दुःख उडाइ पात सरिका हाँस्छिन् उनी आखिर

आमा दिव्य सधैँ सुकर्म पथको आदर्शको एक् धुन
ढुङ्गा हुन् अरू ती सबै नजिकका आमा हिरा झैँ रहुन्
'मेरा पुत्रहरू नरोप मनमा तातो कुनै शूलले
यो अर्ती कहिले मरेर म गए बिर्सन्न क्यै भूलले

'फूल्दा फूल जसै त वाग वनमा वास्ना सधैं छर्दछ
छोरा हो ! बुझ बात यो समयको यो फूल हो झर्दछ'
भन्ने ज्ञान दिएर दिव्य तनमा सन्तोष सारा दिने
आमा नै गुरु एक हुन् हृदयको आँखा उघारी दिने

चिन्ता मात्र सधैँ छ एक मनको सन्तान कस्तो हुने ?
'बच्चाका वजदार भार जिउले होला र नीडै चुन'
यस्ता शब्दहरू गएर तनको छुन्थे कुनाका कुना
काटेका नव वृक्षबाट जसरी निस्के नयाँ आँकुरा

सारा सृष्टि रचेर सम्य पथको आधार अग्ल्याउने
वाणी दिव्य छरेर शान्त पथमा मातृत्व झल्काउने
सारा शक्ति गए जहाँ रहरका के गर्नु खै ! अर्पण
आमा शब्द छ एक कोश सरिको के शब्दको वर्णन ■

खोटाङ

बिचरी गङ्गा

मिलन बोहोरा

डुल्न आएर
बाटो बिर्सिएकी लाटी जस्तै
गङ्गा अलमलिन होला सागर छेऊ पुगेर,
फर्किएर जाने बाटो नभेटेर
डराइन् होला ।
उकालो चड्न नजान्ने
बिचरी गङ्गा बिचल्लीमा परिन् अवश्य ।
बगिरहिन्
केवल बगिरहिन्
हुलका हुल दृष्टिविहीनको
कलँटी परेको पाप धुँदाधुँदै
फोहोरी भएको थाहै पाइनन् होला ।
आमाको माया नै त होला
अतिचार सहिरहिन् अनि बगिरहिन्
उनी त
नुनिलो पानी पिउँदा पिउँदै
तिर्खाएको सागरलाई
चिसो निर्मल पानी पिलाउन चाहन्थिन्
अबोध शिशुलाई हिमालको सुगन्ध दिन चाहन्थिन्
भगिरथको महानता पढाउन चाहन्थिन्
महादेवको उदारता देखाउन चाहन्थिन्
उनलाई उनैकाले
कुचीकार बनाइसकेछन्
थाहै भएन
उदास पनि हुन्छिन्
त्यसैले होला
विलीन भइरहन्छिन् गङ्गा सागरमा
आमाको काखमा हराए जस्तै । ■

विश्वनाथ, असम

कविता

जसले नङ्ग्याए मात्र

वीरभद्र कार्कीढोली



अहँ, बुझ्दिनँ, चाहन्न बुझ्न पनि
कुनै उडान नउड्ने अब
चाहन्नँ उड्न पनि
उड्दा उड्दै धेरै उडानहरू
क्यास भइसकेका छन् बिच जिन्दगीमै

हजार बजारहरू देखियो
त्यही भीडमा हराएर
कस्तरी कस्तरी पाएर राखेको छ, आफूलाई
र डराउँछु, जोगिन्छु भीडहरूदेखि

हाँगा हाँगादेखि
अचानक खसेको
अचानक खसाइएको पात हुँ
खै के दोखाऊँ
त्यो सोझी मन्द समीरलाई

कैयौं सिकारीदेखि बाँचेको
हरिण हुँ !
यस जङ्गलमा जो पनि महान् भनिने आउँछन्
मेरै सिकारमा आउँछन् । ■

गाउँमा मान्छे हराए...

कहाँ गए ती मान्छे,
जो पानी पँधेरो गर्थे
जात्रा, घट्ट, ओखल सबैरे धाउँथे
कुरा गर्थे आफ्नै, ऐँचो पैँचो गर्थे
मेलापात, खेतीपाती
मिलेर गर्थे
कहाँ गए ती मान्छे ?!

मेहनत औधी गर्थे
सानो लाभ हुँदा
बाँडेर खान्थे
म नभनी हामी भन्थे, हाम्रो भन्थे
किन ? आज गाउँ सुनसान छन् ।
कहाँ गए ती मान्छे ?

जन्ती होस् या मलामी
सुखमा होस् या दुःखमा होस्
ठुलो जमात भेला हुन्थ्यो
आआफ्ना कुरा साटा साट गर्थे
नजिक सर्थे भालाकुसारी गर्थे
किन ? यी गाउँ निर्जन निर्जन लाग्दै छन्
कहाँ गए ती मान्छे ?

एक जमात ठुला स्वरमा भन्दै छ
गाउँमा मान्छे हराए
म पनि यो तर्कसँग
अब सहमत हुँदै छु
म पनि भन्न तयार छु
गाउँमा मान्छे हराए । ■

बैतडी

लवदेव धामी

फूलमाया

विजय सागर

हिसी परेकी फूलमाया
कोपिला कोपिला जस्तै थिई
अलि अलि फक्रिन मात्र के लागेकी थिई
उसका बाबुआमाले
आफ्ना बालबगैँचाबाट
चटक्क चुँडेर
फूलमायालाई
भगवान्को पाउमा समर्पण गरिदिए !

भगवान्ले
फक्रिन फक्रिन लागेकी
चहकिली तर लजालु फूलमायालाई
तृप्त हुन्जेल हेरे !
करुणाले मुसारे !
छातीमा टाँसे !
स्नेहले चुम्मा खायो !

समय बित्दै गयो
एक बिहान
फूलमायाले आफू जस्तै फूलमाया
आफ्नो भगवान्को काखमा राखिदिई
भगवान् औधी खुसी भए
नाच्यो !
आँगनभरि नौमती बाजा बजिरह्यो !

समय न हो !
एक दिन भगवान्
फर्किने वाचा साथ हतार हतार
गाउँ र देशबाट पर उडे ।

फूलमाया भगवान्को यादमा
फिस्स फिस्स हाँस्ने
सानी फूलमायासँगै रमाउँदै रही
गुनगुनाउँदै रही ।

सानी फूलमाया
खित्खित् हाँस्दै
ताते ताते गर्न थाली ।

यही समय
एउटा अविश्वसनीय खबर आयो
फूलमायाको भगवान् त
अन्तर्ध्यान भएछन् ।
फूलमाया अचेत भई !

आफ्ना र गाउँलेहरूले घेरिएर
फूलमायाको आँगनमा
एउटा ठुलो बक्सा आइपुग्यो
नदी सुकेका फूलमायाका आँखा
निर्विकार टोलाहाइरहे

आफ्ना र गाउँलेहरू
चलमल गर्न थाले ।

सानी फूलमाया
चारैतिर हेर्दै
मुसुमुसु हाँस्दै
तातेताते गर्दै
ठुलो बक्सानेर पुगी
आफ्ना ससाना हातले
बक्सामा
थप्प ! थप्प ! ! थप्काउन थाली
मानौँ उसले भन्दै थिई–
बाबा उठ ! बाबा उठ !!
फूलमाया
फेरि अचेत भएर भुइँमा लडी । ■

हुरी आएको साँझ

सूर्यप्रसाद लाकोजू

हुरी आएको साँझ
एउटा अजङ्गको बकाइनाको रुख
गर्लम्मै ढलेर निस्प्राण भयो
हृदयको केन्द्रमा
दुःखको ताप र रापबिच
पीडा उम्लन छोडेन ।

हुरी आएको साँझ
धिरताले धैर्यको
हिमाल बनाउन भन्यो
मनले उसको कुरा सुनेन
मनको बाँझो खेत
आँसुको पोखरी बन्यो ।
हुरी आएको साँझ
मेरो धरती डोलायो
मेरो आकास टोलायो
भाँचियो मेरो टेक्ने लट्ठी
बादल रिसाएर रोएको बेला
मेरो छत खोसियो ।

मेरो जीवनको चम्किलो सूर्य
हुरी आएको साँझ
हुरीसँगै बेपत्ता भएको छ

बदलामा
अन्धकार मेरो भागमा
छोडेर गएको छ ।

अनुभवको पारिलो घाममा
सुकाउन नपाउँदै
मेरो यत्रतत्र छरिएका
आलाकाँचा बुद्धि
सूर्योदयसँगै
अस्तायो एउटा सूर्य
हुरी आएपछि ।

हुरी आएको साँझ
टोपी समुद्रमा डुबेपछि
मेरो वसन्तले
जिन्दगी फुलाएन
अनि
खुलेन आकास
पहिले जस्तै निलो रङमा ।

धुन अथवा पखाल्न
सकिनँ तिम्रो स्मृतिचित्र
हुरी आएको साँझ
हातबाट छुटेर
फुटेको गिलास जस्तै
गरी फुट्यौ अनि
सग्लो रुख दाउरा चिरिए जस्तै
चिरियौ खरानी बन्न ।

हुरी आएको साँझ
खोसिएको छत
अझै खोज्दै छु
सोच्छु, यतै कतै होला
बिरानो देशबाट
फर्कने छ अवश्य एक दिन । ■

सर्पको विष

दशराज शाक्य

तिमी साप हौ
तिमी सर्प हौ
तिमीमा अलिकति पनि सभ्यता छैन
तिमीमा विवेक पनि छैन
तिमीलाई तैपनि नागपञ्चमीमा पूजा गर्छन्
तिमीलाई पनि दुध खुवाउँछन्
त्यसो हुँदाहुँदै पनि तिमी मान्छेलाई किन टोक्छौ ?
किन विष ओकल्छौ
तिमीले कसरी टोक्न सिक्यौ ?
कसरी विष ओकल्न सिक्यौ ?
यो मेरो प्रश्नको जवाफ देऊ ! ■

बालकुमारी, ललितपुर

मुक्तक

विवेक दुलाल क्षेत्री

जीवनवृत्तिमा अहिले सालाखाला भएको छु
दुःख र उन्मादको प्रयोगशाला भएको छु
ससाना कर्मले पनि यसरी घेर्छन् मलाई
हार्दिकता र खुसीको बोलवाला भएको छु

अभाव र गरिबीलाई मुगलान कटाउनु पर्छ
रोग अनि अशिक्षालाई चाँडो हटाउनु पर्छ
किन सम्भव छैन हरकुराको निदान
नेपालीले आफैँलाई देशभित्र खटाउनु पर्छ

कोरा दर्शन, गफको काम अब छैन
आमाबाभन्दा अर्को धाम अब छैन
कृषि प्रधान राष्ट्र कृषिमा ध्यान दिऊँ अब
कङ्क्रिट मात्र थप्दै गए माम अब छैन

उच्च शिखर सगरमाथा शिर हो मेरो
मुलुकको समृद्धि कामना स्थिर हो मेरो
म आफ्नै लागि केवल मासुको डल्लो हुँ
तर दुःख अन्त्य गर्ने जुक्ति गढतिर हो मेरो

म निदाउँदा उठाउने नारा हौ तिमी
सफा कल कल झर्ना रारा हौ तिमी
मुटुको भित्री भागमा तस्विर छ तिम्रै
मेरा सजल नयनकी तारा हौ तिमी । ■

दमक बजार-७, झापा

गोकुल अधिकारी

अत्यचारमा रमाउँछन् जब जब मालिकहरू
चेतनाको दियो बाल्दै जुर्मुराउँछन् बालिकहरू
आन्दोलनको राँको बोक्दै गाउँ सहर बिउँझेपछि
शासकसँगै सडकबाट बसाइँ सर्छन् सालिकहरू

विशाल शान्त समुद्रमा नुनैनुनको खानी
त्यै सागरमा मिल्नुपर्ने यी नदीको बानी
किन होला सधैँभरि नुनिलो नै हुने गर्छ
आँखाभिज्ने आँसु अनि समुद्रको पानी

नयाँलाई वर पार्न आफू पर सर्नु पर्छ
उकालिनेहरू कोही ओरालोमा झर्नु पर्छ
प्रकृतिको संविधानमा प्रकृतिकै खटन चल्छ
शरीर गल्दै गएपछि लट्ठीकै भर पर्नु पर्छ

स्वर्ग जस्तो यो नगरको भव्यताले पोल्छ
मान्छे बस्ने टोल बस्तीको दिव्यताले पोल्छ
सग्लो लुगा फटाई फटाई लगाएको देख्दा
विचित्रको यो सहरको सभ्यताले पोल्छ । ■

गीत

श्रीहरि फुयाँल

सपनीमा देख्दाखेरि के के पाए जस्तो
बिपनीमा भेट्दाखेरि मनै कस्तो कस्तो

कैले गर्छौं लोलोपोतो कैले घुर्की सुन्छु
कस्तो बानी रहेछ नि मनमनै गुन्छु
टाढा हुँदा चिठी लेख्छौं माया मिसाएर
भेटेपछि झर्को फर्को गर्छौं रिसाएर !

कि त बोल्नै छोड तिमी माया मारिदेऊ
मैले सधैँ रुनु पऱ्यो केही पाइनँ भेउ
तिम्रो चाला देख्दाखेरि दया गरेजस्तो
तिमीलाई थाहा छैन माया के हो कस्तो ?

माया गरे जस्तो गर्छौं भेट्दा कैलेकाहीँ
मैले बुझ्नै सकिन खै ? देख्दा जहाँतहीँ
दया गर्न नजान्नेले कस्तो माया गर्ला ?
मलाई छोडी गयौ भने ढाँगी फेला पर्ला ! ■

कविता

अलिखित दस्ताबेज

सुमन थापा 'सङ्गम'

समयको सम्बन्धले
सीमा तोकेर बिउँझिएको भूगोल
भूगोलभित्र अटाएको विशाल मानचित्र
कोर्छन् पातहरूका सुन्दर किरणले
सम्पदामा अमिट अभिलेख
जबसम्म सजिएर बसेका हुन्छन्
रुखमा पात
रुखका हरिया पात जस्तै
चेतनाले धपक्क बले
कति सौम्य देखिन्थ्यो होला
मानिसको आकृति

भनिन्छ–
एउटा पातको अर्थ = सिङ्गो जीवन
एउटा पातको अर्थ = सुमधुर सम्बन्ध
एउटा पातको अर्थ = अलिखित दस्ताबेज । ■

गजल

नवराज न्यौपाने 'मौन'

जाँचेर आफ्नो साथी छान्ने रहेछ माया
हाँसेर जिउन एक्लै जान्ने रहेछ माया

पोखेर भाव नौलो साथी बनाई यौटा
सर्वस्व जिन्दगानी ठान्ने रहेछ माया

संसारमा रमाई खोजेर काम नौलो
पाङ्ग्रा दुई रथैको तान्ने रहेछ माया

देखेर देश सारा फर्केर आज गाउँ
संस्कार-पर्व-इज्जत धान्ने रहेछ माया

सङ्घर्षले कमाई विश्वासले हिँडाई
सन्तानको चिनारी मान्ने रहेछ माया । ■

(बहर : मुजारे मुसम्मन अखरब)

लीलाराज दाहाल

यो कस्तो माया लायौ तिमीले
बिर्सेर कसम खायौ तिमीले !

खुसीले झुम्नुपर्ने यो बेलामा
विरहको गीत गायौ तिमीले !

बिचैमा छाड्यो सजिलै जसले
फेरि त्यै हात समायौ तिमीले !

कोठा त हृदयमै खाली थियो
रछ्यानमा डेरा जमायौ तिमीले !

थिएन खोट त तिम्रो केही नि
चोट चाहिँ राम्रै पायौ तिमीले ! ■

बागमती-११, कर्मैया, सर्लाही

हाइकु

राजेश सापकोटा

चराको देश
पासपोर्ट न भिसा
विश्व भ्रमण

मत्स्य न्याय
नेपाली राजनीति
सोझाको बलि

छप्ल्याङ्ग ढुङ्गा
जीवन तलाउमा
त्रसित विश्व

मध्य रातमा
सपनाको जुलुस
मन बेचैन

सुटुक्क आयौ
भुइँचालो बनेर
मन थर्थर ■

बर्दघाट-१, नवलपरासी
हाल : ओस्लो, नर्वे

आमा

आमा पनि दुवैका छन् र ती दुवै आमाको महत्त्व उत्ति नै छ । मलाई मेरी आमाले असाध्यै माया गर्नुहुन्थ्यो । म सम्झन्छु- आमाले गरेका गाली मेरै लागि थिए ।

अच्युत घिमिरे

फेरि एक पटक मलाई आमा शब्दले बेस्सरी चिमोट्यो। आमा साँच्चै सर्वप्रिय शब्द रहेछ। संसारमा सबैभन्दा शक्तिशाली शब्द आमा हो। आमा श्रद्धाले भरिएको शब्द हो। आमाले जस्तो सन्तानको माया अरूले गर्न सक्दैनन्। मात्रामा धेरथोर हुन सक्छ, सन्तानको माया बुवाले पनि उत्तिकै गर्छन्। आमाले जन्माएको, काखमा खेलाएको, स्तनपान गरेर हुर्काएका कारण केही बढी हुनु स्वाभाविक हो। यही कारण सन्तानका लागि आमा साक्षात् देवी हुन्।

भनिन्छ पति-पत्नी रथका दुई पाङ्ग्रा हुन्। यी दुई छन् र नै सृष्टि थामिएको छ। आमा पनि दुवैका छन् र ती दुवै आमाको महत्त्व उत्ति नै छ। मलाई मेरी आमाले असाध्यै माया गर्नुहुन्थ्यो। म सम्झन्छु- आमाले गरेका गाली मैरै लागि थिए, म बिनाकाम बरालिँदा सिर्कानो लिएर खेदाएको मैरै लागि थिए। आमाका स्नेहिला हातले पकाएका खाना, बिरामी हुँदा काखमा राखेर फुल्याएका क्षण, सबै मेरा लागि नै थिए। आमाका गाली, आमाका आशीर्वाद सबै मायाले भरिएका हुन्छन्। आमाका जुनसुकै काममा छोराछोरीको सुख र शान्तिको कामना जोडिएको हुन्छ। आमा साँच्चै ममताकी खानी हुन्। आमा मनमा छोराछोरीको माया भरिएको हुन्छ।

म आमालाई कसरी बिर्सन सक्छु ? माटोसँग खेलेर, माटोमा बीज उमारेर प्राप्त भएको अन्न आमाकै परिश्रमका फल थिए । हामीले सहरको सुखभोग त पछि गरेका हौँ । त्यो कृत्रिम सुखभोगभन्दा गाउँको प्राकृतिक दुःखमा नै अपार आनन्द हुन्छ । प्रायः हामी सबैका आमा गाउँको दुःखजिलोमा छोराछोरीको खुसीका लागि बाँचेका हुन्थे । मेरी आमाको कोखबाट म मोरङको दक्षिणी भूभाग होक्लाबारीमा जन्मिएँ । आमा भन्नुहुन्थ्यो, "यही टेबलमुनि तँ जन्मिएको होस् ।" आमा नभएको भए म कहाँ जन्मिएको हुँ, कसरी थाहा हुन्थ्यो र ? मलाई सम्झना छ, टाँडे घर, माटाले लिपेको बेरा, पूर्वतिर बाहिरैबाट चढ्ने गरी बनाइएको सामान्य काठको भऱ्याङ, खरले छाएको छानो, सामान्य ग्रामीण घर थियो हाम्रो । त्यस बेला मधेशमा घरले मान्छे कतिको धनी थियो भन्ने परिचय दिन्थ्यो । दुई अढाई बिघासम्म जग्गा हुनेका घर त्यस्ता हुन्थे । त्योभन्दा कम हुनेको भुइँघर हुन्थे । १०-१२ बिघा जग्गा हुनेका काठका, वरिपरि रेलिङ भएका मुन्डा घर र आँगनमा मन्दिर जस्तो आकारका भकारी हुन्थे । त्योभन्दा बढी हुनेका अझ भव्य घर र घर परिसर । जति धनी हुँदै गयो, त्यही अनुसार मान्छेका घर हुन्थे । यिनै विविधतायुक्त कुराले गाउँ, गाउँ जस्ता लाग्थे । गाउँमा बस्नुको मज्जा नै अर्के हुन्थ्यो । हाम्रो घर पश्चिम कोचिनी खोला थियो । सफा, कञ्चन पानी, हामी केटाकेटी पौडी खेलेर, माछा मारेर रमाउँथ्यौँ त्यहाँ । अलि माथि देवीथान र त्यसले चर्चेको फराकिलो चौर थियो । त्यहाँ हामी केटाकेटी ठुलाहरूसँगै गाईवस्तु हेर्न जान्थ्यौँ । ठुलाहरू हामी केटीकेटीलाई कुस्ती लडाएर रमाइलो साटासाट गर्थे । म सम्झन्छु, यस्ता अनेकौँ खुसी आमा हुनुहुन्थ्यो र मैले प्राप्त गरेको थिएँ । बुवाको खासै हामीप्रति जिम्मेवारी थिएन । त्यस बेलाका प्रायः

सबैका बुवा त्यस्तै हुन्थे । उनीहरूसँग पुरुष हुनुको दम्भ हुन्थ्यो । मेरो बुवा दिनभरि विद्यालयमा रहनुहुन्थ्यो । राति अबेर घर फर्कनुहुन्थ्यो । बुवाको व्यक्तित्व कडा मिजासको थियो । बुवालाई देख्नासाथ गाउँलेहरू जुँगे हेडसर आयो भनेर डराएर घरमा लुक्थे । बिदाका दिन बुवा खाना खाएर दिउँसो २–३ घण्टा सुत्नुहुन्थ्यो । हामीले निद्रामा बाधा पुऱ्यायौँ भने उहाँ लौरो लिएर कराउँदै आउनुहुन्थ्यो । हामी पनि उहाँले कराएको सुन्नासाथ डराएर खेतको पल्लो छेउमा लुक्न पुग्थ्यौँ । कहिले भकारीको कुनातिर, कहिले खाटमुनि लुकेर बुवाले देख्नुहोला भनी लगलग कामेर बस्थ्यौँ । त्यसैले सामीप्यता आमासित हुन्थ्यो । आमा काखमा राखेर अनेक कथा सुनाउनु हुन्थ्यो । बिरामी हुँदा ढाडमा बोकेर कहिले नहर पारि धामिकोमा, कहिले रञ्जनी स्वास्थ्य चौकीमा पुऱ्याउनुहुन्थ्यो । म आमाको पछि लागेर साप्ताहिक रूपमा लाग्ने हाट बिर्निया र दोभानासम्म पुग्थेँ । गाउँमा हुर्किएका प्रत्येक छोराछोरीले यसरी आमाको माया पाएका हुन्छन् ।

हाम्रो घर आमाकै आँटले चलेको थियो र आमाको त्यो अथाह आँट देखेर गाउँलेहरू समेत छक्क पर्थे । एक जना बङ्गाली दाइ (२०–२२ उमेरको व्यक्ति) हामीकहाँ सहयोगीका रूपमा बसेको मलाई सम्झना छ । उनी प्रत्येक वर्ष छ महिना बसेर खेतीको काम सघाउँथे ।

आमाका लागि म प्यारो थिएँ । प्रत्येक छोराछोरी आमाका लागि प्यारा हुन्छन् । आमाको मृत्युपछि मैले आफूलाई एक्लो महसुस गर्न थालेको थिएँ । यस्तो लाग्थ्यो, मलाई माया गर्ने कोही छैनन् । विवाहपछि त्यो अभाव मैले महसुस गर्नु परेन । जन्म नदिए पनि सम्बन्धले यस्तो बनाइदिँदो रहेछ । सासूले पनि आमापछि आमाले जत्तिकै माया गर्दा रहेछन् । यति फरक हो, आमासँग जन्मदेखिकै नाता हुन्छ, त्यो त अरू कसैसँग तुलना योग्य नै हुँदैन । सासूआमा चाहिँ आमाको स्थानमा दोस्रो आमा हुन् । औपचारिकताका कुराले आमा जस्तो खुलेर मन साट्न नसके पनि व्यवहारले सासूआमाले खन्याएका मायाका भाव नबुझिने कुरै थिएन । मैले मेरी सासूआमामा विशाल हृदय देखेको छु । बाँचुन्जेल उहाँले मप्रति सद्भाव खन्याइरहनुभयो । उहाँ पनि मलाई मेरी आमा जस्तै महान् लाग्थ्यो । म महसुस गर्थे, आमा भएर आमाको माया दिने दुई व्यक्ति हुँदा रहेछन्– आमा र सासूआमा ।

यी दुवै आमा हुन् । बाँचुन्जेल उनीहरू आमा भएर नै बाँच्छन् । सासूआमा ४–५ वर्षदेखि थलिनुभएको थियो । यी वर्ष उहाँलाई देख्नासाथ म विगत सम्झन्थे, स्वास्थ्य स्वयंसेविका, टाँडी गाविस मोरङको वार्ड सदस्यका रूपमा उहाँ सक्रिय भएका दिनहरू । घरमा सासूआमाकै हैकम हुन्थ्यो, व्यवहार सबै उहाँको हातमा । ससुरा बुवा निरीह लाग्नुहुन्थ्यो उहाँको अगाडि । सासूआमा निडर, गाउँलेको प्रिय पात्र हुनुहुन्थ्यो । समाजमा कुनै समस्या पऱ्यो, त्यसलाई सुल्झाइदिने न्यायमूर्ति हुनुहुन्थ्यो । मोरङको उत्तरी भेग महाभारत पर्वत शृङ्खलाको फेदी धोबेनी बजारमा सामाजिक अगुवा महिलाका रूपमा उहाँको परिचय थियो । त्यो सानो ठाउँमा सामाजिक अभियन्ताका रूपमा उहाँको भूमिका ठुलो थियो । त्यस्ती बधिनी जस्ती शक्तिशाली मान्छे थला परेपछि कमजोर बन्नुभयो । केही वर्ष यता उहाँले हाँस्न बिर्सनुभएको थियो तर उहाँसँग आमाको विशाल हृदय भने अन्तिम अवस्थासम्म पनि थियो । म सम्झन्छु– मेरी आमा पनि गाउँलेका लागि अति नै मनपराइने हुनुहुन्थ्यो तर सामाजिक योगदान चाहिँ उहाँको थिएन, सासूआमा चाहिँ घरभन्दा बढी समाजका लागि बाँच्नुभएको थियो । त्यो सानो ठाउँमा दुई दशकभन्दा बढी उहाँले गरेको सामाजिक योगदान त्यस ठाउँले सधैँ सम्झिरहने छ । यसरी आमाहरूले फरक फरक भूमिकामा आफूलाई प्रस्तुत गरिरहेका हुन्छन् ।

अब मैले दुवै आमा गुमाएँ । यो सृष्टिको नियम नै हो । आमाको माया सधैँ प्राप्त हुँदैन, भइरहँदैन । आमाहरू सधैँ बाँचिरहँदैनन् तर जुन बेलासम्म आमाहरू बाँच्छन्, सन्तानका लागि बाँचेका हुन्छन्, आफू रित्तिएर सन्तानले सुखभोग गरेको हेर्न चाहन्छन् । त्यसैले आमा धर्ती हुन् । सारा बोझ आफूले बोकेर छोराछोरीको अनुहारमा मुस्कान भरिएको हेर्न चाहने आमा बाँचुन्जेल हामी पनि आमाकै लागि बाँचौँ । अहिले मसँग मेरी आमा हुनुहुन्न ।

आमा हुनुभएको भए आमाले गरेका कर्तव्य सम्झी म सारा माया आमामाथि खन्याउँथे । म जहाँ उभिएको छु, आखिर त्यसको आधारभूमि मेरी आमा नै हो । छोराछोरीले आमाको यो विशाल हृदयलाई कहाँ बिर्सन हुन्छ र ! आमा सन्तानका लागि भएभरको माया खन्याउने ममताकी सागर हुन्, आमा देश हुन् । आमा नभएको भए देश हुन्थ्यो र ?

आमा भएर नै मैले यो भूमि टेक्न पाएको छु, देशको परिचय बोकेर बाँच्न पाएको छु । ■

चार्वाकको चर्चाभित्र नित्सेको निसाफ

जयदेव गौतम

चार्वाक दर्शनबारे मौलिक ग्रन्थ उपलब्ध छैनन् । के मानिन्छ भने बाह्रौं शताब्दीसम्म 'चार्वाक सूत्र' भन्ने एउटा पुस्तक कताकति उपलब्ध थियो र त्यसमा चार्वाक दर्शनसम्बन्धी सबै सूत्र र टिप्पणीहरू थिए तर अचेल न त्यो पुस्तक भेटिन्छ न त्यसमा उल्लेख भएका सूत्र ।

मनको दृष्टि र चर्मको चक्षु ! सोचाइको सुनामी र यथार्थको योगेश्वर ! तर्कनाहरूको तरङ्ग र सत्यको सगरमाथा ! कल्पनाको उडान र वास्तविकताको अडान ! पदार्थको गुणगान र चेतनाको बखान ! आस्थाको ओढार र विवेकको विशालता ! ज्ञानको उज्यालो र अज्ञानको अँध्यारो ! अन्ततः यिनै जटिल शाब्दिक द्वन्द्वले एउटा मूलभूत प्रश्न जन्माउँछन्, "विश्वलाई अर्थात् यो संसारलाई अर्थात् यो जगत्लाई बुझ्न सकिन्छ या सकिँदैन ?" अनि योसँगै अर्को अझ दुरूह प्रश्न पनि उठ्छ, "जड वा पदार्थबाट चेतना जन्म्यो ? या चेतनाबाट जड वा पदार्थ ?" अथवा "मान्छेमा चेतना कहाँबाट उत्पन्न हुन्छ- शरीर विकासको क्रममा आफैँभित्रबाट वा शरीरबाहिर कतै कोही अदृश्य शक्तिबाट ?"

वैज्ञानिक अल्बर्ट आइन्सटाइनले मृत्यु-शय्यामा सुतेको बेला भनेका थिए, "मैले विज्ञानलाई बुझेँ, धेरै विचार विमर्श गरेँ तर जीवनको समग्र रहस्य कहिल्यै बुझ्न सकिनँ । सम्भवतः सकिँदैन पनि ।" आइन्सटाइनले त्यसो किन भनेका थिए होलान् ? किनभने विज्ञान कार्य र कारण सिद्धान्तमा आधारित छ, सत्य-तथ्यहरूमा आधारित छ । तर दर्शन, अझ भनौँ दर्शनशास्त्र, आध्यात्मिक र भौतिकवादी दुवै थरी हुन्छ । अनि दर्शनशास्त्र कार्य र कारणभन्दा धेरै परसम्म जाने गर्दछ । दक्षिण एसियामा उहिल्यै ऋषिमुनिहरूले भन्ने गरेकै थिए, "ब्रह्म सत्य, जगत् मिथ्या ।"

दक्षिण एसियाको सनातन वा वेदान्त दर्शनमा संसारलाई बुझ्न नसकिने, मिथ्या, रहस्यमय एवं अलौकिक बताइएको छ । यस दर्शनमा इहलोकको भन्दा परलोकको चिन्ता गर्दै मानव जीवनको सार्थकता 'मोक्ष प्राप्ति' मा देखाइएको छ ।

मेरा विद्यालयका गुरु रुद्रनाथ बस्याल गुरु, संस्कृत दर्शन र व्याकरण विषयमा भारतको बनारसबाट दीक्षित आचार्यसँगको भेटमा विविध विषयमा लामै बहस चल्ने गर्थ्यो । मलाई भन्नुहुन्थ्यो, "जयदेव बाबु, तिमी त चार्वाकवादी कुरा पो गर्छौ । कतै तिमी चार्वाकका चेला त हौइनौ ?"

को थिए चार्वाक ? पछि गुरुबाटै थाहा पाए अनुसार वेद नमान्ने, धर्म नमान्ने, ईश्वर नमान्ने, पूर्वजन्म-परजन्म नमान्ने व्यक्तिहरू नै 'चार्वाकवादी' अथवा 'चार्वाकका चेला' हुन् ! उनीहरूलाई नै ' नास्तिक' पनि भनिँदो रहेछ ! पौराणिक कालमा उनी अर्थात् चार्वाक पनि एक जना दर्शनशास्त्री रहेछन् ! र उनको दर्शनलाई 'चार्वाक दर्शन' भनिँदो रहेछ ! त्यसो हुँदा त चिन्नु न जान्नु, पढ्नु न सुन्नु, उतिबेला

म कसरी चार्वाकको चेला हुन सक्नु ? गुरु पनि आखिर गुरु नै हुनुभयो !

तर मलाई बडो खतरा लाग्यो यो चार्वाक दर्शन । चार्वाक भनिने मानिस पनि उस्तै 'डेन्जर' लागे । वेद र ईश्वर मान्ने परम विद्वान् ऋषिमुनि अनि आत्मा-परमात्मा एवं देवीदेवताको विशाल जगजगी भएको बेलामा समेत सबल स्थापित सत्तालाई ठाडो हाँक दिन सक्ने मानिस चानचुने हुने कुरा पनि त भएन तर धेरै पछिसम्म पनि कताकति चर्चा सुन्नुबाहेक मैले चार्वाक र चार्वाक दर्शनबारे खासै केही सुन्न र पढ्न पाइनँ । यस सम्बन्धमा उस्तोविधि लेखिएको वा पाठ्यसामग्री भए गरेको पनि सुनिनँ, किताब आदि किन्न पनि कतै मेसो भएन । अँ, बरु बेलाबखत चार्वाकको नाममा ठट्टा र हँस्यौली गरेको सुन्नमा आउँथ्यो । मानिसहरू चार्वाकले भनेको भन्दै संस्कृतका केही पङ्क्तिहरू सुनाउने गर्थे-

यावज्जीवेत् सुखं जिवेत्, ऋणं कृत्वा घृतं पिवेत् ।
भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ॥१॥
पीत्वा पीत्वा पुनः पीत्वा, यावत्पतति भूतले ।
उत्थाय च पुनः पीत्वा, पुनर्जन्म न विद्यते ॥२॥
वरमअद्य कपोतः, न श्वो मयूरः ।
सुखमेव स्वर्गं, दुखमेव नरकं ।
मरणमेवापवर्गः ॥३॥

(यी पङ्क्तिहरूको सरल नेपाली रूपान्तर हुँदो रहेछ, "जहिलेसम्म बाँच्ने हो, सुखपूर्वक बाँच्नु पर्दछ । ऋण काढेरै भए पनि घिउ खानु पर्दछ । एक पटक शरीर त्याग गरेपछि मानिसको जीवन सबै सकिन्छ, पुनर्जन्म भन्ने केही हुँदैन ॥१॥

"... मदिरा पिउनु पर्छ, भुइँमै नढल्दासम्म पिउँदै रहनु पर्दछ र त्यसरी ढलेपछि उठेर पुनः नढल्दासम्म फेरि पिउन थाल्नु पर्दछ । अन्तिम पटक ढलेपछि फेरि अर्को पटक जन्मिँदैन ॥२॥

"... आज पाएको कपोत अर्थात् परेवा जे भए पनि लिइहाल्नु पर्दछ, भरे भोलि मयूर पाइन्छ वा बनिन्छ भनेर त्यसको आशा गरेर बस्नु हुँदैन । सुख भनेको स्वर्ग हो र दुःख भनेकै नर्क हो । सुख र दुःख जे भने पनि सबै यही धरतीमै छ ॥

"...एक पटक मरेपछि अर्थात् एक बारको जीवन सकिएसँगै मानिसको मोक्ष त्यही हो ॥" ३॥) ।

कालान्तरमा, उमेरको दगुराइसँगै मेरो गधा-पच्चीसे वयलाई धेरै पछाडि छोडिसकेको समयमा, दर्शनशास्त्रका एक जना विद्वान् डा. दिव्य विकासकीर्तिलाई सुन्ने अवसर जुऱ्यो । उनले भने, "चार्वाकको मूल श्लोक अर्के छ । त्यसमा भनिएको छ, "काम एवैकः पुरुषार्थः । नास्ति मृत्योरअगोचरः ॥" जसको अर्थ हुन्छ- कर्म नै पुरुषार्थ हो । ... मृत्युभन्दा पर केही पनि छैन अर्थात् मृत्युपछि केही पनि छैन । मृत्युपछि अर्को जीवन या अर्को दुनियाँ छैन । त्यस कारण यही जीवनमा र यसै संसारमा सुखसँग जिउनु पर्दछ । तर अलि पछि गएर यो श्लोकलाई बिगारेर 'यावज्जीवेत् सुखं जीवेत्...' बनाइएको हो ।" अझ पढ्दै र केही बुझ्दै गएसँगै थप कुरा पनि थाहा भयो- यता चार्वाक भए जस्तै सुदूर उता पश्चिमी जगत्मा पनि एक जना प्रगाढ नास्तिक दार्शनिक रहेछन्, फ्रेडरिक निचा । यी जर्मन दार्शनिकले त क्रिस्चियन धर्मलाई सत्तोसराप गर्नुका साथै ठाडै "ईश्वरको मृत्यु भइसकेको" घोषणा गरिदिए ! यी दार्शनिक लेखकलाई नेपालसमेत दक्षिण एसियामा फ्रेडरिक नित्से भन्ने चलन छ तर जर्मन भाषामा उनलाई 'फ्रिडरिख निचा' भनिँदो रहेछ र अङ्ग्रेजीमा 'फ्रेडरिक निचा' । यिनलाई आधुनिक समयका र सर्वकालीन पनि, श्रेष्ठतम दार्शनिकमध्येका एक दार्शनिक भनिन्छ । उनी कहिल्यै आफ्नो दर्शन र दार्शनिक मान्यताबारे प्रवचन दिँदै यताउता हिँडेनन्, बरु उनले केवल पचपन्न वर्ष बाँचेको जीवनमा जम्मा अठार ओटा युगान्तकारी पुस्तक लेखे । उनको शेषपछि उनका विचारको प्रचारप्रारको महत् कार्य अर्थात् उनको दर्शन एवं विचारलाई विश्वव्यापी बनाउने काम उनका तिनै विचार-बोझिल किताबले गरे, गरिरहेका छन् ।

निचाले आफ्नो किताब 'द गे साइन्स' मा पहिलो पटक (र, त्यसपछि अर्को किताब 'दस स्पोक जाराथुस्ट्र' मा फेरि पनि) भनेका थिए, "ईश्वरको मृत्यु भइसकेको छ (ईश्वर मरिसकेको छ) । हामीले नै उसको हत्या गरेका हौं । हामी, हत्याराहरूको पनि हत्यारा, ले कसरी आफूलाई सान्तवना दिन्छौं ? यो समयमा जो सबैभन्दा पवित्र एवं शक्तिशाली थियो, उसलाई त हामीले आफ्ना छुरीहरू रोपेर मारिदिएका छौं... के यस कार्यको महानता हामीभन्दा टाढा छैन र ? बरु केवल यस निम्ति देखिनकै लागि भए पनि, किन हामी आफैं ईश्वर नबन्ने ?"

उनले अझ अगाडि भने, "जहिलेदेखि बाइबल सार्वजनिक रूपमा आयो, तहिलेदेखि नै त्रासदी पनि सुरु भयो । जहिलेदेखि ईश्वर आयो, मानिस उसको कठपुतली बन्यो । त्यस कारण के चाहिँ आवश्यक छ भने बाइबल र ईश्वर दुवैलाई हटाउनु पर्छ, जसले गर्दा मानिसहरूले आफ्नो उत्तरदायित्व आफैंले लिऊन् र सांसारिक माया भन्दै समय खर्चिनुको सट्टा जीवनका आवश्यक प्रश्नहरूबारे चिन्तन गरून् । आफ्नो अस्तित्वबारे चिन्ता गरून् ।"

यसरी यी दुई जनाबारे यति मात्र पढ्दाखेरि पनि मलाई चार्वाक र फ्रेडरिक निचाका सम्बन्धमा चर्चा गर्न रोचक लाग्छ । म जान्दिनँ, चार्वाकको पूरा नाम के हो ? उनको थर र गोत्र के हो ? उनी कहाँ जन्मे-हुर्केका थिए ? उनको गुरुकुल शिक्षा र अन्य विद्या आर्जन कहाँ कता कोसँग भएको थियो ? उनी किन नास्तिक दार्शनिकका रूपमा विकसित भए ? सनातनी र वेदान्तीहरू किन उनलाई घृणा गर्छन् ? तर किन फ्रेडरिक निचाले कहिल्यै चार्वाकको

नियति भोग्नु परेन ? उनको त नाम, थर, व्यक्तित्व, घर, परिवार, खानदान आदि सबैबारे सम्पूर्ण जानकारी उपलब्ध छ तापनि किन कसैले निचाको खेदो खनेन ? ईश्वर र धर्मविरोधी आफ्नो कडा नास्तिक विचारका हुँदाहुँदै किन उनी विश्वमै सम्मानित छन् ?

भारतीय उपमहाद्वीपमा सबैभन्दा बढी निन्दित र निषेधित दर्शन यही चार्वाक दर्शन हो । यसो भए पनि, थाहा भएसम्म, चार्वाकवादीहरू जहिले खुलेर बोल्थे र आफ्ना कुरा डटेर राख्ने गर्थे । यसै क्रममा थाहा हुने तथ्य हो– चार्वाक शब्द संस्कृतको 'चर्व' शब्दबाट बनेको छ जसको अर्थ हुन्छ, चपाउनु । विरोधीहरूको मतमा, "जुन मानिसले ईश्वर, आत्मा, परलोक तथा सबै आध्यात्मिक एवं नैतिक मूल्यहरूलाई चपाएर खान्छ, उसलाई चार्वाक भनिन्छ" । चार्वाकको दोस्रो अर्थ हुन्छ, 'चारु वाक्' अर्थात् राम्रो बोल्ने । के भनिन्छ भने 'चार्वाक' नाम भएका एक ऋषि थिए र उनी स्वयंले नै स्थापना नगरेको भए पनि यस दर्शनलाई व्यापक तवरले फैलाउने कार्य गरेका थिए ।

तर पौराणिक ग्रन्थहरूका अनुसार चार्वाक दर्शनको स्थापना देउताहरूका गुरु बृहस्पतिले गरेका थिए । गुरु वृहस्पति आफैंमा भौतिकवादी थिए (यद्यपि देउताहरू भौतिकवादी थिएनन्) । वृहस्पतिले यो दर्शन स्थापना गर्नुका पछाडि पनि विशेष कारण थियो । उनले राक्षस पनि भनिने दैत्य वा दानवहरूलाई अन्य दायित्वबाट पन्छाएर आमोद–प्रमोदमा भुलाउनका लागि यो भौतिकवादी दर्शन सुरु गरेका थिए अर्थात् देउताहरूले धेरै मेहनत नगरीकनै दानवहरूलाई होच्याउन र पराश्रित गर्न सकून् अनि अकण्टक स्वर्गको सुखभोग गर्न सकून् भन्ने थियो । त्यस कारण चार्वाक दर्शनको एक नाम 'बार्हस्पत्य दर्शन' पनि हो ।

चार्वाक दर्शनलाई 'लोकायत दर्शन' पनि भनिन्छ किनभने यसले यही लोकको र यसै लोकका वासीहरूको मात्र कुरा गर्दछ । यस दर्शनले केवल प्रत्यक्ष देखिने हामी बाँचिरहेको लोकलाई नै सबैथोक मान्छ । चार्वाक दर्शनले वेद, ईश्वर, परलोक, आत्मा, परमात्मा, पुनर्जन्म केही मान्दैन । मृत्युपछि अर्को कुनै लोक छैन भन्छ । यो दर्शनले भन्छ, "आँखाले देख्ने प्रत्यक्ष प्रमाणले मात्र पुग्दैन, इन्द्रियहरूले पनि प्रमाणित गर्नु पर्दछ ।" यसो हुँदा केवल प्रत्यक्ष प्रमाण मात्र मान्ने चार्वाक दर्शनले अन्य पाँच प्रमाण क्रमशः अनुमान प्रमाण, शब्द प्रमाण, अर्थपत्ति प्रमाण, अनुपलब्धि प्रमाण र उपमान प्रमाणलाई मान्दैन । भन्छ, "यी प्रमाणहरूले यथार्थ बोक्दैनन् ।" चार्वाकले भनेका थिए, "सृष्टि त वायु, जल, अग्नि र पृथ्वी मिलेर बनेको हो ।" चार्वाक आकाश तत्त्वलाई मान्दैनन् । अर्कोतिर वेद र उपनिषद्हरूले "पाँच तत्त्व अर्थात् आकाश, वायु, जल, अग्नि र पृथ्वी मिलेर मानव शरीर बनेको हो र मृत्युपछि मानव देह तिनै तत्त्वमा मिसिन पुग्छ" भनेका छन् । चार्वाकले यो जगत् र यही मानव जीवन नै एक मात्र सत्य हो, त्यस कारण यसैलाई सुधार्नु पर्छ भने । घर, परिवार, समाज छाडेर वन–जङ्गल जाने र कोही आजीवन एउटै खुट्टामा मात्र उभिने त कोही "भगवान्लाई चढाएको" भन्दै एउटा हात माथि उठाएको उठायै गर्ने अनि अझ अरूहरू यस्तै यस्तै असाधारण कार्य गर्ने गराउने प्रवृत्तितिर लाग्नुभन्दा बरु प्रत्यक्ष जीवन र जगत् सपार्न लाग्नु धेरै बढी श्रेयस्कर हुन्छ, जीवनको समग्र सार पनि त्यही हो, चार्वाक दर्शन भन्छ ।

यसरी चार्वाक दर्शनले दिए भनेका विचार अध्ययन गर्न, चिन्तन र मनन गर्न, संवाद र बहस गर्न अनि उचित लागेमा आफ्नो जीवनमार्ग बनाउन कुनै रोकावट नहुनु पर्ने हो । तर समस्या के छ भने लगभग सुरुदेखि नै यो दर्शनलाई दबाउने, हेलाहाँचो गर्ने, सार्वजनिक रूपमा संवाद र शास्त्रास्त्र गर्न नदिने आदि हुँदै आयो । सनातनी षड् धर्मावलम्बीहरूले आफूविरोधी चार्वाक दर्शनलाई कहिले पनि सहन सकेनन्, न उहिले न अहिले । सनातनी वा वेदान्तीहरू सधैँ चार्वाक दर्शनप्रति अग्घोरै असहिष्णु एवं असंवेदनशील रहँदै आए । यस क्रममा चार्वाकका जे जति रचना वा ग्रन्थहरू थिए, ती सबै ध्वस्त पारिए भने चार्वाक गुरु र चार्वाकवादीहरूलाई बदनाम गर्ने गराउने नियोजित कार्य हुँदै आयो । अझ कतिपयले त 'धूर्त चार्वाक' र 'सुशिक्षित चार्वाक' भन्दै चार्वाक दर्शनलाई मान्नेहरूबिच जबर्जस्ती विभाजन–रेखा कोर्ने गरेको पनि देखिन्छ ।

चार्वाक दर्शनबारे मौलिक ग्रन्थ उपलब्ध छैनन् । के मानिन्छ भने बाह्रौँ शताब्दीसम्म 'चार्वाक सूत्र' भन्ने एउटा पुस्तक कतिकति उपलब्ध थियो र त्यसमा चार्वाक दर्शनसम्बन्धी सबै सूत्र र टिप्पणीहरू थिए तर अचेल न त्यो पुस्तक भेटिन्छ न त्यसमा उल्लेख भएका सूत्र । यस दर्शनबारे केही अध्ययन गर्नु परे उही षड् दर्शन–ग्रन्थहरू पढ्नु पर्छ, जहाँ चार्वाक दर्शनलाई बेठिक एवं वेद तथा ईश्वरविरोधी नास्तिक विचारका रूपमा यदाकदा उल्लेख गरिएको छ । पछि चौधौँ शताब्दीमा दर्शनाचार्य विद्वान् माधवाचार्य विद्यारण्यले 'सर्वदर्शन सङ्ग्रह' नामक ग्रन्थ लेखे, जुन ग्रन्थमा सम्पूर्ण भारतीय दर्शनबारे सविस्तार लेखिएको छ र यस क्रममा चार्वाक दर्शनबारे पनि गम्भीर ढङ्गले लेखिएको छ । विद्वान्हरू भन्छन्, चार्वाक दर्शनबारे सबैभन्दा बढी सामग्री हाल यही ग्रन्थमा पाइन्छ ।

'ईश्वरको मृत्यु भइसकेको' घोषणा गर्ने फ्रेडरिक निचाका पुस्तकहरू अचेल लाखौँको सङ्ख्यामा बिक्री हुन्छन् र दुनियाँभर करोडौँ जनद्वारा पढिन्छन् । जर्मनीमा उनका सालिक ठड्याइएका छन् । उनको सम्झना र सम्मानमा सङ्ग्रहालय स्थापना गरिएको छ जसलाई हेर्न अनि उनको जीवनलाई अनुभूत गर्न बर्सेनि लाखौँ पर्यटक जर्मनी धाउने गर्छन् । ■

वत्सवंशको आदिभूमि पुग्दा

यस तस्बिरलाई कुल शिरोमणि दाशुको तस्बिर मान्नु उचित हुन्छ या हुँदैन ?
"मेरो मेसेन्जरमा आएको उक्त तस्बिर र सन्देश यसै सिलसिलामा थियो ।

चिरञ्जीवी दाहाल

वि सं २०७९ चैत २३ गते दाशु स्मृति तथा अनुसन्धान प्रतिष्ठानका सक्रिय अभियन्ता किशोरकुमार दाहालले फेसबुकको म्यासेन्जरमा एउटा तस्बिर पठाएका थिए। उक्त तस्बिर निधारमा सुन्दर त्रिपुण्ड र काँधमा यज्ञोपवित धारण गरी गेरु रङको धोतीमा सजिएका र कालो घुँगुरिएको दाह्री एवं कालै रङको केश भएका मध्यकालीन समयतिरका एक जना तेजस्वी ब्राह्मण दाशुको थियो । उनले परिकल्पना गरेको वत्सवंशका आदि पुरुष दाशुको, त्यस किसिमको तस्बिरले मेरो मन मात्र छोएन, किशोर दाहालको कल्पना शक्तिको पनि खुलेर प्रशंसा गर्न मन लाग्यो । समग्रमा तस्बिर मध्यकालीन भेषभूषासँग सुहाउँदो र अत्यन्त सुन्दर थियो ।

उनले नेपालमा बसोबास गर्ने दाहाल, लम्साल, रुपाखेती, कुँवर र राणा थरका केही व्यक्ति र व्यक्तित्वहरूसँग आदि पुरुष दाशुको तस्बिर परिकल्पना गरेर त्यसैको अनुमोदनका लागि राय सल्लाह मागेका थिए। "यस तस्बिरलाई कुल शिरोमणि दाशुको तस्बिर मान्नु उचित हुन्छ या हुँदैन ? "मेरो मेसेन्जरमा आएको उक्त तस्बिर र सन्देश यसै सिलसिलामा थियो । अन्ततः दाशु स्मृति प्रतिष्ठानले यसै तस्बिरबमोजिम वत्सवंशका आदि पुरुष दाशुको प्रतिमूर्ति, आदिभूमि दैलेखको दहगाउँमा स्थापना गर्ने निर्णय गऱ्यो । वत्सवंशको आदिभूमिमा पुग्ने अनगन्ती मेरा प्रयास असफल हुँदै गएका थिए। पोहोर साल फागुन महिनामा जाने तयारी गरिसक्दा पनि अर्धाङ्गिनीको अनुमति पाइएन । उनको तर्क थियो, "अङ्ग प्रत्यारोपण गरेको व्यक्ति त्यति लामो बाटो एक्लै जानु उचित हुँदैन । एक्लै हिँड्दा कुनै प्रकारको शारीरिक समस्या उत्पन्न भए कसो गर्ने ? फेरि सुनेको छु, कर्णालीको दैलेख त्यति सुगम पनि छैन ।" एक अर्थमा उनको तर्क पनि उचित थियो । यसरी दहगाउँ पुग्ने सपना कल्पनामा सीमित भइरहेको थियो । संयोगवश मनोज ज्वाइँ केही काम विशेषले सुर्खेत जानुपर्ने भयो । कर्णाली यात्रा गर्ने केही साथीहरूसँग बुझ्दा थाहा पायौं, सुर्खेतबाट दहगाउँको दुरी केवल तीन घण्टा मात्र छ । अनि मान्छेहरूले हौवा फैलाए जस्तो दैलेख त्यति दुर्गम पनि छैन ।

एक दिन अर्धाङ्गिनीले भनिन्, "आँटपछि नगई छोड्नुहुन्न दैलेख जाने भए मनोज ज्वाइँसँग गए हुन्छ ।" उनको अनुमति त पाइयो तर अर्को अवरोध झनै शक्तिशाली बनेर देखा पऱ्यो । त्यो थियो, मेरो आफ्नो छैटौँ साहित्यिक कृति "व्यङ्ग्य निबन्ध सङ्ग्रह 'बाघेझापु' को विमोचन कार्यक्रम । फित्कौली अनलाइन काठमाडौँले प्रकाशन गरी विमोचनको तयारीमा जुटेको भव्य कार्यक्रममा काठमाडौं नजाऔं भने आफ्नै पुस्तक विमोचनमा कसरी नजाने ? जाऊँ भने दहगाउँ पुग्ने महत्त्वपूर्ण अवसर यस पटक पनि गुम्न सक्थ्यो। म यस पटक पनि यो महत्त्वपूर्ण अवसर गुमोस् भन्ने चाहन्न थिएँ। पुस्तक विमोचन लेखकको उपस्थितिमा गर्नुको छुट्टै मजा हुन्छ । जे होस् बाघेझापुको विमोचन भयो । त्यसका लागि फित्कौली अनलाइनका सम्पादक नरनाथ लुइँटेल प्रति कृतज्ञता ज्ञापन गर्ने पर्छ ।

सुर्खेतको गोदाम लाइनस्थित हामी बसेको आयन होटलका प्रोप्राइटर विवेक सिँजापति भाइले दैलेख

जाँदा केहीबेर कुरेर भए पनि बसमा जाने सल्लाह दिएका थिए। बसमा भाडा पनि आधा सस्तो हुने र आरामसँग जान पाइने भनेपछि हामी ६ बजे सुर्खेत बसपार्क पुग्दा दैलेख जाने बस अपराह्न १२ बजे मात्र छुट्ने जानकारी पायौँ। त्यति लामो अवधिसम्म बस कुर्नुभन्दा माइक्रोबसको सहारा लिनु नै उचित लागेकाले हामी माइक्रो बसबाट दैलेखको उपल्लो डुङ्गेश्वरतर्फ प्रस्थान गऱ्यो।

सुर्खेतबाट उकालो लाग्दै गर्दा सालको जङ्गल भएको क्षेत्रबाट विस्तारै सल्लाको जङ्गल क्षेत्र पुगेपछि सुर्खेतको पुरानो सदरमुकाम गोठीकाँडा आइपुग्ने रहेछ। त्यहाँ हुकँदै गरेका सल्लाका रुखहरूले हामीलाई स्वागत गरे जस्तै अनुभूति भयो। मैले दहगाउँका विषयलाई लिएर मनमा अनगन्ती उमङ्ग र उत्साह थपिँदै थिए। गोठीकाँडाबाट सुर्खेत उपत्यकाको दृश्य निकै मनमोहक देखिँदै थियो। हरियो जङ्गलले घेरिएको सुर्खेत उपत्यका, बिच भागमा बसेको सुन्दर सहर र सहरलाई घेरा हालेर फैलिएका हरियो धान खेतका कारण सुर्खेत उपत्यकाले सहजै जोसुकैको पनि मन तान्न सक्थ्यो। सायद यही सुन्दरतालाई मध्यनजर गरेर तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्यले सुर्खेतलाई विशेष महत्त्वका साथ हेर्ने गरेका थिए। केही वर्षअघिसम्म सुर्खेतको सदरमुकाम यही साँघुरो डाँडास्थित गोठीकाँडामा थियो। सिद्धबाबा हुँदै सुर्खेत एवं दैलेखको सिमानामा पर्ने राता नाङ्ला पुग्दा भने यो नामले मलाई निकै कौतुहल जगाइदिएको थियो। नामका विषयमा एक जना माइक्रो बसका यात्रुलाई सोध्दा उनले भने, "लालीगुराँसको फूल नाङ्लाभरी राखेर छानामाथि सुकाउने गरेकाले यस ठाउँको नाम राता नाङ्ला भएको हो। जब हामी दैलेख जिल्लाको गुराँसे नगरपालिका प्रवेश गऱ्यौँ, जङ्गलमा तिनै लालीगुराँस र उत्तिसका रुखहरूले जङ्गलको शोभा बढाइरहेका थिए। हामीले दैलेखको भौगोलिक अवस्थितिप्रति देखाएको उत्सुकता देखेर सोही माइक्रोबसबाट यात्रा गरिरहेका एक जना युवाले हामीसँग प्रश्न गरे, "यहाँहरू कर्णालीको बासिन्दा जस्तो लाग्दैन। कता जान लाग्नुभएको ?" मनोज ज्वाइँले भन्नु भयो, "हो भाइ तपाईं एकदम सही भन्दै हुनुहुन्छ, हामी चितवनदेखि आएका हौँ। म ढकाल हुँ। उहाँ बुबा भने दाहाल हुनुहुन्छ। हामी दाहालहरूको आदिभूमि दहगाउँ जान हिँडेका हौँ।"

मनोज ज्वाइँको कुराले हामीभन्दा ती युवा बढी उत्सुक देखिए। तिनले हामीलाई दैलेख आउनुपर्ने अन्य कारण पनि सोधे। दैलेखेका घुम्ने पर्ने स्थानका विषयमा जानकारी दिए। उनीसँग सामान्य परिचय आदानप्रदान भयो। उनको नाम जीवन शाही रहेछ। उनी कुनै राजनीतिक दल निकट भ्रातृ सङ्गठनमा आबद्ध कार्यकर्ता रहेछन्।

शाहीजीले खल्तीबाट मोबाइल फोन निकालेर हामीलाई सहयोग गर्ने उद्देश्यले दहगाउँका केही दाहाल युवालाई फोन गर्दै भने, "चितवनदेखि दाहाल बन्धु आउनुभएको छ। दाहालको उद्गमस्थल दहगाउँ अवलोकनका लागि आउनुभएको हो। उहाँहरूलाई पूर्ण रूपमा सहयोग गरिदिनु होला। उहाँहरूको दैलेख भ्रमण कार्यक्रमलाई तपाईं हामीले सहयोग गरिदिनु पर्छ।" उनले दहगाउँका युवासँग आग्रह गरे। संयोगले त्यस दिन दहगाउँका दाहाल मृत्यु संस्कारमा भाग लिन कतै जाने कार्यक्रम रहेछ, 'पिपलपानी' सम्पन्न गर्न। "आज सबै मान्छे पिपलपानीका लागि त्यतै गएका रहेछन्। मान्छे भेट्न गाह्रो होला जस्तो छ," शाहीले भने।

"उस्तै परे डुङ्गेश्वरमा कर्णालीको माछा पाउन सकिन्छ। यहाँ चिचिण्डो र भात खानुभन्दा तल पुगेर माछा भात खान जाती हुन्छ।" उनको कुरा हामीले सहर्ष स्वीकार गऱ्यौँ। उनी पनि डुङ्गेश्वर बजार झर्ने यात्रु रहेछन्। झलक्क हेर्दा गोरखाको आरुघाट बजारको झल्को दिने तर निकै सानो र चिटिक्कको डुङ्गेश्वर बजार, लोहोरे खोला (नदी) र पराजुली खोलाको सङ्गम रहेछ। त्यस भेगका मान्छेहरूको किनमेल गर्ने स्थानीय बजार र डुङ्गेश्वर घाटसमेत भएको। अझै सुर्खेत र दैलेख जाने बस पनि त्यही बाटो भएर गुड्ने गर्छ। त्यसैले डुङ्गेश्वर बजारमा बाक्लो चहलपहल हुनु सामान्य कुरा थियो।

हामी तीन जना नै माइक्रो बसबाट डुङ्गेश्वर बजार झऱ्यौँ। उनै पोखेललाई पछ्याउँदै हामी एउटा भोजनालयमा पस्यौँ। एक जना रावत थर गरेका व्यक्तिले सञ्चालन गरेको भोजनालय रहेछ। भोक लागेका कारण हामी ढिला नगरी खाना खान बस्यौँ। खाना खाएर सक्नेबित्तिकै एक जना पूर्ववडा अध्यक्ष तथा पूर्वशिक्षकसमेत रहेका दुल्लुका लम्सु निवासी भलादमी व्यक्तित्व झुपाराम लम्साल आइपुगे। हामी वत्सवंशको आदिभूमिको दर्शन र अवलोकन गर्न आएको बुझेपछि उनी झनै आत्मीय बने। भने, "हामीले केही सहयोग गर्नु पर्छ भने भन्नुहोला !"

दाशु प्रतिष्ठानको सदस्यसमेत रहेका लम्साल बन्धुले हामीलाई हरतरहले सहयोग गर्न तम्तयार थिए। मैले दुल्लुका विषयमा तयार गरेको केही प्रश्नावलीको उत्तर उनै झुपाराम बन्धुसँग लिन पाएँ। अत्यन्त सहज ढङ्गबाट मेरा प्रश्नको उत्तर उनै झुपारामजीले दिए। एउटा महत्त्वपूर्ण कार्य सम्पन्न भएकाले मन केही हलुका भयो। संयोगले दुल्लुका विषयमा जानकार व्यक्ति फेला पाऱ्यौँ, खुसी लाग्यो। दाशु स्मृति प्रतिष्ठानमा दाहाल मात्र होइन लम्साल र रुपाखेतीहरूको पनि उत्तिकै सक्रियता रहेछ। कार्यसमितिमा वत्सवंशीय दाहाल, लम्साल, रुपाखेती, राणा र कुँवर सबै रहेछन्। नहुनु पनि किन, आखिर यिनीहरू सबै उनै दाशुका सन्तति हुन्। हामी झुपारामजीसँग दाशु प्रतिष्ठानका विषयमा छलफल गर्दै थियौँ, सडकमा एक जना वृद्ध व्यक्तित्व देखापरे। झुपारामजीले भने, "उहाँ काशीराम दाहाल हुनुहुन्छ। दहगाउँका हालसम्मका सबैभन्दा वृद्ध व्यक्तित्व। उहाँ चर्चित ज्योतिषी र कुलको पुरानो धामी पनि

हुनुहुन्छ । बन्धुले उहाँलाई भेट्नै पर्छ । यहाँले खोज्नुभएका अनगन्ती प्रश्नको उत्तर काशीराम दाहालले दिनुहुने छ । यसमा कत्ति पनि शङ्का छैन । मलाई भने काशीराम बाको आगमन ढुङ्गा खोज्दा देउता मिले जस्तै लाग्यो । जीवन शाहीले आज कसैसँग भेट नहोला भन्दा चिन्ता लागेको थियो तर त्यसबेला फटाफट दहका बन्धुहरू भेट हुँदा भने म निकै मक्ख परेको थिएँ । भुपारामजीले केही सम्झे जस्तो गर्दै कसैलाई फोनमा कुरा गर्न लागे । "चितवनबाट आउनु भएको । चिरञ्जीवी हो उहाँको नाम ।" उनले हामी दैलेख आएको कुरा कसैलाई सुनाउँदै थिए । भुपारामले कुरा गरिरहेको फोन मलाई दिँदै भने, "ल कुरा गर्नुहोस् ।"

मोबाइलमा कुरा गर्ने व्यक्ति दाशु प्रतिष्ठानका अभियान्ता उनै किशोर दाहाल रहेछन् । जसले दहगाउँलाई 'वत्स तीर्थ' बनाउने कार्यका लागि प्रारम्भदेखि नै अभूतपूर्व भूमिका निर्वाह गरिरहेका छन् । किशोरजी सुर्खेतमा रहेछन् ।

"दैलेख जानुभएको रहेछ । के थाहा ! फर्कंदा मलाई फोन गर्नुहोला, म सुर्खेतमा छु ।" लाग्यो, अब सुर्खेत पुग्नासाथ किशोरजीलाई भेट्नु पर्छ । प्रहरी सेवाको विशिष्ट श्रेणीबाट अवकाश प्राप्त किशोरजीका अधिकांश समय यसै गरी बित्ने गरेका छन् । वत्सवंशको उत्थानमा उनले अधिकांश समय खर्च गरिरहेका देखिन्छन् ।

उनको कुराले निकै खुसी लाग्यो । साँच्चै दहगाउँ अब नेपालमा बसोबास गर्नेहरूको मात्र होइन, संसारको जुनसुकै कुनामा बसोबास गर्ने वत्सवंशको प्रमुख तीर्थस्थलमा परिणत हुँदै छ । पानी, बिजुलीको बन्दोबस्त पहिले नै भइसकेको छ । डुङ्गेश्वरबाट दहगाउँसम्म पुग्ने कच्ची सडक पक्की हुने सिलसिलामा निर्माणको काम भइरहेको छ । अबको केही समयपछि संसारको जुनसुकै कुनाबाट दहगाउँ स्थित 'वत्स तीर्थ' आउनेहरूलाई त्यहाँ पुग्न खासै कठिनाइ हुने छैन । निजी र भाडाका सवारीसाधन लिएर सीधै दहगाउँस्थित 'वत्स तीर्थ' पुग्न सकिने छ । दाशु प्रतिष्ठानको परिसरमा सवारी राख्न मिल्ने व्यवस्था मिलाइएको छ । अझै डुङ्गेश्वर बजार र दहगाउँमा केही होमस्टे सञ्चालनका लागि कुरा भइरहेको जानकारी पायौँ । किशोरजीसँगको कुराकानीपछि हामी काशीराम बा बसेको उनको नातिको किराना पसलतर्फ लाग्यौँ । सामान्य चिनजानपछि काशीराम बा निकै खुलेर प्रस्तुत भए । हामीलाई चितवनदेखि आदिभूमि दर्शनका लागि आएकोमा धन्यवाद दिए ८६ वर्षीय काशीराम दाहालले । आफ्नो कुलवंश र कुल पूजा, पाञ्चायन पूजा, मूल थलोमा मान्ने गरेका दाहालका केही आदिम परम्परा, गाईभैँसी ब्याएको समयमा चोख्याउने विधि, जन्म र मृत्यु संस्कारका विषयमा तयार गरेका सयौँ प्रश्नको विषयमा जिज्ञासा राख्दा उनले अत्यन्त आत्मीयतापूर्वक सबै प्रश्नको जवाफ दिए । मलाई लाग्यो जीवनमा आज ठुलो उपलब्धि हासिल भयो । यहाँ नआएको भए यी यावत् प्रश्नको उत्तर पाइने थिएन न त काशीराम बासँग भेट नै हुने थियो ! मैले बिहान सुनेको 'पिपलपानी' शब्दबारे अनभिज्ञ थिएँ । उनै काशीराम बाका नाति पुष्करजीसँग बुझ्ने प्रयास गरेँ । "पिपलपानी भनेको कस्तो र के गर्नुपर्ने संस्कार हो पुष्करजी ?"पुष्करजीले भने, "मृत्युको एघारौँ दिन कुलवंशका सबै भाइबन्धुले एक पाथी चामल र एक हजार रुपियाँ लिएर मृतकको निवासमा उपस्थित हुनु पर्छ । उपस्थित हुने सबैले पिपलको फेदमा खोचीबाट पानी दिनु पर्छ । यसरी मृत्युको एघारौँ दिनमा यसरी पानी दिने संस्कारलाई 'पिपलपानी' भनिन्छ । एघारौँ दिनमा झैँ पैसा र चामल लिएर अघिपछि जान मिल्दैन । एघारौँ दिनमा मात्र जाने गरिन्छ । दैलेखतिर यसलाई 'मानो चामल' लिएर जाने पनि भन्ने गरिएको छ ।

काशीरामका नाति पुष्करले यहाँको परम्पराका विषयमा जानकारी दिए । यो प्रचलन हाम्रा लागि केही नयाँ र नौलो भए पनि यो गजबको प्रचलन थियो । यो प्रचलनका कारण मृतकका परिवारजनलाई मृत्यु संस्कार सम्पन्न गर्ने खर्च जुटाउन खासै झन्झट नपर्ने रहेछ । एकैसाथ कुलवंशका सबै सदस्यहरू भेट पनि हुने भए । यो प्रचलन वास्तवमा अत्यन्त राम्रो लाग्यो । कतिपय प्रचलन थर जातिको निजी नभई गाउँ समाजको हुने गर्छन् । पिपलपानी प्रथा त्यसैमध्येको एक रहेछ । मेरो विचारमा यस्तो प्रचलन नेपालका सबै जिल्ला र गाउँहरूले अनुकरण गर्नु पर्छ । जसका कारण मृत्यु शोकमा परेको समयमा मृत्युसंस्कार खर्च जुटाउने नाममा थप शोक बेहोर्नु नपरोस् । गोरखाली शाहवंशीय राजाका कुल ज्योतिष दुल्लभ जैसीका पितामह मार्कण्डेय पाध्याय जो हाम्रा पुर्खाका मावाली थिए भनिन्छ, त्यसबेला हाम्रा पुर्खा उनैसँग गोरखा जाने क्रममा दहगाउँबाट कति दिनमा गोरखा पुगे होलान् ? कुन बाटोको प्रयोग गरे होलान् ? मलाई यही प्रश्नले बारम्बार घच्घच्याइरहेको थियो । दहगाउँबाट मार्कण्डेय पाध्यायसँग सँगै गोरखा जाने ती हाम्रा पूर्वजको नाम के थियो ? तिनले कति वर्षको उमेरमा दहगाउँ छोडे ? के तिनी जनश्रुति बमोजिम टुहुरो भएकै कारण आफ्ना मामासँग गोरखा गएका थिए ? कि गोरखा जानुपर्ने अन्य कारण केही थियो ? मेरो मनभित्र रहेको यस मुख्य प्रश्नको उत्तर भने मैले यस पटक आफ्नै आदिभूमिमा पनि पाउन सकिनँ । यही प्रश्नको उत्तर खोज्न पुनः दैलेख पुग्ने मेरो अभिलाषा अझै जीवितै छ ।

दहगाउँ पहाडी भूमि भए पनि वत्स तीर्थ निर्माणका लागि डोजरद्वारा खारेर निकै फराकिलो गह्रा बनाइएको देखिन्थ्यो । उक्त गह्रामा पुग्नासाथ फलामका डण्डीद्वारा निर्मित 'वत्सद्वार' निर्माण गरिएको रहेछ । अलिपर टिनले छाएको एउटा लामो टहरो निर्माण गरिएको थियो । माथिल्लो गह्रामा भैरवलगायत कुलदेवताको मन्दिर देखिन्थ्यो । नजिकै वत्स गोत्रका आदि पुरुष दाशुको पूर्णकदको सालिक स्थापना गरिएको देख्न पाइन्छ । ■

कुमारी कोरला

विनोद नेपाल

उचाइ त्यति धेरै त कहाँ हो र ? केवल करिब ४ हजार ७ सय मिटर मात्र न हो तर नछिचोलेको उचाइ पहिलो पटक छिचोल्दा अत्यन्तै प्रफुल्ल थियो मन । भन्नु नै पर्दा सगरमाथा चुम्दा तेन्जिङ-हिलारी के खुसी भए होलान्, त्योभन्दा बढ्तै खुसी महसुस भएको थियो त्यतिबेला ।

भिन्न भूगोल, भिन्न परिवेश, भिन्न खालका दृश्य साँच्चिकै गजब लागिरहेथ्यो, बेग्लै संसारको अनुभूति भइरहेथ्यो र अघाएको थिएन मन एउटै यात्राले । नभरिएको मन अनि नमेटिएको प्यास लिएरै फिर्ता भइएको थियो पहिलो पटक 'फेरि आउनु पर्छ' भन्दै । के के छुटे जस्तो के के भुले जस्तो लागिरहेथ्यो त्यतिबेला र एक प्रकारले भन्नुपर्दा फेरि आउने अठोट नै गरिएको थियो ।

पहिलो यात्रा साथीहरूसँगको सल्लाहमा तय भई सम्पन्न भएको थियो, यो दोस्रो यात्रा भने विशुद्ध पारिवारिक हो र यसको कारक चाहिँ कान्छो छोरो सुविज्ञ । अमेरिकाबाट आएको उसको घुम्ने चाहना अनि रोजाइमा मुस्ताङ पर्नुले चाहे जस्तै भयो ।

त्यसो त अचेल मुस्ताङ दूर, दुरूह र दुर्गम्य छैन, यो नजिकिएको छ, पहुँच सहज भएको छ कालीगण्डकी करिडोरको निर्माणले । यद्यपि यसको म्याग्दी-मुस्ताङतर्फको अधिकांश भाग कच्ची नै छ र डरलाग्दो पनि छ । छड्गाछुर भिरमुनिको सडक अनि तल गहिरो गल्छी बनाएर बहिरहेको कालीगण्डकीको गहिराइ देख्दा कतिपय स्थानमा त आफसेआफ 'रामनाम' जप्न थाल्छन् ओठहरू !

फागुन २० गते चराङको बास हुन्छ, भोलिपल्ट बिहान चिया पिएर अगाडि बढ्छौं । हामी फर्केर लोमान्थाङमा खाना खाने योजनाका साथ । सोही अनुसार लोमान्थाङमा अघिल्लो यात्रामा आश्रय लिएकै होटलमा पसी खाना बनाइराख्न अनुरोध गर्छौं र अघि बढ्छौं लक्षित उचाइ टेक्ने उद्देश्यका साथ ।

०००

पहिलो र यस यात्राको कुरा गर्दा अरू भिन्नता खासै महसुस भइरहेको छैन किनकि यो भूगोल नै यस्तै हो रुखो र शुष्क, उजाड-उदास दृश्य तर कुशल कलाकारका अमूर्त कला जस्ता छन् यी विचित्र आकृतिहरू ! यी अत्यन्त मनोहारी छन् र आँखा मज्जैले रमाउँछन् यीसँग । जति पटक र जतिन्जेल हेरे पनि नौला लाग्छन् यी दृश्य ।

यस पटकको यात्रामा एउटा के चाहिँ भिन्नता देखिँदै छ भने त्यति बेला खोला गतिमान थिए, यस पटक गतिहीन छन् । ठाउँ ठाउँका हिउँ जमेका खोला छिचोल्दै छौं हामी झ्याम झ्याम फुटाउँदै गाडीको चक्काले । चिसो छ भित्रैसम्म छुने, यसैले अलि अलि पनि हावा पस्न नपाउने गरी बन्द छन् गाडीका झ्याल ।

छोसेरस्थित सशस्त्र प्रहरीको सीमा सुरक्षा कार्यालयमा हाम्रा विवरण टिपाउँछौं, यो नै यहाँ राज्यको अन्तिम उपस्थिति हो अर्थात् राज्यको उपस्थिति समाप्त हुन्छ र सबै 'राम भरोसे' हो यसभन्दा अगाडि ।

उकालो सुरु हुन्छ यहाँबाट, हामी उकालो लाग्छौं । अबको सडक भने फराकिलो र सजिलो छ । घुम्ती कटेर माथि पुग्दा आउँछ समथर मैदान, हुइँकिन्छौं र पुग्छौं गन्तव्य फागुन २१ को उज्यालो बिहानीमा ।

यसै पनि यो शान्त थलो हो, अझ यतिखेर त यहाँ बिहानी शान्ति छ यहाँ ।

०००

सुविज्ञ, दिनेश र प्रियङ्काका लागि पहिलो हो भने यो दोस्रो आगमन हो सुमित्रा र मेरो तर भिन्न छ यस पटकको अनुभूति । असीम आश्चर्यसँगै अथाह आनन्दको अनुभूति भइरहेछ अकल्पनीय भूगोलमा पाइला टेक्दा फेरि पनि !

निश्चय नै यहाँबाट देखिने भूगोल ठुलो र फराकिलो छैन, अग्ला रुखा र नाङ्गा पहाड अनि भिरपहरा छन् वरिपरि वा भनौं तिनको घेराबन्दीमा छ यो ठाउँ तर तिनमा नै भिन्न खालको सुन्दरता छ । यहाँ प्राकृतिक सुन्दरता छ । वास्तवमा नग्नतामा हुने सुन्दरता प्राकृतिक हुन्छ जुन यहाँ छ र त्यसको मादकताले हामीलाई रोमाञ्चित बनाएको छ ।

सबैभन्दा आश्चर्य त फराकिलो मैदान पो छ यो उचाइमा ! लाग्छ यो उपत्यका नै हो र यहाँ ठाउँ ठाउँमा हिउँका थुप्रा छन् ।

'अलि अलि सम्यायो भने अन्तर्राष्ट्रिय विमानस्थल नै बनाउन पुग्ने खालको पो रहेछ !' पहिलो पटक पुगेकाहरू भन्छन् तर कच्ची सडक नै भर्खर भर्खर पुगेको छ यहाँ र मानवीय उपस्थिति नै न्यून छ ।

०००

खल्तीबाट मोबाइल निकालेर हेर्छु, समय त दुई वटा पो देखिन्छ ! एउटा बिहानको ९ र अर्को ११ ।

देखेर तीन छक्क पर्छु ! होइन के आश्चर्य हो यो ? जहाँ पुग्यो त्यहाँको समय देखाएको अनुभव त थियो तर एकसाथ दुई वटा समय पो देखाउँछ यसले ? समयको अन्तर चाहिँ झन्डै दुई घण्टाको छ ।

साँच्चिकै चामत्कारिक विकास भएको छ प्रविधिको । नसोचेका धेरै कुरा भएका छन् । त्यसो त हरेक पछिल्लो पुस्ता अघिल्लो भन्दा भाग्यमानी नै हुन्छ किनकि पछिल्लो पुस्ताले अघिल्लाले भन्दा नयाँ र नौला अनुभूति गर्ने अवसर पाउँछ तर म आफूलाई असाध्य भाग्यमानी यसकारण ठान्दछु कि कल्पनातीत धेरै कुराको प्रयोग गर्न पाएको छु । जीवनयात्राको प्रारम्भदेखि झन्डै तीनबिस पुग्दै गरेको जीवनको यो उत्तरार्धसम्मका अनुभूतिहरू स्मरणमा आउँछन् र म आफैँसँग मौन संवाद गर्छु केहीबेर ।

आकारले सानोठुलो हुनु भिन्न कुरा हो, स्वाभिमानका दृष्टिले देश सानोठुलो हुँदैन । सबैका लागि आफ्नो स्वाभिमान ठुलो हुन्छ । हामीले कसैको पराधीनता स्वीकार नगरेका हुँदा हाम्रो स्वाभिमान विशेष र विशिष्ट छ, जसमा हामीलाई गर्व छ । हामीलाई आफ्नो इतिहासप्रति गौरव छ ।

०००

उता छिमेकको भूमि पर्छ काँडेतारको बारले छुट्याएको । बडेबडे भौतिक संरचना छन् त्यहीँनेर । उता पाइला परेका होइनन्, पर्न सम्भव पनि छैन, किनकि कडा पहरेदारी छ उताको, वरैबाट नियाल्नेसम्म हो तर हाम्रा पाइला पो त रोकिन्छन्, समयलाई, आँखाका दृष्टिलाई यस्ता कृत्रिम सीमाले कहाँ रोक्न, छेक्न सक्छन् र ?

सीमाको कुरा गर्दा हाम्रो सीमा रक्षक सशस्त्र सुरक्षा बल उतै चौध किलोमिटर परै, तलै छ र यहाँ यो उचाइमा हाम्रो अर्थात् 'राज्य' को उपस्थिति नाम मात्रको दसगजा सूचक 'प्रवेश निषेध' को चेतावनी अङ्कित, नजिकै गएर नियाल्नुपर्ने एउटा फुच्चे बोर्डमा अडेको छ । अनि अलि पर वास्तविक सीमामा उभिएको छ एउटा स्तम्भ निधारमा रातो रङमा 'नेपाल २४, २०१९' को टीका टाँसेर जसको उचाइ पनि उल्लेख्य छैन ।

आकारले सानोठुलो हुनु भिन्न कुरा हो, स्वाभिमानका दृष्टिले देश सानोठुलो हुँदैन । सबैका लागि आफ्नो स्वाभिमान ठुलो हुन्छ । हामीले कसैको पराधीनता स्वीकार नगरेका हुँदा हाम्रो स्वाभिमान विशेष र विशिष्ट छ, जसमा हामीलाई गर्व छ । हामीलाई आफ्नो इतिहासप्रति गौरव छ ।

०००

सृष्टिकर्ताले मानिसलाई लड्न, भिड्न र विभाजित

हुन बनाएको होइन । बुद्धिमान यो प्राणीमध्ये कसैलाई सामान्य र कसैलाई विशेष बनाएको पनि होइन, स्वार्थी मानिसको चक्रव्यूहमा परेर टुक्रिएको हो धरती र कोरिएका हुन् सबै सीमारेखा । जसले तेरो र मेरो गराएको छ । जसले मान्छेका बिचमा दुरी बढाएको छ । वैमनस्य उत्पन्न गराएको छ । स्वार्थमा बाधा पुग्दा असहिष्णु बन्ने प्रवृत्ति जगाएको छ, लाग्छ यी सीमा नभइदिएको भए कति आनन्द हुन्थ्यो । कस्तो हार्दिकता हुँदो हो मानिस मानिसका बिच र यसो भए धरती नै स्वर्ग हुन्थ्यो !

म केहीबेर यिनै कुरामा अलमलिन्छु ।

०००

जिज्ञासु दृष्टिहरू कुतूहल बोकेर दौडिरहन्छन्, कहिले यता कहिले उता र नियाल्छन् चारैदिशा पर परसम्म ।

आँखा देखिएसम्म हेर्दै छन् सीमा पारिका दृश्य । हाम्रातिर देखिए जति सुक्खा नग्न पहाड नै भए पनि उता अलि पर बाक्लै रुख छन् झुरुप्प र त्यसभन्दा पर दुई चार घर देखिन्छन् । अघिल्लो यात्रामा लोमान्थाङस्थित एभरेस्ट गेस्ट हाउसका साहु साङ्बो गुरुङले भनेका थिए, 'त्यहीं हो बेला बेलामा किनमेल गर्न जाने । यताका सामान उता र उताका यता ल्याउने लैजाने ।' भन्थे 'बेला बेला केही दिनका लागि खुल्ने सीमा कोरोना पछि बन्द भएकाले निकै गाह्रो भएको छ ।' तिब्बती पठारको एउटा भाग हो, यो जहाँ हामी उभिएका छौं ।

त्यसो त हिउँको अभाव छैन यहाँ र शिरमा हिउँका थुप्राथाप्री बोकेका पत्थरिला वनस्पतिहीन धारिला टाकुरा छन् । छेउछाउ तर दक्षिणतिर उ.. पर-पर देखिन्छन् वास्तविक हिमाल टाढा टाढा जसलाई टेक्दै नटेकी नाघेर हामी यहाँसम्म आइपुगेका छौं ।

हुरुरुरु चलिरहेको छ चिसो हावा । गति तीव्र छ उडाउला जस्तो । शरीरमा बाक्ला ज्याकेट छन्, टाउकामा बाक्ला टोपी छन्, कानसम्म छोपिने र मात्र, नत्र त यहीं थला पार्थ्यो होला ! बतासको भाषा बुझिनसक्नु हुन्छ, प्रकृतिको लयसँग उसको सुर ताल मिलेसम्म राम्रै हुन्छ । अन्यथा यसले रौद्र रूप लिन सक्छ । त्यतिबेला यसले के गर्छ, के गर्दैन अनुमान गर्न असम्भव हुन्छ ।

स्वभावतः साउती मार्ने हावा सुमधुर हुन्छ, मिठो लाग्छ तर वेगिलो हुनासाथ त्यो बतास, आँधी र हुरीमा परिणत हुन्छ र अनेकौं जोखिम उत्पन्न गरिदिन्छ । मै हुँ भनेर अग्लिएका संरचना, रुखपात आदिलाई लछारपछार पारिदिन्छ, ढुन्मुन्याइदिन्छ, यसैले हावासँग वैमनश्य राख्नै सकिँदैन तर यससँगको सम्बन्ध बडो होसियारीपूर्ण हुनु पर्छ ।

सहयात्रीहरू खिचिरहेछन् हाते फोनमा फोटो, बेलामौका म पनि मिसिन्छु तीसँग तर म यहाँ यो दुर्लभ भूदृश्यमा रमाएको छु र आफ्नै दुनियाँमा हराएको छु ।

०००

'लेक लाग्छ है, धेरैबेर बस्नु हुँदैन यहाँ, ढिलो नगरौं, फोटो खिचौं फटाफट र ओर्लौं' फर्कने मन छैन, अझै अलिबेर यतै अल्मलिऊँ, यही बतासँग बात मारिरहुँ, बतासका गीत-सङ्गीत सुनिरहुँ लागिरहेछ तर पनि म सहयात्रीहरूलाई झक्झक्याउँछु । अगुवा र अभिभावक भएपछि सबैको स्वास्थ्य, इच्छा सबै कुरा हेर्नु, बुझ्नु र तालमेल मिलाउनु पर्ने हुन्छ । म त्यो भूमिकाप्रति सजग हुन्छु ।

०००

उभिएका छौं सिमानामा तर अहँ देशको निसानी केही छैन । मन खोजिरहन्छ त्यही झन्डा, जुन चराङमा बास बसेको होटलमा झोलामै छुटेको छ यता हिँड्ने हतारमा । चुक्चुकाइरहेको छु म आफ्नै गल्तीमा !

यत्तिकैमा मोटरसाइकल यात्री टुप्लुकिन्छन् नेपालको राष्ट्रिय झन्डा फहराउँदै । ऊ...परै तिनलाई देखेर खुसी हुन्छौं । मनको इच्छा पूरा हुँदा खुसी नहुने को नै हुन्छ र ?

हामीले तीसँग सहयोग माग्छौं, झन्डाछेउ उभिएर फोटो खिच्छौं तिनकै सहयोगमा । आफ्नो साथमा ल्याएको झन्डा होटलमै छुटे पनि यहाँ भेटिएको अर्को झन्डाले सीमामा झन्डासँग फोटो खिच्ने इच्छा पूरा हुन्छ ।

विश्वकै एक मात्र भिन्न र आकारको विशिष्ट झन्डा लिएर फोटो खिचिरहँदा मन अपार हर्षले गद्गद् हुन्छ ।

०००

ऐतिहासिक बस्ती छ 'छोसेर' यहाँबाट झन्डै चौध किलोमिटर ओर्लेपछि, यो नै यस भेगको अन्तिम बस्ती हो । छोसेरका भित्तामा प्राकृतिक गुफा र गुम्बा छन्, जुन निकै प्रसिद्ध छन् । तिनको प्राचीनताका बारे अध्ययन भइरहेको छ । तिनको अवलोकन अबको लक्ष्य हो । त्यसपछि लोमान्थाङको प्राचीन-ऐतिहासिक बस्तीको अवलोकन गर्ने, खाना खाने र बाटो लाग्ने योजना छ हाम्रो । सोही अनुसार हामी ओरालो लाग्छौं ।

न स्वागतमा मिठो मुस्कान छ न बिदाइमा हल्लने हातहरू नै छन् ! निर्जन छ यो काँडेतार बाहिरको देखिएसम्मको फराकिलो आँगन । आगमनमा आफैं आफ्नो स्वागत गरेका हामी आफैं आफूलाई बिदाइ गर्छौं र फोहोर मैला तथा प्रदूषणको प्रहारबाट सुरक्षित कुमारी कोरलाको सुन्दर चित्र आँखाभरी सजाउँदै उसको चिसो काख छाडेर छोसेरतर्फ ओर्लन्छौं कामना गर्दै कि कोरला माथि कसैको कुदृष्टि नपरोस् र शुभकामना दिँदै कि कोरलामा नेपाल र नेपालीको पहिचान र नेपाली स्वाभिमानको प्रतीक नेपाली झन्डा नेपालको प्रतिनिधि बनेर छिट्टै उभियोस् र वेगिलो बतासमा निरन्तर फर्फराई रहोस्, यहाँ पुग्ने हरेक नेपालीलाई आफ्नो भूमिको गौरव महसुस गराओस् ! ■

पोखराथोक, माडी, पाल्पा

सई सा'बलाई कल्चर सक

अमित सिंह

गाडीको लुकिङग्लासबाट देख्छु, सई सा'ब पनि हात उठाई उनीलाई अभिवादन फर्काउँछन् र लजाउँदै भन्छन् "माले !'

संयुक्त राष्ट्र सङ्घद्वारा द्वन्द्व समाधानका निम्ति स्थापना गरिएको शान्ति मिसनमा युरोपियन, अफ्रिकी, मध्यपूर्वी, एसियाली मुलुकमा खटिने सुरक्षाकर्मीका लागि मिसनपश्चात् पाइने युएन मेडल वास्तवमा बर्दीको शोभा हो । यो आर्थिक र सामाजिक हिसाबले सानोठुलो अवसर पनि हो र आफ्ना लागि भने जीवन पर्यन्त सम्झनामा रहने, बिराना द्वन्द्वग्रस्त दूर गाउँसहरमा बिताएका अनेकन रुमानी तितामिठा पलका यादको सँगालो पनि हो । यो द्वन्द्व समाधानका निम्ति शान्ति मिसनमा आउने व्यक्तिहरूका लागि महत्त्वपूर्ण अवसर हो, जसबाट विश्वभरका मानिसका विभिन्न खानपान, वेशभूषा, अनौठा रीतिरिवाज अनि धर्म संस्कृतिका बारेमा नजिकबाट नियाल्न पाइन्छ ।

मिसन इलाकामा खटिएपश्चात मिसनको ट्रेनिङ युनिटद्वारा त्यहाँ दिइने हप्ता लामो इन्डक्सन ट्रेनिङको दौरान सुरक्षाका अलावा थुप्रै विषयमा प्रशिक्षण दिने गरिन्छ, जसमा एउटा सेसन मिसन इलाकाको भिन्न कल्चरमा आफूलाई कसरी अभ्यस्त गराउने भन्ने सन्दर्भमा पनि पर्दछ ।

शान्ति स्थापनार्थ साउथ सुडान फर्मड पुलिस युनिटका रूपमा हाम्रो १४० जनाको टोली नेपालबाट साउथ सुडान आएको तीन महिना पूरा हुने लागेको थियो । त्यो साउथ

सुडानको जोगङ्ली स्टेटको बोर बजारबाट नजिक रहेको गृहयुद्धबाट आन्तरिक रूपमा विस्थापितहरू बसोबास गर्ने संयुक्त राष्ट्र सङ्घद्वारा संरक्षित पिओसी (प्रोटेक्सन अफ सिभिलिएन क्याम्प) थियो । त्यसभित्रको ओहोरदोहर गर्ने चलनचल्तीको दोबाटोमा नियमित स्ट्यान्डबाई डिउटीका क्रममा मसहित ११ जनाको टोली अवाञ्छित गतिविधि निगरानी गर्न तथा परिआए तुरुन्त परिचालित हुन एक दिन एउटा ठुलो निमको रुखको छहारीमुनि गाडीलाई साइड लगाइबसिरहेका थियौँ ।

टोयोटा हाइलक्स गाडीको अगाडि सिटमा म थिएँ । मसँग आएका सई श्याम कोइरालाका साथै नौ जना हवल्दार र जवानहरू कोही पछाडि पिकअपमा बसिरहेका थिए र कोही रुखमुनि गाडीनजिकै उभिएर चर्को घाममा सुस्ताइरहेका थिए । कोही जर्किनबाट पानी पिउँदै थिए । हाम्रा सई सा'ब चाहिँ गाडी पछाडिको चक्काभन्दा माथि अढेस लगाई यताउती हेर्दै थिए, लुकिङ ग्लासबाट उनको कम्मरभन्दा माथिको जिउ प्रस्टै देखिन्थ्यो । युएन लेखेको निलो हेल्मेटको फिता खुकुलो पारी उनी गर्मीमा के के गम खाँदै थिए । उनको घर सुर्खेत हो । उनको जागिर करिब २७ वर्ष पुगेको थियो । उमेर ४५ पार गरेका थिए । पढाइ एसएलसी अनुत्तीर्ण हो क्यारे । उनी असाध्यै सिधा स्वभावका छन्, उनलाई मिसनको नयाँ परिवेशमा घुलमिल हुन कताकता गाह्रो भइरहेको बुझ्न सकिन्छ ।

एउटा आइतबार क्याम्प वरपर मानिसको चहलपहल अरू दिनभन्दा भिन्न बनिरहेको थियो । पीडामा मानिसलाई धर्मको आस्था बढी हुँदोरहेछ क्यारे, त्यसैले त्यस आइतबार तारबारभित्रको क्याम्पमा त्रिपालले बेरबार गरी बनाइएको क्याथोलिक चर्च जान महिला, पुरुष र केटाकेटीहरू फुरुङ्ग हुँदै सफा कपडा लागाएर रमाइरहेका देखिन्थे ।

त्यही बेला उक्त स्थानमा अन्य गतिविधि केही नभएका कारण गाडीको साइड मिररबाट म चाहिँ चुपचाप पछाडिका क्रियाकलाप नियालिरहेको थिएँ । म परबाट कुनै परिचित अनुहार हाम्रो गाडीतर्फ आउँदै गरेको देख्छु । उनी यान्डु, बायाँ हातको छडी दाहिने हातमा सारेर अभिवादनको शैलीमा हात हल्लाउँछन् । उनी स्थानीय नियुर भाषामा भन्छन् "माले ! अर्थात के छ ? यो साउथ सुडानको परम्परागत चलन होला, त्यहाँ वयस्क पुरुष जसको अलि बढी आर्थिक, सामाजिक र बौद्धिक हैसियत हुन्छ वा मनौ गृहयुद्धभन्दा पहिले थियो, उनीहरू हातमा डेढ फिट जति लामो, माथि सानो डल्लो भएको छडी बोक्ने गर्दछन् ।

गाडीको लुकिङग्लासबाट देख्छु, सई सा'ब पनि हात उठाई उनीलाई अभिवादन फर्काउँछन् र लजाउँदै भन्छन् "माले !' यता हामीसँग बोल्न सिक्दासिक्दै यान्डु थोरबहुत नेपाली जान्ने भइसकेका हुन्छन् । त्यसैले उनी फर्काउँछन्, "सन्चै छ ?" उनी थप घुलमिल हुँदै हाँस्दै दोहोऱ्याउँछन् के छ ? ठिक छ ? साउथ सुडानी अफ्रिकनले नेपालीमा कुरा गर्दा हाम्रो टोलीका सबै जना दङ्ग पर्दछन् ।

म यान्डुसँग थोरै मात्र परिचित छु । कहिलेकाहीँ मेरो पनि उनीसँग छोटो मिठो कुरा हुन्छ । उनीसँग राजनीतिक, सामाजिक, आर्थिक, पारिवारिक र अन्य प्रसङ्गमा पनि गफ हुन्छ । कालो, अग्ला ६ फिट जतिका ३५ वर्षका उनी हसमुख र फरासिला छन् । गृहयुद्ध सुरु हुनुपूर्व उनी साउथ सुडानी सेनाको लेफ्टिनेन्ट थिए । त्यतिबेला कतै टाढाको गाउँ अकोवोमा परिवारसहित बस्थे । ठिकै प्रकारले उसको जीवन चलिरहेको थियो । जातीय गृहयुद्ध चर्किएपछि उनी विस्थापित भएर क्याम्पभित्रका थुप्रै झुप्रामध्ये एउटामा बस्छन् ।

> हामी मिसन आएको सुरु सुरुका महिना निकै कौतुहलपूर्ण बन्छन् । नयाँ ठाउँ, भिन्न परिवेश, विभिन्न राष्ट्रका अनेक रङका मानिसका ताल तालका व्यक्तिगत आनीबानी देखेर सबै कुरा थाहा पाउने उत्सुकता बढ्छ । आखिर एक वर्षको मिसन अवधि पार गर्न वातावरणसँग घुलमिल हुनै पऱ्यो ।

विस्थापित जिन्दगीबाहेक उनीसँग केही बाँकी छैन । उनी पूरै युएनको भरथेगले बाँचेका छन् । डब्ल्युएफपी (विश्व खाद्य कार्यक्रम) ले प्रत्येक महिना उपलब्ध गराएको जेनतेन पुग्ने रासनको भरमा उनी बाचेका छन् । अरू सबै युद्धसँगै जले, नष्ट भए, लुटिए, लखेटिए, हराए तैपनि यान्डु हँसिलो देखिन्छन् तर लामो युद्धको चपेटाले थिचेर होला कठोर पनि छन् । युद्धका घाउमा मल्हमपट्टी लगाउन कहिलेकाँही बेलुकी डब्ल्युएफपीले दिएको सरगम (जुनेलो) ले लुकीचोरी बनाएको रक्सी खाएर उनी मातिन्छन् । अरू विस्थापितसँग आफू चानचुने मान्छे नभई विगतमा साउथ सुडान आर्मीको लेफ्टिनेन्ट थिएँ भनी धाक लगाउँछन् । उनीसँग गाउँमा जमिनमुनि लुकाएर राखेको एके फोर्टी सेभेन हतियार पनि छ रे । उनी कुनै दिन राष्ट्रिय सेनाको विरुद्ध लड्न तयार छु भन्ने गर्छन् ।

यान्डु कोइरालाको नजिक आउँछन् र दुवैले हात मिलाउँछन् ।

यान्डु पुलुक्क मतिर पनि हेर्दै फिस्स हाँस्छन् ।

जिस्किए जस्तो गरी गोडा जोडेर सलाम गर्छन् अनि भन्छन् बिग म्यान आई सल्युट यु ।

म मुस्कुराउँदै गाडीको अगाडिको सिटबाटै उनलाई हात हल्लाउँछु अनि उनी पनि मुस्कुराउँछन् ।

हामी मिसन आएको सुरु सुरुका महिना निकै कौतुहलपूर्ण बन्छन् । नयाँ ठाउँ, भिन्न परिवेश, विभिन्न राष्ट्रका अनेक रङका मानिसका ताल तालका व्यक्तिगत आनीवानी देखेर सबै कुरा थाहा पाउने उत्सुकता बढ्छ । आखिर एक वर्षको मिसन अवधि पार गर्न वातावरणसँग घुलमिल हुनै पऱ्यो ।

यान्डु र सई साबको टुटेफुटेको अङ्ग्रेजी र शारीरिक हाउभाउबाट गफ सुरु हुन्छ । म लुकिङ ग्लासबाटै दुवैलाई नियालिरहेको हुन्छु । सई सा'ब उत्सुकता साथ गाह्रो गरी आफूले जानेको अङ्ग्रेजी बोल्दै हात हल्लाई हल्लाई यान्डुलाई बुझाउने कोसिस गरिरहेका हुन्छन् । उनी अङ्ग्रेजी नआएको ठाउँमा हिन्दी पनि मिसाउन चुक्दैनन् । एउटा रमाइलो घटना छ केही दिन अगाडिको । एउटा साउथ सुडानीलाई रक्सी खाएर झगडा गरेको केसमा सोधपुछका लागि ल्याउँदा, सई सा'बले अङ्ग्रेजीमा संवाद गर्न जानेनछन् । उसलाई आफूसँग जानका लागि उनले 'अरे, भाइ चलो ना यार' भनेछन् । उनलाई लागेछ नेपालीभन्दा त बरु हिन्दी बुझ्ला नि, के पो बुझोस् त्यो साउथ सुडानीले । अनि अर्को टोली गएछ कुरा मिलाउन ।

सई कोइराला र यान्डु बिचको रमाइलो संवाद क्रमशः चल्दै जान्छ ।

यान्डु- हाउ मेनी उमन यु ह्याभ बाई दी वे ? (कति जना श्रीमती छ तिम्रो ?)

कोइराला- आइ ह्याभ वान वाइफ एन्ड सी लिभ्स विथ मी, इन भिलेज । (मेरी एउटी श्रीमती मसँग गाउँको घरमा बस्छिन् ।) याण्डु छक्क पर्दै नपत्याएर मुस्कुराउँदै सोध्छन्, वान्ली वान ? म्यान हाउ कम वान्ली वान ? आर यु सिरियस ? (जम्मा एउटी, कसरी एक जना मात्र ? साच्चिकै हो र ?)

फेरि दुई जना गलल्ल हाँस्छन् र हात मिलाउँछन् ।

कोइराला- आर यु म्यारिड ?

यान्डु- यस आइएम म्यारिड विथ थ्री वाइफ वान लेफ्ट मी, वान इज विथ मी नाउ यान्ड वान इज इन जुबा सिटी, इनसाइड पिओसी क्याम्प । (म विवाहित हो, जसमध्ये एउटी श्रीमती मलाई छोडेर गई, एउटी मसँग छिन्, अनि अर्की चाहिँ राजधानी जुवाको पिओसी क्याम्पमा बस्छिन् ।

यान्डुको कुरा सुनेर कोइराला छक्क पर्छन् र नपात्याएको जस्तै गरी हाँस्दै के भनुँ के भनुँ मनेर सोच्छन् । उनलाई अङ्ग्रेजी उत्ति आउँदैन, फेरि अस्वाभाविक पनि बोल्नुभएन, उनी असमनजस्यमा फ्याट्ट भन्छन्, ओ यु आर लक्की म्यान, (तिमी त भाग्यमानी मान्छे रहेछौ ।)

दुवै गलल्ल हाँस्छन् र हात मिलाउँछन् ।

कोइराला- हाउ मेनी चिल्ड्रेन यु ह्याभ ?

यान्डु- आई ह्याभ टु फ्रम दी फ्रस्ट, थ्री फ्रम दी सेकेन्ड एन्ड वान विथ दी थर्ड वान । आई वान्ट अनदर वान, इफ आई मिट हर इन जुबा, आफ्टर पिस कम्स । (मरो पहिलो श्रीमतीबाट दुई जना बच्चा छन, दोस्रीबाट तीन र तेस्रीबाट एक छन् । शान्ति आएपश्चात एउटा अर्को बच्चा बनाउने रहर पनि छ ।)

यो सुनेर कोइराला अक्क न बक्क पर्छन् । उनी जिब्रो टोक्छन्, अनि एक छिन अङ्किएर टुटेफुटेको अङ्ग्रेजीमा भन्छन्- ओ ! यु ह्याभ मेनी मेनी चिल्ड्रेन । अरू डिउटीमा सँगै रहेका हवल्दार, जवान पनि एकअर्कालाई हेर्दै रमाएर हाँस्छन् । कोही चाहिँ खित्का छोड्छन् । मिसनको दौरानमा भाषाका कारणले कुराको भाव नबुझ्दा हो मा हो मिलाउने एउटा सर्वव्यापी तरिका हा ! हा ! हा ! गरी खित्का छोडेर हाँस्ने चलन पनि हुन्छ ।

दुवै फेरि रमाइलो मान्दै, हात मिलाउदै, एकअर्काको हातमा लो फाइभ पड्काउँछन् ।

यान्डु- एन्ड हाउ मेनी चिल्ड्रेन यु ह्याभ ? कोइराला- आई ह्याभ वान्ली टु, एन्ड दिस इज इनफ फर दिस लाइफ, आई थिङक ! आई ह्याभ अल्रेडी अपरेटेड टु स्टप मोर । (मेरो जम्मा दुई जना बच्चा बच्ची छन् र यति नै हो सायद यो जीवनका लागि, मैले बन्ध्याकरण पनि गरिसकेँ ।)

यान्डु- दिस इज टु मच ! आर यु जोकिङ ? वान वाइफ एन्ड टु चिल्ड्रन ? योर कन्ट्री डन्ट ह्याभ इनफ फुड ? अर यु आर, पोअर इन योर कन्ट्री ? कमन दिस इज क्रेजी ! अनबिलिभएबल । (यो त अति नै अचम्म लाग्यो के, तिमी मसँग ठट्टा गरेको हो ? तिम्रो जम्मा एउटी श्रीमती अनि दुई जना बच्चाहरू ? के तिम्रो देशमा मनग्य खानेकुरा उपलब्ध छैन ? कि तिमी तिम्रो देशमा गरिब छौ ? यो त अति नै अपत्यारिलो भयो नि ।

छक्क पर्छन् यान्डु । उनी अच्चम्मित हुन्छन्, नपत्याए जसरी कोइरालालाई हेर्दै मजैले हाँस्छन् ।

कोइराला पनि यान्डुको वर्णन सुनेर अलि अपत्यारीलो भावमा, यताउति हेर्छन् । यता गाडीको अगाडि बसेर मैले कुरा सुनेको उनीहरूलाई पत्तो थिएन । सई सा'ब गाडीको अगाडि, म बसेतिर हेर्दै बेतको लट्ठी पिकअपको पछाडि राख्छन् र मुसुमुसु हाँस्दै, हाते रुमालले आफ्नो अनुहारको पसिना पुस्छन् ।

म चाहिँ गाडीभित्रबाट यी दुईको गफ सुनेर सोच्दै थिएँ, यो कल्चर सकको बारेमा । ■

मेसिनले दुहुने गाई



शोभाकर बराल

हाम्रोतिर गाईभैँसीलाई घाँसपराल दिने कुनै निश्चित मापदण्ड छैन । गाईभैँसीको डुढमा जतिखेर पनि घाँसपराल हालिदिने, गाईभैँसीले खाने खान्छन्, नखाने ओच्छ्याउँछन् । खासमा हाम्रातिर गाईभैँसीलाई घाँसपराल दिने परिपाटी वैज्ञानिक छैन ।

विसं २०८१ जेठ ६ गते म दक्षिण कोरियाका लागि प्रस्थान गरेँ । यस पटकको दक्षिण कोरिया भ्रमण मेरो दोस्रो थियो । यसभन्दा पहिला विसं २०७४ भदौमा म काहिँला छोराको विद्यावारिधिको दीक्षान्त समारोहमा सहभागी हुन आएको थिएँ । यस पटकको भ्रमण छोराबुहारीसँगको सामान्य भेटघाटबाहेक अत्यावश्यक कुनै काम थिएन । यस पटकको भ्रमणलाई सम्भव भएसम्म घुम्ने योजना बनाएको थिएँ ।

जेठ ७ गते इन्चोन अन्तर्राष्ट्रिय विमानस्थलमा हामी गएको हवाईजहाज अवतरण भयो । अध्यागमन र भन्सारका परीक्षणका काम सकिएपछि बाहिर प्रतीक्षारत छोरा एकराज बराल र उनका साथी प्रदीप अधिकारीसँग भेट भयो । प्रदीप र उनको परिवारसँग बिदा भएर दिउँसो ३:२० बजे विमानस्थलबाट देजङ जाने बसमा बाबुछोरा चढ्यौँ । झन्डै साढे दुई घण्टाको बस यात्रापछि डेजङ पुग्यौँ । बसबाट ओर्लेपछि ट्याक्सी चढी छोराको डेरामा पुग्यौँ । ट्याक्सीले दस मिनेट जति लगाएको थियो ।

छोराबुहारीसँग भेट भएपछि मेरो कोरिया घुमघामको योजना बन्यो । विभिन्न ठाउँको अवलोकन गर्ने सिलसिलामा जेठ २६ गते आनसाङ सहर पुग्यौँ । हाम्रो बसाइ आनसाङ सहरको हानक्योङ विश्वविद्यालयको छात्रावासमा बस्ने प्रदीप अधिकारीको कोठामा भयो। त्यो साँझ त्यही छलफल गरेरै बितायौँ। चिया खाइसकेपछि प्रदीप अधिकारीले भने, "लौ बाबा ! लौ दाजु ! मैले आज बिहानमा तपाईंहरूलाई गाई फर्म हेर्न लैजान्छु ।"

मैले बुहारी रेखालाई सोधेँ, "तिमी हामीसँग गाई फर्म हेर्न नजाने ?"

रेखाले हाँस्दै भनिन्, "तपाईंहरू जानुहोस् । दिदी (प्रदीपकी श्रीमती) र म यहीँ खाना पकाएर बस्छौँ । बरु राम्रा राम्रा फोटा खिँचेर ल्याउनुहोला । फोटामा नै हेरौँला ।" त्यसपछि हामी तीन जना प्रदीपको कारमा बसेर घुम्न निस्क्यौँ । प्रदीप आफैँ गाडी हाँक्दै थिएँ । प्रदीप देख्दा मात्र रमाइला थिएनन्, निकै फरासिला । गाडी हाक्दै गर्दा उनले बेला बेलामा हँसाउँथे । कोरियाको चिप्लो र सललल बगेको बाटो, एकतर्फी सवारी । बाटामा कतै पनि रोक्नु नपर्ने, कतैबाट अर्को मोटर आएर ठोकिएला कि भन्नु नपर्ने । सडकमा हाम्रा जस्ता चौपाया नहुने । नेपालमा जस्तो सडक देख्नेबित्तिकै सडकमै जोडेर घर बनाइएका थिएनन्, घडेरी बेच्नका लागि तयार गरिएका पनि थिएनन् । घरघरको आँगनमा नै पुग्ने गरी बाटो बनेको पनि देखिएन ।

हाम्रो योजना त गाई फर्मको अवलोकन थियो । सात समुद्र पार गरेर आएपछि बाटामा देखिएका अन्य कुरा पनि हेर्न हामीलाई रोकावट थिएन । गाडीबाटै मैले दृश्य अवलोकन गरेँ । बाटामा विशाल खेती गरिएको क्षेत्र देखियो । दक्षिण कोरियाले कृषिलाई अत्यधिक महत्त्व दिएको पाएँ ।

बाटामा धानको अति सुन्दर खेती देखियो ।

नेपालमा जस्तै कोरियामा पनि धान मुख्य खाद्यान्न वाली रहेछ । भात त विश्वमा सबैका लागि प्रिय खाना रहेछ । भात सबैलाई फलिफाप भन्थे । भात सबै उमेरका लागि खान मिल्ने खाना हो, भात लगभग सबै किसिमका रोगीलाई पनि पाच्य हुने खाना हो । न नुनिलो, न गुलियो, न चिल्लो, न भुटेको, न तारेको । चाममलाई उसिनेर पकाएको भात पचाउन पनि सजिलो ।

सन् ६० को दशकमा दक्षिण कोरियामा खाद्यान्नको अभाव भएको समयमा नेपालले कोरियालाई चामल पठाएर सहयोग गरेको कुरा मैले सुनेको थिएँ । कोरियामा पनि भात तीनै पहर खाने रहेछन् तर हामीले जस्तो होइन । उनीहरूको भात निस्तै खान मिल्ने । कचौरामा भात राखेर दुईटा सिन्काको सहायतामले कपाकप खाने । मलाई त त्यसरी खान आउँदैन । हामीले त निस्तो भात खानै सक्दैनौं । भात खाँदा हामीलाई दाल, तरकारी आदि चाहिन्छ । दाल र तरकारीमा भात मुछेर ग्वाम ग्वाम खाँदाको मज्जै बेग्लै ! आफ्नो खानाको बानी त विश्वको जुन कुनामा गए पनि छुट्दैन । बिहान र बेलुकी भात खाँदा पनि कसैलाई भातको नाक लाग्दैन, 'दाल र तरकारीमा नाक लाग्यो, मिच्छिएँ भन्नेले पनि 'भातमा नाक लाग्यो' भनेको सुनेको छैन । चिल्लो कालो सडकमा अगाडि बढ्दै जाँदा धान खेत देखियो । धान खेती देख्दा अचम्म मान्नुपर्ने थियो । हाम्रा गाउँघरमा जस्तो खेतालीले धानको बिउ रोप्ने होइन रहेछ । मेसिनले रोप्ने भएकाले होला लाइनमा रोपेको धानको खेती अति नै लयमा मिलेको र सुन्दर देखिन्थ्यो । धानको रोपो अलि ठुलो भएपछि हेलिकप्टरबाट मल छर्ने रहेछन् भन्ने सुनें । सडकको दायाँ बायाँ धान खेती देख्दा त मलाई त अति नै आनन्द आयो । धित नमर्ने धान खेती हेर्दै जाँदा आलुबारी, सखरबारी, मकैबारी पनि देख्यौं । तरकारी लगाएका अनेकौं टनेल हेर्दै जाँदा काउली र बन्दाको खेती देख्यौं ।

धान र तरकारी खेती हेर्दै अगाडि बढ्दा नास्पातीको बगैंचा देखा पऱ्यो । कोरियाका नास्पातीका बोटहरू नेपालमा जस्तो अग्ला हुने रहेनछन्, होचाहोचा हुँदारहेछन् । नास्पातीका दाना लागेपछि सुरक्षित गर्ने तरिका अनौठो हुँदो रहेछ । जसरी बिजुलीको बल्बलाई माथिबाट छत दिएर बल्बको रक्षा गरिन्छ, त्यस्तै तरिकाले नास्पातीको दानाको माथिबाट प्लास्टिकले रक्षा गरिँदो रहेछ । नास्पातीको दानालाई हावा प्राप्त होस् भनी प्लास्टिकको तल्लो भागलाई खुला राखिएको हुँदो रहेछ । यसरी नास्पातीको दानालाई घामपानीबाट बचाइँदो रहेछ ।

गाडीबाटै कृषिक्षेत्रको दृश्य हेर्दै जाँदा गाई फर्ममा पुग्यौं । गाई फर्म आनसाङ नगरपालिकाको मियाङदोङ भन्ने ठाउँमा रहेछ । गाई फर्मका साहुको नाम हाँहिन्जे रहेछ ।

दक्षिण कोरियामा काम गर्न जाने नेपाली थुप्रै छन् । मैले २०७४ को पहिलो भ्रमणमा पनि धेरै नेपाली कामदारलाई भेटेको थिएँ । दक्षिण कोरिया र नेपालले सम्झौता गरेर नेपाल सरकारले नेपाली युवालाई कोरियामा रोजगारका लागि पठाउँछ । यसलाई रोजगार अनुमति प्रणाली (इम्प्लोइमेन्ट पर्मिसन सिस्टम (इपिएस) भनिने रहेछ । यही इपिएसमार्फत नेपाली युवा दक्षिण कोरिया काम गर्न आउँछन् । हाम्रै गाउँका पनि कैयौं युवा दक्षिण कोरियामा छन् । मियाङदोङको गाईफर्ममा काम गर्ने चार जना मजदुर नेपाली रहेछन् । ती युवालाई हामीले फर्ममा नै भेट्यौं । यी चार जना नेपालीमा दुई जना स्याङ्जाका रहेछन्- कृष्ण गुरुङ र माधव भण्डारी । दुई जना पर्वतका रहेछन् ज्ञानप्रसाद आचार्य र सागर अर्याल ।

मियाङदोङको गाई फर्ममा दुध दिने र नदिने दुवै किसिमका गाई देख्यौं । हुन त हाम्रामा पनि गोठमा भएका सबै गाईभैंसीले दुध दिँदैनन् । गोठका गाईभैंसीमा कुनै ब्याउने हुन्छन्, कुनै थारै हुन्छन्, केही पाडापाडी र बाच्छाबाच्छी हुन्छन् । त्यो फर्ममा दुध दिने गाईको सङ्ख्या ६५ र दुध नदिने गाईको सङ्ख्या २५ थियो । जम्माजम्मी ९० वटा गाई । यसको मतलब दुहुना गाई ६५ वटा रहेछन् । फर्ममा गाईलाई बाँध्ने चलन रहेनछ । गाई फुकै छाडिँदो रहेछ । गाउँघरमा दाम्लामा बाँधेका गाई देखेको मैले, यस्तो ठुलो फर्ममा यति धेरै गाई देखेको थिइनँ, त्यो पनि नबाँधीकन फुकै छाडिएका गाई । मियाङदोङको गाई फर्म ठुलो थियो । फर्मलाई दुई तीन खण्डमा विभाजित गरी बारले घेरिएको थियो ।

हाम्रोतिर गाईभैंसीलाई घाँसपराल दिने कुनै निश्चित मापदण्ड छैन । गाईभैंसीको डुढमा जतिखेर पनि घाँसपराल हालिदिने, गाईभैंसीले खाने खान्छन्, नखाने ओच्छ्याउँछन् । खासमा हाम्रातिर गाईभैंसीलाई घाँसपराल दिने परिपाटी वैज्ञानिक छैन । मधेशतिर गाईभैंसीलाई घाँसपराललाई काटेर भुसमा मिलाएर भाँडामा राखेर भुस्सा खुवाएको भने मैले देखेको थिएँ । हिजोआज गाईभैंसीलाई चोक्कर र दाना पनि खुवाउने गरेको पाइन्छ ।

मियाङदोङको गाई फर्ममा काटेको पराल खानलाई बारदेखि मुन्टो छिराउन मिल्ने र पराल खान सक्ने व्यवस्था मिलाइएको थियो । काटेको परालालाई व्यवस्थित डुँढमा राखिन्थ्यो । गाईहरूले बारको मुन्टो छिराउन मिल्ने ठाउँबाट मुन्टो छिराएर पराल खाँदा रहेछन् । गाईहरू पनि निकै तालिम प्राप्त देखिन्थे । फर्ममा काम गर्ने सागर अर्यालसँग गाईको मृत्युबारे सोध्यौं । सागर अर्याललले भने, "यो गाईले बढी खायो, अपच भएर ढल्यो । यहाँका गाईहरू ढलेपछि मुन्टो उठाउनै सक्दैनन् । खासमा बढी खाना खानाले मृत्यु भएको हो ।" गाईको मृत्यु देखेर मेरो मन खिन्न भयो । हाम्रो गाउँतिर गाई बिरामी भएमा गाईलाई बाँधिएको दाम्लो फुकाउने चलन छ । दाम्लामा नै गाई मऱ्यो भने गाई धनीले

किरिया गर्नु पर्छ भन्ने मान्यता छ । गाईलाई गौमाता पनि भनिन्छ । कोरियामा त गाईको मासु नै खाने भएकाले गौमाता त भन्दैनन्, मान्दैनन् । यसमा पनि गाईलाई दाम्लामा नबाँध्ने र फुकै छोड्ने भएकाले गाई फर्म धनीले किरिया त हाम्रातिर भए पनि गर्न पर्दैनथ्यो । कोरिया त फरक धर्म, फरक मान्यता भएको देश ।

मियाङदोङको गाई फर्ममा गाईको गोबर फाल्ने चलन रहेनछ । त्यहाँ गाईले गोब्राएको गोबरमा विदेशबाट ल्याएको मिसाइदो रहेछ । अनि त्यहीँ गाईहरूले गोबर र माटो कुल्चिँदा रहेछन् । गाईहरूले कुल्चेर गद्याकगुदुक पारेपछि गोबर र माटो मोलिँदो रहेछ । यसरी गोबर र माटो मिसिएर राम्रो अर्गानिक मल तयार हुन्छ अरे ।

यसरी तयार पारिएको अर्गानिक मललाई निकालेर थुपारिँदो रहेछ । त्यसपछि त्यो अर्गानिक मल बिक्री वितरण गरिँदो रहेछ । यसरी कृषि कार्यका लागि चाहिने मल त्यहीँबाट बिक्री वितरण हुँदो रहेछ । अचम्मको कुरा माटो ल्याएको देशमा सोही अर्गानिक मल बिक्रीवितरण गर्नका लागि निर्यात पनि गरिन्छ भन्ने सुनें ।

नेपालमा गाई दुधका लागि पालिन्छन् । स्थानीय गाईले त त्यति धेरै दुध दिँदैनन् । गाईका बाच्छाबाच्छी पाल्नै पर्ने भएकाले बाच्छाबाच्छीलाई पनि दुध दिनै पर्थ्यो । त्यसैले दुधका लागि किसानहरू गाई पाल्नुभन्दा भैँसी पाल्नतिर आकर्षित भए । बिस्तारै उन्नत नश्लका गाईहरू नेपालमा भित्रिए । जर्सी, होलिस्टेन, हरियाना जस्ता उन्नत गाईका जात र यिनैबाट जन्मिने वर्णशङ्कर गाईहरू पनि नेपालमा पाइने गरेको छ । अहिले त नेपालमा पनि गाई फर्म खोल्ने, दुध बेच्ने, डेरी खेल्ने र डेरीका उत्पादन बेच्ने चलन राम्रैसँग फस्टाएको छ । मियाङदोङको गाई फर्ममा गाईले कतिसम्म दुध दिन्छन् भन्ने जिज्ञासा मेरो मनमा आयो । मैले सागर अर्याललाई सोधेँ, "एउटा गाईले कतिसम्म दुध दिन सक्ला ?"सागरले मुसुक्क हाँस्दै भने, "एउटा गाईले तिस लिटरसम्म दुध दिन्छ ।"

"एउटा गाईले तिस लिटर ! आम्मामा यति धेरै दुध ! तिस लिटर दुध दुहुँदा त हातै दुख्छ होला । दुहुने भाँडो पनि ठुलै चाहिने होला ?" मैले भनें ।

"यहाँ गाई मानिसले दुहुने होइन, मेसिनले नै दुहुन्छ," सागरले भने । "मेसिनले गाई दुहेको हामीलाई देखाइदिन सक्नुहुन्छ ?" मैले भनें ।

"हुन्छ । आउनुहोस् न," सागरले भने । मेसिनले गाई दुहिरहेको ठाँउमा पुगेर प्रत्यक्ष हेर्न पायौँ । हामीहरूले गाई दुहुदा पानीले थुन र कल्चौडो पखाल्थ्यौँ । मेसिनले पनि त्यही गर्दो रहेछ । मेसिनले थुन र कल्चौडो पहिला पानीले पखाल्दो रहेछ । अनि त्यो पखाले मेसिन हटेपछि मेसिनले नै दुहुने मेसिनलाई चारैतिरबाट भित्र पसालेर कसिँदो रहेछ । यति भएपछि मेसिनले बल लगाइदिएपछि दुध बाल्टीमा झर्दो रहेछ । मैले हातले गाईभैँसी दुहेको थिए । कहिलेकाहीँ त हातै दुख्थ्यो । मियाङदोङको गाई फर्ममा मेसिनले गाई दुहेको प्रत्यक्ष हेर्न पाएँ । गाईहरू पनि कति अनुशासित र तालिम प्राप्त ! दुहुना गाईहरू दुहिनका लागि तयारी भई पालो कुर्दा रहेछन् । यसरी दुहिन जानुको पनि स्वार्थ रहेछ । दुहिन जाँदा दाना खान पाइने रहेछ । एकातिर गाईले डुँढमा दाना खाना पाउने, अर्कातिर मेसिनले दुध दुहिदिने । तिस तिस लिटर दुध दिने गाईको कल्चौडा पनि ठुलो हुने, शरीरलाई धान्न पनि गाह्रो हुने । मसिनले दुध दुहेपछि शरीर पनि हल्का हुने हुँदा गाईहरू दुहिन जानका लागि तयारी हुँदा रहेछन् । कस्तो बानी परेका गाईहरू !

गाईको दुध दुहिएपछि कल्चौडोबाट मिसन हट्न गई ढोकाखोली गाईलाई घचटेर बाहिर पठाउँदो रहेछ । दुध दुहिएको गाई बाहिर निस्केपछि दुहिन तयार भएको गाई भित्र पस्दो रहेछ । त्यसै बखत यही फर्मबाट प्रदीप अधिकारीले घरमा लैजानका लागि १० लिटर गाईको दुध किनेर गाडीमा राखे । बेलुकी मियाङदोङको गाई फर्मको दुध खान पाइने भयो ।सागरले "हामीलाई गाई ब्याएपछि बाच्छाबाच्छीलाई त्यहाँबाट अन्तै लगेर राखिन्छ" भनी बताए । बाच्छाबाच्छीलाई अर्को गोठमा सुसार गरिन्छ रे । गाईको दुध बच्छाबाच्छीलाई चुसाउने चलनै छैन रे ।

गाई फर्मका मालिक हाँहिन्जेका दाजुभाइ र एक जना कामदारसँग भेट भयो । हामीले मियाङदोङको गाई फर्ममा भेटेका तीन जना नेपाली बाहिर गइसकेछन् । त्यहाँ हामीसँग सागर अर्याल मात्र थिए । गाई फर्मका मालिक हाँहिन्जेसँग हामीले बातचित गर्‍यौँ । छोरा कमल र प्रदीप आधकारीले कोरियन भाषामा बातचित गरे । मलाई कोरियन भाषा आउँदैनथ्यो । मैले साधारण अङ्ग्रेजीमा बोलें ।

फर्मका मालिक हाँहिन्जेले मलाई सोधे, "तपाईंको उमेर कति भयो ? कुन देशबाट आउनुभयो ? तपाईं हाम्रो गाई फर्ममा आउनुको विशेष कारण के थियो ? हाम्रो गाई फर्म तपाईंलाई कस्तो लाग्यो ?" उनले कोरियन भाषामा यस्तै यस्तै जिज्ञासा राखे ।

मैले साधारण अङ्ग्रेजीमा उनका जिज्ञासाको जवाफ दिएँ । मैले नेपालदेखि दक्षिण कोरियाको भ्रमणमा आएको बताएँ । मैले "मेरो छोराले यहीँ सर्भिस गर्छन् र बुहारी यहीँको विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थी हुन्" भनिदिएँ । कोरियनहरू आफ्नो भाषालाई अति नै प्राथमिकता दिन्छन् । सकभर अङ्ग्रेजी भाषामा बोल्न चाहँदैनन् । अङ्ग्रेजीमा बोल्न रुचाउँदैनन् । गाई फर्मका मालिकका सबै जिज्ञासाको विस्तृत जवाफ प्रदीपले दिए । पेसा अपनाउँदा व्यावसायिक रूपमा गर्नुपर्ने रहेछ । निर्वाहमुखी पेसाले आर्थिक उन्नति हुँदैन । पेसालाई व्यावसायका रूपमा लैजानुपर्ने रहेछ । ■

लेखनाथ बाबा, साष्टाङ्ग प्रणाम

रमेशानन्द वैद्य

घरबाट निस्कन्छु । असी पचासी पाइला जतिको फेरो गल्ली छ । त्यति छिचोलेपछि मूल सडक भेटिन्छ । दायाँबायाँ हेर्छु । पाँच वटा मुख्य बाटा देख्छु । दिशा प्रस्ट हुन्छ । बालाजु जाने, म्हैपी जाने, म्हैपीमा पारिजात दिदी जो बस्नुहुन्थ्यो । डाँडामाथि म्हैपी अजिमा (देवी हजुर माता) । फेदको सडकछेउ एक घरमा पारिजात दिदी । दायाँतिरका यी बाटा उत्तर दिशामा पर्दछन् । बायाँ लागे सोह्रखुट्टेको उकालो । उकालो नचढी दायाँ लागे पकनाजोल । पकनाजोल जहाँ हाम्रा राष्ट्रकवि बस्नुहुन्थ्यो । एक जना नेवारको घरमा । कपुरधारामा स्थायी निवास निर्माण नहुँदासम्म । हैन, उता नलागी अझ दायाँ पनि जान सकिन्छ । सर्वथा नयाँ यो बाटो लिङ्क रोड कहलिन्छ । अङ्ग्रजी नाम ! सम्पर्क मार्ग भन्न मन लाग्छ यसलाई । यसो किन पनि भने विष्णुमती नदी पुग्छ त्यहाँबाट । नदीपारि शोभा भगवतीको मन्दिर छ । सम्पर्क मार्ग यस कारण भन्न मन लागेको हो त्यहाँ पुगे मुक्ति मिल्छ । निरङ्कुसताबाट मुक्ति । जस्तै गङ्गालाल र दशरथ चन्दले पाएथे सहादत त्यहीँ, भचाखुसी मिल्ने नदीको दोभानमा । प्रजातन्त्र उदायो देशमा त्यसको दस वर्षपछि त्यसैले । पश्चिम डोऱ्याउने यस मार्गको शून्य बिन्दुसँगै टाँसिएको छ एउटा सदन । दुइ तलाको । भुइँमाथिको तलाको कौसीमा पूर्वाभिमुख एउटा चौथाइ कदको प्रतिमा (सालिक नभनुँ है !) । हाम्रा कवि शिरोमणिको । पवित्र लेखनाथ साहित्य सदन । मेरै आँखा अगाडि अहिले । जतिखेर पनि मैतिर हेरिबसे जसो । भित्र बाहिर गर्दा जहिले पनि । म भने कहिलेकाहीँ उनको आँखा छलेर हिँड्छु । मन भने छल्न गाह्रो । उसलाई थाह छ, पक्कै म एक स्वार्थपूर्ण मान्छे भनेर तर स्नेह वर्षाई रहन्छ ऊ मप्रति । म अनुभूत गर्छु जुन । उसको मायालु आँखा मलाई हेरिरहन्छ । म सानोदेखि अहिले थोते हुँदा पनि उस्तै उस्तै । अझ बृहत् उसका नयन परेलाले ढाकेको आजसम्म अनुभूत छैन ।

सोह्रखुट्टेको उकालो लाग्छु । बायाँ मोडेपछि केही घरहरू । अनि सरस्वती क्याम्पस । अगाडि दायाँ लहरमा भारतीय गोरखा सैनिक निवास । आडैमा एउटा घर । आधुनिक छ । तल पसल कवल (सटर) हरू । समय अनुसारका बटुवा-पथसँगै जोडिएको । पहिला पर्खालभित्र थियो घर । बारी थियो । वाग थियो । जमाना अनुसारका तला थिए । बार्दली थियो लामो काष्ठ निर्मित । झिँगटीको छाना । ऊ बेलाको राम्रा । चिटिक्क परेको घर । अहिले धमिलो सम्झना । घर-सङ्ख्या सोह्रमुनि असी । यो सङ्ख्याको घर, मात्र घर थिएन । सरस्वती निवास थियो । कविशिरोमणि लेखनाथको तपस्थल थियो । यही तपोगृहबाट सुगाले बबुरो स्वरमा गाएथे मम । अरूका घरमा पनि त्यस सुगा गाइन्थ्यो । मेरी आमा उसलाई गाउँदै रुनु हुन्थ्यो । जब जब गाउनु हुन्थ्यो, रुनु हुन्थ्यो । रुवाउने भएर गाउनुभएको अवश्य थिएन होला आमाले ! गेयात्मक, लयात्मक भएर मात्र पनि होइन होला ! आत्मासम्म घुस्न नसकेको र हृदय छुन नसक्ने केहीले पनि आँसु निर्माण गर्न सक्दैन, मुस्कान पनि दिन सक्दैन । सन्तुष्टि टाढाको सपना । शब्द र अर्थ नबुझेर पनि धेरैपल्ट आमासँग रोएको छु म पनि । एकान्तमा गुनगुनाउँदै घुँक्क घुँक्क गरेको छु बेलाबेला । उसो त अहिले पनि सुगासँग हुँदा अवस्था उस्तै हुन्छ मेरो । पिँजडाभित्र बबुरो सुगा ।

हामी लेखनाथलाई बाबा भन्थ्यौँ । बाजे नि भन्थ्यौँ सानो छँदा । ब्राह्मण हो नै उहाँ । चोखो, अति पवित्र अनि पूरा शाकाहारी । उमेरले पनि यो सम्बोधन उचित । मेरो बाजेको समवयी । आजभोलि

भए हजुर बुवा ग्याान्डफादर भन्थें कि ! मलाई भने बाजे सम्बोधन नै अति प्यारो लाग्थ्यो र लाग्छ । हुन त मेरो बा पनि उहाँलाई यसरी नै पुकार्ने । बाजे तपोगृहमा मुगा उत्खनन गर्थे । यसैले देवी देउताहरू पुनः अवतार लिन्थे । कालको महिमा झङ्कृत हुन्थे । ऋतुगान हुन्थ्यो । युवा तप गर्थे । वटवृक्ष तपस्यारत हुन्थे । लालिमा झुल्थे । गङ्गागौरी टल्कन्थे । सत्य र कली संवाद गर्थें । पञ्चतन्त्र कथा बोल्थे । गीतासार नौनी निस्कन्थे । शाकुन्तल नेपाली शब्दमा खेल्थे । सत्यस्मृति हुन्थ्यो । गीताञ्जली हुन्थ्यो । नाटकको पर्दा खुल्थ्यो लक्ष्मीपूजादिको । यति धेरै मुगा ! कति धेरै ? म गन्न जान्दिनँ । कस्ता कस्ता मुगा ? जौहर जानून् । म भन्न सक्दिनँ । मात्र मुग्ध म । सतह मात्र स्पर्श । गुदी मेरा लागि पूरा चन्द्रमा । देख्न मात्र हुने । पोल्टामा नआउने । उज्यालो हुने, टिप्न नसकिने । बाजेको मुगाको माला ।

विचरण गर्दै छु अहिले, छ दशकभन्दा अघि र त्यसको केही वर्षपछिको समय । बाजे लेखनाथको घर वरिपरि । घरको साँधपूर्व साँघुरो बाटो जुन गल्ली गल्ली हुँदै गौरवी ठमेलको देहरूपी गर्धनतिर छिचोलिन्छ । बाटोसँगै खुल्ला चारपाटे सानो चौर । त्यहाँ आजभोलि ठमलेश्वर मन्दिर बनेको छ । त्योसँगै चिटिक्क परेको लामो घर । घर अगाडि आँगन । फराकिलो बाजेको घरआँगन जतिकै । तुलसीको मठ पनि । त्यो घर नेत साहुको । नाम शेरबहादुर । नरदेवी (नेत) टोलको कपडा व्यापारी । त्यसैले नेत साहु । दुई हजार सालको केही वर्षमा त्यस घरमा सर्नुभएको कविशिरोमणि बाबाभन्दा डेढ दुई दशक सानो, उमेरमा । उहाँको जेठो छोरा त्रिभुवन विश्वविद्यालयको शिक्षा शास्त्र निकायको गणितको प्राध्यापक सुशील श्रेष्ठ । बाजेको जेठी छोरी पुण्यप्रभाबाटको पहिलो नाति श्री बद्री ढुङ्गानाको साथी । मेरो गुरु पनि सुशील । उहाँ पनि बाबा लेखनाथ र दौंतरी बद्री सम्झनु हुन्छ आजसम्म । बाबाको घर उक्लेको कैयौं पटक साथी बद्री मामाघर आउँदा बस्दा । भन्नुहुन्छ उहाँ, त्यो घर सरस्वतीको मन्दिर हो । सरस्वती सुत हुन् बाबा । सदा शान्त, चहकिलो मुहार । रसिलो, रसिक उस्तै । सौखिन पनि । लक्ष्मी पूजाको अबेर साँझ लक्ष्मी आराधनार्थ कौडाको खेलमा रमाउनु हुन्थ्यो केही समय । अरू बेला थाह छैन ।

यति सुन्दा कविशिरोमणिको 'लक्ष्मी पूजा' नाटक सम्झन्छु । चटुकाजीहरूको चरित्र आँखामा खैलाबैला गर्न आइपुग्छ । मेरो बालाई पनि सम्झन्छु । जुवामा लत थियो रे मेरो पितामहको । राणा शासकले जुवा फुक्नु पर्थ्यो त्यो कालमा जुवा खेल्न । फुक्थे उनीहरू जुवा तिहारहरूमा । कुनै पर्वहरूमा । उनीहरूको उत्सवहरूमा । ती दिनहरूको शुभारम्भ पूर्वदेखि अन्त्यसम्म हराउँथे पितामह मेरा । परिणाम गतिलो कदापि भएन जुवामा । नाटकको शाश्वत सन्देश पनि यही थियो, हो । मेरो बा यो सन्देश राम्ररी बुझ्नु हुन्थ्यो ।

भन्नु हुन्थ्यो बा मलाई 'बाबाले कुनै कुनै तिहारमा आऊ है वैद्यराज भन्थे । लक्ष्मीपूजाको अलि ढिलो साँझ बाजेको घर जान्थे । त्यहाँ थोरै जना हुन्थे । जनकविकेशरी धर्मराज थापा एकाध पल्ट भेटेको छु । तिमीलाई पनि एकपल्ट लिएर गएको थिएँ ।'

मलाई त्यसको कुनै सम्झना छैन । सम्झना त छ लक्ष्मीपूजाको साँझ उहाँले अरू घरमा लिएर जानु भएको । चार जना खेलाडी । तिनका आसेपासे सँगसँगै बसिरहेका । थुप्रै अरू वरिपरि झुम्मिएका । 'मार्रा' खायो... खायो र तिऱ्यो तिऱ्योको कोलाहल । पालो आउँथ्यो मेरो बाको । बा मेरा दुवै कलिला हत्केला जोड्न लगाउँथे कचौरा आकारमा । त्यसमा कौडा अटाइ नअटाइ हुन्थ्यो । हान्थें अर्थात् अलि माथिबाट छोड्थें । मार्रा, खायो रे । सिक्का र केही नोटहरू सोहरिन्थे मेरो अगाडि । फेरि हान्यो, खायो । पछि तिऱ्यो, होचियो थुप्रो । अरूले हान्यो, खायो । दोबर थाप्न लगाइयो । त्यो पनि गयो । रित्तिएपछि बा मलाई उठाई लान्थे घर । उहाँको अनुहार उज्यालो । सन्तुष्ट पनि उत्तिकै । आफ्नो डिच्च अनुहार । त्यत्रो पैसा । देखेकै थिइनँ । छाम्दाछाम्दै अन्तै सऱ्यो । अर्कैको भयो । अनुमान, मेरो बामा पनि केही गुण रहेछ उहाँका बाको । लत थिएन सायद उहाँको बाले सबै सिध्याइसकेका कारण । 'जोडूँ मनमा मनको तार, तोडूँ तिनको सब तकरार जोडूँ मनमा मनको तार, यो सब विधिको लेख अपार' लक्ष्मीपूजा केही महिनापहिले मनायौं । सम्झना भइरहन्छ सदा 'लक्ष्मी पूजा' नाटकको माथिको पङ्क्ति, बाबा जतिकै !

पुस महिनाको १५ गते । बार फरक हुन्छन् त्यो दिन सालहरूमा । तिथि पनि फरक पर्न जान्छ, त्यस दिन संवत् फेरिएसँगै । पञ्चाङ्ग पृथक् पर्छ । नदोहोरिने होइन उही तिथि इत्यादि कुनै सालमा, सालहरूमा । गते भने उही । सम्झन यही सजिलो । कारोबार जो हुन्छ यहाँ, त्यसैले । हुल, बथान र भिडहरूमा पनि सम्झन्छु त्यो गते पन्ध्र ! कविशिरोमणिज्यू यस धरतीमा अवतरण गर्नुभएको दिन । एक सय चालिस वर्षअघि । आइतबारका दिन । दुर्गादत्त र वसुन्धरादेवी पौड्यालका प्रथम पुत्ररत्न भएर । पौष शुक्ल पक्ष पुत्रदा एकादशीमा । यो सालमा १५ गते सोमबार परेछ । औंसी तिथि । यो सालमा पुसको २६ गते शुक्रबार पर्छ बाबाको जन्मोत्सव तिथिले ।

अहिले बाबाको घरबाट सोझै पूर्व लागेर लैनचौर पुगेछु । अलि टाढा । त्यो बेलाको मेरो घरबाट । जहाँ रहिन्छ, बसिन्छ, खाइन्छ, सुतिन्छ र सबथोक गरिन्छ के त्यो आफ्नो घर होइन र ? त्यसैले त्यहाँबाट बाबाको घरको दिशातर्फ फर्कन्छु । घरसम्म होइन । चौबाटो आउँछ । बायाँ झरे गल्कोपाखा सामाखुसी । थँबहिलको भगवान् बहालको सामाभूमि । उत्तर दिशा । अनि दायाँतिर ठमेल बजार । दक्षिण दिशा । पुरानो ठमेल बजार । नेवार, बाहुन, क्षेत्री र अन्यको सम्मिश्रित बस्ती । थुप्रै स्वनामधन्य व्यक्तिहरूको

वासस्थान । सिंहबहादुर बस्नेत (पूर्वप्रधान सेनापति), बिपीको प्रधानमन्त्रित्व कालका अर्थ र गृहसचिव एकै घरका दुई दाजुभाइ प्रेमनसिंह र मेघनसिंह प्रधान, प्रशासक परीक्षितनसिंह र भूपू प्रधान सेनापति अर्जुननरसिंह राणा, अमृत (अस्कल) क्याम्पसका प्रमुख संस्थापक अमृतप्रसाद प्रधान, शान्ति विद्यागृह स्कुलका संस्थापक योगनाथ प्याकुर्याल, पण्डित सोमनाथ सिग्द्याल, डाक्टर वीरेन्द्रबहादुर बस्नेत, हरिमान मालाकार (माइला कम्पाउन्डर) आदिको कर्मभूमि । शैक्षिक तारा, सौर्य नक्षत्र, प्रशासनका सारथि, स्वास्थ्यका अश्विनी आदिले शोभित ठमेल । यस्तो सौम्य स्थलमा हुर्कन बढ्न पाएँ । गौरवान्वित छु । हाम्रा कविशिरोमणि आउजाउ गर्ने बाटोमा कुदैं । यहाँको माटोमा लडिबुडी गरैं । भाग्यमानी यसैले भएँ । बाटोमा मोटर गाडी चौबिस घण्टामा चारपल्ट गुड्थे सायद । परीक्षितनसिंहको कार ठमेल चोकबाटै उँधो लाग्थ्यो । स्थानीय गोपालदास श्रेष्ठ र नारायणप्रसाद फैजूहरूको विलिस जिप भाडामा चल्थे यदाकदा । पछि रसियन जिप । अरू बेला ती बास बस्थे स्वामीका घरअगाडि । द्वारिका मानन्धर दाइ खाना खान आउँदा डबलीनिरको चोकमा बिसाउँथे सामान बोक्ने लामो गाडी, लरी । आक्कलझुक्कल अरू । बेलाकै कुरा । सचिवहरू हिँड्थे । वकिल र न्यायाधीश पनि हिँड्थे । कर्नेल दिलीपनसिंह राणा पनि पैदल । जर्नेल सिंहबहादुर बस्नेत मात्र साइकलमा । प्रधानसेनापति भएपछि भने कारमा झन्डासहित । बाबा लेखनाथ सधैँ रिक्सामा ।

हिउँ जस्तै सेता कपाल । सेतै दाह्री छातीसम्म । गोलो सफेद चस्मा । नाकको डाँडीमा ठ्याक्कै अडेको । लामो कालो कोट । कोटको छातीको टाँकमा सिक्री बेरिएको । त्यो लच्कँदै बायाँ गोजीमा सुटुक्क पसेको । अवश्य त्यसमा घडी थियो । जमाना जुन थियो जेबघडीको । मेरो बाबाको त्यस्तो पहिरन । उपल्लो अङ्गमा । कम्मरमुनि सेतो सुरुवाल । कालै जुत्ता । हाम्रा कविशिरोमणिको शालीन पहिरन ।

बाबा रिक्सामा बसेको । अघिल्तिर अलि ढल्केको (रिक्सामा बस्दा यस्तै हुन्छ नि !) । घुँडा डेढ बिता जति दुरीमा एकअर्कासँग । तीबिच लौरो झन्डै समकोणमा ठडेको । माथ्लो टुप्पो घुमेको । अर्धगोलाकार । त्यसलाई बाबाका दुवै हातले च्याप्प समाएको । कहिलेकाँही चिउँडो त्यसमा अडेको । रिक्सा सुस्त गतिमा । बाबा भाविलो मुद्रामा । मुस्कान अधरमा । ओज अनुहारमा ।

अहिले म ठमेलको मध्यभागमा छु । डबलीभन्दा अलि उँभो । जहाँ एउटा घरमा बा र आमा अनि सानी बहिनी सुभाद्रसँग म बस्थैं । बाटो नै सबै घरको आँगन । केटाकेटी खेल्ने कुदने चौर । खेल्दै गरेको म साथीहरूसँग । देख्छु बाबा आउँदै गरेको रिक्सामा । नजिक पाउँछु । आँखा नुहन्छ । सडकको धुलो मगमगाउन थाल्छ । आउजाउ गर्नुहुँदा बाबा । यस्तै अनुभव भइरहेछ मलाई ।

बाबाको आगमन प्रत्यागमन । दुवै हर्षदायक । प्रतीक्षारत सदा र हाम्रो पसल अघिल्तिर उहाँको रिक्सा रोकिँदा कुनै कुनै समय, वाह कस्तो रोमाञ्चकारी !

रिक्सा टक्क अडिन्छ । हाम्रो पसलतिर हेरेर बाबा मृदुभास गर्नुहुन्छ : वैद्यराज, सब ठिक छ ? मेरो बा नमस्कार गर्छन् हतपत पाचक पुरिया पार्न थाल्छन् । पोको पार्छन् । रिक्सातिर लम्कन्छन् । बाबाको हातमा अर्पण गर्छन् । बाबाले कोटको गोजीबाट के थरि निकाल्दै गर्दा बा नमस्कार गरेर फर्कन्छन् । बाबा वयोबेला ६७ वर्षमा कविशिरोमणि उपाधिले सम्मानित हुनुभयो । सुगन्धपूर्ण रह्यो २००८ साल असार २० को त्यो दिन । मेरो दुई वर्ष दुई हप्ता जन्मपूर्वको त्यो दिन । साहित्यकारहरूको खुसीको दिन । यो दिन हरेक सालको पात्रोमा आउँछ । पात्रो रमाउँछ । म नि रमाउँछु । पढ्न जानेदेखिन् अक्षर । बुझ्न थालेदेखिन् भाषा । तैरिन सिकेदेखिन् साहित्यिक तलैयामा । रमाउँछु म कोही कोहीभन्दा दुई गुणा पनि । नेपाली साहित्यानुरागीहरू सबै जस्तै । असारकै २० को दिन त हो आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ति पनि, यसैले ।

बाबा लेखनाथको रथयात्रा । नागरिक अभिनन्दन । पावन मिति २०११ साल पुस २० गते । कविशिरोमणिको ७० औँ जन्मोत्सव तिथिले । सहभागी प्रशस्त । कवि र साहित्यकार छुट्ने कुरै भएन । जनको लहर पनि उत्तिकै । बा मलाई सुनाउनु हुन्थ्यो । तत्कालीन राजा त्रिभुवनले मोहर रुपियाँ पाँच हजारको थैली प्रदान गरेका थिए हाम्रा कवि शिरोमणिलाई । बाबाले उक्त थैली तत्क्षणै चिरस्मरणीय गोपाल पाँडे 'असीम' ज्यूलाई हस्तान्तरण गर्नुभयो । इच्छा पोख्दै एउटा साहित्य सदन निर्माणको । त्यो सदन अहिले सोह्रखुट्टे, नयाँ बजारमा मगमगाउँदो छ । स्मरणीय छ त्यो मोहर रुपियाँको थैली त्यसबेलाको एक मात्र बैङ्क नेपाल बैङ्क लिमिटेडमा साट्दा कागजी नोट तीन सय बढी आएको थियो । नेपाली शिक्षा परिषद्का संस्थापक साहित्यकार गोपाल पाँडे असीम पुत्री रमा शर्मा दिदी बताउनु हुन्छ खुसी हुँदै । बाबाको त्यस ऐतिहासिक रथयात्रा र नागरिक अभिनन्दनका एक प्रत्यक्षदर्शी ठमेल निवासी तीर्थराज वन्त अहिले पनि त्यो उत्सव बयान गर्नुहुन्छ । बयान क्रममा अनुहार उज्यालो हुन्छ उहाँको । अझ हुँदै जान्छ क्रमशः सुन्दै गर्दा यो मन गद्गद हुन्छ । पुलकित हुन्छ । ठमेलको लैनचौरले त्यस ऐतिहासिक उत्सव प्रारम्भ गर्ने सौभाग्य पाएको कथा । बाबाको घरनजिकको त्यो लैनचौर अहिले खुम्चिएको देख्दा यो मन बेलाबखत खुइय्य गर्छ ।

समय अगाडि सर्दै गएको पत्तो नहुने रहेछ । बाबाको दर्शन नभएको लामो काल बितिसकेछ । देवघाटमा हुनुहुन्छ । विगत सम्झँदै ठमेल नापिरहेछ । फागुन ७, २०२२ । बिहानको ७ बजे । बिदा थियो, प्रजातन्त्र दिवसको । शिवरात्रिको पावन दिन । रेडियो समाचार भन्दै थियो । समाचार सुनेर निःशब्द ! बाबा शिवतत्वमा विलय !! ■

माघे सङ्क्रान्तिको सन्देश

लक्ष्मी खतिवडा

महाभारत कालमा इच्छा मृत्युको वरदान पाएका भीष्म पितामहले उत्तरायण नलागेसम्म शरीर नत्याग्ने इच्छा व्यक्त गरेका थिए। उनी आफ्नो मृत्युका लागि उत्तरायण कुरेर बसे। माघमा उत्तरायण लागेपछि उनले इच्छाधीन मृत्युवरण गरेको घटना महाभारतमा रोचक छ। धार्मिक ग्रन्थहरूमा उत्तरायणमा मृत्यु हुनेले मोक्ष प्राप्त गर्ने बताइएको छ। त्यसैले माघ महिनाको महिमा भए जस्तै धार्मिक आस्था र विश्वास अनुसार हिन्दु धर्मावलम्बीका लागि माघको पहिलो दिन अर्थात् माघे सङ्क्रान्तिको पनि अति नै महत्त्व छ। ज्योतिषी डाक्टर सुनील सिटौलाका अनुसार ज्योतिषीय मान्यता अनुसार माघे सङ्क्रान्तिका दिनबाट सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गरी उत्तरायण हुने भएकाले नै माघको पहिलो दिनलाई 'मकर सङ्क्रान्ति' अर्थात् माघे सङ्क्रान्ति भनिएको हो। खगोलीय दृष्टिकोणबाट पनि यही दिनदेखि सूर्य दक्षिणी गोलार्धबाट उत्तरी गोलार्धतर्फ प्रवेश गर्ने हुँदा दिन लामो हुने र रात छोटो हुँदै जान्छ भन्ने विश्वास रहिआएको छ। माघको पहिलो दिन अर्थात् माघे सङ्क्रान्ति भन्नासाथ पर्वको धार्मिक र सांस्कृतिक पक्ष त छँदै छ। दिन लामो र रात छोटो हुने प्रक्रियाको सुरुवातका रूपमा समेत आममानिसको बुझाइ रहेको उहाँको भनाइ छ।

हाम्रो परम्परागत विविधताभित्र फरक फरक संस्कृति छ तर पनि माघे सङ्क्रान्ति हिन्दु धर्मावलम्बीमाझ साझा पर्वका रूपमा समाजमा महत्त्वपूर्ण धार्मिक आस्था र विश्वास स्थापित भएको छ। माघे सङ्क्रान्ति पर्वका अनेकौँ सांस्कृतिक विविधता र यसको महत्त्व समाजमा आपसी सद्भाव र मेलमिलापसँगै जीवन्त छन्।

माघे सङ्क्रान्तिको धार्मिक दृष्टिकोणबाट पनि धेरै महिमा रहिआएको छ। 'अन्यक्षेत्रे कृतं पापं तीर्थक्षेत्रे विनश्यति' अर्थात् तीर्थ क्षेत्रमा गएर स्नान गर्नाले भुलवश भए गरेका पाप पनि नाश हुने र पुण्य प्राप्त हुन्छ भन्ने शास्त्रमा उल्लेख छ। त्यसैले उक्त दिन धार्मिक तीर्थस्थलहरूमा स्नान गर्नेकै लागि महत्त्व छ। भारतको इलाहाबादको प्रयागभन्दा विशिष्ट र हरिद्वार, ऋषिकेशको तुलनामा निकै मनोरम र ठुलो महत्त्व बोकेको देवघाटमा माघे सङ्क्रान्तिमा ठुलो मेला लाग्ने गर्छ। हिन्दुधर्मावलम्बीहरूको आस्थाको प्रतीक देवघाटधाम कालीगण्डकी र नारायणी दुई नदीको पवित्र सङ्गमस्थल पनि हो। यहाँ माघे सङ्क्रान्तिको दिन स्नान गर्न स्वर्गबाट देवताहरू आउने जनविश्वास छ। त्यसैले माघेसङ्क्रान्तिको दिन देवघाटको सङ्गमस्थलमा नुहाउनु पर्छ भन्ने प्रचलन नै छ।

विविध जाति र समुदाय बाहुल्य रहेको नेपालमा प्रायः यो पर्व सबैले मनाउने गरेको पाइन्छ। विशेष गरी थारूहरूले आफ्नो मौलिक संस्कृतिले भरिएको सबैभन्दा ठुलो पर्व माघीका रूपमा माघको पहिलो दिनलाई मनाउने गर्छन्। माघे सङ्क्रान्ति तिलान्नका लागि अत्यन्तै प्रसिद्ध छ। तिललाई भुटेर अनि सक्खरमा मुछेर बनाइएको लड्डु यस पर्वको विशेष परिकार हो। सनातन धर्ममा तिलको विशेष महत्त्व छ। परम्परादेखि चलिआएको धार्मिक आस्था अनुसार यस दिन पितृहरूका लागि तिल, चामल, मासको दाल, नुन, बेसार, तरकारी, घिउलगायत खिचडीका सामग्रीहरू दान गर्ने परम्परा रहिआएको छ। माघे सङ्क्रान्तिका दिन दान गर्ने व्यक्ति जीवनमा कहिल्यै असफल हुँदैन भन्ने धार्मिक विश्वास पनि छ।

यसका साथै घिउ, चाकु, तिलौरा, तरुल,

पिँडालु, खिचडी आदि परिकारका लागि पनि माघे सङ्क्रान्तिको विशेष महत्त्व छ । पर्वको बाहानामा भए पनि खाइने यस्ता खानेकुराले जाडो याममा शरीर तातो राख्न स्वास्थ्यका दृष्टिले पनि लाभदायक देखिन्छ ।

सांस्कृतिक विविधता

एकै दिन पर्ने र एउटै नामको पर्वलाई विभिन्न भेग र समुदायमा माघे सङ्क्रान्ति फरक तरिकाले मनाउने प्रचलन छ । नेपालको हिमाल, पहाड र तराईमा बसोबास गर्ने ब्राह्मण, क्षेत्री, राई, लिम्बू, नेवार, गुरुङ, मगरलगायतका जातजातिले माघे सङ्क्रान्ति मनाउने आआफ्नो परम्परा, विशेषता र प्रकृति रहेको छ । मकर सङ्क्रान्तिको अर्को नाम माघे सङ्क्रान्ति हो । माघ महिनाको सुरुवातका दिन यस पर्वलाई थारू जातिले माघी भनेर मनाउँछन् भने मगर जातिले पनि धुमधामको साथ मनाउने यो पर्वलाई माघ्या/सेर्लहेस भनेर मनाउने गर्छन् । नेवार समुदायमा विशेष किसिमको एउटा खाद्यवस्तुको नामबाट यस पर्वको नामकरण गरिएको छ । नेवारहरू यस पर्वलाई 'घ्युचाकु सँल्हु' भन्छन् । यसै दिन भक्तपुर जिल्लाको टौमढी टोलमा तिलमाधव नारायणको मन्दिरमा मेला लाग्ने गर्छ ।

माघे सङ्क्रान्तिका दिन नारायणको मूर्तिभरि घिउ दलेर तिल चढाउने र उक्त घिउ-तिल चार दिनपछि झिकेर मन्दिरमा आउने भक्तजनलाई प्रसादका रूपमा वितरण गर्ने परम्परा छ । त्यस्तै उपत्यका नजिकैको पनौतीमा मकर मेला लाग्छ । लिच्छविकालीन राजा मानदेवको पालादेखि नै सुरु भएको अनुमान रहेको यो मेलाप्रतिको आस्था र विश्वास अहिलेसम्म पनि उत्तिकै छ । यसै दिन इलामको माईबेनीमा लाग्ने मेलामा भने धान नाच, चण्डी नाच, बालन, सङ्गिनी, मारुनी नाच जस्ता परम्परागत नृत्य प्रस्तुत गर्ने गरिन्छ । भगवती माईदेवीका रूपमा प्रसिद्ध झापाको कन्काई नदी वरपर सङ्क्रान्तिदेखि पाँच दिनसम्म रमाइलो मेला लाग्ने र किराँत परम्परा एवं संस्कृति अनुरूप धान नाच देखाइने प्रचलन छ । त्यस्तै सुनसरीको प्रसिद्ध धार्मिक तीर्थस्थल बराहक्षेत्रमा माघे सङ्क्रान्तिका दिन भगवान् विष्णुको पूजा आराधना गरेर स्नान गरे मोक्ष पाउने विश्वासका साथ मेलाको आयोजना गरिन्छ । यस दिन घैरे ठाउँमा रमाइला मेला, महोत्सवको आयोजना हुने गछ ।

नुवाकोटको तारुकामा प्रत्येक वर्ष माघ १ गते भव्य रूपमा गोरु जुधाउने रमाइलो प्रतियोगिताको आयोजना गरिन्छ । तारुका गाविस वडा नं. ५ चन्दनी गाउँ रहेको एउटा बारीको ठुलो पाटोमा गोरु जुधाउने गरिन्छ । यस गोरु जुधाइ मेलाले नुवाकोट जिल्लाको सदरमुकाम विदुरदेखि २२ किलोमिटर दुरीमा रहेको तारुका गाविसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत छुट्टै ऐतिहासिक पहिचान झल्काएको छ ।

दैलेखलगायत पश्चिम नेपालका अधिकांश जिल्लामा मकर सङ्क्रान्तिलाई चेली त्यार अर्थात् चेलीको तिहार भनेर मनाउने गरिन्छ । माघ महिनाभित्रै कुनै पनि दिनमा एक पटक चेलीलाई सेलरोटी र तरुलको पोका बनाएर पुऱ्याउने परम्परा रहेको छ । देशभरि विभिन्न जातजाति र समुदायमा माघे सङ्क्रान्ति मनाउने विभिन्न प्रचलनहरू छन् । पुरुर्यौलीदेखि चलिआएका यस्ता परम्पराको समाजमा महत्त्व र उल्लास रहिरहनु भनेको हाम्रो धर्म र संस्कृति संरक्षण र पुस्तान्तरणका लागि सहयोग पुग्नु पनि हो ।

थारू समुदायमा माघी

माघको पहिलो दिनलाई थारू समुदायले भने आफ्नो मौलिक संस्कृतिले भरिएको सबैभन्दा ठुलो पर्व माघी पर्वको रूपमा मनाउने गर्छन् । वर्षभरि गरिने कुनै पनि शुभ कार्य यस दिनलाई नयाँ वर्ष मानेर सुरुवात गर्ने प्रचलन छ । थारू संस्कृतिका अन्वेषक डा. कृष्णराज सर्वहारीका अनुसार माघको पहिलो दिन थारू समुदायमा गाउँलेहरूको प्रतिनिधिका रूपमा गाउँमा हरेक वर्ष अगुवा, पुजारी र चौकीदार चुन्ने काम हुन्छ । त्यस्तै, परिवारमा पनि सबैभन्दा ज्येष्ठ सदस्यमध्येबाट एक जना अगुवा चुन्ने, दाजुभाइबिच अंशवण्डा गर्नेलगायतका विभिन्न शुभ काम यही दिन गर्ने गरिन्छ । तिहारमा दीपावली गरिए जस्तै उक्त दिन अगुवाको घरमा मघौटा नाच नाच्ने, रमाइलो गर्ने र पैसा माग्ने प्रचलन छ । पुस पकाव, माघ खाव भन्ने प्रचलन चलिआएकाले माघे सङ्क्रान्तिको अघिल्लो दिन अर्थात् पुसको अन्तिम दिन घर घरमा सुँगुर काट्ने र सङ्क्रान्तिको दिन खाने गरिन्छ । माघी थारू समुदायका लागि विशाल संस्कृतिले भरिएको पर्व बन्दै गएको छ । डा. सर्वहारीले भन्नुभयो, "उक्त दिन सामूहिक रूपमा तिलको डाँठ बालेर आगो ताप्ने, सबैको घरमा खिचडी (माघी), चामलको पिठोबाट बनाइने विभिन्न परिकार (ढिकरी) खाने र बिहे गरेका चेलीबेटीलाई कोसेलीका रूपमा पावर पठाउने, बयरको अचार, सिद्रा माछा, पिँडालुलगायतका परिकार खाने प्रचलनलाई पछिल्लो समय युवा पुस्ताले पनि अनुसरण गर्दै मनाउने र रमाउने गरेका छन् । ■

सर्जक शास्त्री र 'जय नेपाल !'

त्रिभुवनचन्द्र वाग्ले

लिखित र ठेट प्रमाणको अभाव रहे पनि अन्य घटना, भनाइ तथा तर्कका आधारमा स्थापित भइसकेको सत्य हो- 'जय नेपाल' भनेर नेपाल आमाको सम्मिनन्दन गर्ने पहिलो पात्र कवि, लेखक, गीतकार शुक्रराज शास्त्री (१९५० साउन १८- १९९७ माघ १०) हुन्। यसमा समस्त नेपाली साहित्याकाशले गर्व गर्नु पर्छ। शास्त्री बढी साहित्यकार र कमै मात्र राजनीतिक व्यक्तित्व हुनुहुन्थ्यो। नेपाली, नेपाल, संस्कृत हिन्दी, र अङ्ग्रेजी भाषामा दखल राख्ने सर्जक शास्त्रीका दर्जन जति पुस्तक प्रकाशित छन्। उहाँका नेपाली भाषाका चार, नेपाल भाषामा तीन, हिन्दी भाषामा तीन र संस्कृत भाषामा एक पुस्तक प्रकाशित छन्। नेपालीका हिन्दु धर्मोपदेशक, वैदिक सन्ध्या (कर्मविधि-१), वैदिक अग्निहोत्र (कर्मविधि-२) स्वर्गको दरबार नेपाल भाषाका नेपाल भाषा व्याकरण, नेपाली वर्णमाला, नेपाल भाषा रिडर, हिन्दीका ब्रह्म सूत्र शाङ्ककर भाष्य (पूर्वार्द्ध), ब्रह्म सूत्र शाङ्ककर भाष्य (उत्तरार्द्ध), सहिदके कलम से (जीवनी, चन्द्रकान्ता देवीद्वारा प्रकाशित) र संस्कृत भाषामा संस्कृत प्रदीप जस्ता प्रकाशित कृतिले जोशीको सर्जक व्यक्तित्वको पुष्टि गर्छ। गीतकार शुक्रराज शास्त्रीका गीत युट्युबमा सुन्न सकिन्छ। यिनै सिर्जनशीलताको द्योतक हो उहाँको मुखराविन्दबाट निःसृत शब्द 'जननेपाल !'

मृत्युदण्ड दिनुअघि (१९९७ माघ १०) विश्वव्यापी प्रचलन अनुसार राणा शासकका सहयोगीले जुम्फारु युवा शास्त्रीलाई सोधेछन्- के छ अन्तिम इच्छा ? सेकेन्डभर नसोची शास्त्रीले उत्तर दिए- 'जय नेपाल' ! यता फाँसीका लागि डोरी टाँगिएको छ, माफी मागोस् भन्ने राणा शासक र उनका मतियारको चाहना छ तर शास्त्री पड्कन्छन् 'जय नेपाल !' 'जय नेपाल !!' यसर्थ सहिद शास्त्रीको सहास वन्दनीय छ, पूजनीय छ र स्तुत्य छ। नेपालको जय हुनु पर्छ, नेपालको जयसँगै नेपाली जय, विजय हुन्छ भन्न कुनै वाद वा पेसाले छेक्नु नपर्ने हो तर नेपालको समय चक्र अलि भिन्न तरिकाले बहेको थियो कुनै बखत। राणा समय थियो- जहाँ पुस्तक छाप्ने, पढ्ने र पुस्तकालय बनाउनेलाई दण्डित गरिन्थ्यो। पञ्च पञ्चाङ्ग थियो जसले भादगाउँले कालो टोपी बिचमा चिरेर लगाउनेलाई अराष्ट्रिय तत्त्व देख्दथ्यो। समय अन्धो थियो। रोपिएका बिरुवाबाट विचारका रूख र हाँगा फैलन्छन्, तिनले पञ्चायती व्यवस्थालाई सेप लाग्छ भनेर बिरुवा उखल्थे। कथंकदाचित त्यस्ता बिरुवा हुर्किएका रहेछन् भने रुख काट्थे। विवेकहीन असिहिष्णु थियो त्यो पञ्चाङ्ग। बर्दी नलगाएका नागरिकले 'जय नेपाल' भनेपछि त्यो समयले बुझ्दथ्यो कि- यो विप्लवकारी हो। मुढ थियो समय। 'जय नेपाल' शब्द त नेपाली समाजको पुनर्जगणको उद्घोष थियो, मातृवन्दना थियो, सहादत प्राप्तिको अनुमोदन थियो। आज कसैले पनि 'जय नेपाल' भन्छ भने यही इतिहासको अनुमोदन भनेर बुझ्नु पर्छ कि ऊ शुक्रराज शास्त्रीको चेतनाले दीक्षित छ। पुनर्जागृत छ।

यो शब्दको प्रथम उच्चारणबारे केही अन्य सम्भावना र तर्क पनि छन्। यो शब्द नेपाली कांग्रेसको औपचारिक स्थापना दिवसमा पहिलो पटक उच्चारण गरिएको पनि भनिन्छ तर तर्कले यो अनुमान पुष्टि गर्दैन। नेपाली कांग्रेसले आफ्नो स्थापना भएको घोषणा गर्दै २००३ माघ १२ गते चार सहिद शुक्रराज, धर्मभक्त माथेमा (१९६६ असोज ९- १९९७ माघ १२), दशरथ चन्द (१९६० असार १९- १९९७ माघ १४), गङ्गालाल श्रेष्ठ (१९७५-१९९७ माघ १४) को अभिनन्दन गरेको थियो- 'जय नेपाल' भनेर। जब कि विसं १९९७ को माघमा नै युवा शुक्रराजले यो शब्द

उच्चारण गर्नुभएको पाइन्छ । एउटा युवक जसलाई माफी माग्न दुई दुई पटक अवसर दिइँदा पनि मात्र 'जय नेपाल' भन्दै प्रजातन्त्र प्राप्तिको लडाइँमा ढिट उभिएर राणा सत्तालाई चुनौती दिन्छ भने उसको सम्मानमा 'जय नेपाल' घन्काउनु राष्ट्र र प्रजातन्त्रको पनि कर्तव्य हुनुपर्ने हो ।

तर यस्तो 'जय नेपाल' जस्तो अभिनन्दमा पनि राजनीतिक रङ लगाइयो । लगाउन खोजिन्छ । यो कुनै पात्र वा पार्टीको सूत्र होइन, न त स्तुति हो भन्ने यथार्थ बुझ्न सकेको छैन 'माइन्ड सेट' ले वा सेट माइन्डले । आज अमेरिकी नागरिकले 'वी अमेरिकन' भनेर गर्व गर्छन् भने नेपालीले 'जय नेपाल' भन्न धक मान्नुपर्ने देखिँदैन । यो शब्द नेपाली सहिदले आर्जेको सान र सूत्र हो । वीर नेपालीले उच्चारण गरेको हो सहास हो । यो शब्दले तत्कालीन परिवेशको विकल्प खोजेको थियो र तत्कालीन शासक, शासन र सत्ताप्रतिको प्रतिरोध थियो यो शब्द । यो शब्द मात्र थिएन अभियान र आन्दोलन थियो । त्यही आन्दोलन र अभियानको निरन्तरता नै आजको उपलब्धि हो । तसर्थ आजले हिजो अर्थात् शुक्रराज र उहाँको सहासलाई बिर्सन मिल्दैन ।

कतिपयले भारतीय स्वतन्त्रता सङ्ग्रामका योद्धा चम्पाकरण पिल्लाईद्वारा सम्बोधित जय हिन्दसँग जोडेर पनि 'जय नेपाल' शब्दलाई व्याख्या गर्ने गर्छन् । व्याख्या गर्न सकिन्छ तर पिल्लाईले सम्बोधन गरेको जय हिन्दको परिवेश र फाँसीमा चढ्दै गरेका शास्त्रीको परिवेश, मनोभाव, सहास र समर्पणको तह एउटै थिएन । हुनै सक्दैन । फाँसीमा चढ्नुअघिका शुक्रराजको 'अन्तिम इच्छा' थियो 'जय नेपाल' । त्यस्तो परिवेश होइन पिल्लाईको । शुक्रराज शास्त्री 'साहित्यकार सहिद' र 'राजनीतिक सहिद' भएकाले 'जय नेपाल' शब्द राजनीति र साहित्यको सङ्गम पनि हो ।

तर भाषा वा शब्द सधैं एकनास नहुँदोरहेछ । भाषा विज्ञान अनुसार समय, सन्दर्भ र समुदाय अनुसार यसको वर्णन र बुझाइमा अन्तर हुनुलाई अस्वाभाविक भन्नु पनि हुँदैन । जस्तो कि ल्याटिन भाषाको Camera स्पेनिसको camarada फ्रेन्चको camerada हुँदै अङ्ग्रेजीको camarade र सोह्रौं शताब्दीपछि बनेको अङ्ग्रेजी शब्द comrade को अर्थ तथा प्रयोग पनि आज खुम्चिएको छ । ल्याटिन भाषामा जन्मेको र जर्मनी तथा सोभियत सङ्घमा अति विचरण गरेका यो शब्द अहिले विश्वभर प्रचलित छ तर एउटा खेमाका लागि मात्र । नेपाली भाषामा साथी, दोस्त, हितैषीको अर्थ बोक्ने कमरेड/कामरेड नेपालको सन्दर्भमा पनि एउटा राजनीतिक पन्थसँग जोडिएको छ । जोडाइएको छ, जसरी जय नेपाल अर्को पन्थसँग टाँसिएको छ । भाषा र शब्दको सन्दर्भमा अर्थविस्तार, अर्थसङ्कुचन, अर्थान्तरण हुनु स्वाभाविक हुन्छ । शब्दको भाव सङ्कुचन र विस्तार पनि हुन्छ तर मानिसको भावना र विचार सङ्कुचनले पनि यस्ता विभाजन ल्याएको देखिन्छ । त्यो नेपालमा मात्र होइन, विश्वकै परिवेशमा पनि देखिन्छ । कुनै दिन 'अनि देउराली रुन्छ' नाटक हेर्नु भनेको खाँटी कम्युनिस्ट हुनु थियो । राल्फा, रामेश, जीवन शर्मालाई सुन्नु भनेको उग्रवादी कम्युनिस्ट हुनु थियो । साहित्यकार विप्र कोइरालाको मोदिआइन, सुम्निमा वा अन्य पुस्तक पढ्नु, धरणीधरको 'जाग जाग' कविता गाउनु वा कवि शिरोमणिको 'पिँजराको सुगा' मन पराउनुले कांग्रेस भइन्थ्यो, बनाइन्थ्यो । यस्तो बुझाइ भाषाले नभई भावनाले गरेको हो, त्यो पनि सत्ताको भाव र स्वरले बुझिएका सन्दर्भ हुन् यी ।

अबको नेपाली राजनीति फराकिलो हुँदै छ । समाजमा विद्यमान अति राजनीतीकरणको तुवाँलो फाट्दै छ । विचारहरूको मन्थन हुने पाउने वातावरण छ । भादगाउँले टोपी लगाउँदैमा कांग्रेस भइने र रातो सर्ट लगाउँदा क्रान्तिकारी हुने दिन र बनाइने दिमागमा परिवर्तन आएको छ । कांग्रेस, पञ्च र कम्युनिस्टका सन्तानबिच बिहेबारी सहज मानिन्थ्यो कुनै दिन । जन्ती र मलामी पनि छुट्टिने दिन थिए । यस्ता प्रवृत्तिलाई राज्य निर्देशित समाजले हुर्काएको हुन्थ्यो । बहुदल आएका केही वर्ष पनि यस्तो तुस अनुभव गरियो । यस सन्दर्भमा पनि भाषा नभएर भाव र भावना खुम्चाइएको देखिन्छ । हामी जसले जसलाई पनि कमरेड भन्न सक्छौं । सबैले जय नेपाल भन्न हुन्छ । यी शब्द कसैको पेवा वा कसैका लागि काउछो होइनन् । हाम्रा स्वार्थका लागि मात्र यी शब्दलाई साँगुरो बनाइएको हो । अब स्वार्थ मुक्त हुनु पर्छ । अब त दलमा विभक्त नेताका सन्तानहरूबिच बिहेबारी चलेको छ । जन्ती, मलामी चलेको छ । भारोपर्म चलेको छ । यसो हुनु हामी केही फराकिलो हुनुको परिणाम हो । हाम्रा सोचाइ र बुझाइ अझ फराकिलो हुनु आवश्यक छ । जस्तो कि कोही कसैले जय नेपाल भनोस् कि कामरेड, हामी खुम्चनु पर्दैन । हालैका राजनीतिमा चुनावी गठबन्धनका क्रममा यस्ता केही अभ्यास भएका छन् । जय नेपाल र लालसलाम मिसिए, जसले सहिष्णु राजनीतिक संस्कृतिको सङ्केत गर्छ । यस सन्दर्भमा हाम्रो मानसिकता अझै पराकिलो हुनु आवश्यक छ । ■

एउटा युवक जसलाई माफी माग्न दुई दुई पटक अवसर दिइँदा पनि मात्र 'जय नेपाल' भन्दै प्रजातन्त्र प्राप्तिको लडाइँमा ढिट उभिएर राणा सत्तालाई चुनौती दिन्छ भने उसको सम्मानमा 'जय नेपाल' घन्काउनु राष्ट्र र प्रजातन्त्रको पनि कर्तव्य हुनुपर्ने हो ।

(मङ्सिर २० देखि पुस २० गतेसम्मका गतिविधि)

कथाकार सिंहको जङ्को सम्पन्न

काठमाडौँ। वरिष्ठ कथाकार पद्मावती सिंहको मङ्सिर २९ गते विशेष कार्यक्रमका साथ जङ्को मनाइएको छ। नेवारी संस्कृतिमा ७७ वर्ष ७ महिना ७ दिन ७ घडी, ७ पला उमेर पुगेपछि जङ्को गर्ने परम्परा छ। जङ्कोको नेपाली अर्थ भीम रथारोहण हो। सो अवसरमा उहाँलाई १४ साहित्यिक संस्थाले पुष्पवृष्टि गरी तथा बधाईपत्र, दोसल्ला, माला, टीका आदि लगाई सम्मान गरेका थिए। साहित्यिक पत्रकार सङ्घ, नेपाल स्रष्टा समाज, गुञ्जन नारी साहित्य संस्था, नेपाल बालसाहित्य समाज, दायित्व वाङ्मय प्रतिष्ठान, नेपाली कलासाहित्य डट कम प्रतिष्ठान, उपन्यास समाज नेपाल, नेपाल साहित्य मन्दिर, सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र, शब्दपथ, जङ्म प्रतिष्ठान नेपाल, वासु शशी स्मृति परिषद् र शङ्कर लामिछाने प्रतिष्ठानले बधाई ज्ञापन गरेको थियो।

विकल स्मृतिमा पुरस्कार वितरण

रमेश विकल साहित्य प्रतिष्ठान, आरुबारीको आयोजना तथा गोकर्णेश्वर नगरपालिकाका सहआयोजनामा पुस ६ गते आख्यानकार रमेश विकलको स्मृति दिवस मनाइयो। सो अवसरमा नृत्यशास्त्री भैरवबहादुर थापालाई रमेश विकल वाङ्मय पुरस्कार, मासिक एक सय अभियानलाई रमेश विकल-सुशीला समाजसेवा पुरस्कार, साहित्यकार युवराज मैनालीलाई रमेश विकल सिर्जना पुरस्कार, अमरकुमार प्रधानलाई रमेश विकल बालसाहित्य पुरस्कार प्रदान गरिएको छ। एक कार्यक्रम गरी उक्त पुरस्कारहरू प्रदान गरिएको थियो। कार्यक्रममा विकलको बहुचर्चित कृति 'अविरल बग्दछ इन्द्रावती' उपन्याससहित संयुक्त विद्यावारिधि शोध ग्रन्थका लागि डा. बिदुला घिमिरेलाई प्रोत्साहन पुरस्कार प्रदान गरिएको थियो भने बालसाहित्यको क्षेत्रमा उल्लेखनीय काम गरेबापत 'सुनौलो पाइला नेपाल' लाई सम्मान गरिएको थियो। त्यस्तै माझीगाउँ, इन्द्रावतीकी दिलाशा तमाङलाई छात्रवृत्ति प्रदान गरिएको थियो। त्यस्तै रमेश विकल-सुशीला सङ्घर्षशील नारी पुरस्कार चिनीमाया माझीलाई, रमेश विकल कला-सङ्गीत पुरस्कार रामकृष्ण दुवाललाई तथा दर्शनाचार्य शोध सम्मान कमला रेग्मीलाई प्रदान गरिएको थियो। प्रतिष्ठानका अध्यक्ष रोचक घिमिरेको सभापतित्व तथा प्रतिनिधि सभा अर्थ समितिका सभापति सन्तोष चालिसेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक रिसाल, बागमती प्रदेशका पूर्वमन्त्री रामेश्वर फुयाल, नगरपालिकाका उपप्रमुख सान्नानी लामा, प्रतिष्ठानका महासचिव विजय चालिसेलगायतले विकलको योगदानमाथि चर्चा गर्नुभएको थियो।

लघुकथासम्बन्धी बहस

काठमाडौँ। नारी स्रष्टा समाजले पुस ४ गते लघुकथासम्बन्धी बहस सम्पन्न गरेको छ। कार्यक्रममा ममता मृदुलका लघुकथासमेत वाचन गरिएको थियो। दिव्य गिरी, तुलसीहरि कोइराला, धन्वन्तरी मिश्र कात्यायन, शान्ता तिम्सिना, एन्जल निलु, अनुराग, रामकुमार पण्डित, शुक्रराज कुँवर, सुनिता निरौला पौडेल, नारायण दुङ्गाना र विलोमका लघुकथा विनोद नेपालले लघुकथा वाचन गर्नुभएको थियो।

कार्यक्रममा उपस्थित अतिथिहरू भागिरथी श्रेष्ठ, अशेष मल्ल, ध्रुव मधिकर्मी, आरआर चौलागाईं र लता केसीले लघुकथासमबन्धी जिज्ञासाको उत्तर दिनुभएको थियो। दीपक लोहनीले 'विलोम' लघुकथाबारे बोल्नुभएको थियो भने नेपाली लघुकथामा सर्वप्रथम विद्यावारिधि गर्ने डा. पुष्कर्राज भट्टको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

ग्वंगःको 'मै एक मै अनेक' लोकार्पण

संस्कृतिविद् तेजेश्वर बाबु ग्वंगःको 'मै एक मै अनेक' निबन्ध सङ्ग्रहको लोकार्पण गरिएको छ। पुस २ गते सूर्यविनायक भक्तपुरमा आयोजित कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे, भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापति, साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन' लगायतले सो निबन्धकृति लोकार्पण गरेका हुन्। निबन्ध सिर्जनाबाटै साहित्यिक यात्रा सुरु गरेका

ग्वंगःका 'सृजना : संस्कृतिका आयाम' (२०५२), 'संस्कृतिया पल (२०५६), 'अवकाशपछिको अवकाश' (२०६७) लगायत उनका ७ वटा निबन्ध सङ्ग्रह र एउटा कविता सङ्ग्रह यसअघि नै प्रकाशित छन्। त्यसका अतिरिक्त नेपाली, नेपालभाषा, अङ्ग्रेजीमा लेखरचना, साहित्यिक सिर्जना विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन्।

लघुकथा वाचन

पोखरा। लघुकथा प्रतिष्ठान पोखराको आयोजनामा पुस १३ गते पोखरामा विशेष लघुकथा वाचन कार्यक्रम सम्पन्न भएको छ। लघुकथा प्रतिष्ठान पोखराका अध्यक्ष लक्ष्मण थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले लघुकथा वाचन गर्दै लघुकथाको महत्त्ववारे चर्चा गर्नुभयो। संस्थाका उपाध्यक्ष कल्याण पन्तले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रममा लघुकथाकार त्रिलोचन ढकाल, रमेशचन्द्र घिमिरे, टुकादेवी पौडेल आचार्य, गीता तिवारी र ढाकामोहन बरालले लघुकथा प्रस्तुत गर्नुभएको थियो । विशेष अतिथि गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्चीले लघुकथा वाचन गर्दै लघुकथाको प्रकृति र प्रवृत्तिप्रति चर्चा गर्नुभयो।

शर्मा अस्वस्थ

काठमाडौं । वरिष्ठ साहित्यिक पत्रकार, अभिव्यक्ति मासिकका संस्थापक तथा संरक्षक नगेन्द्रराज शर्मालाई मुटुमा समस्या देखिएपछि पुस १२ गते साँझ त्रिवि शिक्षण अस्पताल भर्ना गरिएको छ। अस्पतालमा आइसीयूमा राखी उपचार गरेपछि शनिवार केही सहज भएको थियो । थप स्वास्थ्य परीक्षण गर्दा उहाँलाई सामान्य हृदयघात भएको चिकित्सकलाई उदृत गर्दै पारिवारिक स्रोतले जनाएको छ। उपचारपछि उहाँको स्वास्थ्यमा क्रमशः सुधार आएको छ ।

ललितपुर साहित्य समाज गठन

ललितपुर। ललितपुर साहित्य समाजको स्थापना गरिएको छ। पुस १३ गते गठित समाजको तदर्थ समितिमा प्राडा रामकुमार पाँडेको अध्यक्षतामा बसेको समितिको पहिलो बैठकले गत मङ्सिर २ गतेको ललितपुरका साहित्यकारहरूको भेलाबाट पारित गरे अनुसार उक्त समितिमा ललितपुरका साहित्यिक संस्थाका केही प्रतिनिधिलाई कार्यकारी सदस्यमा मनोनीत गरिएको छ। सदस्यमा गोदावरी साहित्य परिषद्का अध्यक्ष वशिष्ठ अधिकारी, लालित्य सिर्जना समाजका अध्यक्ष बुद्धिमान महर्जन, विश्व नेपाली साहित्य महासङ्घ, ललितपुर शाखाकी अध्यक्ष नीता श्रेष्ठ तथा साहित्यकारहरू बाबुलाल स्याङताङ र पवित्र अधिकारी हुनुहुन्छ।

स्रष्टा सम्मान

काठमाडौं। मनोहरा साहित्य समाजको नवौं वार्षिकोत्सवमा स्रष्टा सम्मान तथा रचना वाचन कार्यक्रम सम्पन्न भएको छ। पुस १४ गते आयोजित सो कार्यक्रम वरिष्ठ साहित्यकार राजेन्द्र विमलको प्रमुख आतिथ्यता तथा समाजका अध्यक्ष डिल्लीराज अर्यालको सभापतित्व सम्पन्न भएको हो। कार्यक्रममा साहित्यकारहरू वसन्त रिजाल र राजेश्वर थापालाई क्रमशः मनोहरा प्रतिभा सम्मान र मनोहरा-वेदमणि सम्मानद्वारा अभिनन्दन गरियो। मनोहरा-वेदमणि सम्मानकोष अभिनव साहित्य समाजका अध्यक्ष गोविन्द घिमिरे वेदमणिले स्थापना गरिदिनुभएको हो। वाचित रचनामध्येबाट स्रष्टाहरू कृष्णप्रसाद पौडेल जस्ताघरे र राजेन्द्रकुमार वज्राचार्यलाई सम्मान गरिएको थियो।

'गजल विवाद अनावश्यक'

पोखरा। गजल लेखनमा देखिएको विवाद अनावश्यक रहेको बताइएको छ । पुस १५ गते पोखरामा आयोजित पोखरेली गजलप्रेमीहरूको भेलाले बहर वा स्वतन्त्र लयविधान जुनसुकै शैलीमा लेखिए पनि गजललाई 'गजल' भनिनुपर्नेमा पोखराका गजलकारको भेलाले निष्कर्ष निकालेको हो। गैरबहरमा लेखिएका गजललाई गजल भन्न नहुने भन्दै केही गजलकारले सञ्चालन गरेका अभियानप्रति असहमति राख्दै भेलाले यस्ता अभियानले नयाँ गजलकारलाई दिग्भ्रमित पार्ने चिन्ता व्यक्त गरेको छ। कार्यक्रममा अवधारणापत्र प्रस्तुत गर्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले गजलमा आएको विवादले राम्रा गजलकारहरूमा समेत गजलप्रति वितृष्णा जगाएको बताए।

समाजको स्थापना दिवस

नेपाल स्रष्टा समाजले १८ औं स्थापना दिवस मनाएको छ । समाजले पुस १६ गते प्रज्ञा प्रतिष्ठानको सभाहलमा कार्यक्रम आयोजना गरी आरडी प्रभास चटौतलाई सुभद्रा-विश्वराज स्रष्टा सम्मान र मनोज भण्डारीलाई प्रसिद्ध कणेल युवा स्रष्टा सम्मान प्रदान गरेको छ। स्रष्टाद्वयलाई वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमलले सम्मानसहित नगद प्रदान गरेका थिए। २८ वर्षका भण्डारी चर्चित कवि हुन् भने चटौत ९१ वर्षको उमेरमा पनि सुदूरपश्चिमाञ्चलको संस्कृति र साहित्यलाई अनुसन्धान र सिर्जनाको माध्यम बनाइरहे का छन्। ■

गतिविधि संयोजन मोहनप्रसाद दाहाल

सहिद साहित्य

कुलचन्द वाग्ले

'पुलिमराङको अलिखित इतिहास' हातमा परेपछि सहिद र साहित्यको साइनोप्रति केही सोच्न मन लाग्यो। साहित्य खास गरी नेपाली साहित्यमा सहिदहरू कति प्रतिविम्बित छन् ? भन्ने प्रश्नसँगै साहित्यमा पनि समेटिन सक्ने ऐतिहासिक पात्र सहिद हुन् भन्ने पनि लाग्यो।

सहिद र साहित्यको कति जब्बर साइनो लेखक, साहित्यकारले जोडेका छन् भन्ने जिज्ञासा पुलिमराङको सहिद इतिहास लेख्ने दुई माया कोन्मे तमु (खेममाया गुरुङ) र युवराज तमु (गुरुङ) ले जाग्रत गराइदिएका हुन्। यी दुईको सचेत प्रयत्नले नेपालको आधुनिक चेतना वा प्रजातान्त्रिक चेतनाको समयलाई न्याय गरेको छ। स्मरणीय सहिदहरूलाई लेखनीमा समेटेको छ। लाग्छ- पुलिमराङको इतिहास विश्व चर्चित सहिद साहित्य हो। इतिहास वा ऐतिहासिक साहित्य हो, 'साहित्येतिहास।' सत्ता, शक्ति र बन्दुकको नालमा सत्ता छ भन्नेहरूको उन्मादले असङ्ख्य निर्दोष, निहत्था नागरिक मारेको इतिहास विश्वमा छ। तर स्वतन्त्रताको ध्येयले सङ्घर्षको नेतृत्व गर्दै, सङ्घर्षकै मैदानमा एउटै गाउँबाट छ जना सहिद हुनु विश्व इतिहासकै लागि अनुपम उदाहरण हो। एक दशकबिचको सहादतले हाम्रै नेपालको गाउँ पुलिमराङ विश्व इतिहासको लागि सहिद स्मृतिको तीर्थस्थल बनेको छ, बनाइन सक्छ।

मानिस र जनावरबिचको फरकमध्ये एक कारण बताउँदै लेखकीयमा युवराज तमु लेख्छन्- 'मानिस र जनावरबिचको फरक यो पनि हो कि मानिससँग इतिहास हुन्छ... इतिहास हराए मानिस पनि जनावर सरह हुन पुग्छ।' उनको यो लेखाइमा साहित्यिक भाव छ, इतिहासप्रतिको गहिरो रुचि व्यक्त छ। हुन त इतिहास साहित्यमध्येकै एक विधा हो। यो लोकश्रुति परम्परामा पनि आधारित हुन सक्छ।

यो महिना माघ हो। माघ राज्यले घोषणा गरेको सहिद स्मारक महिना पनि हो। यसको ऐतिहासक कारण छन्। सहिद दशरथ चन्द, धर्मभक्त, शुक्रराज शास्त्री र गङ्गालालले जहानियाँ शासनविरुद्धको सङ्घर्षमा दिएको सहादतको इतिहाससँग यो महिना आबद्ध छ। पुलिमराङका धर्मध्वज गुरुङले पनि बन्दिपुरमा २००७ सालको जनक्रान्तिको नेतृत्व गर्दैगर्दा माघ १ गते नै सहादत रोजेको हुन्। तत्कालीन राणा सत्ताले उनको हत्या गरेको हो।

लेख्नै पर्छ ७ सालमा धर्मध्वज गुरुङले दिएको सहादतको सिलसिला २०१८ सालसम्म आइपुग्यो। जब राजा महेन्द्रले प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालासमेत दर्जनौँ राजनीतिज्ञलाई बन्दी बनाए, यातना दिए तब स्फूर्त विद्रोहमा यही पुलिमराङबाट अरू पाँच सहिद जन्मिए। राजाको जहानिया शासनविरुद्ध लड्दालड्दै लालध्वज गुरुङ, सर्वसिंह गुरुङ, हस्तवीर गुरुङ, शमशेरबहादुर गुरुङ र भरत गुरुङ २०१८ सालको सङ्घर्षमा सहिद भए। राजाको सत्ताले यिनीहरूको हत्या गरेको थियो।

प्रजातन्त्र ल्याउने उद्देश्यले प्रेरित एउटै बस्तीबाट छ जना सहिद, त्यो पनि एकै समुदायका अर्थात् गुरुङ (तमु) समुदायका हुनु विश्व इतिहासकै लागि अनुपम होला। धर्मध्वज र लालध्वका बा प्रजातन्त्र सेनानी बखानसिंह गुरुङ 'बखान बा' ले सुपरिचित थिए।

छत्रमान सिंह गुरुङ यही पुलिमराङका हुन्। एउटा अर्को प्रसङ्ग छ- नेपालको पहिलो सौर्य विद्युत् वा सोलार बिजुली बाल्ने, झलमल गाउँ हो यो। यस्ता अनेकौँ जानकारी दिँदै पुलिमराङको अलिखित इतिहास कृतिमा सोलारको निम्ति छत्रमानसिंह गुरुङको योगदान र उद्घाटन तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गर्नुभएको सचित्र सम्झना अभिलिखित छ। यी यस्ता प्रसङ्ग हुन् जसमा इतिहास छ। साहित्य सम्मिलित छ। मानवीय चेत र जागृति बोल्छ, सँगै प्रकृति नाच्छ। सानो कृतिले ठुलो सन्देश दिएको 'पुलिमराङको अलिखित इतिहास' सचित्र कृतिलाई लेख वा जीवनीको बिच बिचमा समेत दार्शनिकहरूका उक्ति (भनाइ) उद्धरण गरेर थप पठनीय र सन्देशमूलक बनाइएको छ। यो साहित्येतिहास (साहित्य प्लस इतिहास) खोज कृतिका लागि लेखक तमु दुई प्रशंसा पात्र हुन्। किनकि यी दुईले नेपाली इतिहास साहित्यको भण्डारमा सम्पत्ति थपिदिएका छन् र भावी पुस्तालाई पनि चेतना हस्तान्तरण गरिदिएका छन्। ■

औपन्यासिक कलाको नमुना 'पुंसवन'

तुलसीहरि कोइराला

पत्रकार तथा लेखक कपिल काफ्लेको 'पुंसवन' मानव जीवनमा गरिने सनातन १६ संस्कारमध्ये एक संस्कार हो। हिन्दु विधि अनुसार पुंसवन संस्कार गर्भाधान भएको तीन महिनामा भ्रूणलाई इच्छित लिङ्ग प्रदान गर्नका लागि गरिने कर्मकाण्ड हो। मनुस्मृति, धर्मसिन्धु, निर्णयसिन्धुलगायतका ग्रन्थलाई आधार मान्दै उपन्यासकारले यस विधिको विश्लेषणसमेत गरेका छन्। सृष्टिचक्रमा सबैभन्दा बढी महत्त्व पाउनुपर्ने स्त्री अङ्ग पाठेघर भएर पनि यसको महत्त्वबोध उति नगरिएर सामान्य रूपमा लिने गरिएकोमा उपन्यासकारले पाठेघर तथा गर्भाशयको महत्त्वबोध 'पुंसवन' मार्फत गराएका छन्।

उपन्यासको कथावस्तुमा जयद्रथ, मनुराज र पराशर थापाका श्रीमतीहरू शोभा, माया र मीनाले आफ्ना लोग्नेको ज्यादतीविरुद्ध उठाएको जुवातास र जाँडरक्सी विरोधी अभियानले उब्जाएको परिस्थिति रोचक मोडबाट अघि बढेको छ। महिला भनेका घरका कामदार र भोग्या मात्र हुन् भन्ने सोच बदल्न चालिएको कदमले लामो सङ्घर्षपछि सार्थकता पाएको छ। जयद्रथ जग्गा दलाली हुँदै ठेकेदार, मिटरब्याजी, गुन्डा नाइके, सत्ताधारीको प्रियसमेत बनेर अर्बौंको मालिक बनेको छ। यता श्रीमती भने परित्यक्त भएकी छे र रिसोर्ट चलाएर भोग विलासमा लिप्त छ। मनुराजले पनि सरकारी जागिरे भएकी गर्भवती श्रीमती मायालाई घरबाट निकालेको छ। दुई छोरीका आमाबाबु बनेका पराशर र मीना छोराको चाहमा 'पुंसवन आश्रम' पुगेका छन्।

सुनसरीको वराह क्षेत्रनजिक कोशी किनारमा पौराणिक ऋषि विश्वामित्रको आश्रम रहेकै ठाउँमा स्थापना गरिएको 'पुंसवन' आश्रम निःसन्तानका लागि सन्तान प्राप्ति मात्र नभएर इच्छित सन्तान प्राप्तिका लागि ख्याति प्राप्त बनेको छ। ख्यातिकै कारण विश्वका विभिन्न मुलुकबाट सन्तानको चाह राख्ने दम्पती आएर बसेका छन्। पुंसवन आश्रम भन्नु नै मानव प्रजनन केन्द्र र अझ बढी त पुत्र प्राप्ति केन्द्र नै भएको छ। दुई छोरी भएर पनि छोराको चाहनाले पराशरजोडी पुंसवन पुगेका हुन्। पुंसवनका विधि र क्रियाहरू मनुस्मृति, धर्मसिन्धु, निर्णयसिन्धु, महाभारतलगायतका कृति र पूर्वीय दर्शनमा आधारित छ। प्रकृतिप्रदत्त गर्भासयलाई सम्मान प्रदान गर्नमा कथावस्तु केन्द्रित छ। आफ्नो पाठेघरको दुरुपयोग गर्दै पैसा लिएर अर्काको लागि बच्चा जन्माइदिने 'सरोगेसी' देखि लिएर कृत्रिम कोख निर्माण अर्थात् 'आर्टिफिसियल उम्बले' सम्मको विरोध 'पुंसवन' ले गरेको छ।

जयद्रथले स्थापना गर्न लागेको कृत्रिम कोखसम्बन्धी परियोजनामा अर्बौंको लगानी भएको छ। परिणामतः सम्पूर्ण तयारी पूरा भएर उद्घाटन हुने लाग्दा अघिल्लो रात नै परियोजनाको मूल संरचनामा विस्फोटक पदार्थ प्रहार गरेर ध्वस्त बनाइन्छ। जयद्रथका भाइहरू र श्रीमती नै सफल हुन नदिने अभियानमा लागिरहेका त थिए नै तर ध्वस्त बनाउनेमा कसको हात छ, स्वदेशी वा विदेशी भन्ने रहस्यमै छोडिएको छ। यसरी प्रकृतिको विरुद्धमा गएर कृत्रिम पाठेघर परियोजना सञ्चालन गर्ने योजनाको पटाक्षेप मात्र भएको छैन, मूल व्यक्ति जयद्रथकै अन्त्य भएको छ। कसको अगुवाइमा उसको हत्या गरियो भन्ने स्पष्ट नखुलाएर रहस्यमै छोडिएको छ। त्यसै स्थानमा 'पुंसवन' आश्रमको शाखा सञ्चालनका लागि प्रक्रिया अगाडि बढाएर उपन्यासले विश्राम लिएको छ। पत्रकारिताका साथै र लैङ्गिक समानतासम्बन्धी अभियानमा लामो समयदेखि लागिपरेका कपिल काफ्लेले लेखकीयमा भनेका छन्- स्कुल, विश्वविद्यालयको औपचारिक शिक्षाले जीवन निर्वाह मात्र हुने हो। ज्ञान आर्जनको लागि खोज-अनुसन्धानमै लाग्नुपर्ने रहेछ। ज्ञानको भोकले 'हिन्दु संस्कारमा लैङ्गिक प्रतिनिधित्व र मिडियाको भूमिका' मा विद्यावारिधिको तयारी गर्ने क्रममा यो उपन्यास जन्मिएको उल्लेख गरेका छन्। उनको विद्यावारिधि-ग्रन्थ पक्कै पनि गहन खोज-अनुसन्धानपूर्ण आउने नै छ। उपन्यासको भूमिका खण्डमा विद्वान्द्वय प्राडा कृष्णप्रसाद गौतम र डा. ज्ञानू पाण्डेले गर्नुभएको चिरफारले उपन्यासमा ओज थप्ने काम गरेका छन्। ■

कृति	:	पुंसवन (उपन्यास)
उपन्यासकार	:	कपिल काफ्ले
प्रकाशक	:	अनिल पाण्डे,
प्रकाशन	:	२०८१
पृष्ठ	:	२४०
मूल्य	:	रु. ४००।-

कृति परिचय

'इन्द्रिय रङ्गहरू' नेपाली शिक्षाको ऐना

जितेन्द्र रसिक

इन्द्रिय रङ्गहरू पुस्तक चेतनाका रङ्गहरू घोलेर लेखिएका समाजका दर्दनाक कथाहरू हुन् । सबा(र्ल्टन आवाज मिसिएका कथाभित्र एक बालक पुरुषको मनोदशा र त्यसले निर्देश गर्ने मार्गबारे प्रशस्त ज्ञान दिने पुस्तकका रूपमा लेखक तथा शैक्षिक अभियन्ता इन्द्रप्रसाद खाइतुको 'इन्द्रिय रङ्गहरू' पुस्तक केही साताअघि मात्र बजारमा आएको हो । आत्मकथा विधाबाट यो पुस्तकल(ाई सम्बोधन गरे पनि कृति पढ्दा उपन्यास पढिरहेको छु भन्ने आभास गर्न सकिने 'इन्द्रिय रङ्गहरू' कृतिमा बाल अधिकारका विषय, विद्यार्थीका मनस्थिति, परम्परागत शैलीमा अध्यापन गराउने विद्यालयहरूको शिक्षण शैली र त्यसले विद्यार्थीको जीवनमा पारेका असर र मुलुकले कस्तो खालको जनशक्ति पाइरहेको छ भन्ने सन्दर्भको आख्यान(ात्मक शैलीमा चिरफार गरिएको छ ।

खाइतुको यो कृतिले मानिसले बनाएका प्रणालीबाटै मानिस कसरी पीडित बनिरहेका छन् र परम्परावादी समाजले मानिसको अधिकार कसरी किचेका छन् भन्ने सन्दर्भ पाठकसामु जस्ताको तस्तै ल्याउन सफल भएको छ ।

समाजले, परिवारले, जातले र मान्छेले बनाएको प्रणालीले एक पुरुषलाई पनि कसरी लखेट्छन् र त्यस्तो बेला नभागेर, त्यसैबाट पाठ सिकेर जीवनलाई ढुङ्गा फोरेर उम्रेको पिपल बनाएका सन्दर्भ निकै रोचक, कारुणिक रूपमा कृतिमा आएका छन् । समाजमा त्यस्ता इन्द्रप्रसादहरू पनि रहेछन्, जो जहाँ ठक्कर लाग्यो त्यसैलाई अवसरका रूपमा लिएर जीवन सार्थक बनाउने । समाजमा त्यस्ता हजार, लाखौँ र करोडौँ इन्द्रप्रसादहरू छन्, जो जीवनमा यो इन्द्रप्रसादले भोगेको जस्तो जीवन भोग्नुपरेको भए सायद जीवन र रहरहरूबाटै पलायन हुन्थे ।

परम्परा र संस्कृतिको सहर भक्तपुर । रीतिरिवाजप्रधान सहर भक्तपुर । त्यही भक्तपुरको किसान परिवारमा जन्मिएका भक्तपुरका रैथाने इन्द्रप्रसाद खाइतु । जसले पीडालाई नै जीवनका रङ्ग बनाए । असफलताभित्र पनि रङ्ग भरेर जीवन दर्शन बनाए । संसारका हरेक मानिसमा फरक फरक क्षमता हुने दर्शनलाई लिएर आफ्नै जीवनमा घोलेका इन्द्रिय रङ्गहरू नयाँ पुस्ता माझ रङ्ग्याउन सफल भए । मान्छेले बनाएका 'थेसिस' भित्र गएर 'एन्टिथेसिस' हरू जन्माए र जीवनलाई सार्थक बनाए । यो पुस्तक तिनै कठिन दिन र सफलताका कथा समेटिएको पुस्तक हो ।

हरेक परिस्थिति र अवस्थितिलाई चेतनाको ढुङ्गोमा राखेर व्यवहारको मदानीले मथेर जीवनलाई रहरलाग्दो बनाए । समाजमा जात, रीतिरिवाज, समाज र सिस्टमहरूले बनाएको नजिरहरू भत्काएर मानव जीवनका लागि उपयोगहीन व्यवस्थाहरूलाई वैचारिक, वस्तुगत, परम्परागत, ऐतिहासिकलगायत सङ्ग्रहालयमा मात्र सीमित राख्नुपर्नेमा पुस्तकले जोड दिएको छ । युग अनुसार मानिस चल्न सिक्नुपर्ने चेतनाका रङ्गहरू यस पुस्तकमा पोटिएका छ । परम्परावादी प्रणाली र सोचले महिला मात्र होइन, पुरुषहरू पनि कति प्रताडित हुन्छन् भन्ने एक गतिलो र उदाहरणीय पुस्तक हो इन्द्रिय रङ्गहरू ।



कृति : 'इन्द्रिय रङ्गहरू'
लेखक : इन्द्रप्रसाद खाइतु
प्रकाशक : सरस पाठशाला
प्रकाशन : २०८१
पृष्ठ : ३०८
मूल्य : ४५०/-

एक क्षितिजबाट हजार क्षितिज छुन सक्ने चेतनाका रङ्ग बोकेका इन्द्रप्रसाद खाइतुको यो पुस्तकले पाठकलाई मनोरञ्जन मात्र दिने छैनन्, जीवन र जगत् बुझाउने छ । समाजशास्त्रमा विद्यावारिधि गर्दै गरेका खाइतुको यो कृति पनि सामाजिक दृष्टिकोण र शैक्षिक दृष्टिकोणबाट बजारमा आएको छ । विद्यालय र विद्यार्थीबिचको सन्तुलनका विषयदेखि शैक्षिक प्रणाली सुधारका सुझाव, समाज र शिक्षाको सम्बन्धको सेतुको रूपमा इन्द्रिय रङ्गहरू पाठकमाझ आएको छ । यस अर्थमा 'इन्द्रिय रङ्गहरू' नेपाली शिक्षा क्षेत्रको एक ऐना हो भन्न सकिन्छ ।

बालबालिकालाई विद्यालयमा तनावरहित शिक्षाको परिकल्पना मात्र हैन, परिकल्पना गरेका कार्यलाई साकार गरेर व्यावहारिक रूपमै शिक्षा क्षेत्रमा पनि योगदान गरिरहनुभएका खाइतुको यो कृति विशेष गरी नेपाली शैक्षिक जगत्का लागि महत्त्वपूर्ण हुने देखिन्छ । ■